# दिगो विकास लक्ष्यमैत्री

# मध्यमकालीन खर्च संरचना

## आर्थिक वर्ष (२०८०/०८१–२०८२/०८३)

## (Medium Term Expenditure Framework-MTEF)




## शे–फोक्सुण्डो गाउँपालिका

# गाउँ कार्यापालिकाको कार्यालय

## साल्दाङ, डोल्पा

## २०८० साल।

# मध्यमकालीन खर्च संरचना

## आर्थिक वर्ष (२०८०/८१–२०८२/०८३)


| | |
|---|---|
| **प्रकाशक:** | शे–फोक्सुण्डो गाउँपालिका<br>गाउँ कार्यापालिकाको कार्यालय, साल्दाङ, डोल्पा<br>कर्णाली प्रदेश, नेपाल |
| **सर्वाधिकार:** | प्रकाशकमा |
| **प्रकाशक मिति:** | २०८० |
| **प्रकाशन प्रति:** | ५० |
| **सम्पर्कका लागि:** | गाउँ कार्यापालिकाको कार्यालय, साल्दाङ |
| **प्राविधिक सहयोग:** | स्थानीय पूर्वाधार सहयोग कार्यक्रम, कर्णाली पाइलट<br>संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम/UNDP Nepal |
| **वेव साइट:** | sheshephoksundomun.gov.np |
| **फोन नम्वर:** | ०८७५५०१६२ |
| **इमेल:** | ito.sheyphoksundomun1@gmail.com |
| **फेसबुक पेज:** | www.facebook.com/Udolpa |

# शे–फोक्सुण्डो गाउँपालिका

ཤེལ་ཕུ་ཕུམ་མདོ་གྲོང་སྡེ་སྐྱི་ཁྲབ་ལྷན་ཁང་།

# गाउँ कार्यपालिकाको कार्यालय

## साल्दाङ, डोल्पा

**मन्तव्य**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायत अन्य सङ्घीय ऐन समेतले सङ्घ तथा प्रदेश सहति स्थानीय तहहरुले अनिवार्यरुपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेसँगै यस शे-फोक्सुण्डो गाउँपालिका डोल्पाले पनि यो दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरुचना तर्जुमा गरेको छ।

मध्यमकालीन खर्च संरचनाले जनचाहना र विद्यामन सम्भाव्यतामा आधारित रही विद्यामान समस्याहरुलाई व्यवस्थित रुपमा सम्वोधन गर्न तर्जुमा गरिने आवधिक योजनालाई वार्षिक योजनासँग जोडी सर्वाङ्गीण विकासको दीर्घकालीन सोचतर्फ उन्मुख गराउने भएकाले मध्यमकालीन खर्च संरचनाको तर्जुमा गर्नु कानुनी दायित्व मात्र नभई पालिका स्वयम्का लागि पनि विशेष महत्व र आश्यकताको विषयका रुपमा रहेको छ । यसर्थ, यस मध्यमकालीन खर्च संरचनाकले यस गाउँपालिकाको आधिक योजना र वार्षिक विकास योजनाका बीचमा पुलको रुपमा कार्य गरी आवधिक लक्ष्य र उघेश्य हासिल गर्नेतर्फ गाउँपालिकाको वित्त व्यवस्थालाई डोर्याउने अपेक्षा गरेको छु।

मध्यमकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थालाई प्भराकारी बनाउन सफल सिद्ध भएको एउटा महत्वपूर्ण औंजार भएको नाताले यसको दिगो विकासका लक्ष्यहरुमा प्राथमिकताका साथ लगानी बढाउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरको छु । जसबाट अघिल्लो शताब्दीको उत्तरार्धदेखि निरन्तर बढदै गएको विपद् तथा जलवायुजन्य जोखिम एवम् विकाशील देशहरुमा देखिनेखालका कमजोर प्रकृतिको विकासबाट सिर्जना हुनसक्ने समस्याहरु सम्वोधनका लागि यस खर्च संरचनाले पालिकाले परिचालन गर्ने सार्वजनिक वित्तलाई दिगो विकासका लक्ष्य तथा पालिकाका समस्याहरुको सम्बोधन गर्नेतर्फ सही किसिमले अगाडि बढाउन सक्ने अपेक्षा गरको छु।

अन्तमा, शे-फोक्सुण्डो गाउँपालिकाको यो दिगो लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न लागि पर्ने सम्पूर्ण कर्मचारी, पदाधिकारी लगायत विषय विज्ञलाई हार्दिक धन्यवाद प्रकट गर्न चाहन्छु।

**२०८० साल असार ।**

धावा सम्डुक गुरुङ
अध्यक्ष

# शे–फोक्सुण्डो गाउँपालिका

ཤེལ་ཕུ་སུམ་མདོ་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

# गाउँ कार्यपालिकाको कार्यालय

## साल्दाङ, डोल्पा

**शुभकामना मन्तव्य ।**

शे-फोक्सुण्डो गाउँपालकाले आगामी ३ वर्षको मध्यमकालीन खर्च संरचना तयार गरी कार्यपालिका हुँदै १३ औं गाउँसभा मार्फत स्वीकृत गरी पुस्तकको रुपमा प्रकाशन गरेको विषयले मलाई निकै हर्षित तुल्याएको छ । गाउँपालिकाले आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति, योजना र बजेट तर्जुमा सँगसँगै हरेक वर्ष चक्रीय रुपमा ३ वर्षको मध्यमकालीन खर्च संरचना तयार गरी गाउँपालिकाको आवधिक र वार्षिक विकास योजनाको सम्बन्ध सेतुको रुपमा काम गर्नेगरी यो पुस्तिका तयार गरिएको छ ।

आवधिक विकास योजना, राष्ट्रिय तथा क्षेत्रगत नीति, रणनीतिहरुको कार्यान्वयन विभिन्न तहका सरकारले वार्षिक बजेट तथा कार्यक्रम मार्फत गर्नुपर्ने हुन्छ । नीतिगत प्राथमिकतालाई वार्षिक कार्यक्रम र बजेटको प्राथमिकतासँग जोड्न, विनियोजन कुशलता प्रदान गर्न, वित्तीय अनुशासन कायम गर्न, खर्चमा प्रभावकारिता तथा दक्षता कायम गर्नका लागि मध्यमकालिन खर्च संरचना तयार गरिन्छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ ले हरेक स्थानीय तहले आफ्ना अधिकारका विषयमा स्थानीय स्तरको समग्र विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषयक्षेत्रगत, मध्यमकालीन तथा दिर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्ने व्यवस्था गरेको हुनाले सोही अनुसार यस गाउँपालिकाले नीतिगत जिम्मेवारी पुरागर्नका लागि यो दस्तावेज निर्माण गरी कार्यान्वयनमा ल्याउने प्रयास गरेको छ । यसका साथै दिगो विकासका विश्वप्यापी लक्ष्यहरुलाई समेत ध्यान दिदै उक्त लक्ष्यहरुलाई स्थानीय विकास गतिविधिहरुसँग जोड्दै एवम् स्थानीयकरण गर्दै दिगो विकासका लक्ष्यहरु पुरा गर्ने उद्धेश्यका साथ यो पुस्तिका सहायकसिद्ध हुने विश्वास लिइएको छु ।

अन्तमा, यो मध्यमकालीन खर्च संरचना तयार गर्नका लागि प्राविधिक सहयोग प्रदान गर्ने स्थानीय पूर्वाधार विकास कार्यक्रमका योजना तथा क्षमता विकास सल्लाहकार रणबहादुर कार्कीलाई विहेष धन्यवाद दिन चाहन्छु । यसका साथै यो पुस्तिका निर्माण कार्यदललाई पनि मेरो र सिङ्गो गाउँपालिकाको तर्फबाट हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा पनि यस्ता सहयोगहरु निरन्तर रहने विश्वास लिइएको छु ।

**हार्दिक धन्यवाद ।**

**२०८० साल, असार ।**

पेवा वाङछेन गुरुङ
उपाध्यक्ष

# शे–फोक्सुण्डो गाउँपालिका

ཤེལ་ཕུ་སུམ་མདོ་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལས་ཁང་།

# गाउँ कार्यपालिकाको कार्यालय

## साल्दाङ, डोल्पा

### मध्यमकालीन खर्च संरचना निर्माण कार्यदलको संयोजकको भनाई

शे-फोकसुण्डो गाउँपालिकाले दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गरी प्रकाशनमा ल्याउन पाउँदा मलाई निकै खुसी लागेको छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले स्पष्ट रुपमा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी ३ वर्षको लागि हुने खर्चको प्रक्षेपणको मध्यमकालीन संरचना तयार गर्नुपर्ने अनिवार्य व्यवस्था गरेको छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ ले पनि मध्यमकालीन खर्च संरचनामा आगामी ३ आर्थिक वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजा खाका समावेश गर्नुपर्ने व्यवस्था गरेको छ । यसरी कानुनी व्यवस्थाहरुलाई सम्बोधन गर्दै स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन २०७८ मा आधारित रही तर्जुमा गरिएको हुनाले यस दस्तावेजले स्थानीय तहको कानुनी दायित्व निर्वाह गर्नमा टेवा पुर्याउनुका साथै र गाउँपालिकाले सञ्चालन गर्ने बहुबर्षीय आयोजना तथा कार्यक्रमहरुका लागि बजेट सुनिश्चता गर्न समेत महत्वपूर्ण योगदान गर्ने अपेक्षा गरेको छु ।

विगत वर्षहरुमा जलवायुजन्य विषमता एवम् विपद्का अन्य घटना, तीनका आवृत्ति तथा सघनता निरन्तर बढ्दै गएको छ र यसको असर यस गाउँपालिकामा पनि निरन्तर बढ्दो रुपमा महसुस गरिएको छ । यी घटनाहरुले दिगो विकासको आवश्यकता र महत्वलाई अझ बढी प्रगाढ बनाउँदै लगेको सन्दर्भमा दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नु एउटा सान्दर्भिक काम हो भन्ने मलाई लागेको छ ।

दिगो विकासको आवश्यकता र महत्व प्रगाढ हुँदै गएको परिप्रेक्ष्यमा संयुक्त राष्ट्र संघले विश्वको साझा हितका लागि दिगो विकास लक्ष्य जारी गरेको छ । यसको परिपालना गर्ने नेपाल सरकारले पूर्ण प्रतिवद्धता समेत गरेको छ । यस भन्दा बाहेक दिगो विकास लक्ष्यहरु विश्वका साझा हितका विषय हुनुका साथै स्थानीय सरकारका काम, कर्तव्य, अधिकार र जिम्मेवारीसँग प्रत्यक्ष सम्बन्धित विषयहरु रहेका हुनाले दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचनाको तर्जुमाले यस गाउँपालिकाका सम्पूर्ण विकास प्रयासलाई दिगो विकास उन्मुख गराउन महत्वपूर्ण टेवा पुर्याउन सक्ने अपेक्षा गरेको छु । दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचनाको तर्जुमाबाट यस गाउँपालिका मार्फत खर्च गरिने सार्वजनिक वित्तलाई लिगो विकास लक्ष्य उन्मुख बनाउन सहयोग पुग्ने र दिगो विकास लक्ष्य उन्मुख सार्वजनिक खर्चले विकास प्रयासहरुलाई दिगो बनाउने विश्वास लिएको छु ।

अन्तमा, यस शे-फोक्सुण्डो गाउँपालिकाको दिगो विकास लक्ष्यमैत्री मध्मकालीन खर्च संरचनाको तर्जुमाका लागि विशेषज्ञ प्राविधिक सहयोग उपलब्ध गराउने स्थानीय पूर्वाधार सहयोग कार्यक्रमका योजना तथा क्षमता विकास सल्लाहकार श्री रणबहादुर कार्कीलाई विशेष धन्यवाद ज्ञापन गर्दछु । त्यस्तै गाउँपालिकाको तर्फबाट पनि यो पुस्तिका तयारीका लागि सहयोग गर्ने सबै गाउँपालिका परिवारप्रति पनि हार्दिक धन्याद प्रकट गर्न चाहन्छु ।

केशवराज आचार्या
प्रमुख प्रशासकीय अधिकृत

## विषयसूची

**परिच्छेद-१ : परिचय** **पेज नम्बर**

१.१ पृष्ठभूमि

१.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा

१.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य

१.४ गाउँपालिकाको योजना प्रणालीमा मध्यमकालीन खर्च संरचनाको सान्दर्भिकता

१.५ मध्यमकालीन खर्च संरचनाका आधारहरु

१.६ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य

१.७ दिगो विकासका लक्ष्यहरुलाई मध्यमकालीन खर्च संरचनामा समेट्नुपर्ने आवश्यकता

१.८ दिगो विकासका लक्ष्यहरुको आन्तरिकीकरण

**परिच्छेद-२ कानुनी तथा संस्थागत व्यवस्था र मध्यमकाली सर्च संरचना निर्माणका चरण वा विधिहरु**

२.१ कानुनी व्यवस्था

२.२ संस्थागत व्यवस्था

२.२.१ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति

२.२.२ मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल

२.२.३ विषयगत योजना तर्जुमा समिति

२.२.४ बजेट तथा कार्यक्रम तर्जुमा समिति

२.३ गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया

**परिच्छेद-३ : मध्यमकालीन खर्च संरचना**

३.१. चुनौति र अवसर

३.२. दिर्घकालीन सोच तथा रणनीति

३.३. मध्यमकालीन आर्थिक खाका

३.४. प्रमुख नतिजा, सूचक तथा लक्ष्यहरु

२.५. प्रमुख विषय क्षेत्रगत सूचकहरु

**परिच्छेद-४ : मध्यमकालीन खर्च संरचनाको बजेट विनियोजन र प्रक्षेपण**

४.१. बजेट स्रोतको अनुमान

४.२. दिगो विकासका लक्ष्यहरुको आधारमा बजेट बाँडफाँड

४.३. लैङ्गिक संकेतको आधारमा बजेट बाँडफाँड

४.४. प्रमुख विषय क्षेत्रगत आधारमा बजेट बाँडफाँड

**परिच्छेद-५ : क्षेत्रगत उपलब्धी: चुनौति, अवसर रणनीति**

५.१.आर्थिक विकास

५.२.आर्थिक विकास विषय क्षेत्रगत आयोजन/कार्यक्रमको संक्षिप्त विवरण

५.३.सामाजिक विकास

५.४.सामाजिक विकास विषय क्षेत्रगत आयोजन/कार्यक्रमको संक्षिप्त विवरण

४.५.पूर्वाधार विकास

४.६.पूर्वाधार विकास विषय क्षेत्रगत आयोजन/कार्यक्रमको संक्षिप्त विवरण

४.७.वन, वातावरण तथा विपद् व्यवस्थापन

४.८.वन, वातावरण तथा विपद् व्यवस्थापन विषय क्षेत्रगत आयोजन/कार्यक्रमको संक्षिप्त विवरण

४.९.सुशासन तथा संस्थागत विकास

४.१०. सुशासन तथा संस्थागत विकास विषय क्षेत्रगत आयोजन/कार्यक्रमको संक्षिप्त विवरण

६.अनुसूची-१ : त्रिपर्षिय बजेट अनुमान तथा प्रक्षेपणको विषय क्षेत्रगत खर्च अनुमान

७.अनुसूची-२ : आर्थिक विकास क्षेत्र अन्तर्गत त्रिवर्षिय खर्च अनुमान तथा प्रक्षेपण र कार्यक्रमहरुको विवरण र सांकेतीकरण

८.अनुसूची-३ : सामाजिक विकास क्षेत्र अन्तर्गत त्रिवर्षिय खर्च अनुमान तथा प्रक्षेपण र कार्यक्रमहरुको विवरण र साकेतीकरण

९.अनुसूची-४ : पूर्वाधार विकास क्षेत्र अन्तर्गत त्रिवर्षिय खर्च अनुमान तथा प्रक्षेपण र कार्यक्रमहरुको विवरण र सांकेतिकरण

१०. अनुसूची-५ : वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र अन्तर्गत त्रिवर्षीय खर्च अनुमान तथा प्रक्षेपण र कार्यक्रमहरुको विवरण र सांकेतीकरण

११. अनुसूची-६ : सुशासन तथा संस्थागत क्षमता विकास क्षेत्र अन्तर्गत त्रिवर्षीय खर्च अनुमान तथा प्रक्षेपण र कार्यक्रमहरुको विवरण र सांकेतीकरण

## परिच्छेद-एक

## परिचय

### १.१ पृष्ठभूमि

नेपालमा सङ्घीयताको अभ्याससँगै स्थानीय सरकारको क्षमता विकास नीतिगत व्यवस्था र सोही अनुसारका अभ्यासहरुका लागि आधारहरु तयार गरिदै आएको छ। आवधिक योजनाले लिएका समष्टिगत तथा विषयगत लक्ष्य र उद्धेश्य हासिल गर्न सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ । विनियोजन कुशलता कार्यान्वयन दक्षता र वित्तीय सुशासन जस्ता विषयहरु सार्वजनिक खर्च व्यवस्थापनका मुख्य अवयवहरु हुन् । मध्यमकालीन खर्च संरचनाले आवधिक योजना र वार्षिक बजेट तथा कार्याक्रमबीच अन्तरसम्बन्ध कायम गरी सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सहयोग गर्दछ । यसले स्रोत व्यवस्थापन र अपेक्षित नतिजाको खाका समेत प्रस्तुत गर्दछ।

स्थानीय सरकारको गठनसँगै मध्यमकालीन खर्च संरचनाको अध्यास पनि गरिदै आएको छ। मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्धेश्य प्राथमिकताको आधारमा सेवजनिक स्रोतको बाँडफाँड गरी खर्चको प्रभावकारिता बढाउनु हो । मध्यमकालीन खर्च संरचनाले विकास योजनाको लक्षित नतिजा हासिल गर्नको लागि उपलब्ध स्रोत साधनको प्रभावकारी विनियोजन परिचालन र पारदर्शी र मितव्ययी खर्च प्रणाली वित्तीय अनुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ ले सङ्घ, प्रदेश र स्थानीय तहको मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयन गर्न अनार्य गरेको छ । यो दस्तावेज तयारीमा शे-फोक्सुण्डो गाउँपालिकाको कार्यपालिका विषयगत समिति कार्यदल विषयगत शाखा वडा कार्यालयसँग राय परामर्श गरी त्रिवर्षीय आवधिक योजना र गाउँपालिकामा उपलब्ध अन्य सूचना र चालु आर्थिक वर्षको वार्षिक कार्यक्रमलाई आधार बनाइएको छ। शे-फोक्सुण्डो गाउँपालिकाको आगामी तीन वर्षको खर्चको प्रक्षेपण सहित मध्यमकालीन खर्च संरचना (२०८०/०८१-२०८२/०८३) तयार गरिएको छ।

नेपालको संविधान २०७२ को कार्यान्वयन, समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय दिर्घकालीन लक्ष्य, पन्ध्रौँ योजना र दीगो विकासका लक्ष्य तथा कर्णाली प्रदेश सरकारको प्रदेश आवधिक योजना र यसले लिएका लक्ष्य तथा  गाउँपालिकाको आवधिक योजनाले लिएका लक्ष्यरु हासिल गर्न वित्त व्यवस्थापनको महत्वपूर्ण भुमिका रहन्छ। वि.सं. २०८७ सम्म मुलुकलाई मध्यम आय भएको मुलुकमा रुपान्तरण गर्ने तथा वि.सं. २१०० सम्म समुन्नत मुलुकको रुपमा स्तरोन्नती गर्न गाउँपालिका स्तरबाट समेत भुमिका खेल्नुपर्ने हुन्छ जसको लागि सार्वजनिक खर्चको प्रभावकारी र मितव्ययी ढंगले उपयोग गर्नु आवश्यक छ।

गाउँपालिकाको आवधिक योजना र वार्षिक बजेट बीच तालमेल मिलाई कर्णाली प्रदेश सरकारले लिएको लक्ष्य समेतलाई मध्यनजर गरी गाउँपालिकालाई समुन्नत, आत्मनिर्भर बनाउन तथा प्राप्त श्रोतहरुको न्यायोचित वितरणको व्यवस्था गर्न, खर्चलाई पारदर्शी मितव्ययी ढंगले परिचालन गर्न मध्यमकालीन खर्च संरचनाले आवश्यक सुधार ल्याउँछ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च तयार गर्नुपर्नेछ भन्ने उल्लेख गरिएको छ। उक्त खर्च संरचनामा प्रस्तावित योजनाको उद्देश्य, प्रस्तावित योजनाको लागि सम्भाव्यता अध्ययन गर्न वा खर्च छुट्ट्याउन आवश्यकताको पुष्ट्याई, प्रस्तावित योजना कार्यान्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपछिका दुई आर्थिक वर्षमा प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धी, प्रस्तावित योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण, खर्च व्यहोर्ने श्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धीको प्रक्षेपण, प्रस्तावित योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँगको तादात्म्यता, सञ्चालित योजना भए गत आर्थिक वर्षमा छुट्ट्याईएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरण जस्ता विषय समावेश गर्नुपर्ने कुरा उल्लेख गरिएको छ।

मध्यमकालीन खर्च संरचना तयार गर्दा गाउँपालिकामा आयोजनाहरुको प्राथमिकीकरण गर्ने योजना तर्जुमा सम्बन्धी दिग्दर्शनमा उल्लेखित आयोजनाहरुको प्राथमिकीकरण गर्ने विधीद्धारा आयोजनाहरुको प्राथमिकीकरण गरिएको छ। गाउँपालिकामा उपलब्ध तथ्याङ्कहरुको प्रयोग गरिएको छ भने प्रमुख रुपमा आवधिक योजनालाई मध्यनजर गरी आ.व. २०८०/०८१ देखि लागू हुने गरी खर्च संरचनाको खाका तयार गरिएको छ। जसमा पहिलो वर्षको खर्च र श्रोत अनुमानको वार्षिक बजेटसँग तादात्म्यता रहेको छ र बाँकी २ वर्षको अनुमानित प्रक्षेपण गरिएको छ। पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि त्यसको समिक्षा गरी अनुमान गरिएको दोस्रो वर्षको बजेटलाई आवश्यक संशोधन गरी तयार गरिन्छ भने नयाँ एक वर्षको खर्च खाका प्रक्षेपण गरी थप गरिन्छ।

### १.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा

सार्वजनिक वित्त व्यवस्थापनो एक औजारको रुपमा मध्यमकालीन खर्च संरचनाले सरकारसँग उपलब्ध सीमित स्रोत साधनको वस्तुनिष्ठ आकलन गर्ने र त्यसलाई योझनाको प्रथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँड गर्ने गर्दछ। यस संरचनामा मुख्यत समष्टिगत आर्थिक खाका नतिजा खाका र बजेट खाका गरी तीन वटा अवयवहरु समावेश गरिएको हुन्छ।

चालु आवधिक योजना मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमको उपलब्धिको आधारमा उत्पादन रोजगारी र लगानी लगायतका परिसूचक समावेश गरी मध्यमकालीन आर्थिक खाका (Medium Term Fiscal Framework-MTFF)

निर्धारण गरिन्छ। स्थानीय तहलाई सङ्घ तथा प्रदेशबाट प्राप्त हुने अनुदान आन्तरिक आय आन्तरिक ऋण तथा अन्य स्रोत समेत आँकलन गरी क्षेत्रगत प्रथमिकता अनुरुप विषयगत महाशाखा शाखा र अन्तरगतका निकायहरुसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम तथा आयोजनागत रुपमा खर्चको अनुमान सहितको मध्यमकालीन बजेट खाका (Medium Term Budgetary Framework-MTBF) तयार गरिन्छ। यो खाका तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरी मध्यमकालीन नतिजा खाका (Medium Term Result Framework-MTRF) तयार गरिन्छ।

मध्यमकालीन खर्च संरचनामा पहिलो आर्थिक वर्षमा बजेटको वास्तविक स्रोत र खर्चको अनुमान हुन्छ भने त्यसपछि दुई आर्थिक वर्षका लागि स्रोत र खर्चको प्रक्षेपण गरिन्छ। पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलब्धि समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम् थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ। यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आकलन गर्नुपर्ने हुन्छ। यस प्रकार मध्यमकालीन खर्च संरुचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका खेल्दछ।

### १.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य

शे-फोक्सुण्डो गाउँपालिकाको पहिलो मध्यमकालीन खर्च संरचना (२०८०/८१-२०८२/०८३) गाउँपालिकाको समग्र विकासको प्रथमिकता प्राप्त कार्यक्रमहरुले निरन्तरता पाउन सहयोग पुग्नेछ। त्यस्तै लगानी तथा कार्यान्वयनको सुनिश्चताको माध्यमद्धारा दिगो विकासका लक्ष्यहरुमा नेपालले गरेका प्रतिवद्धताहरुको प्रप्तिमा पनि सहयोग पुग्ने अपेक्षा गरिएको छ। यस खर्च संरचनाले गाउँपालिकाको दीर्घकालीन सोच **पर्यटन, जलस्रोत, पशुपालन र जडिबुटी शे–फोक्सुण्डोको आधार–दिर्घकालीन दृष्टिकोण, मानव विकास, गुणस्तरीय पूर्वाधार, गरिवी निवारण र रोजगार** र कर्णाली प्रदेशको प्रदेशको दीर्घकालीन सोच **समृद्ध कर्णाली, सुखारी कर्णालीबासी** तथा राष्ट्रिय सोच **समृद्ध नेपाल, सुखी नेपाली** लक्ष्य प्राप्तिमा समेत योगदान पुर्याउने विश्वास लिइएको छ। यस मध्यमकालीन खर्च संरचनालाई सरल र यथार्थपरक बनाउन विषय क्षेत्रगत उपलब्धिका आधारमा मध्यमकालीन लक्ष्य निर्धारण गरी सोही बमोजिम स्रोत तथा खर्चको अनुमान तथा प्रक्षेपण गरिएको छ। यसबाट गाउँपालिकाको आगामी आर्थिक वर्षहरुको बजेट तर्जुमा प्रक्रिया बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ। मध्यमकालीन खर्च संरचनाको मुख्य उद्धेश्य उपलब्ध स्रोत साधनलाई नीति, आधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तालमेल गराई सार्वजनिक खर्च प्रणालीमा वित्तीय अनुशासन कायम गर्नु हो। यसका अतिरिक्त मध्यमकालीन खर्च संरचनाका अन्य उद्धेश्यहरु देहाय बमोजिम रहेका छन्

१. नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रम बीच तादाम्यता कायम गरी स्रोत साधनको विनियोजनलाई उपलब्धिमूलक बनाउनु

२. आयोजना तथा कार्यक्रमको प्राथमिकीकरण गरी प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रमको लागि स्रोतको सुनिश्चता गर्नु

३. बजेट तर्जुमालाई परम्परागत र साँघुरो सोचबाट बाहिर ल्याई गाउँपालिकालाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र बाह्य श्रोतको वास्तविक अनुमान गरी  बजेटलाई यथार्थपरक र अनुमानयोग्य बनाउने।

४. सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्ने।

५. बहुवर्षीय आयोजनाको लागि स्रोत सुनिश्चित गर्ने

६. नतिजा नदेखिने ससाना कार्यक्रममा बजेट छर्ने प्रवृत्तिमा कमी ल्याउने

७. लैङ्गिक समानता र दिगो विकासका लक्ष्य हासिल गर्नमा जोड दिने

८. योजनाको मध्यमकालीन नतिजाको आँकलन गर्ने

९. नीतिगत प्राथमिकताको आधारमा प्राथमिकता प्राप्त क्षेत्रमा स्रोतको प्राथमिकीकरण गर्ने

### १.४ गाउँपालिकाको योजना प्रणालीमा मध्यमकालीन खर्च संरचनाको सान्दर्भिकता

हरेक मुलुकमा नागरिकहरुका आवश्यकता र आकांक्षा असीमित हुन्छन् र स्रोत सीमित हुन्छ। सीमित साधन र स्रोतको उच्चतम उपयोग गरी द्रुत, सन्लुलित र दिगो विकास हासिल गर्न योजनाबद्ध विकासको अवधारणा शुरु भएको देखिन्छ। यस अन्तर्गत शुरुमा आवधिक विकास योजना तर्जुमा गरिन्छ भने योजनाका लक्ष्य हासिल गर्न कार्यक्रम तथा बजेट तर्जुमा गरी लागु गरिन्छ। आवधिक विकास योजना सामान्यतया ५ वर्षको लागि बनाइन्छ। जननिर्वाचित सरकारको कार्यकाल पनि ५ वर्षको हुने भएकोले हरे नयाँ सरकारले आफुले जनता समक्ष गरेका प्रतिवद्धताहरु आफ्नै कार्यकालमा पुरा गर्न पनि आवधिक योजनाले सहयोग गर्दछ।

नेपालमा विक्रम सम्बत् २०१३ देखि आधिक योजना गर्जुमा गर्न थालिएको हो। हाल सङ्घीय तहमा पन्ध्रौ योजना (२०७६ ०७७/-२०८०/०८१)  कार्यान्वयनमा रहेको छ। सम्बत् २०७२ मा बनेको नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको राज्य संरचनाको व्यवस्था गरे अनुरुप सम्बत् २०७३/०७४ को निर्वाचनबाट पहिलो पटक प्रदेश र स्थानीय सरकारहरु गठन भए पश्चात सात वटै प्रदेश सरकार र अधिकांश स्थानीय तहहरुले पहिलो  आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गरी आएका छन्।

आवधिक विकास योजनाका अतिरिक्त दीर्घकालीन योजना तथा विषय क्षेत्रगत योजनाहरु पनि निर्माण गरिन्छ। सङ्घीय सरकारले सम्बत् २१०० सम्मको लागि २५ वर्षे दिर्घकालीन सोच पनि तय गरेको छ। विषयक्षेत्रगत रुपमा कृषि पर्यटन उर्जा व्यापार लगायत १० वर्षे र २० वर्षे योजनाहरु पनि कार्यान्वयनमा रहेका छन्। त्यसैगरी संयुक्त राष्ट्र सङ्घद्धारा घोषणा गरिएको र सबै सदस्य राष्ट्रहरुले अनुमोदन गरेको दिगो विकासका लक्ष्यहरु १५ वर्षको अवधिमा अर्थात सन २०३० सम्ममा हासिल गर्नेगरी तय गरिएको

छ । आवधिक विकास योजना र अन्य योजनाहरुले लिएका लक्ष्य हासिल गर्नको लागि विभिन्न कार्यक्रमहरु तर्जुमा गरी लागु गर्नुपर्ने हुन्छ । कानुनी व्यवस्था अनुरुप हरेक आर्थिक वर्षको लागि सबै तहका सरकारले तोकिएको मितिमा वार्षिक कार्यक्रम तथा बजेट घोषणा गर्ने गर्दछन् । तर आवधिक योजना र वार्षिक कार्यक्रम तथा बजेट बीच तालमेल नमिल्ने अवस्था पनि अक्सर देखा पर्दछ । यस प्रकारको निराकरण गर्नको लागि अन्य मुलुकमाझै नेपालमा पनि ३ वर्षे अवधिको मध्यमकालीन खर्च संरुचना तयार गरी कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ ।

मध्यमकालीन खर्च संरचनाको सुरुवात दशौँ योजना (वि.सं. २०५९ देखि ०६५) सँगसँगै भएको थियो । गणतन्त्र स्थापना पछि अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा नेपाल सरकार, प्रदेश र स्थानीय तहले वार्षिक बजेट तर्जुमा गर्दा आगामी तीन वर्षको खर्च संरचना तयार गर्नुपर्ने बाध्यकारी व्यवस्था रहेको छ । सोही अनुरुप नेपाल सरकार, कर्णाली प्रदेशले मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयन गरेको अवस्था छ । शे-फोक्सुण्डो गाउँपालिकाले आर्थिक वर्ष ०८०/०८१ देखि मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयन गर्ने नीति अनुरुप यो खर्च संरचना तयार गरिएको हो ।

नेपालको वर्तमान संविधान अनुसार नेपाल सङ्घीय संरचनामा गएको छ र संविधानबाट निर्धारित अधिकारको सीमाभित्र रही तीन तहका सरकारद्धारा राज्य संचालन हुने व्यवस्था छ । संविधानको धारा २३२ को उपधारा १ मा सङ्घ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ ।

नेपालको संविधान अनुसार स्थानीय तहमा २२ वटा एकल अधिकार छन भने १५ वटा सङ्घ, प्रदेश र स्थानीय तहका साझा अधिकार रहेका छन् । स्थानीय सरकारका सबै अधिकारहरु विकास निर्माण र सेवा प्रवाहसँग सम्बन्धित छन् । संविधान र स्थानीय सरकार संचालन ऐन २४ ले स्थानीय तहले आफ्नो अधिकारको विषयमा स्थानीयस्तरको विकासका लागि आधिक रणनीतिगत विषयक्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्ने व्यवस्था गरेको छ ।

माथि उल्लेखित पृष्ठभूमिमा विकास र सेवा प्रवाहमा स्थानीय तहको अग्रणी भूमिका रहन्छ । दिगो विकासका लक्ष्य प्राप्ति स्थानीय तहको सहकार्य विना सम्भव छैन । जनताको नजिक एवं सम्पर्कमा रही उनीहरुकै सहभागितामा विकास कार्यक्रमको छनौट, प्राथमिकीकरण र कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय तहमा रहेको छ । स्थानीय तहको आवधिक विकास योजना र दिगो विकासका लक्ष्य, उद्धेश्य, एवं नीतिगत प्राथमिकतालाई वार्षिक कार्यक्रममा रुपान्तरण गर्दै बजेट तथा कार्यक्रमलाई नतिजा मार्फत डोर्याउन, आयोजना प्राथमिकीकरण गरी प्राथमिकता प्राप्त आयोजनालाई बजेट सुनिश्चित गर्न, आन्तरिक तथा बाह्यय स्रोतबाट प्राप्त

हुने आइको अनुमान गरी बजेट खाका तयार गर्न, बजेट अनुमानलाई कुशल र यथार्थपरक बनाउन तथा विनियोजन कुशलता प्राप्त गर्ने जस्ता कार्यका लागि स्थानीय तहको योजना प्रणालीमा मध्यमकालीन खर्च संरचना ज्यादै महत्वपूर्ण र सान्दर्भिक रहेको छ ।

### १.५ मध्यमकालीन खर्च संरचनाका आधारहरु

सार्वजनिक खर्च संरुचना तर्जुमा गर्दा संविधानले व्यवस्था गरेका प्रावधानहरु एवम् स्थानीय तहको अधिकार क्षेत्रभित्रका आर्थिक सामाजिक वातावरणीय तथा राजनैतिक पक्षसँग समब्न्धित विभिन्न नीति ऐन नियमको कार्यान्वयन तथा दीर्घकालीन योजना आवधिक योजना विषयगत रणनीतिक योजना र दिगो विकासको लक्ष्य हासिल गर्ने पक्षलाई ध्यान दिनु आवश्यक छ । सो बमोजिम यस मध्यमकालीन खर्च संरचना तयार गर्दा देहायमा उल्लेखित अन्य पक्षलाई आधार लिइएको छ ।

- नेपालको संविधान
- दिगो विकासको लक्ष्यको अवस्था र मार्गचित्र (२०१५-२०३०)
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन -२०७४
- राष्ट्रिय दीर्घकालीन सोच २१०० तथा पन्ध्रौ राष्ट्रिय योजना (२०७६/०७७-२०८१/०८२)
- कर्णाली प्रदेशको पहिलो आवधिक योजना (२०७६/०७७-२०८०/०८१)
- नेपाल सरकार र कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रम (२०८०-०८१)
- गाउँपालिकाको अन्य विषयक्षेत्रगत नीति र योजनाहरु
- गाउँपालिका पार्श्वचित्र-२०८०

### १.६ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य

दिगो विकासका लक्ष्यहरु विश्वव्यापी साझा प्रतिवद्धताहरु हुन् । सन् २०३० सम्मका लागि संयुक्त राष्ट्र सङ्घका १९३ सदस्य राष्ट्रहरुले विश्वव्यापी रुपमा तयार गरिएका १७ वटा साहसिक लक्ष्यहरुले सन् २०३० सम्ममा सबै प्रकारका गरिबीको उन्मूलन गरी मानव, पृथ्वी र समृद्धिको लागि एक समान, न्यायपूर्ण र सुरक्षित विश्व निर्माणको परिकलपना गरेको छ । दिगो विकासका लक्ष्यहरु विश्वव्यापी विकास र समृद्धिका एजेण्डाहरु हुन् । लक्ष्यहरु धैरै व्यापक र महत्वकांक्षी, एकिकृत र अभिभाज्य छन् । यद्यपि प्राप्त गर्नका लागि चुनौतिपूर्ण छन् । दिगो विकासका लक्ष्यहरुमा मुख्य रुपमा तीनवटा आइमहरु रहेका छन् । आर्थिक, सामाजिक र वातावरणीय विकास गरी सन्तुलित विकासको परिकल्पना गरेको छ । दिगो विकासका लक्ष्यहरुले विशेषगरी समाजका सबै तहका र तप्काका नागरिक जसलाई विकासका लाभहरु प्रत्यक्ष रुपमा पुग्न सकेको हुदैन । त्यसका लागि विकासको लाभबाट कोही पनि पछि नपरुन् अर्थात "Living no one behind" प्रतिज्ञा गरिएको छ । यसले समतामूलक र न्यायपूर्ण विकासको परिकल्पना गरेको छ ।

सन् २००० देखि २०१५ सम्मको अवधिका लागि सहश्राब्दी विकासका लक्ष्यहरु तय गरी कार्यान्वयन गरिएको थियो । सहश्राब्दी विकासका लक्ष्यहरुमा गरिबी न्यूनीकरण गर्ने, शिक्षा स्वास्थ्यमा पहुँच पुर्याउने तथा लैङ्गिक समानता कायम गर्ने लगायत ८ वटा लक्ष्यहरु थिए । सहश्राब्दी विकास लक्ष्यहरु उक्त अवधिमा भएका उपलब्धीहरुको निरन्तरता तथा थप लक्ष्यहरुको प्राप्तिका लागि १७ वटा लक्ष्यहरु सहित १६९ परिमाणात्मक दिगो विकासका लक्ष्यहरु तय गरिएको छ । दिगो विकासका लक्ष्यहरुको उपलब्धी मापनका लागि २३४ वटा विश्वव्यापी परिमाणात्मक सूचकहरु तय गरिएका छन् भने राष्ट्रिय योजना आयोगले दिगो विकासका लक्ष्यहरुको सूचकहरुको स्थानीयकरण गरी नेपालको सन्दर्भमा वस्तुगत यथार्थलाई सम्ट्ने गरी थप जम्मा ४७९ सूचकहरु तयार गरी कार्यान्वयनका लागि प्रतिवद्धता जनाएको छ ।

दिगो विकासका पाँच स्तम्भहरु रहेका छन् जसमा पृथ्वी, मानव, समृद्धि, शान्ति, र साझेदारी रहेका छन् । जस अन्तर्गत दिगो विकासका लक्ष्यहरु पृथ्वीमा रहेका प्राकृतिक साधनस्रोत र वातावरण भावी पुस्ताका लागि संरक्षण गर्ने, सबै प्रकारका गरिबी र भोकमारीको अन्त्य गर्ने र मर्यादा एवम् समानता कायम गर्ने, प्रकृतिसँग सामन्जस्यता कायम गर्दै समृद्ध र समुन्नत जीवनको सुनिश्चित गर्ने, शान्तिपूर्ण न्यायसँगत र समावेशी समाजको निर्माण गर्ने र सशक्त विश्वव्यापी साझैदारीद्धारा दिगो विकासका लक्ष्यहरुको कार्यान्वयन गरी १७ लक्ष्यहरुको प्राप्ति गर्ने लक्ष्य रहेका छन् ।

### १.७ दिगो विकासका लक्ष्यहरुलाई मध्यमकालीन खर्च संरचनामा समेट्नुपर्ने आवश्यकता

दिगो विकासका लक्ष्य प्राप्ति गर्नु भनेको नेपालले अन्तर्राष्ट्रियरुपमा गरेको प्रतवद्धता पुरा गर्नुका साथै आफ्नै राष्ट्रिय आवश्यकता परिपूर्ति गर्नु पनि हो । गरिबी तथा बेरोजगारीको अन्त्य समावेशी विकास औगीकरण उत्पादन र त्यसको समुचित वितरण विद्युत खानेपानी तथा सरसफाइ गुणस्तरीय पूर्वाधार गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सुरक्षा पोषण लंङ्गिक समानता जलवायु परिवर्तन अनुकुलता वन वातावरण तथा जैविक विविधताको संरक्षण दिगो र सुरक्षित मानव वस्ती विकास शान्ति सुरक्षा तथा मानव अधिकार संरक्षण जस्ता विषयहरुलाई यसका लक्ष्यहरुले समेटेको छ । जुन नेपालका तीनै तहका सरकारका विकास एवं सेवा प्रवाहका प्राथमिकताका विषय भएकोले यसको कार्यान्वयन अपरिहार्य भएको छ । तसर्थ, देहायका कारण दिगो विकासका लक्ष्यहरुलाई मध्यमकालीन खर्च संरचनामा समेट्नु पर्दछः

(क) दिगो विकासका लक्ष्यहरुलाई वार्षिक कार्यक्रम तथा बजेट मार्फत कार्यान्वयन गर्न

(ख) दिगो विकासका लक्ष्यहरुको मध्यमकालीन प्रगति अनुगमन तथा समीक्षा गर्न

(ग) तीनै तहका सरकारको दिगो विकासका लक्ष्यहरुको स्वामित्व स्थापित गर्न

(घ) दिगो विकासका लक्ष्यसँग सम्बन्धित आयोजनाहरुलाई प्राथमिकतामा राखी बजेट सुनिश्चित गर्न

(ङ) दिगो विकासका सक्ष्यसँग सम्बन्धित आयोजनाहरुको बजेट अनुमान वास्तविक तथा अनुमानयोग्य बनाउन

(च) दिगो विकासका लक्ष्यहरुको प्राप्तिमा भएको खर्च पारदर्शी बनाउन र छुट्टै गणना गर्न

## १.८ दिगो विकासका लक्ष्यहरुको आन्तरिकीकरण

दिगो विकासका लक्ष्यहरुलाई सङ्घीय तथा प्रदेश सरकारका नीति तथा योजनाहरुले महत्वका साथ प्राथमिकतामा राखेको देखिन्छ । सङ्घीय र प्रदेश योजनाका साथै स्थानीय तहको आधिक विकास योजनामा पनि यसलाई आन्तिरिकीकरण गर्न आवश्यक छ । स्थानीय तहमा प्रमुख वा अध्यक्षको अध्यक्षको संयोजकत्वमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति रहने कानुनी व्यवस्था छ । त्यस समितिले मध्यमकालीन खर्च संरचना तयार गर्ने कार्यको समग्र निर्देशन, आगामी तीन वर्षको कुल स्रोत र खर्चको प्रक्षेपण र प्रक्षेपित कुल स्रोत र खर्चको आधारमा विषयगत अर्चको सीमा निर्धारण गर्ने कार्य गर्दछ । स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा विषयगत विभाग/महाशाखा/शाखा प्रमुखहरु सदस्य र योजना शाखा वा एकाइ प्रमुख सदस्य सचिव भएको मध्यमकालीन खर्च संरचना कार्यदल रहने व्यवस्था छ । उक्त कार्यदलले वार्षिक बजेट तथा कार्यक्रमको प्रक्रियासँगै मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया अगाडि बढाउने व्यवस्था छ । यस सन्दर्भमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदलले दिगो विकासका लक्ष्यहरु, लैङ्गिक उत्तरदायी बजेट र तिनको आन्तरिकीकरणको बारेमा विशेष जानकारी राख्नु पर्दछ । त्यसैगरी स्रोत, सेवा तथा अवसरहरुमा महिलाहरुको समान पहुँच पुर्याउन कायम रहेका अवरोधहरुको बारेमा पनि लेखाजोखा गर्नु पर्दछ ।

मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदलले विषयगत शाखा, महाशाखा तथा वडा कार्यालयहरुबाट प्रारम्भिक मस्यौदा तयार गराउने, छलफल गराउने काम गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्दछ र उक्त समितिले कार्यपालिकामा पेश गरी स्वीकृत भएपछि गाउँ वा नगर सभामा पेश हुन्छ । सीमित स्रोत र असीमित आश्यकता बीच सामञ्जस्यता कायम गर्नुपर्ने हुँदा विभिन्न समितिहरुले छद्यफल गरी आयोजना प्राथमिकीकरण गर्नुपर्ने हुन्छ । यसको लागि स्थानीय सरकार सञ्चालन ऐन र मध्यमकालीन खर्च संरचना दिग्दर्शनले योजना प्राथमिकीकरणका आधारहरु उल्लेख गरेको छ । त्यस कारण कुनै पनि योजना मध्यमकालीन खर्च संरचनामा समावेश भई यो प्रक्रियाबाट जानुपर्ने हुन्छ ।

कुनै पनि योजना छनौट गर्दा एकभन्दा बढी दिगो विकासका लक्ष्य पुरा गर्न सहयोग गर्ने खालका आयोजना छनौट गर्न उपयुक्त हुन्छ । यसलाई मध्यमकालीन खर्च संरचनामा प्राथमिकताका साथ राख्न सकिन्छ । जस्तै, कुनै सडक निर्माण गर्दा सडकको दायाँ वायँ वृक्षारोपण, वायोइञ्जीनियरिङ प्रविधिको अनुशरण, आर्थिक गतिविधि बढी हुने स्थान छनौट, विद्यालय तथा स्वास्थ्य केन्द्रलाई पहुँच बृद्धि, रोजगारी सृजना, समावेशी रोजगारी जस्ता धेरै कुरालाई एकैसाथ ध्यान दिन सकिन्छ । दिगो विकासका लक्ष्य प्राप्तिको लागि स्थानीय तहले गर्नुपर्ने कार्यहरु र नतिजा मापनका परिमाणात्मक सूचकहरु समेत स्थानीय तहको दिगो विकास लक्ष्यमैत्री

मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोगी स्रोत पुस्तिका २०७९ मा स्पस्ट रुपमा दिगो विकास लक्ष्यका संकेतहरु पनि दिइएको छ । बजेटमा गरिएका कार्य अर्थात आयोजना वा कार्यक्रमलाई साङ्केतिकरण गरिएमा कुन कुन दिगो विकास लक्ष्यहरुमा गाउँ वा नगरपालिकाको स्थिति के छ र आगामी दिनमा केकस्ता कार्यक्रमहरुमा जोड दिनुपर्ने हो सो बारेमा समेत मार्गदर्शन गर्न सहज हुन्छ । कतिपय आयोजना तथा कार्यक्रमहरु माथि भनिएझैँ एकभन्दा बढी दिगो विकास लक्ष्य हासिल गर्न सहयोगी हुन सक्छन् भने कतिपय कार्यक्रमहरु विषयगत रुपमा एक लक्ष्यसँग सम्बन्धित हुनेजस्ता देखिएता पनि कार्यक्रमको उद्धेश्य र लक्षित समुह अनुसार त्यस्तो कार्यक्रम अर्को लक्ष्य हासिल गर्न केन्द्रित हुन सक्छन् । उदाहरणको लागि सामान्यतया पशुपालन सम्बन्धी कार्यक्रमले भोकमारीको अन्त्य गर्ने र खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने दिगो विकास लक्ष्य नम्बर २ हासिल गर्न सघाउ पुर्याउँछ । नेपाल सरकारका तर्फबाट राष्ट्रिय योजना आयोग र सङ्घीय मामिला तथा सामान्य मन्त्रालय र अन्य विभिन्न मन्त्रालयहरु तथा सम्बन्धित निकायहरुले दिगो विकासका लक्ष्यहरुको स्थानीयकरणमा काम गरिरहेका छन् ।

विशेषगरी जनताको सबैभन्दा नजिकको सरकारको रुपमा रहेका स्थानीय सरकारको तहमा दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण गरी स्थानीय सरकारका नीति, कार्यक्रम, स्रोतको व्यवस्थापन तथा बाँडफाँड र प्राप्त उपलब्धीहरुलाई दिगो विकासका लक्ष्यहरुसँग अन्तरसम्बन्धित गरी नीति, कार्यक्रमहरु तय गर्ने र बजेटहरुको बाँडफाँड र विकासका कामहरुमा दिगो विकासका लक्ष्यहरुसँग अन्तरसम्बन्धित गरेर कार्यान्वयन गर्नु आवश्यक छ । स्थानीय सरकारले तयार गर्ने आवधिक योजना, विषयगत योजना, मध्यमकालीन खर्च संरचना तथा योजना, वार्षिक योजनाहरु तय गर्दा र सोको उपलब्धीहरु मापन गर्दा दिगो विकासका लक्ष्यहरुसँग अन्तरसम्बन्धित गरेर गर्नु आवश्यक हुन्छ । हाल कार्यान्वयन भइरहेको पन्ध्रौ योजना दिगो विकासका लक्ष्यहरुसँग अन्तरसम्बन्धित गरी दिगो विकासका लक्ष्यहरुको कार्यान्वयन गर्ने गरी गरिएको छ । यसबाट विभिन्न तहका सरकारहरुको तहमा भएका प्रयासहरु र त्यसका उपलब्धीहरुका तथ्य तथ्याङक एकीकृत रुपमा एउटै सूचकहरुमा अभिलेखीकरण भई भएका प्रगतिहरुको मापन गर्न पनि सहज हुन पुग्दछ ।

शे-फोक्सुण्डो गाउँपालिका भित्रका नागरिकहरुको आधारभूत सेवा प्रदान गर्ने मुख्य निकाय गाउँपालिका भएकोले दिगो विकासका लक्ष्यहरुको कार्यान्वयन हुँदा नागरिकको तहका गरिएका प्रयासहरु र भएका उपलब्धीहरु दिगो विकासका लक्ष्यहरुसँग अन्तरसम्बन्धित हुन पुग्दछ । तुलनात्मक रुपमा विकासका नेतृत्व र सहजीकरण गर्ने दायित्व स्थानीय सरकारकै हुन्छ । नागरिकसँग प्रत्यक्ष स्थानीय सरकार नै जोडिएको हुन्छ । अहिले रहेका १६९ सूचकहरु मध्ये करिब ६५ प्रतिशत सूचक स्थानीय तहहरुसँग नै सम्बन्धित रहेका छन् । त्यसैले दिगो विकासका लक्ष्यहरुको प्राप्तिसँग सम्बन्धित अधिकांश लगानी स्थानीय तहको नेतृत्वमा हुनु आवश्यक छ । स्थानीय तहहरुले स्थानीय लक्ष्य तथा सोको प्राप्तिका लागि मार्गचित्र निर्धारण गर्नुपर्दछ । लक्ष्य प्राप्तिका लागि आवश्यक नीति, रणनीति, कार्यनीति एवं कार्यक्रमहरु स्थानीय तहहरुले बनाउनु पर्दछ । यसका लागि स्थानीय सरकारले पनि निजी

क्षेत्र, साझेदार निकाय, गैरसरकारी संस्थाहरु, नागरिक समाज लगायत सबै सरोकारवालाहरुसँग साझेदारी र सहकार्य गर्नु आवश्यक छ ।

गाउँपालिकाका योजनाहरुको पहिचान, छनौट, तर्जुमा, कार्यान्वयन, अनुमगमन र मूल्याङ्कनमा दिगो विकासका लक्ष्यहरुको आन्तरिकीकरण र अन्तरसम्बन्धित गरिनु पर्दछ । स्थानीय तहले वार्षिक र आवधिक सूचकहरुमा केन्द्रित भई लक्ष्य निर्धारण तथा कार्यक्रम तर्जुमा गर्नुपर्दछ । यसले स्थानीय तहमा दिगो विकासका लक्ष्यहरुको स्वामित्वबोध पनि हुन्छ । दिगो विकासका लक्ष्यहरुको कार्यान्वयनका लागि उच्च प्रामथिकताका साथ स्रोतको व्यवस्थापन हुनुपर्दछ । स्रोतको व्यवस्थापन विनाविकासका लक्ष्यहरु प्राप्त हुन सक्दैन । मध्यमकालीन खर्च संरचना तयार गर्दैगर्दा दिगो विकासका लक्ष्यहरुसँग अन्तरसम्बन्धित गरिएमा मात्र दिगो विकासका लक्ष्यहरुको कार्यान्वयनमा सार्वजनिक वित्तको महत्व पनि प्रमाणित हुन सक्दछ । स्रोतको व्यवस्थापन हुन्छ । मध्यमकालीन खर्च संरचनामा तय गरिएका व्यवस्थाहरु कार्यान्वयन पनि हुन्छ । दिगो विकासका लक्ष्यहरु पनि प्राप्तिमा सहयोग पुग्दछ । त्यसैले यस शे-फोक्सुण्डो गाउँपालिकाको मध्यमकालीन खर्च संरचना निर्माणमा दिगो विकासका लक्ष्यहरु र सोको सूचकहरुको आन्तरिकीकरण र अन्तरसम्बन्धित गरी तयार गरिएको छ ।

## परिच्छेद-दुई

## कानुनी तथा संस्थागत व्यवस्था र मध्यमकाली खर्च संरचना निर्माणका चरण वा विधिहरु

### २.१ कानुनी व्यवस्था

स्थानय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक विषयक्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन योझना बनाई लागु गर्नेपर्ने व्यवस्था रहेको छ। त्यसैगरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको र दफा १७ मा यसत् विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको छ।

(क) प्रस्तावित योजनाको लक्ष्य तथा उद्धेश्य

(ख) प्रस्तावित योजनाको लागि सम्भाव्यता अध्ययन गर्न वा खर्च छुट्टयाउन आवश्यकताको पुष्टयाई

(ग) प्रस्तावित योजना कार्यान्वयन हुनसक्ने आर्थिक वर्ष र त्यपछिको दुई आर्थिक वर्षमा प्राप्त हुनसक्ने प्रतिफल र उपलब्धि

(घ) प्रस्तावित योजना लागु गर्न आवश्यक पर्ने खर्चको विवरण

(ङ) खर्च व्यहोर्ने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुनसक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण

(च) प्रस्तावित योजनाको मध्यम अवधिकोअर्चको रणनीति र त्यसको वार्षिक खर्चसँगको तादात्म्यता

(छ) सञ्चालित योजना भए गत आर्थिक वर्षमा छुट्टयाइएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरण।

यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २ मा कार्यालयको परिभाषा अन्तर्गत स्थानीय तहका सबै कार्यालय भनी परिभाषित गरिएको र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम २ मा कार्यालयले तीन वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रम खाका र नतिजाको खाका समावेश भएको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको छ। त्यस बाहेक ऐनको ७ मा राष्ट्रिय स्रोत अनुमान समितिले सङ्घ, प्रदेश र स्थानीयतहको कूल राष्ट्रिय स्रोत अनुमान गर्न नसकिने भएको हुँदा सबै गाउँ वा नगापालिकाले मध्यमकालीन खर्च संरचना तयार गर्न आवश्यक छ।

### २.२ संस्थागत व्यवस्था

मध्यमकालीन खर्च संरचना आवधिक योजना र वार्षिक बजेटबीच तादत्म्यता कायम गर्ने औजार भएङ्कोले वार्षिक बजेट निर्माणमा यसको महत्वपूर्ण भूमिका रहन्छ। यसका लागि गाउँपालिका तहमा देहाय बमोजिमको संस्थागत व्यवस्था गरिएको छ।

### २.२.१ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धी कार्य स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ बमोजिमको गाउँपालिकाको अध्यक्षको संयोजकत्वमा गठित समितिले आगामी ३ वर्षको कुल स्रोत र खर्चको प्रक्षेपण गर्ने, प्रक्षेपित कुल स्रोत र खर्चको आधारमा विषय क्षेत्र र उपक्षेत्रगत खर्चको सीमा निर्धारण गर्ने, आयोजना तथा कार्यक्रम छनौट तथा प्राथमिकता निर्धारणका आधार तथा प्रक्रिया एवम् बजेट तथा कार्यक्रम तर्जुमा मार्गदर्शन तयार गर्ने, बजेट सीमा तथा मार्गदर्शन स्वीकृतिका लागि कार्यपालिका समक्ष पेश गर्ने र मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी समग्र कार्यको निर्देशन गर्ने जस्ता कार्य यो समितिले सम्पन्न गर्नुपर्ने निर्दिष्ठ व्यवस्था स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन २०७८ ले गरेकोले सोही बमोजिमका कार्य सम्पन्न गरिएको छ। अतः विषयक्षेत्रगत खर्चको सीमा निर्धारण गर्दा यस दिग्दर्शनमा उल्लेख भए बमोजिमका ५ वटा विषयक्षेत्र र उपक्षेत्रको आधारमा चालु, पूँजीगत र वित्तीय व्यवस्थामा वर्गीकरण गर्नुपर्ने र प्रशासनिक खर्चलाई सुशासन तथा संस्थागत विकास विषयगत क्षेत्र तथा तत्सम्बन्धी उपक्षेत्र अन्तर्गत समावेश गर्नुपर्ने विषयलाई पनि ध्यान दिइएको छ। यसका साथै बहुवर्षीय तथा स्रोत सुनिश्चित गर्नुपर्ने आयोजना वा कार्यक्रमको हकमा कुल लागतलाई आधार मानी Earmark गर्नुपर्ने भएकोले सो समेतलाई ख्याल गरी आयोजना तथा कार्यक्रमगत वा उपक्षेत्रगत रुपमा बजेट सीमा निर्धारण गरिएको छ।

### २.२.२ मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल

स्थानीय तहको मध्यमकालीन खर्च संरचना दिग्दर्शन २०७८ परिमार्जितमा उल्लेख गरिए अनुसार गाउँ वा नगरपालिकाको मध्यमकालीन खर्च संरचना तयार गर्नका लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा गाउँपालिका अन्तर्गतका विभिन्न शाखा प्रमुखहरु सदस्यको रुपमा रहने गरी र योजना शाखा प्रमुखलाई सदस्य सचिवको जिम्मेवारी प्रदान गरिएको थियो। यसका साथै मध्यमकालीन खर्च संरचना तयारीका लागि प्राविधिक सहयोग उपलव्ध गराउन स्थानीय पूर्वाधार सहयोग कार्यक्रमका योजना तथा क्षमता विकास सल्लाहकार रणबहादुर कार्कीले विषय विज्ञको रुपमा योगदान दिनुभएको थियो। यसरी उक्त कार्यदलले देहाय बमोजिमका कार्यहरु सम्पन्न गरको थियो।

(क) त्रिवर्षीय खर्चको प्रक्षेपण सहित बजेटको आकार र स्रोतको आकलन गरी स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति समक्ष पेश

(ख) बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी मार्गदर्शनको मस्यौदा तयार गरी स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति समक्ष पेश

(ग) विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयरीका लागि विषयगत शाखाहरुसँग आवश्यक समन्वय

(घ) मध्यमकालीन खर्च संरचनाको विषय क्षेत्रगत मस्यौदा तयार गरी विषयगत समितिमा पेश गर्जे र छलफल प्रक्रियामा आवश्यक सहयोग

(ङ) समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका तयारी कार्यमा बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई आवश्यक सहयोग

(च) मध्यमकालीन खर्च संरचना तर्जुमा समब्न्धी अन्य कार्यहरु

उपरोक्त कार्यहरु कार्यदलले सहभागीमूलक तरिकाले समयमै काम सम्पन्न गरी एकीकृत विषयगत समिति समक्ष मध्यमकालीन खर्च संरुचनाको मस्यौदा पेश गरेको थियो ।

### २.२.३ विषयगत योजना तर्जुमा समिति

कार्यपालिकाबाट प्राप्त बजेट सीमा तथा मार्गदर्शन भित्र रही विषयगत महाशाखा वा शाखाहरुबाट विषय उपक्षेत्रगत रुपमा तयार भई कार्यदल मार्फत पेश हुन आएको विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदामा सम्लग्न बजेट तथा कार्यक्रमलाई विषयगत रुपमा छदफल, विश्लेषण र पुनः प्राथमिकता निर्धारण गरी पेश गर्ने कार्य स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ को परिच्छेद ४ को दफा ४.६.४ मा उल्लेख भए बमोजिमका विषयगत समितिहरुले तोकीएको काम सम्पन्न भएका छन् । तसर्थ, मध्यमकालीन खर्च संरचना तर्जुमाको सन्दर्भमा विभिन्न विषयक्षेत्रगत समितिहरुले निम्न काम सम्पादन गरेका छन्

(क) विषयगत रुपमा कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरणका निर्धारित आधार, प्रक्रिया एवम् प्राप्त बजेट सीमा र मार्गदर्शन अनुसार बजेट कार्यक्रम तथा आयोजना प्रस्ताव भएनभएको यकिन गरिएको

(ख) कार्यदलबाट प्रस्तावित कार्यक्रम तथा आयोजनाको त्रिवर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक वर्षको बजेट उपर छलफल र विश्लेषण गरिएको

(ग) विषय क्षेत्रगत रुपमा तयार भएको मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई अन्तिम रुप दिई बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश भएको

### २.२.४ बजेट तथा कार्यक्रम तर्जुमा समिति

विषयगत समितिबाट प्रस्ताव भएका विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना र बजेटको एकीकृत मस्यौदा तयार गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिले निम्नानुसारका कार्य सम्पन्न भयो ।

(क) स्र्वप्रथम विषयगत समितिबाट पेश भएको विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा उपर छलफल गरी स्वीकृत बजेट सीमा तथा मार्गदर्शन अनुरुप भए नभएको एउद्धेश्यकिन गरिएको

(ख) स्थानीय आवधिक वा वार्षिक योजनाको लक्ष्य, उद्धेश्य, प्राथमिकता एवम् चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्य र विषय क्षेत्रगत सन्तुलन कायम हुने गरी स्रोत विनियोजन तथा प्रक्षेपण भए नभएको एकिन गरिएको

(ग) विगतको उपलब्धि, आय र खर्चको प्रवृत्ति समेतको विश्लेषण गरी स्थानीय आर्थिक खाका तयार गरिएको

(घ) गाउँपालिकाको आवधिक योजना सो नभएमा वार्षिक वा अन्य क्षेत्रगत योजनाको लक्ष्य, उद्धेश्य, प्राथमिकता तथा रणनीति र चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, दिगो विकासको लक्ष्यको स्थानीयकरणलाई आधार लिई विषय उपक्षेत्रगत रुपमा तयार गरिएको त्रिवर्षीय खर्च तथा स्रोत अनुमानको आधारमा समष्टिगत मध्यमकालीन बजेट खाका तर्जुमा भएको

(ङ) गाउँपालिकाको आधिक वा वार्षिक र अन्य क्षेत्रगत योजनाको लक्ष्य र उपलब्धि सूचकहरुलाई आधार मानी विषय उपक्षेत्रगत रुपमा तयार भएको नतिजा खाकाको आधारमा समष्टिगत मध्यमकालीन नतिजा खाका तयार गरिएको

(च) मध्यमकालीन खर्च संरचना दस्तावेजलाई अन्तिम रुप दिई स्वीकृतिका लागि आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमसँगै कार्यपालिकामा पेश गरिएको

## २.३ गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया

मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्य स्थानीय तहका लागि विल्कुल नवीन अध्यास हो । यसका लागि सर्वप्रथम संरचनाको आश्यकता, महत्व र प्रक्रियागत चरणहरुका बारेमा सम्बद्ध सरोकारवालाहरु स्पष्ट हुन आवश्यक हुन्छ । सोको लागि कार्यपालिकाका सदस्य, विषयगत समितिका पदाधिकारी सहित शाखाका प्रमुखहरुलाई अभिमुखीकरण गर्नु आवश्यक रहेकोले सो अनुसार मध्यमकालीन खर्च संरचना तयारीका सम्बन्धमा अवलम्बन गरिएका प्रक्रियागत चरणहरु राष्ट्रिय योजना आयोगबाट तयार गरी जारी भएको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ मा उल्लेखित विधि तथा प्रक्रिया प्रयोग गरी यो मध्मकालीन खर्च संरचना तर्जुमा गरिएको छ । यो मध्यमकालीन खर्च संरचनामा देहाय बमोजिमको चरण तथा प्रक्रिया अवलम्बन गरिएको छः

**चरण-१: तयारी चरण**

**प्रक्रिया १: प्राविधिक सहयोगका लागि टोली परिचालन**

शे-फोक्सुण्डो गाउँपालिकाको आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नका लागि प्राविधिक सहयोग टोली गठद्द गरी परिचालन गरियो । उक्त प्राविधिक सहयोग टोलीबाट चालु आबधिक योजना तथा वार्षिक विकास कार्यक्रमको समीक्षा विवरण तयार गर्ने, मध्यमकालीन खर्च संरचनाको अवधारणा तथा तयारी प्रक्रियाको बारेमा अभिमुखीकरण गर्ने, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र कार्यदललाई आगामी तीन आर्थिक वर्षको स्रोत अनुमान तथा प्रक्षेपण गर्ने, विषयगत बजेट सीमा र मार्गदर्शन तयार गर्ने कार्यमा प्राविधिक सहयोग र सहजीकरण गरिएको थियो । यसैगरी विषयगत शाखा वा एकाइसँग परामर्श गरी उपक्षेत्रगत रुपमा खर्च संरचना मस्यौदा तयार गर्ने, विषयगत समितिमा छलफल गर्ने, आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण र साङकेतीकरण गर्ने, समष्टिगत आथिक खाका, नतिजा खाका र बजेट खाका तयार गर्ने, स्रोतको मध्यमकालीन अवधिका लागि बाँडफाँड गर्ने, मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयार गर्ने र मध्यमकालीन खर्च संरचनालाई दिगो विकास लक्ष्यमैत्री बनाउने कार्यमा प्राविधिक सहयोग टोलिबाट सहयोग र सहजीकरण गरिएको थियो ।

**प्रक्रिया २: नीतिगत, कानुनी दस्तावेज, दिग्दर्शन एवम् अन्य उपयोगी सन्दर्भ सामग्री संकलन तथा समीक्षा**

गाउँपालिकाको योजना, स्रोत प्रक्षेपण र सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित नीति, कानुन, दिग्दर्शन, र कार्यविधि लगायतका सान्दर्भिक दस्तावेज संकलन एवम् अध्ययन कार्य सम्पन्न गरियो । दस्तावेजको अध्ययनबाट मध्यमकालीन खर्च संरचना तयारीङ्का सन्दर्भमा व्यवस्था गरिएका महत्वपूर्ण तथा सान्दर्भिक व्यवस्था पहिचान तथा विश्लेषण गरियो । यस मध्यमकालीन खर्च संरचना तयारीङ्का लागि अध्ययन एवम् समीक्षा गरिएका प्रमुख सन्दर्भ सामग्रीहरु देहाय बमोजिम रहेका छन्

- स्थानीय सरकार संचालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली २०७७
- अन्तर सरकारी वित्तीय हस्तान्तरण कार्यविधि
- नेपार सरकार, प्रदेश सरकार एवम् गाउँपालिकाको वित्ती ऐनहरु
- नेपाल सरकारको क्षेत्रगत नीति, कानुन, मार्गदर्शन र मापद्धण्ड
- त्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जन)
- स्थानीय सरकारको बजेट तथा योजना तर्जुमा हाते पुस्तिका
- नेपाल सरकारको दीर्घकालीन सोध, पन्ध्रौ राष्ट्रिय योजना, कर्णाली प्रदेश तथा गाउँपालिकाको आवधिक शिक्षा योजना
- सङ्घ तथा कर्णालीको सान्दर्भिक नीति, कानुन तथा प्रतिवेदन
- गाउँपालकाको सान्दर्भिक नीति, कानुन तथा विभिन्न प्रतिवेदन
- गाउँपालिकाको पार्श्वचित्र र पोषण पार्श्वचित्र २०८०

**प्रक्रिया ३: मध्यमकालीन खर्च संरचनाको ढाँचा, ओजार र कार्ययोजना तर्जुमा**

यस शे-फोक्सुण्डो गाउँपालिकाको मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी दिग्दर्शनमा उल्लेखित विधि, औजार एवम् कार्यइवजना सम्बन्धमा तयारी बैठकको आयोजना गरी छलफल कार्य सम्पन्न गरियो । छलफलका आधारमा मध्यमकालीन खर्च संरचना तयारी विधि, औजार र दस्तावेजको ढाँचाको प्रस्ताव तयार गरियो । साथै, बैठकबाट आएका सुझाब तथा पृष्ठपोषणका आधारमा मध्यमकालीन खर्च संरचना तयारी कार्ययोजना तर्जुमा र परिमार्जन गरियो ।

**चरण २: लेखाजोखा चरण**

**प्रक्रिया ४: मध्यमकालीन खर्च संरचनाको अवधारणा, ढाँचा, प्रक्रिया, औजार र संस्थागत व्यवस्थाको सम्बन्धमा** सरोकारवालाहरुसँग छद्यफल गरी साझा बुझाई तयार गर्ने उद्धेश्यले एक दिवसीय अभिमुखीकरण कार्यशालाको आयोजना गरियो । सो कार्याशालामा स्थानीय सरकारका निर्वाचित जनप्रतिनिधि, शाखा प्रमुख सहित अन्य सरोकारवालाहरुको सहभागिता रहेको थियो । कार्याशालामा मध्यमकालीन खर्च संरचनाको अवधारणा, विधि तथा प्रक्रिया, औजार, संस्थागत व्वस्था र कार्ययोजना

प्रस्तुत गरी यस सम्न्धमा बुझाइमा एकरुपता कायन गरियो। सोही कार्याशालाबाट मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल गठन तथा कार्य योजनाको स्वीकृति समेत गरियो। यसका साथै स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति, कार्यदल र विषयगत शाखाको जिम्मेवारी तथा भूमिका समेत स्पष्ट गरियो। सो कार्यदलको विवरण अनुसूचीमा प्रस्तुत गरिएको छ।

**प्रक्रिया ५: चालु आवधिक योजना र वार्षिक विकास कार्यक्रमको समीक्षा**

हरेक स्थानीय तहले हरेक आर्थिक वर्षको बैशाख ७ गतेभित्र चालु आबधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट, कार्यक्रमको लक्ष्य र उपलब्धिको आधारमा स्थानीय आर्थिक तथा सामाजिक परिसूचक समावेश भएको आर्थिक सर्वेक्षण तगार गर्नुपर्ने नीतिगत व्यवस्था भएतापनि उक्त कार्य नहुदाँ गाउँपालिकाको विभिन्न विषयगत एवं क्षेत्रगत रुपमा सम्भव भएसम्मको पालिकाको उपलब्धि विवरण संरुकलन गरी तयार गरिएको थियो। यसरी तयार भएको आर्थिक सर्वेक्षणको सट्टामा पालिकाको उपलब्धि विवरणका आधारमा आवधिक योजनाको लक्ष्य, उद्धेश्य र प्राथमिकता तथा वार्षिक विकास कार्यक्रम कार्यान्वयनको अवस्था समेतलाई विश्लेषण गरी समीक्षा प्रतिवेदन तयार पारियो। गाउँपालिकाको विगतमा आवधिक योजना तर्जुमा भई नसकेको हुनाले वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनको आधारमा मात्र समीक्षा प्रतिवेदन तयार गरिएको छ।

**प्रक्रिया ६: विषयगत समिति तथा शाखासँग परामर्श**

गाउँपालिकाको आवधिक योजना तयार नभएको हुनाले वार्षिक नीति, कार्यक्रम र बजेटका साथै शिक्षाक्षेत्रको आवधिक योजनाको आधारमा पिलकाको उपलब्धि समीक्षाका लागि विभिन्न क्षेत्रगत विषयगत समितिहरुसँग लिखित र मौखिक रुपमा परामर्श तथा छलफल कार्य गरियो। मूलतः यस छलफल एवं परामर्शबाट प्रमुख उपलब्धि, चालु आयोजना, सालवसाली आयोजना तथा कार्यक्रम, विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना, सम्भाव्यता अध्ययन र लागत अनुमान विवरण तयार गरियो। सो छलफलबाट विषय क्षेत्रगत योजनाको सूच तयार र हरेक आयोजनाको उपक्षेत्रगत रुपमा स्रोत आवश्यकता निर्धारण गरियो।

**प्रक्रिया ७: त्रि–वर्षीय खर्च प्रक्षेपण सहित बजेटको आकार र स्रोत आकलन**

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले राजस्व परामर्श समितिद्धारा पेश गरिएको प्रतिवेदनलाई मध्यनजर गरी गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा भएको अवस्था नभएकोले गाउँपालिकाको विगत वर्षहरुको वास्तविक आन्तरिक आयको प्रवृत्ति विश्लेषण गरी आन्तरिक आयको प्रक्षेपण गरियो। त्यसै गरी सङ्घ तथा प्रदेशबाट प्राप्त हुने वित्तीय समानीकरण, सशर्त अनुदान तथा राजस्व बाँडफाँडबाट प्राप्त हुने रकमको हकमा प्राप्त बजेट सीमामा आधारित भई स्रोत अनुमान एवम् बजेट प्रक्षेपण गरियो। विशेष अनुदान तथा समपूर्क अनुदानको हकमा प्रस्तावित आयोजनालाई आधार मानिएको छ। नेपाल सरकारबाट

प्राप्त हुने रोयल्टी रकमको प्रक्षेपण गर्दा विगत वर्षहरुमा प्राप्त भएको रोयल्टी रकमलाई आधार मानिएको छ । ऋण सहायता, जनसहभागिता तथा अन्तर स्थानीय तह साझेदारी वापत परिचालन हुन सक्ने स्रोतको हकमा क्रमशः ऋण सम्झौता, विगत वर्षको जनसहभागिताको रकमको प्रवृत्ति र गाउँपालिकाको जनसहभागिता परिचालन नीति एवम् अन्य स्थानीय तहसँग भएको समझदारीका आधारमा प्रक्षेपण गर्नुपर्ने हुनाले सो तथ्यलाई पनि ध्यान दिइएको छ । गत आर्थिक वर्षको यथार्थ स्थिति, चालु आर्थिक वर्षको अनुमान र मध्यमकालीन खर्च संरचना एवम् विषय क्षेत्र उपक्षेत्र खर्चको आवश्यकताको आधारमा कुल खर्च आवश्यकताको आकलन तथा प्रक्षेपण गरिएको छ ।

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना, आन्तरिक तथा बाह्यय वित्तीय साधनको सम्भावना, राजस्व तथा व्ययको प्रक्षेपण र प्राथमिकताको आधारमा आगामी आर्थिक वर्षको आय अनुमान तथा थप दुई आर्थिक वर्षको खर्च तथा स्रोत प्रक्षेपण गरियो ।

**चरण ३: तर्जुमा चरण**

**प्रक्रिया ८: क्षेत्रगत योजना तर्जुमा**

विषयगत समितिका पदाधिकारीहरु तथा शाखाका कर्मचारीहरो सहाभागितामा छलफल तथा बैठक गरी मध्यमकालीन खर्च संरचना तयारीका लागि प्रत्येक उपक्षेत्रका आगामी तीन वर्षका आयोजना तथा कार्यक्रम पहिचान गर्ने, प्राथमिकता निर्धारण गर्ने, अनुमान एकिन गर्ने र आगामी तीन आर्थिक वर्षको लागि स्रोत आवश्यकता निर्धारण गर्ने र प्राथमिकताक्रम, दिगो विकास लक्ष्य, लैङ्गिक तथा जलवायु सङ्केतीकरणका आधारमा कार्यक्रम तथा आयोजना तथा उपक्षेत्रको सांकेतीकरण कार्य गरियो ।

**प्रक्रिया ९: विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक दस्तावेज वा मस्यौदा तयारी**

प्राप्त बजेट सीमा र मार्गदर्शन भित्र रही सम्बन्धित विषयगत शाखाले उपक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदाको विवरण तयार गरियो । यो प्रारम्भिक दस्तावेज तयार गर्दा गत आर्थिक वर्षको यथार्थ स्थिति, चालु वर्षको अनुमान र चालु मध्यमकालीन खर्च संरचनाको आधारमा आगामी आर्थिक वर्ष (बजेट वर्ष) र थप दुई वर्षको बजेट तथा कार्यक्रमको प्रक्षेपण गरियो । यसरी तयार भएको उपक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदालाई कार्यदलले पुनरावलोकन तथा विश्लेषण गरी बजेट सीमा र मार्गदर्शनसँग सामञ्जस्यता भए नभएको एकिन गरी सम्बन्धित विषयगत समितिमा समेत सुझाबका लागि पठाइयो ।

**प्रक्रिया १०: मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी**

मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल र बजेट तथा कार्यक्रम तर्जुमा समितिसँग राय परामर्श गरी निर्धारित ढाँचामा विषयगत मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी गाउँपालिकाको मध्यमकालीन खर्च संरचनाको एकीकृत मस्यौदा दस्तावेन तयार गरियो । स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ (परिमार्जन सहित) को व्यवस्था बमोजिम समष्टिगत मध्यमकालीन वित्तीय खाका, मध्यमकालीन नतिजा खाका र मध्यमकालीन बजेट खाकाको साथै विषयगत क्षेत्रको स्थिति, नतिजा खाका, वित्तीय योजना र कार्यक्रम वा आयोजना सारांश समावेश गरिएको छ ।

**प्रक्रिया ११: मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति तथा छलफल तथा सुझाब संकलन**

उल्लेखित प्रक्रियाबाट तयार भएको मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई प्रस्तुत गरी छलफल एवम् थप सुझाब संकलन गर्ने कार्य सम्पन्न भयो । यसरी सुझाब संकलनका लागि दस्तावेज वितरण  गरी स्वअध्ययन पश्चात उपयुक्त र आवश्यक ठानिएका मूल्यावन सुझाबहरु जननिर्वाचित पदाधिकारी विभिन्न शाखाका प्रमुखहरुबाट प्राप्त गरी सोको आधारमा विस्तृत विवरण तयार गरियो । त्यसैगरी विषय उपक्षेत्रगत कार्यक्रम तथा आयोजनाहरुको प्राथमिकीकरण तथा सांकेतीकरण समेत गरियो ।

**प्रक्रिया १२: मध्यमकालीन खर्च संरचनाको परिमार्जित मस्यौदा तयारी**

गाउँपालिकाको मध्यमकालीन खर्च संरचनाको मस्यौदा उपर प्राप्त पृष्ठपोषण तथा सुझाबहरुलाई समेटी मस्यौदा दस्तावेजलाई आवश्यक परिमार्जनका साथ तयार गरियो । यस चरणमा दस्तावेजमा नपुग तर आवश्यक सूचना तथा तथ्याङकहरु विभिन्न शाखाहरुबाट संकलन गरी यस परिमार्जित संस्करणको प्रति तयार गरियो ।

**प्रक्रिया १३: मध्यमकालीन खर्च संरचनाको स्वीकृति**

उपरोक्त चरण र प्रक्रिया अनुसार तयार भएको मध्यमकालीन खर्च संरचनालाई बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट गाउँ कार्यपालिकामा पेश गरी आवश्यक छलफल र स्वीकृत पश्चात अन्तिम अनुमोदनका लागि गाउँ सभामा पेश गर्ने कार्य गरी कार्यान्वयनका लागि सभाबाट स्वीकृत गरियो ।

## परिच्छेद-तीन

## मध्यमकालीन खर्च संरचना (आ.व. २०८०/०८१-२०८२/०८३)

### २.१ पृष्ठभूमि

नेपालमा दशौं योजना देखि नै मध्यमकालीन खर्च संरचनाको तर्जुमा र कार्यान्वयन गरी प्राथमिकता प्राप्त क्षेत्रमा साधन र स्रोतहरुको विनियोजन गर्ने पद्धत्तिको शुरुवात गरिएको हो । सरकारले योजनाबद्ध विकास समृद्धिका लागि सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ । सार्वजनिक वित्त व्यवस्थापनमा विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासनका पक्ष उत्तिकै प्रभावकारी हुनुपर्दछ ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले सङ्घ, प्रदेश तथा स्थानीय सरकारले प्रत्येक आर्थिक वर्षमा आआफ्नो क्षेत्राधिकार भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गरी आगामी तीन आथिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । ऐनले खर्चको विवरणमा चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्का लागि आवश्यक पर्ने रकम समेत खुलाउनुपर्ने समेत व्यवस्था रहेको छ ।

नेपालको संविधान कार्यान्वयनका क्रममा तीनै तहका निर्वाचन सम्पन्न भए पश्चात् संघ, प्रदेश र स्थानीय तहका सरकारहरू गठन भई क्रियाशील रहेका छन् । संविधानले आत्मसात गरेको समाजवाद उन्मुख राष्ट्र निर्माण एवम् सरकारले घोषणा गरको **"समृद्ध नेपाल र सुखी नेपाली"** को राष्ट्रिय सोच, कर्णाली प्रदेशको दीर्घकालीन सोच **समृद्ध कर्णाली, सुखारी कर्णालीवासी** र शेफोक्सुण्ड गाउँपालिकाले अङगिकार गरेको दूरगामी सोच **"पर्यटन जलश्रोत पशुपालन र जडिबुटी शे–फोक्सुण्डोको आधार, दिर्घकालीन दृष्टिकोण मानव विकास गुणस्तरीय पूर्वाधार गरिबी निवारण र रोजगार"** भन्ने शे–फोक्सुण्डो गाउँपालिकाको दीर्घकालीन सोच तथा गाउँपालिका स्तरीय नीति तथा संरचना निर्माण वर्षका रूपमा आगामी आर्थिक वर्ष रहनेछ । समृद्ध गाउँपालिका निर्माणको यात्रा तीब्र आर्थिक वृद्धि एवम् विकास, कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन र वित्तीय सङ्घीयताको कुशल व्यवस्थापनमा निर्भर रहनेछ । यसै विषयलाई सम्बोधन गर्न आगामी तीन वर्षको स्रोतको प्रक्षेपण, आँकलन, विनियोजन, स्रोतको सुनिश्चितता एवम् समयवद्ध र योजनाबद्ध रूपमा योजना तथा कार्यक्रमको अनुगमन र मूल्याङ्न पद्धति पालना गर्नु उत्तिकै जरुरी रहेको छ । समाजबाद उन्मुख अर्थ व्यवस्था तर्फ परिलक्षित हुने गरी आर्थिक क्रियाकलापहरूलाई अवलम्बन गर्ने सोचलाई मनन गर्दै गाउँपालिकाको नीति तथा कार्यक्रममा उल्लेखित दीर्घकालीन लक्ष्य हासिल गर्न तथा नेपाल सरकार एवम् प्रदेश सरकारको सोच, लक्ष्य तथा प्राथमिकतासँग सामञ्जस्यता हुने गरी आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचना (२०८०/०८१- २०८२/०८३) तर्जुमा गरिएको छ । यो दस्तावेज तयार गर्दा वर्तमान सरकारका घोषणा, प्राथमिकता एवम् नीति तथा कार्यक्रम, प्रदेशको नीति तथा कार्यक्रम, गाउँपालिकाको नीति तथा कार्यक्रम र नेपालको पन्ध्रौं योजना (२०७६/७७-

२०८०/८१) मा उल्लेखित सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता, दिगो विकास लक्ष्य २०३० को मार्गचित्रलाई मुख्य आधार लिइएको छ।

यस दस्तावेजमा गाउँपालिकाले तर्जुमा गरेका कार्यक्रमका साथै साविकमा संघीय तथा प्रादेशिक सरकारबाट कार्यान्वयन भईरहेको तर स्थानीय तहको अधिकार क्षेत्रभित्र रहेको कार्यहरू भित्र रहेका सःशर्त अनुदान अन्तर्गत हस्तान्तरण भई आएका कार्यक्रमहरू समेत समेटिएको छ। नेपालको संविधानले तोकेका निर्देशक सिद्धान्त तथा नितिहरुले निर्दिष्ट गरेका लक्ष्यहरु तथा स्थानीय तहलाई प्राप्त अधिकारको परिधिभित्र रही स्थानीय सरकारले आफ्नो कार्यक्षेत्रभित्र ऐन कानुनहरु तर्जुमा गर्ने निति बनाउने र आयोजनाहरु छनोट गर्ने बजेट तर्जुमा गरी आयोजनाहरुमा रकम विनियोजन गर्ने लगायतका अधिकारहरु प्राप्त भएका छन्। उल्लेखित अधिकारहरुको अधिनमा रही गाउँपालिकाले आफ्नो कार्यक्षेत्रभित्र आवधिक योजना तर्जुमा गर्ने वार्षिक बजेट तयार गर्ने तथा वार्षिक बजेट र आवधिक योजनाको तादात्म्यता मिलाउन मध्यकालिन खर्च संरचना तयार गर्नुपर्ने हुन्छ। प्रदेश र संघका आवधिक योजनाहरुले लिएको लक्ष्यहरुलाई पछयाउँदै तयार गरिएको गाउँपालिकाको आवधिक योजनाका लक्ष्यहरु परिपूर्ति गर्न मध्यमकालीन खर्च संरचना तयार गरिन्छ।

## २.१. चुनौति र अवसर

स्थानीय तहमा जनप्रतिनिधिहरुको उपस्थितिले गाउँपालिकाको विकासको निमित्त आवश्यक पर्ने दिर्घकालीन सोच सहित वार्षिक एवं वहु वर्षीय आयोजनाहरु टोल बस्ती स्तरबाट छनोट गरी कार्यान्वयन गर्ने अवस्था रहेको छ। आन्तरिक आम्दानी बढाउन कर तथा गैर कर राजश्व उठाउने अधिकार स्थानीय तहलाई प्राप्त भएकोले करको दर र दायरा वृद्धि गरी आत्मनिर्भर उन्मुख गाउँपालिका बनाउन सकिने अवसर प्राप्त भएको छ। संघ र प्रदेश सरकारबाट सशर्त, समानीकरण, समपूरक र विशेष अनुदानहरु प्राप्त हुने हुनाले गाउँपालिकाको आम्दानीको क्षेत्र बृहत रहेको छ। तसर्थ, सङ्घीय शासन प्रणाली अनुरुप तीनै तहमा निर्वाचित सरकार क्रियाशिल हुनु, नीति, कानुन, योजना र मापद्धण्ड निर्माण भई कार्यान्वयनमा जानु स्थानीय सरकारका सकारात्मक आधारहरु हुन्। पालिका स्तरमा प्रतिस्पर्धात्मक भावनाको विकास हुनु, तुलनात्मक लाभका क्षेत्रको पहिचान तथा योजना निर्माण, सार्वजनिक सेवा प्रवाहमा सुधार, पूर्वाधार विकास र स्थानीय उत्पादन, रोजगारी र आयआर्जनका लागि सकारात्मक पहल भएका छन्।

उपरोक्त अवसरका बावजुत उत्पादन, रोजगारी र आइमा समन्यायिक वृद्धि, नागरिकको जीवनस्तरमा गुणात्मक सुधार, गरिबी न्यूनीकरण गरी मर्यादित जीवनयापनको वातावरण सिर्जना गर्दै समतामूलक तथा उन्नत समाजको निर्माण गर्न कठिनाई रहेको छ। नागरिकको स्वास्थ्य, शिक्षा, उत्पादन, रोजगारी र आयमा परेको नकारात्मक असरलाई न्यूनीकरण, पुनरुत्थान र उत्थानीलता हासिल गर्दै नागरिकको जीवनलाई थप सुरक्षित र परिकृषकृत बनाउनु थप चुनौतिको रहेको छ। वित्तीय सङ्घीयताको मर्म अनुरुप

स्थानीय तहको जिम्मेवारी पुरा गर्न साधन स्रोतको अनुमान, प्राममिकताका क्षेत्रेमा लगानी, मानव संशाधन र संस्थागत क्षमता अभिवृद्धि गर्न कठिन रहेको छ।

सन् २०२० को सुरुवातसँगै देखिएको कोभिड-१९ ले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अर्थतन्त्रमा पार्ने प्रभावको कारण उत्पादनमूलक क्षेत्रमा परेको असरले राष्ट्रिय आम्दानी घट्ने सम्भावना रहेकोले गाउँपालिकाले प्राप्त गर्ने विभिन्न प्रकारका अनुदानहरु कटौती हुने सम्भावना छ। जसको कारण मध्यमकालीन खर्च संरचनामा अनुमान गरिएको स्रोत नपुग भई आयोजना प्रभावित हुने सम्भावना रहेको छ। प्रत्येक वर्ष वार्षिक बजेट सँगसँगै मध्यमकालीन खर्च संरचना तयार गर्न स्थानीय तहमा संस्थागत र जनशक्तिगत व्यवस्थाको अभावले चुनौति थपिने सम्भावना रहेको छ। यसका साथै रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास, युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु, ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु, सिपयुक्त युवाको सीप तथा पूँजीलाइ उद्यम विकासमा उपयोग गर्नु, निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु, बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारिक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु र सञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु आदि विद्यमान चुनौतिहरु रहेका छन्।

## २.२. दिर्घकालीन सोच, उद्देश्य तथा रणनीति

प्रस्तुत मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा गाउँपालिकाको नीति तथा कार्यक्रमलाई मुख्य आधारका रूपमा लिइएको छ। नीतिमा उल्लेखित विषय क्षेत्रगत सोँच, उद्देश्य तथा रणनीतिलाई यस खर्च संरचनाको विषय क्षेत्रगत सोँच, उद्देश्य तथा रणनीतिका रूपमा उल्लेख गरिएको छ। नीतिमा समावेश नभएका क्षेत्रका सोँच, उद्देश्य तथा रणनीतिलाई नेपालको पन्ध्रौं योजनाबाट साभार गरिएको छ। विगतमा गाउँपालिकाको आधिक योजना तयार नभएको सन्दर्भमा पालिकाको शिक्षा क्षेत्रको आधिक योजना, विषय क्षेत्रगत रणनीतिक तथा चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, कर्णाली प्रदेश सरकारको प्रथम आधिक योजना र मध्यमकालीन खर्च संरचनाले राखेका सोच, उद्धेश्य र रणनीति एवम् प्राथमिकतालाई समेत समावेश गरिएको छ। यस गाउँ विकासका समष्टिगत मध्यमकालीन खर्च संरचनाको सोँच, उद्देश्य तथा रणनीति देहाय बमोजिम रहेको छन्।

### २.२.१ दिर्घकालीन सोच

**"स्थानीय उत्पादन, उद्यमशीलता पर्यटन तथा गुणस्तरीय पूर्वाधारः समृद्ध, समन्यायिक शे-फोक्सुण्डो विकासको मूल आधार"**

### २.२.२ लक्ष्य

ऐतिहासिक पर्यटन प्रवर्द्धन, उत्पादनमुखी गुणस्तरीय शिक्षा, कृषिमा व्यावसायीकरण, स्थानीय स्रोत साधनको उपयोगमा जोड दिदै दिगो विकासको अवधारणा मार्फत समृद्ध तथा समतामूलक समाज निर्माण गर्ने।

### २.२.३ विषय क्षेत्रगत बृहत उद्धेश्यहरु

**(क) आर्थिक विकास**

स्थानीय स्रोत, साधनको समुचित प्रयोग गरी कृषि, उद्योग र व्यापार मार्फत पालिकालाई आत्मनिर्भर बनाउँदै आर्थिक समृद्धिको भरपर्दो आधारशिला तयार गर्ने।

**(ख) सामाजिक विकास**

नागरिकलाई गुणस्तरीय शिक्षा र स्वास्थ्यमा सहज, सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्दै स्थानीय मौलिक भाषा, धर्म तथा संस्कृतिको संरक्षण गरी सभ्य, सक्षम र प्रतिस्पर्धी मानव पूँजीको विकास गर्ने।

**(ग) पूर्वाधार विकास**

सुरक्षित, भरपर्दो र व्यवस्थित सार्वजनिक पूर्वाधारका संरचनाको निर्माण र गुणस्तरीय सूचना तथा सञ्चार प्रविधिको विकास गर्ने।

**(घ) वन, वातावरण तथा विपद् व्यवस्थापन**

प्राकृतिक सम्पदाहरुको यथोचित संरक्षण र उपयोगमा जोड दिदै वन, वातावरण क्षेत्रको दिगो संरक्षण र जलवायु अनुकूलन तथा विपद् व्यवस्थापनमा जोड दिने।

**(ङ) सुशासन तथा संस्थागत विकास**

सरोकारवालाहरुको संस्थागत क्षमता अभिवृद्धि, पारदर्शिता, जवाफदेहिता तथा समावेशी र समन्यायपूर्ण तरिकाले सेवा प्रवाहलाई प्रभावकारी बनाउने।

### २.२.४ प्राथमिकता तथा रणनीतिहरु

यस शे-फोक्सुण्डो गाउँपालिकाको समष्टिगत विकासका लागि वार्षिक नीति तथा कार्यक्रमले निर्दिष्ट गरे अनुसारको देहायको विशेष प्राथमिकता प्राप्त क्षेत्रहरु किटान गरिएको छ। जुन यस प्रकार रहेको छः

१. गुणस्तरीय शिक्षा र स्वास्थ्य
२. पर्यटन प्रवर्द्धन
३. हरित उत्थानशील र दिगो पूर्वाधार विकास
४. वातावरण संरक्षण, सम्वर्द्धन र फोहरमैला व्यवस्थापन
५. समावेशी सन्तुलित र समतामूलक विकास
६. संस्थागत विकास, सुशासन प्रवर्द्धन तथा गुणस्तरीय सेवा प्रवाह
७. स्वरोजगार, उद्यमशीलता तथा वयावसायिक कृषि प्रणालीको प्रवर्द्धन

८. गुणस्तरीयता, जवाफदेहीता र प्रतिस्पर्धी मानवस्रोत विकास

**रणनीतिहरु**

१. स्थानीय तहको शासन संचालन गर्न अत्यावश्यक कानूनहरु तर्जुमा भैसकेको र ती कानूनहरु समयानुसार परिमार्जित गर्दै बाँकी कानूनहरु तर्जुमा गरी कानूनहरु सम्मानती गाउँसभाबाट पारित गराइ आम नागरिकलाइ गाउँ सरकारको उपस्थितिको आभाष सेवा प्रवाहको प्रवन्ध गर्ने ।

२. रचनात्मक तथा सकारात्मक सोचका साथ उन्नति, प्रगति, समृद्धि एवं विकासको दूरदृष्टि तय गरी योजनाबद्ध तरिकाले अगाडि बढ्न गाउँपालिकाको प्रोफाइल, मध्यमकालिन खर्च संरचना र गाउँपालिकाको आवधिक योजनाको अनुसार योजना सञ्चालन गर्ने ।

३. समृद्ध गाउँपालिका निर्माणका लागी सार्वजनिक, निजी र सहकारी क्षेत्रको भूमिकालाई प्रभावकारी बनाईनेछ । गाउँपालिका भित्र १ वडा एक सहकारी तथा महिला सहकारी संस्था गठन गरी आय व्ययका क्रियाकलाप सञ्चालनका लागि प्रोत्साहन गर्ने ।

४. बजेट विनियोजन गर्दा संविधानले निर्दिष्ट गरेको लक्ष्य, आम जनसमुदायको चाहना, अपेक्षा एवं आवश्यकतालाई दृष्टिगत गरी कार्यक्रम तय गर्ने ।

५. पशुपालन व्यवसायलाई गाउँपालिकाको उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गरिनेछ । पशुपालन व्यवसायलाई आर्थिक उत्पादकत्वसँग आवद्ध गरी गुणस्तरीय उत्पादन र बेचबिखन गर्न आवश्यक प्रबन्ध मिलाउने ।

६. विकासका कार्यहरुलाइ परिणाममुखी बनाउन नतिजामा अधारित (Result Oriented) विकास गर्ने परिपाटी अवलम्वन गर्ने ।

७. जडिबटीको उत्पादन तथा बेचबिखनको सम्भाव्यतालाइ हृदयङ्गम गर्दै नर्सरीको स्थापना तथा बजारीकरण गर्न विशेष पहल गर्ने ।

८. गाउँपालिकामा निर्माण हुने भौतिक पूर्वधारहरुलाई गणुस्तर र प्रभावकारी बनाउन प्राविधिक रुपमा पुर्व सम्भाव्यता अध्ययन नीति अवलम्बन गर्दै आएकोमा यसलाई निरन्तरता दिने ।

९. गाउँपालिकामा रहेका प्राकृतिक श्रोत, जडीबटी, लोपोन्मुख वन्यजन्तु लगायतको संरक्षण सम्वर्द्धन उपयोग गर्न आवश्यक योजना तयार गरी सम्बन्धित निकायहरुसँग समन्वय गरी अगाडी बढाउने ।

१०. सामाजिक सुरक्षा कार्यक्रम तर्फ बाल अनुदान, असहाय विधवा महिला, अपाङ्गता, ज्येष्ठ नागरिकहरुको भत्ता वितरण कार्यमा उपयोग गरिएको बैङ्किङ प्रणालीलाई निरन्तरता दिने ।

११. गाउँपालिकालाइ वातावरणमैत्री, बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिक हिंसामुक्त बनाईने नीति अवलम्बन गर्ने ।

१२. गाउँपालिका भित्र संचालित योजना तथा कार्यक्रमहरुको संयक्तु अनुगमन टोली (Joint Monitoring Team) गठन गरी

सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कनलाई अझ प्रभावकारी रुपमा लागू गर्ने ।

१३. सेवाग्राहीहरुको गुनासो तथा उजुरी सुनुवाइका लागी गाउँपालिका तथा अन्तरगतका सम्पुर्ण सरकारी कार्यालयहरुमा उजुरी पेटीकाको व्यवस्था गर्ने ।

१४. पारदर्शिता, जवाफदेहिता, इमान्दारिता, कर्तव्य निष्ठताका साथ सेवा प्रवाहलाइ सुशासनमैत्री, नागरिकमैत्री, भ्रष्टाचार मुक्त बनाइनेछ । साथै गाउँ पालिकाको आन्तरिक नियन्त्र प्रणालीलाइ सक्रियताका साथ कार्यान्वयन गर्ने ।

१५. प्रशासनिक काम कारबाहीलाई सरल, चुस्त, प्रभावकारी बनाउन निर्णय गर्ने तहलाइ घटाइनेछ । लामो र झन्झटिलो निर्णय प्रकृयालाइ घटाउँदै एकद्वार सेवा प्रवाह प्रणाली (One Door System) अपनाउने ।

१६. गाउँपालिकाको दिर्घकालिन विकासको मार्ग चित्र स्पस्ट गर्दै वार्षिक योजना तथा कार्यक्रम सञ्चालन गर्नका लागि गाउँपालिकाको आवधिक योजना (Rural Municipality Periodic Plan) लाई मध्यमकालीन खर्च संरचनासँग तादात्म्यता मिलाउने ।

१७. सरकारी, गैहसरकारी तथा अन्य सामाजिक संघ संस्था संचालन कार्यविधि तयार गरी कार्यक्रममा दोहोरोपना नहुने गरी गाउँ सभा वा गाउँकार्यपालिकाबाट कार्यक्रम स्विकृत गरी सन्चालन गर्ने व्यवस्था मिलाउने ।

१८. यस गाउँपालिका भित्र छरिएर रहेका साना, ठूला व्यवसायी, सहकारी, संघ संस्था, विभिन्न कृषि समूह महिला समहु, आमा समूह, क्लबहरुलाइ सूचीकृत गरी आवश्यक अनुगमन, मूल्याङ्कन तथा सुपरीवेक्षण गर्न आवश्यक व्यवस्था मिलाउने ।

१९. शे–फोक्सुण्डो गाउँपालिका क्षेत्रमा रहेका निरक्षर व्यक्तिहरुको तथ्याङक संकलन गरी निरक्षरता उन्मुलनका लागि साक्षारता कक्षा कार्यक्रम सन्चालन गर्ने ।

२०. गाउँपालिकाका सबै घरपरिवारमा आधारभुत स्तरको खानेपानी तथा सरसफाइ सुविधा उपलब्ध गराउन एक घर एक धाराको नीतिलाई क्रमशः अवलम्वन गर्ने ।

२१. फोक्सुण्डो, साल्दाङ र भिजेरमा क्रमशः उच्च माध्यमिक विद्यालय र माध्यमिक विद्यालय तहको पठनपाठन हुने गरी आवासीय विद्यालय सन्चालनका लागी आवश्यक पहल गरिनेछ साथै स्थानीय भाषाको पाठ्यक्र निर्माण गरी कम्तिमा कक्ष ३ सम्म स्थानीय भाषामा पठनपाठनको व्यवस्था गर्ने ।

२२. ग्रामिण सडक, पर्यटकीय पदमार्ग, सञ्चार पुल लगायतका गुणस्तरीय पूर्वाधारहरु निर्माण गर्ने ।

२३. कृषि र पशुपालनलाई व्यवसायिक र आधुनिकीकरण गर्ने ।

२४. पर्यटकीय गन्तव्य स्थलहरुको पहिचान गरी पर्यटन पूर्वाधार तयार गर्ने ।

२५. समाजमा पछि परेका र आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरुलाई रोजगारी सिर्जना गरी गरिबी न्यूनीकरण गर्ने ।

२६. संविधान प्रदत्त अधिकार तथा कार्य जिम्मेवारीको अधिनमा रही सङ्घ र प्रदेशसँग सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनससहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी सरल, सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्ने ।

### २.२.५ मध्यमकालीन आर्थिक खाका

विगतमा गाउँपालिकाको आवधिक योजना तयार नभएको हुनाले आवधिक शिक्षा विकास योजना र वार्षिक विकास योजनाको आधारमा आगामी ३ वर्षको समष्टिगत आर्थिक खाका तयार गरिएको छ । आर्थिक खाका तयार गर्दा कृषि तथा पशुपालनका क्षेत्रहरुको स्थलगत रुपमा संकलन गरिएको तथ्याङ्कलाई आधार मानी तयार गरिएको छ । भने अन्य तथ्याङ्कहरु आवधिक योजना तथा प्रदेशको पञ्च वर्षीय योजना समेतलाई आधार मानिएको छ । गाउँपालिकामा हाल विस्तृत रुपमा तथ्याङ्क उपलब्ध नभएकोले विद्यमान अवस्था पहिचान गर्न समस्या रहेको तथा कमजोर क्षेत्रमा लगानीको सुनिश्चितता र लगानीको मात्रा पहिचान गर्न वैज्ञानिक आधार तयार नभएको देखिन्छ । तसर्थ, ३ वर्षको समष्टिगत आर्थिक लक्ष्य तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २.१ : मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्य मध्यमकालीन (प्रचलित मूल्यमा)**

| क्र सं | सूचक/लक्ष्य | एकाई | २०७९/८०को अवस्था | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | गाउँपालिकाको कुल वार्षिक उत्पादन | रु.लाखमा | ९०० | ९९०० | ६४५०० | १२५०० |
| १.१ | कृषि क्षेत्रको उत्पादन | रु.लाखमा | ५५०० | ५७०० | ६००० | ७५०० |
| १.२ | गैर कृषि (उद्योग र सेवा) क्षेत्रको उत्पादन | रु.लाखमा | ३५०० | ४२०० | ४५०० | ५००० |
| ३ | औषत पारिवारिक आय | रु.लाखमा | ३ | ५ | ५.५० | ६ |
| ४ | उद्योग, व्यापार र व्यवसाय | सङख्या | १५ | २० | २५ | ३५ |
| ५ | औपचारिक क्षेत्रमा रोजगारी सिर्जना | सङ्ख्या | १०० | १५० | २०० | २५० |
| ६ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ० | ५ | १० | १५ |

### २.२.६ मध्यमकालीन नतिजा खाका

**"समृद्ध नेपाल सुखी नेपाल"** को मुल राष्ट्रिय लक्ष्य तथा "**सम्वृद्ध कर्णाली सुखारी कर्णालीबासी**" को प्रादेशिक लक्ष्य पछयाउन गाउँपालिकाले संघ र प्रदेश सरकारका राष्ट्रिय एवं प्रादेशिक लक्ष्यहरुलाई पछयाउँदै लैजानुपर्ने आवश्यकता हुन्छ । गाउँपालिकाको विभिन्न सूचकहरुको तथ्यांक सूचकहरु प्राप्त नभए पनि ३ वर्षको अवधिमा उक्त तथ्यांकहरु अद्यावधिक भइ लक्ष्य तल उल्लेखित लक्ष्य हासिल गर्न सकिने विश्वास गर्न सकिन्छ । नेपालको पन्ध्रौ योजना, कर्णाली प्रदेशको प्रथम आधिक योजना तथा गाउँपालिकाको वर्तमान विकास योजनाले लिएको समष्टिगत तथा विषयगत अपेक्षित उपलब्धि हासिल गर्न सहयोग पुग्ने गरी आगामी तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका निर्धारण गरिएको छ । सो खाका आर्थिक वर्षहरुको उपलब्धि र चालु आर्गिक वर्ष २०७९/८० को अनुमानित उपलब्धिको आधारमा आगामी आर्थिक वर्ष २०८०/०८१ को लक्ष्य निर्धारण गरिएको छ । नतिजा खाकाको दोस्रो र तेस्रोको लक्ष्य वर्तमान योजना र विगत वर्षहरुको उपलब्धिको आधारमा निर्धारण गरिएको छ । मध्यमकालीन समष्टिगत नतिजा खाका तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २.२ : प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य**

| क्र. सं. | सूचक/लक्ष्य | एकाई | २०७९/८० को अवस्था | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | प्रति व्यक्ति खाद्यान्न उत्पादन (के.जी.) | केजी | १५० | २०० | २५० | २८० |
| २ | आफ्नो आयको दुई तिहाइभन्दा बढी खानामा खर्च गर्ने जनसङख्या | प्रतिशत | १०० | ९८ | ९५ | ९० |

| क्र. सं. | सूचक/लक्ष्य | एकाई | २०७९/८० को अवस्था | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| ३ | आफ्नो उत्पादन र वर्षभरी खान पुग्ने परिवार | प्रतिशत | ० | १ | २ | १ |
| ४ | कूल खेतीयोग्य भूमिमध्ये वर्षैभरी सिंचाइ सुविधमा उपलव्ध जमीन | प्रतिशत | ० | ० | ० | ० |
| ५ | साक्षारता दर | प्रतिशत | ४५ | ६५ | ७५ | ८५ |
| ८ | ECD कुल भर्नादर (GER) | प्रतिशत | ७९.८७ | ८५ | ९० | १०० |
| ९ | ECD खुद भर्नादर (NER) | प्रतिशत | ६३.४७ | ७५ | ८५ | ९५ |
| १० | कुल भर्नादर GER (कक्षा १-५), आधारभूत तह | प्रतिशत | १२०.२९ | ११५ | १०० | १०० |
| ११ | खुदभर्ना NER (कक्षा १-५), आधारभूत तह | प्रतिशत | ९७.०० | ९८ | १०० | १०० |
| १२ | कुल भर्नादर GER (कक्षा ६-८), आधारभूत तह | प्रतिशत | ११४.७९ | ११२ | ११० | १०० |
| १३ | खुदभर्ना NER (कक्षा ६-८), आधारभूत तह | प्रतिशत | ९८.०० | १०० | १०० | १०० |
| १४ | आधारभूत तह (१–८) कुल भर्ना दर | प्रतिशत | ११७.५४ | ११५ | ११२ | १०० |
| १५ | आधारभूत तह (१–८) खुद भर्ना दर | प्रतिशत | ९७.५० | ९९ | १०० | १०० |
| १६ | माध्यमिक तह (कक्षा ९–१०) कुल भर्ना दर | प्रतिशत | ७१.३५ | ७५ | ८५ | १०० |
| १७ | माध्यमिक तह (कक्षा ९–१०) खुद भर्ना दर | प्रतिशत | ७१.०१ | ८५ | ९० | ९५ |
| १९ | संस्थागत सुत्केरी गराउने गर्भवती महिला | प्रतिशत | ० | ५ | १० | २० |
| २० | ५ वर्षमुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्म) | जना | | | | |
| २१ | कुपोषण दर | सङ्ख्या | | | | |
| | बर्थिङ सेन्टर | संख्या | १ | २ | २ | ३ |
| | SBA तालिम प्राप्त स्वास्थ्यकर्मी संख्या | संख्या | १ | ५ | ७ | ७ |
| २२ | आधारभूत खानेपानी सुविधा पुगेका घरपरिवार | प्रतिशत | ५७ | ७० | ८५ | ९५ |
| २३ | जीवनमा शारीरिक तथा यौन हिंसा भोगेका महिला | प्रतिशत | ० | ० | ० | ० |
| २४ | विषयगत समितिमा महिला प्रतिनिधित्व | प्रतिशत | ० | २ | १५ | २५ |
| २५ | भवन संहिता अनुसार निर्माण भएका आवास घर | प्रतिशत | ० | ५ | २५ | ३० |
| २६ | सुरक्षित आवासमा बसोबास गर्ने जनसङ्ख्या | प्रतिशत | ० | १५ | २० | ३० |
| २७ | स्वच्छ उर्जामा पहुँच प्राप्त घरपरिवार | प्रतिशत | ९५ | १०० | १०० | १०० |
| २८ | इन्टरनेट र इमेल लगायत सूचना प्रविधिमा पहुँच भएका बस्ती | संख्या | ३ | १५ | २० | २४ |
| २९ | वन क्षेत्र | प्रतिशत | ५.६९ | ८ | १० | १२ |
| ३० | गाउँपालिकाको नीति, कानुन, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | ० | १५ | ३५ | ५५ |
| ३१ | कूल बजेटमा आन्तरिक स्रोतको हिस्सा | प्रतिशत | ०.००४ | ०.००४ | ०.०० | ०.००४ |
| ३२ | कम्प्युटरमा अभिलेख राख्ने र विद्युतीय माध्यमबाट रिपोर्टिङ गर्ने वडाहरु | सङ्ख्या | ० | ९ | ९ | ९ |
| ३३ | नीति, कानुन, कार्यविधि र मापदण्ड पालना | प्रतिशत | ५० | ६५ | ७५ | ९० |
| ३४ | निर्धारित ढाँचामा त्रैमासिक रुपमा प्रगति तथा खर्चको विवरण पेश गर्ने वडा र शाखा वा एकाइ | प्रतिशत | ६० | १०० | १०० | १०० |

स्रोतः डोल्पा जिल्लाको शिक्षा पार्श्वचित्र २०७८, राष्ट्रिय तथ्याङ विभाग र स्थलगत अध्ययन

**प्रमुख नतिजा तथा सूचकहरु**

| क्र.सं. | सूचक\लक्ष्य | एकाई | ०७९/०८०को अवस्था | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०\०८१ | २०८१\०८२ | २०८२\०८३ |
| १ | आर्थिक वृद्धिदर | % | | | | |
| २ | गरिविको रेखामुनि रहेको संख्या | % | | | | |
| ३ | बहु-आयामिक गरिविको सूचकहरु | % | | | | |
| ४ | १५-२४ वर्ष उमेर समूहको साक्षरता दर | % | | | | |
| ५ | मानव विकास सूचाकाङ्क | % | | | | |
| ६ | लैंगिक सशक्तिकरण | % | | | | |
| ७ | प्रति व्यक्ति आय | % | | | | |

स्रोतः कुनै पनि सूचकहरुको तथ्याङक प्राप्त नभएको ।

### २.२.७ प्रमुख विषय क्षेत्रगत सूचकहरु

कोरोना भाईरसको प्रभाव राष्ट्रिय रुपमा न्यूनीकरण भई देश सामान्य अवस्थामा फर्किएमा त्यसको सकारात्मक प्रभाव गाउँपालिकामा समेत पर्न जानेछ । गाउँपालिकाले ३ वर्षको अवधिमा कृषि, पशुपालन, उद्योगहरुको स्थापना लगायतका कार्यहरुमा प्रगति हासिल गर्न सके उल्लेखित लक्ष्यहरु हासिल गर्न सकिन्छ ।

**प्रमुख विषय क्षेत्रगत सूचक तथा लक्ष्यहरु**

| क्र.सं | सूचक\लक्ष्य | एकाई | ०७९/०८० | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०\०८१ | २०८१\०८२ | २०८२\०८३ |
| **क.** | **आर्थिक विकास** | | | | | |
| १ | खाद्यान्न बाली उत्पादन | क्विन्टल | | | | |
| २ | व्यवसायिक पशुपालन | संख्या | | | | |
| ३ | व्यवसायिक कृषि फर्म | संख्या | | | | |
| ४ | रोजगारी सिर्जना | संख्या | | | | |
| ५ | उद्योग स्थापना | संख्या | | | | |
| ६ | पर्यटन गन्तव्यहरुको निर्माण | संख्या | | | | |
| ७ | पर्यटन संख्या | संख्या | | | | |
| ८ | होमस्टेको संख्या | संख्या | | | | |
| ९ | सहकारीको संस्थागत विकास | संख्या | ५ | ७ | ८ | ९ |
| | उद्यम विकास कार्यक्रम, बजेट | लाख | ३२०० | ३५०० | ३७०० | ४००० |
| **ख.** | **सामाजिक विकास** | | | | | |
| १० | खूद भर्ना दर | | | | | |
| अ. | आधारभुत तह (कक्षा १-५) | प्रतिशत | ९७.०० | ९८ | १०० | १०० |
| आ. | आधारभुत तह (कक्षा ६-८) | प्रतिशत | ९८.०० | १०० | १०० | १०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| इ. | माध्यामिक तह (कक्षा ९-१०) | प्रतिशत | ७१.०१ | ८५ | ९० | ९५ |
| १२ | साक्षरता प्रतिशत | प्रतिशत | ४५ | ६५ | ७५ | ८५ |
| १४ | विद्यालय मर्ज र व्यवस्थापन | वटा | ० | ० | ० | ० |
| १५ | मातृमृत्यु संख्या | वटा | | | | |
| १६ | ५ वर्ष मुनिका बालमृत्यु संख्या | वटा | | | | |
| १७ | कडा कुपोषण/जोखिम अवस्थाम भएका बच्चाको संख्या | वटा | ० | ० | ० | ० |
| १८ | संस्थागत प्रसुति दर | वटा | ० | ५ | ७ | १० |
| १९ | स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचारीहरुको क्षमता विकास र व्यवस्थापन | प्रतिशत | १ | १ | १ | १ |
| २१ | सफा खानेपानी प्राप्त गर्नेको प्रतिशत | प्रतिशत | ५७ | ७० | ८५ | ९५ |
| २२ | पुर्ण सरसफाईयुक्त गाउँपालिका | संख्या | ० | १ | १ | १ |
| | लैंगिक मैत्री बजेट | प्रतिशत | | | | |
| | लक्षित वर्गको कार्यक्रम | प्रतिशत | ०.२ | ५ | १० | १५ |
| **ग.** | **पूर्वाधार विकास** | | | | | |
| २३ | नयाँ सडक निर्माण (कि.मि.) | (कि.मि.) | ११ | २० | ३० | ३५ |
| २४ | सडकको स्तरोन्नती (कि.मि.) | (कि.मि.) | ० | २ | ३ | १५ |
| २५ | झोलुङ्गेपुल निर्माण | संख्या | ३ | ५ | ७ | १० |
| २६ | पक्की पुल निर्माण | संख्या | ० | ० | ० | ० |
| २७ | सिंचाई (क्षेत्रफल) | प्रतिशत | | | | |
| २८ | गाउँपालिकाको प्रशासनिक भवन निर्माण | कामको % | १० | ७५ | १०० | १०० |
| २९ | वडा कार्यालय भवन निर्माण | संख्या | २ | ५ | ७ | ९ |
| ३० | अस्पताल निर्माण | कामको % | ० | ० | ० | ० |
| ३१ | स्वास्थ्य चौकी भवन निर्माण | संख्या | ३ | ३ | ३ | ३ |
| ३२ | जनता आवास अन्तर्गत निजी घर निर्माण | संख्या | ० | ० | ० | ० |
| ३३ | नक्सापास गरी निजी घरहरु निर्माण | संख्या | ० | ५ | २५ | ३० |
| ३४ | जलविद्युत उत्पादन | कि.बा. | २५ | २५ | ८० | ८० |
| ३५ | ईन्टरनेटको पहुँच पुगेको बस्ती | संख्या | ३ | १५ | २० | २४ |
| ३६ | पर्यटन पदमार्ग निर्माण | संख्या | ५ | ७ | १० | १३ |
| **घ.** | **वन, वातावरण तथा विपद् व्यवस्थापन** | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३९ | मुल संरक्षण | वटा | ० | ३ | ५ | ७ |
| ४० | पोखरी निर्माण | वटा | ० | ५ | १० | १२ |
| ४१ | नदी कटान रोकथाम | वटा | २ | ५ | ७ | ९ |
| ४२ | विपद् व्यवस्थापन कोष रकम | रु लाख | २० | २५ | ३० | ३५ |
| ४३ | विपद् व्यवस्थापन उपकरण तथा पुर्वाधार निर्माण | प्रतिशत | ० | १ | १ | १ |
| **ङ.** | **सुशासन तथा संस्थागत विकास** | | | | | |
| ४४ | जनशक्तिको परिपूर्ति | प्रतिशत | ९० | ९५ | १०० | १०० |
| ४५ | ऐन, नियमावली, कार्यविधि निर्देशिका र कानुनहरुको तर्जुमा | वटा | ४३ | ४७ | ५० | ५५ |
| ४६ | आन्तरिक आम्दानी | रु लाख | १५०० | १५०० | १५०० | १५०० |
| ४७ | बेरुजू फछ्र्यौट | रु लाख | | | | |
| ४८ | अनलाईन सेवा प्रवाह गर्ने वडा संख्या | संख्या | ० | ३ | ४ | ९ |

### २.२.८ मध्यमकालीन बजेट खाका

गाउँपालिकाको त्रिवर्षीय बजेट खाका तर्जुमा गर्दा योजनाको सोच, लक्ष्य, उद्धेश्य, रणनीति र प्राथमिकता सहित वार्षिक नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको मार्गचित्र क्रमागत तथा विस्तृत अध्ययन भएका आयोजना तथा कार्यक्रम स्थानीय प्राथमिकता, विनियोजन कुशलता, अनुमान योग्यता र वित्तीय सुशासनलाई मुख्य आधार लिइएको छ। गाउँपालिकाको प्रथम प्रयासको रुपमा तयार भएको यस मध्यमकालीन खर्च संरचनामा वित्तीय सङ्घीयताको कार्यान्वयन, स्थानीय आर्थिक स्थायित्व र रोगजारी, तीव्र सामाजिक तथा आर्थिक विकास र सन्तुलित विकासका लागि विकास आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ। माथि उल्लेखित समष्टिगत नतिजा खाका तथा विषय क्षेत्रगत नतिजा प्राप्त हुने खर्च तथा स्रोतको अनुमान गरिएको छ। यसका साथै महामारी र विपद्ले सिर्जना गरेका विकासका अवसरको उपयोग गर्ने विकास कार्यक्रमको तर्जुमालाई प्राथमिकता दिइएको छ।

चालु तथा विस्तृत अध्ययन भएका, तुलनात्मक लाभका आयोजना तथा कार्यक्रमका लागि आश्यक रकम सुनिश्चित हुनेगरी बजेट सीमा निर्धारण गरी सोको आधारमा बजेट खाका तर्जुमा गरिएको छ। क्रमागत कार्यक्रम, आयोजना कार्यान्वयनको अवस्था र आगामी कार्यान्वयन योजनाको आधारमा खर्च गर्न सक्ने क्षमता तथा स्रोतको आवश्यकता एवम् उपलब्धतालाई मध्यनजर गरिएको छ। मध्यमकालीन स्रोत अनुमान गर्दा आन्तरिक आय तथा राजस्व परिचालनको विगतको प्रवृत्ति, कोभिड महामारी र अन्य विपदबाट स्रोत परिचालनमा परेको चाप र आगामी वर्षहरुमा पर्न सक्ने असर तथा प्रभाव, स्रोतको आश्यकता लगायतका

पक्षहरुलाई ध्यान दिइएको छ । त्रिवर्षीय खर्चको अनुमान र स्रोतको बाँडफाँड सहितको विषयगत शाखा, उपशाखा र एकाइलाई प्रदान गरिएको बजेट सीमा तथा मार्गदर्शन समेतलाई उपयोग गरिएको छ ।

आर्थिक वर्ष २०७९/८० को बजेट राजस्व तथा विनियोजनका आधारमा खर्च संरचनाको पहिलो वर्षको राजस्व तथा खर्च आँकलन गरिएको छ । दोस्रो र तेस्रो वर्षको प्रक्षेपण गर्दा गाउँपालिकाको बृहत योजनामा उल्लेख गरेको आवधिक लक्ष्य, घोषित कार्यक्रम र सो अनुसार संचालन हुने कार्य्करम तथा हासिल गर्ने नतिजालाई प्रमुख आधार मानिएको छ । आन्तरिक स्रोत, राजस्व बाँडफाँड, उपलब्ध हुने स्रोत र आवश्यकता समेतका आधारमा अन्य कार्यक्रम तथा साधारण प्रशासनका लागि खर्च अनुमान गरिएको छ । नेपाल सरकार र प्रदेश सरकारबाट राजस्व वाँडफाँडबाट प्राप्त हुने रकम र आन्तरिक स्रोत समेतका आधारमा गाउँपालिकालाई प्राप्त हुने राजस्व प्रक्षेपण गरिएको छ । नेपाल सरकार र प्रदेश सरकारबाट हस्तान्तरण हुने वित्तीय समानीकरण, सशर्त अनुदान, समपुरक र विशेष अनुदान रकम नेपाल सरकार र प्रदेश सरकारको मध्यमकालीन खर्च संरचनामा उल्लेखित रकम तथा सोको प्रक्षेपणको आधारमा आँकलन तथा अनुमान गरिएको छ ।

उल्लेखित आधारलाई विश्लेषण गर्दा आगामी तीन वर्षको अवधिमा कुल बजेट १ अर्व १३ करोड ५३ लाख २३ हजार (प्रचलित मूल्यमा) रहने प्रक्षेपण गरिएको छ । त्यसैगरी स्रोत परिचालन तर्फ आन्तरिक आयमा रु ४९ लाख ५० हजार, राजस्व बाँडफाँडबाट रु १९ करोड ६७ लाख ५० हजार, नेपाल सरकार वित्तीय हस्तान्तरणबाट रु ७५ करोड ७८ लाख ८६ हजार र प्रदेश सरकार वित्तीय हस्तान्तरणबाट रु  १२ करोड ४६ लाख २८ हजार व्यहोरिने प्रक्षेपण गरिएको छ । यस सम्बन्धी विवरण तलको तालिमा उल्लेख गरिएको छ ।

**तालिका २.३ त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रु. हजारमा)**

| शे–फोक्सुण्डो गाउँपालिका | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| आगामी तीन आथिक वर्षको राजस्व प्रक्षेपण (रकम रु.हजारमा) | | | | | | | | | |
| क्र.सं | बजेटका स्रोतहरु | २०७६/७७ को यथार्थ | २०७७/७८ को यथार्थ | २०७८/७९ को यथार्थ | २०७९/८० को संशोधित अनुमान | आय, अनुमान र प्रक्षेपण | | | ३ आ.ब.को जम्मा |
| | | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | |
| **क.** | **आय** | **१६९९४८** | **२००९८२** | **३१०७४५** | **३०५७२६** | **३४२९५०** | **३९१६८०** | **४००६९३** | **११३५३२३** |
| **१** | **आन्तरिक आय** | **०** | **०** | **०** | **१५००** | **१५००** | **१७००** | **१७५०** | **४९५०** |
| २ | **राजस्व बाँडफाँडबाट प्राप्त आय** | **२४८९६** | **२९९९८** | **३५२९४** | **५७५१९** | **५७५१९** | **६३२८७** | **७५९४४** | **१९६७५०** |
| २.१ | सङ्घीय सरकार (भ्याट र अन्तः शुल्क) | २४८९६ | २९९९८ | ३५२०२ | ५७३५८ | ५७३५८ | ६३०९४ | ७५७१३ | १९६१६४ |
| २.२ | प्रदेश सरकार (सवारी कर, घरजग्गा रजिष्ट्रशन, मनोरञ्जन कर आदि) | ० | ० | ९२ | १६१ | १६१ | १९३ | २३२ | ५८६ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | **रोयल्टी बाँडफाँडबाट प्राप्त राजस्व** | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३.१ | वन रोयल्टी | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३.२ | खानी तथा खनिज रोयल्टी | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३.३ | पर्वतारोहण रोयल्टी | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३.४ | विद्युत रोयल्टी | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३.५ | पानी तथा अन्य प्राकृतिक स्रोत | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | **संङ्घीय सरकार वित्तीय हस्तान्तरण** | **१२२९९६** | **१४४२४१** | **१७९९०२** | **१९२९०२** | **२२६९००** | **२७०१६६** | **२६०८२०** | **७५७८८६** |
| ४.१ | वितीय समानीकरण अनुदान | ६१७२० | ४९६९८ | ६३८७८ | ७२००० | ७२००० | ७९२०० | ८८७०४ | २३९९०४ |
| ४.२ | सशर्त अनुदान | ५९२५२ | ८३४६९ | ९४९०४ | ६४९०२ | ९८९०० | ११३७३५ | १२५१०९ | ३३७७४४ |
| ४.३ | समपुरक अनुदान | ० | २४०० | ११६७१ | ३६००० | ३६००० | ३९६०० | ४३५६० | ११९१६० |
| ४.४ | विशेष अनुदान | २०२४ | ८६७४ | ९४४९ | २०००० | २०००० | ३७६३१ | ३४४७ | ६१०७८ |
| ५ | **प्रदेश सरकार वित्तीय हस्तान्तरण** | **७४६५** | **१५७५८** | **२६६१०** | **४१५९०** | **४१५९०** | **३९५४२** | **४३४९६** | **१२४६२८** |
| ५.१ | वितीय समानीकरण अनुदान | १०२४ | १७३ | ३४७९ | ४२०४ | ४२०४ | ४६२४ | ५०८७ | १३९१५ |
| ५.२ | सशर्त अनुदान | ३३६९ | ५००० | १५२०१ | २१८६० | २१८६० | २४०४६ | २६४५१ | ७२३५७ |
| ५.३ | समपुरक अनुदान | २३९७ | ३९०६ | ४९९२ | ९८८३ | ९८८३ | १०८७१ | ११९५८ | २२८३० |
| ५.६ | विशेष अनुदान | ६७५ | ६६७९ | २९३८ | ५६४३ | ५६४३ | ० | ० | ५६४३ |
| ६ | **अन्य अनुदान** | **३७५१** | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | **अन्तर स्थानीय तह साझेदारी रकम** | | ० | ० | ० | ० | ० | ० | ० |
| ८ | **जनसहभागिता** | | ० | ० | ० | ० | ० | ० | ० |
| ९ | **आन्तरिक ऋण** | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १० | **मौज्दात रकम** | **१०८४०** | **१०९८५** | **६८९३९** | **१२२१५** | **१५४४१** | **१६९८५** | **१८६८४** | **५१११०** |
| **ख.** | **जम्मा खर्च** | **१६९९५३** | **२००९८५** | **३१०७४९** | **३०५७२६** | **३४२९५०** | **३९१६८०** | **४००६९३** | **११३५३२३** |
| १ | चालु खर्च | ११३७६७ | ९७७४४ | १४७१८२ | १३५८९५ | १५२४७४ | १७१०७६ | १९१९४७ | ५१५४९७ |
| २ | पुँजीगत खर्च | ५६१८६ | १०३२४१ | १६३५६७ | १६९८३१ | १९०४७६ | २२०६०४ | २०८७४६ | ६१९८२६ |
| ३ | वितीय व्यवस्था (सावा भुक्तानी र शेयर लगानी) | ० | ० | ० | ० | ० | ० | ० | ० |
| **ग.** | **बचत (–) न्यून (+)** | | **२२३६६०** | **१९२६८२** | **-१९१०५९.३** | | | | ० |

**आय संरचनाको सारांश विवरण**

| क्र. सं | बजेटका स्रोतहरु | २०७६/७७ को यथार्थ | २०७७/७८ को यथार्थ | २०७८/७९ को यथार्थ | २०७९/८० को संशोधित | प्रक्षेपण | | | ३ आ. व. को प्रक्षेपण जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | |
| १ | आन्तरिक स्रोत | ३५७३६ | ४०९८३ | १०४२३३ | ७१२३४ | ७४४६० | ८१९७२ | ९६३७८ | २५२८१० |
| २ | नेपाल सरकारको स्रोत | १२६७४७ | १४४२४१ | १७९९०२ | १९२९०२ | २२६९०० | २७०१६६ | २६०८२० | ७५७८८६ |
| ३ | प्रदेश सरकारबाट प्राप्त स्रोत | ७४६५ | १५७५८ | २६६१० | ४१५९० | ४१५९० | ३९५४२ | ४३४९६ | १२४६२८ |
| ४ | ऋण तथा अन्य स्रोत | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | **जम्मा** | **१६९९४८** | **२००९८२** | **३१०७४५** | **३०५७२६** | **३४२९५०** | **३९१६८०** | **४००६९३** | **११३५३२३** |

### २.२.९ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँड

आगामी ३ वर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहायबमोजिम रहेको छ।

**क. रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षपण**

**तालिका २.४ रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको अनुमान र प्रक्षेपण ( रु. हजारमा)**

| रणनीतिक स्तम्भ | आयोजना संख्या | २०८०/८१ को अनुमान | | २०८१/८२ को प्रस्तावित | | २०८२/८३ को प्रस्तावित | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| आर्थिक विकास | १९ | ४३३८३ | १२.६५ | ४९५४७ | १२.६५ | ५०६८८ | १२.६५ |
| सामाजिक विकास | १३ | १४३९७१ | ४१.९८ | १६४२२४ | ४१.९८ | १६८१७४ | ४१.९८ |
| भौतिक पूर्वाधार विकास | ९ | ९७३९८ | २८.४० | १११२३७ | २८.४० | ११३७९७ | २८.४० |
| वन, वातावरण तथा विपद् व्यवस्थापन | ६ | ५४८७ | १.६० | ७०५४ | १.६० | ७२१६ | १.६० |
| संस्थागत विकास तथा सेवा प्रवाह | ४ | ५२७११ | १५.३७ | ६०२०१ | १५.३७ | ६१५८६ | १५.३७ |
| **जम्मा** | **५१** | **३४२९५०** | **१००** | **३९२२६३** | **१००** | **४०१४६१** | **१००** |

**ख. प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण**

कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रम बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तलको तालिमा उल्लेख गरिएको छ।

**तालिका २.५ प्राथमिकताक्रमको आधारमा आगामी तीन वर्षको अनुमान र प्रक्षेपण (रु. हजारमा)**

| प्राथमिकताक्रम | आयोजना/ कार्यक्रम संख्या | २०८०/८१ को अनुमान | | २०८१/८२ को प्रस्तावित | | २०८२/८३ को प्रस्तावित | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| प्राथमिकता पहिलो (P1) | २१ | १३३२०७ | ३८.८ | १५२४२३ | ३८.९ | १०८६३५ | २७.१ |
| प्राथमिकता दोस्रो (P2) | ३० | २०९७४३ | ६१.२ | २३९८४२ | ६१.१ | २९२८२४ | ७२.९ |
| **जम्मा** | | **३४२९५०** | **१००** | **३९२२६५** | **१००** | **४०१४५९** | **१००** |

**ग. दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण**

दिगो विकास लक्ष्य बमोजिम आगामी तीन आर्थिक वर्षको व्यय अनुमान तथा प्रक्षेपण तलको तालिमा प्रस्तुत गरिएको छ।

**तालिका २.६ दिगो विकास लक्ष्यको आधारमा आगामी तीन वर्षको अनुमान र (प्रक्षेपण रु. हजारमा)**

| सङकेत नम्बर | दिगो विकास लक्ष्य | आयोजना/ कार्यक्रम संख्या | २०८०/८१ को अनुमान | | २०८१/८२ को प्रस्तावित | | २०८२/८३ को प्रस्तावित | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | ८ | ५९८३९ | १७.४५ | ८१६५९ | २१ | ९२२५८ | २३ |
| २ | शून्य भोकमरी | १० | ३१३५० | ९.१४ | ३५८३९ | ९ | ३६६६३ | ९ |

| सङ्केत नम्बर | दिगो विकास लक्ष्य | आयोजना/ कार्यक्रम संख्या | २०८०/८१ को अनुमान | | २०८१/८२ को प्रस्तावित | | २०८२/८३ को प्रस्तावित | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| ३ | स्वस्थ जीवन | ५ | ९६०१ | २.८० | १०९४५ | ३ | १२५२८ | ३ |
| ४ | गुणस्तरीय शिक्षा | ७ | २२४५० | ६.५५ | २५६१२ | ७ | २९९२३ | ८ |
| ५ | लैङ्गिक समानता | ० | ० | ०.०० | ० | ० | ० | ० |
| ६ | स्वच्छ पानी र सरसफाइ | ७ | ७१९८० | २०.९९ | ७९५२७ | २० | ६८४६२ | १७ |
| ७ | आधुनिक उर्जामा पहँच | २ | १५७०० | ४.५८ | १७९२९ | ५ | १८२८८ | ५ |
| ८ | समावेशी आर्थिक वृद्धि, मर्यादित काम | ० | ० | ०.०० | ० | ० | ० | ० |
| ९ | उद्योग नविन खोज र पूर्वाधार | २ | ३२७०० | ९.५३ | ३७३४३ | १० | ३८१३० | १० |
| १० | असमानता न्यूनीकरण | ० | ० | ०.०० | ० | ० | ० | ० |
| ११ | दिगो शहर र बस्ती | ३ | ४४९०० | १३.०९ | ५१२७६ | १३ | ४५७३६ | १२ |
| १२ | दिगो उपभोग र उत्पादन | ० | ० | ०.०० | ० | ० | ० | ० |
| १३ | जलवायु परिवर्तन अनुकूलन | २ | ३६३७ | १.०६ | ४५४६ | १ | ४६११ | १ |
| १४ | सामुद्रिक स्रोतको उपयोग | ० | ० | ०.०० | ० | ० | ० | ० |
| १५ | भूसतह स्रोतको उपयोग | १ | ५०० | ०.१५ | ५७० | ० | ५७१ | ० |
| १६ | शान्ति न्याय र सबल संस्था | ३ | ४८००९ | १४.०० | ३७६८० | १० | ३८१५३ | १० |
| १७ | दिगो विकासको लागि साझेदारी | १ | २२८४ | ०.६७ | ९३४९ | २ | ९५६९ | २ |
| | **कुल जम्मा** | **५१** | **३४२९५०** | **१००** | **३९२२६५** | **१००** | **४०१४५९** | **१००** |

**घ. लैङ्गीक सङ्केतको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण**

लैङ्गिक संकेत बमोजिम तीन आथिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तल तालिमा प्रस्तुत गरिएको छ।

**तालिका २.७ लैङ्गिक उत्तरदायी बजेटको आधारमा तीन वर्षको अनुमान र प्रक्षेपण (रु. हजारमा)**

| लैङ्गिक सङ्केत | आयोजना/ कार्यक्रम संख्या | २०८०/८१ को अनुमान | | २०८१/८२ को प्रस्तावित | | २०८२/८३ को प्रस्तावित | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| निर्दिष्ट | ६ | ९७१८ | २.८ | १४०८२ | ३.६ | १७२५४ | ४.३ |
| सहयोगी | ३१ | २६८१०१ | ७८.२ | ३०३८२८ | ७७.५ | ३०३९९५ | ७५.७ |
| तटस्थ | १४ | ६५१३१ | १९.० | ७४३५४ | १९.० | ८०२११ | २०.० |
| **जम्मा** | **५१** | **३४२९५०** | **१००.०** | **३९२२६४** | **१००.०** | **४०१४६०** | **१००.०** |

**ङ. जलवायु सङ्केतको बजेटको आधारमा तीन आर्षिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)**

जलवायु संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तल तालिमा दिइएको छ।

**तालिका २.८ जलवायु सङ्केतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट तथा प्रक्षेपण (रु. हजारमा)**

### २.२.१० विषय क्षेत्रगत बाँडफाँट

| जलवायु परिवर्तन सङ्केत | आयोजना/कार्यक्रम सङ्ख्या | २०८०/८१ को अनुमान | | २०८१/८२ को प्रस्तावित | | २०८२/८३ को प्रस्तावित | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| अत्यन्त सान्दर्भिक | ८ | १२७८३ | ४ | १८९५८.०० | ४.८३ | ५४५५३.०० | १४ |
| सान्दर्भिक | १७ | १२५६१८ | ३७ | १५०१५१.०० | ३८.२८ | १०८८७३.०० | २७ |
| तटस्थ | २६ | २०४५४९ | ६० | २२३१५६.०० | ५६.८९ | २३८०३३.०० | ५९ |
| **जम्मा** | **५१** | **३४२९५०** | **१००** | **३९२२६५** | **१००.००** | **४०१४५९** | **१००** |

विषय उपक्षेत्रगत रफमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तल तालिका मा दिइएको छ। यसरी बजेटको स्रोत अनुमान गर्दा गाउँपालिकाले देहायका आधार अपनाईएको छ।

१. आर्थिक वर्ष ०७९/०८०को विनियोजित बजेट तथा सो आ.व. मा राजश्व तथा खर्चको आंकलन गरिएको छ। दोस्रो र तेस्रो वर्षको प्रक्षेपण गर्दा गाउँपालिकाको आवधिक योजनाको लक्ष्य, घोषित कार्यक्रम र सो अनुसार संचालन हुने कार्यक्रम तथा हासिल गर्ने नतिजालाई प्रमुख आधार मानिएको छ।

२. संघीय सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँड, समानीकरण अनुदान, विशेष अनुदान, सशर्त अनुदान,

३. समपूरक अनुदान तथा प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँड, समानीकरण अनुदान, विशेष अनुदान,

४. सशर्त अनुदान, समपूरक अनुदानको अनुमान गरिएको छ।

५. त्यसैगरी रोयल्टीबाट गाउँपालिकालाई प्राप्त हुने राजस्वलाई समेत आधार बनाईएको छ।

**तालिका २.८ आगामी तीन आर्थिक वर्षको विषय क्षेत्र एवं उपक्षेत्रगत खर्चको बाँडफाँटको प्रक्षेपण (रकम रु. हजारमा)**

| उपक्षेत्र | २०८०/८१ को अनुमान | | | २०८१/८२ को प्रस्तावित | | | २०८२/८३ को प्रस्तावित | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | कूल | चालु | पूँजीगत | कूल | चालु | पूँजीगत |
| **आर्थिक विकास** | **४३३८३** | **१९२८८** | **२४०९५** | **४९५४७** | **२९७६५** | **१९७८२** | **५०६८८** | **३०४५०** | **२०२३७** |
| कृषि तथा खाद्य सुरक्षा | १८४०० | ९१०० | ९३०० | २१०१४ | १३६५९ | ७३५५ | २१४९८ | १३९७४ | ७५२४ |
| सिंचाइ | ८५२ | ० | ८५२ | ९७३ | ७७८ | १९५ | ९९५ | ७९६ | १९९ |
| पशुपंक्षी सेवा | ११०७० | ५५७० | ५५०० | १२६४३ | ८८५० | ३७९३ | १२९३४ | ९०५४ | ३८८० |
| उद्योग र व्यापार | २०४७ | १०५० | ९९७ | २३३८ | ४६८ | १८७० | २३९२ | ४७८ | १९१३ |
| पर्यटन तथा संस्कृति | ६१७५ | १६७५ | ४५०० | ७०५२ | ३५२६ | ३५२६ | ७२१५ | ३६०७ | ३६०७ |
| भूमि सरहकारी र वित्त सेवा | ३३९३ | ८९३ | २५०० | ३८७५ | ११६३ | २७१३ | ३९६४ | ११८९ | २७७५ |
| श्रम र रोजगारी, गरिबी निवारण | १४४६ | १००० | ४४६ | १६५१ | १३२१ | ३३० | १६८९ | १३५२ | ३३८ |
| **सामाजिक विकास** | **१४३९७१** | **६४००९** | **७९९६२** | **१६४२२४** | **१२२६८४** | **४१५४०** | **१६८१७४** | **१२५६५३** | **४२५२१** |
| शिक्षा कला भाषा साहित्य | १०७६०० | ४८६५० | ५८९५० | १२२८८९ | १०४४५६ | १८४३३ | १२५७१७ | १०६८५९ | १८८५८ |
| स्वास्थ्य तथा पोषण | ११८४८.० | ४२५०.० | ७५९८.० | १३५३१ | २७०६ | १०८२५ | १३८४३ | २७६९ | ११०७४ |
| खानेपानी तथा सरसफाइ | २०२९०. | ९५४०. | १०७५०.० | २३१७३ | ११५८७ | ११५८७ | २३७०६ | ११८५३ | ११८५३ |

| उपक्षेत्र | २०८०/८१ को अनुमान | | | २०८१/८२ को प्रस्तावित | | | २०८२/८३ को प्रस्तावित | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पूँजीगत | कूल | चालु | पूँजीगत | कूल | चालु | पूँजीगत |
| | ० | | | | | | | | |
| महिला बालिका समावेशी | २७९७.० | १२८०.० | १५१७.० | ३१९४ | २७१५ | ४७९ | ३२६८ | २७७८ | ४९० |
| युवा तथा खेलकुद | १४३६.० | २८९.० | ११४७.० | १४३६ | १२२१ | २१५ | १६४० | १३९४ | २४६ |
| **पूर्वाधार विकास** | **९७३९८** | **४३३०३** | **५४०९५** | **१११२३७** | **१३२५१** | **९७९८६** | **११३७९७** | **१३५५६** | **१००२४१** |
| बस्ती विकास भवन शहरी | १००९० | ५००० | ५०९० | ११५२४ | ५७६ | १०९४८ | ११७८९ | ५८९ | १११९९ |
| सडक तथा यातायात | ६९४९० | ३७४८५ | ३२००५ | ७९३६४ | ११९०५ | ६७४५९ | ८११९० | १२१७९ | ६९०१२ |
| जलश्रोत विद्युत वैकल्पिक उर्जा | ७००० | 0 | ७००० | ७९९५ | ४०० | ७५९५ | ८१७९ | ४०९ | ७७७० |
| सूचना सञ्चार प्रविधि | १०८१८ | ८१८ | १०००० | १२३५५ | ३७१ | ११९८४ | १२६३९ | ३७९ | १२२६० |
| **वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र** | **५४८७** | **२४४०** | **३०४७** | **७०५४** | **२५८७** | **४४६७** | **७२१६** | **२६४७** | **४५७०** |
| वन, भूसंरक्षण तथा जैविक विविधता | १२०० | १२० | १०८० | १३७१ | १३७ | १२३३ | १४०२ | १४० | १२६२ |
| वातावरण, फोहोरमैला व्यवस्थापन | १५४७ | ७७४ | ७७४ | १७६७ | ८८३ | ८८३ | १८०७ | ९०४ | ९०४ |
| विपद् जोखिम व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन | २७४० | १०९६ | १६४४ | ४००७ | १६०३ | २४०४ | ३९१७ | १५६७ | २३५० |
| **संस्थागत विकास तथा सुशासन क्षेत्र** | **५२७११** | **२३४३५** | **२९२७६** | **६०२०१** | **४९२११** | **१०९८९** | **६१५८६** | **५०३४४** | **११२४२** |
| नीति, कानुन सुशासन | ८०० | ८०० | ० | ९१४ | ८६८ | ४६ | ९३५ | ८८८ | ४७ |
| सङ्गठन, मानव संशाधन | ४३९११ | १४६३५ | २९२७६ | ५०१५० | ४०१२० | १००३० | ५१३०४ | ४१०४४ | १०२६१ |
| राजस्व सुधार, परिचालन | २००० | २००० | ० | २२८४ | २०५६ | २२८ | २३३७ | २१०३ | २३४ |
| तथ्याङ्क, योजना विकास | ६००० | ६००० | ० | ६८५३ | ६१६७ | ६८५ | ७०१० | ६३०९ | ७०१ |
| **कुल जम्मा** | **३४२९५०** | **१५२४७५** | **१९०४७६** | **३९२२६३** | **२१७४९९** | **१७४७६४** | **४०१४६१** | **२२२६५०** | **१७८८११** |

## परिच्छेद-तीन

## आर्थिक विकास क्षेत्र

नागरिकको खाद्य सुरक्षा, मर्यादित रोजगारी र आयको संवैधानिक अधिकार कार्यान्वयनमा तीनै तहका सरकारको महत्वपूर्ण भूमिका रहेको छ। सङ्घ तथा प्रदेशको कानुन, नीति, योजना र लक्ष्यको आधारमा स्थानीय सरकारले योजनाबद्ध विकास प्रयास मार्फत उपरोक्त अधिकार सुनिश्चित गर्नुपर्ने आवश्यकता रहेको हुन्छ। अतः यस परिच्छेद अन्तर्गत कृषि तथा खौ सुरक्षा, पशु विकास, सिंचाइ, उद्योग, पर्यटन तथा संस्कृति, भूमि व्यवस्था तथा सहकारी र श्रम तथा रोजगारी जस्ता उपक्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चुनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जीखिम पक्षहरु समावेश गरिएको छ।

### ३. १ कृषि तथा खाद्य सुरक्षा

#### ३.१.१ पृष्ठभूमि

यस गाउँपालिका क्षेत्रमा कृषि कार्यका लागि पर्याप्त जग्गाको उपलब्धता नभएता पनि आंशिक रुपमा गाउँपालिकाको मुख्य पेशा कृषि र पशुपालन नै हो। घाँस र चरन क्षेत्रको व्यापक प्रयोग गरी पशुपालनलाई व्यवसायिक बनाउन सकिने प्रवल सम्भावना छ भने स्थानीय रैथाने बालीहरु मध्ये जौ, उवाँ, आलु, फापर, जस्ता स्थानीय बालीहरुको विकास गरी रोजगारी श्रृजना गर्न सकिने सम्भावना रहेको छ।

#### ३.१.२ समस्या तथा चुनौति

अधिकांश कृषकहरु मा व्यावसायिक कृषि र पशुपालन सम्बन्धी पर्याप्त प्राविधिक, व्यवस्थापकीय र बजारीकरण सम्बन्धी ज्ञान, सीप र प्रविधिको प्रयोगमा कमी रहेको छ। बाली संरक्षण र भण्डारण तथा बढी उत्पादनको लागि यथेष्ट जग्गाको अभाव रहेको पाइन्छ। सबै खेतीयोग्य जमिनमा सिंचाइ सुविधाको अभावका साथै खेती प्रणालीलाई व्यावसायीकरण र हावापानी अनुसार विविधिकरण गर्न सकिएको छैन्। यसका अलावा उत्पादित बस्तुको बजारसम्मको पहुँच विस्तार समेत हुन सकेको छैन्।

#### ३.१.३ दिर्घकालिन सोच

कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि, दिगो आर्थिक समृद्धि

#### ३.१.४ उद्देश्य

क. आधुनिक व्यावसायीक कृषि प्रणालीको प्रवर्द्धन मार्फत स्वरोजगार बनाई आर्थिक समृद्धि गर्नु।

ख. कृषि सामग्रीको सहज पहुँच एवं उपलब्धता तथा उत्पादित वस्तुको बजारीकरणका लागि बजार प्रणालीको विकास

ग. कृषिक, कृषि सहकारी र समुदायको क्षमता विकास गरी उच्च प्रजातिका कृषि उपजहरुको व्यावसायिक खेती गर्नु।

च. स्थानीय रैथाने बालीहरुको संरक्षण गरी व्यवसायीकरण गर्ने।

### ३.१.५ रणनीति

क. प्रदेश र संघसँग समन्वय गरी आधुनिक कृषि फर्म स्थापना र सञ्चालन गर्ने

ख. औधोगिक ग्राममा कृषि उद्योग स्थापना गर्न निजी क्षेत्रलाइ प्रोत्साहन गर्ने।

ग. कृषि उपज संकलन तथा उत्पादनमा सहकारीको भूमिका बढाउने।

ङ. वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाइ आधुनिक कृषि तथा पशुपालन व्यवसाय गर्न आधुनिक कृषि नमुना फर्म स्थापना प्रोत्साहन गर्ने

च. कृषक र प्राविधिक जनशक्तिहरुलाई कृषि तथा पशुपालन सम्बन्धी तालिम सञ्चालन गर्ने।

छ. विपन्न महिला तथा पिछडिएको वर्गको कृषि उद्यमशीलता विकास गर्ने।

ज. युवा लक्षित कृषि कार्यक्रम सञ्चालन गर्ने

झ. कृषि सेवा प्रभावकारी रुपमा प्रवाह गर्न सम्पूर्ण न्यूनतम कानुनी आधार र संरचनाको स्थापना र व्यवस्था गर्ने।

ञ. आवश्यक बजार पूर्वाधारहरु, कृषि उपज भण्डारण तथा प्रशोधन केन्द्र स्थापना तथा बजारीकरण प्रवर्द्धन मार्फत व्यावसायिक कर्क्षिको विकास गर्ने।

### ३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

विगतका वार्षिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार प्रस्तुत गरिएको छ।

**तालिका नं. ३.१.६**

| सूचक | एकाइ | २०७८।७९ सम्मको उपलब्धि | २०७९।८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| कुल खेतीयोग्य भूमिमध्ये वर्षैभरी सिंचाई सुविधा उपलब्ध भूमि | प्रतिशत | ० | ० | ५ | ७ | १० |
| एकीकृत सिचाई आयोजना | संख्या | ० | ० | ० | ० | ० |
| थोपा सिचाईका लागि अनुदान प्राप्त कृषक | संख्या | ० | ० | ० | ० | ० |
| कृषि क्षेत्रमा सम्लग्न समुह र सहकारी | संख्या | ० | ० | ३ | ५ | ८ |
| पोखरी सिचाईका लागि अनुदान प्राप्त कृषक | संख्या | ० | ० | ३ | ५ | १० |
| कुल तरकारी उत्पादन | के. जी. | ५०० | ५०० | ५५० | ५८० | ६०० |

### ३.१.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा कृषि उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार रहेको छ।

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १८४०० | ११९६० | ६४४० | ० | ७४५ | १६८२४ | ८३२ | ० |
| २०८१/८२ | २१०१४ | १३६५९ | ७३५५ | ० | ८२० | १९४०४ | ७९१ | ० |
| २०८२/८३ | २१४९८ | १३९७४ | ७५२४ | ० | ९६४ | १९६६४ | ८७० | ० |

### ३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्धेश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको कृषि उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ।

| क्र. सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्धेश्य | अवधि (शुरु र समाप्ति) | कूल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | खायन आलु उत्पादन कार्यक्रम | आलु उत्पादनको व्यवसायिक खेती गर्नु। | सालवसाली | १५२० | पकेट क्षेत्र पहिचान भई ५० प्रतिशत अनुदान ७५ जना कृषकले सहयोग पाई पकेट विकास निर्माण भएङ्को हुनेछ |
| २ | कृषि विकास प्रवर्द्धनका कार्यक्रमहरु जस्तैः बीउबिजन तथा औजार खरिद | आधुनिक प्रविधि तथा सूचनामा कृषकको पहुँच वृद्धी गर्नु | सालवसाली | ५०० | कृषि उत्पादनमा वृद्धि भएको हुनेछ। |
| ३ | सिमी पकेट विकास कार्यक्रम | सिमीको व्यवसायिक उत्पादन गर्नु। | सालवसाली | १२०० | व्यवसायिक सिमी खेतीबाट रोगजारका साथै आयमा वृद्धि भएको हुनेछ। |
| ४ | स्याउ पकेट विकास कार्यक्रम | स्याउको व्यवसायिक उत्पादन गर्नु। | सालवसाली | ६०० | व्यवसायिक स्याउ खेतीबाट रोगजारका साथै आयमा वृद्धि भएको हुनेछ। |
| ५ | किसान सूचीकरण कार्यक्रम | व्यवसायिक किसानहरुको सूची तयार गर्नु। | सालवसाली | ३०० | वास्तविक किसानहरुको पहिचान गरी विभिन्न सहयोग, सहुलियत र सेवा प्रवाह भएको हुनेछ। |
| ६ | कृषि सम्बन्धी संस्थागत कार्यक्रम | सिमीको व्यवसायिक उत्पादन गर्नु। | सालवसाली | ५०० | कृषि सम्बन्धी सेवा प्रवाहलाई सहज, सुलभ र गुणस्तरीय हुनेछ। |
| ७ | कृषि तर्फ माटो परीक्षण कार्यक्रम | सम्भाव्य खेतीका लागि खेतीयोग्य जमिन | सालवसाली | १५० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | पहिचान गर्नु | | | |
| ८ | **जम्मा** | | | **४७७०** | |

| क्र. सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ. व. २०८०/८१ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | खायन आलु उत्पादन कार्यक्रम | हालसम्म सामन्य रुपमा मात्रै उत्पादन भइरहेको । | व्यवसायिक तरिकाले आलु उत्पादन भई व्यवसायिक रुपमा बिक्री वितरण भएको हुनेछ । | आलु खेत सम्बन्धी तालिम, प्रविधि हस्तान्तरण, बीउ वितरण, भण्डारण र बजारीकरण . |
| २ | कृषि विकास प्रवर्द्धनका कार्यक्रमहरु जस्तैः बीउबिजन तथा औजार खरिद | विभिन्न बिउविजन र कृषि उत्पादन सम्बन्धी औजारहरु वितरण भइ रहेको । | व्यवसायिक रुपमा कृषकहरुलाई आवश्यक सेवा र सुविधाहरु उपलब्ध भएको हुनेछ । | पालिकामा उपयुक्त हुने तरकारी, खाद्यान र तेलहन बालीहरुको लागि माटो परिक्षण अनुदान वितरण लगायत उत्पादनका सामग्रीहरु वितरण |
| ३ | सिमी पकेट विकास कार्यक्रम | हालसम्म व्यवसायिक तरिकाले उत्पादन नभएको । | व्यवसायिक तरिकाले आलु उत्पादन भई व्यवसायिक रुपमा बिक्री वितरण भएको हुनेछ । | माटो परीक्षण, तालिम र उत्पादनका लागि नगद अनुदान र बजारीकरण । |
| ४ | स्याउ पकेट विकास कार्यक्रम | हालसम्म व्यवसायिक तरिकाले उत्पादन नभएको । | व्यवसायिक तरिकाले आलु उत्पादन भई व्यवसायिक रुपमा बिक्री वितरण भएको हुनेछ । | माटो परीक्षण, तालिम र उत्पादनका लागि नगद अनुदान र बजारीकरण । |
| ५ | किसान सूचीकरण कार्यक्रम | हालसम्म वास्तविक किसानहरुको पहिचान नभएको । | बास्तविक किसानहरुको पहिचान गरी आवश्यक सहुलियत र सेवासुविधाहरु प्रवाह हुनेछ । | वास्तविक किसानहरुको पहिचान गरी सूचीकृत । |
| ६ | कृषि सम्बन्धी संस्थागत कार्यक्रम | कृषि सम्बन्धी सामान्य संस्थागत कार्य भइरहेको । | सहज, सरल र प्रभावकारी सेवा प्रवाह भएको हुनेछ । | माटो परीक्षण, तालिम र उत्पदनका लागि नगद अनुदान र बजारीकरण । |
| ७ | कृषि तर्फ माटो परीक्षण कार्यक्रम | हालसम्म खेतीयोग्य जमिन पहिचान गर्नु | खेतीयोग्य जमिन पहिचान भएको हुनेछ । | माटो संकलन, परीक्षण र खेती योग्य जमिन पहिचान |

### ३.१.९ जोखिम पक्ष तथा अनुमान

कृषि, प्रविधि, गुणस्तरीय बीउ तथा कृषि सामग्री, भरपर्दो सिंचाइ प्रणाली, कृषि प्रसार, कृषि भूमिको संरक्षण र एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ । यसैगरी कृषि क्षेत्रमा जलवायु परिवर्तन र प्रकोपको असरको जोखिम सम्भावना अधिक रहन सक्दछ ।

## ३.२ सिंचाइ

### ३.२.१ पृष्ठभूमि

यस शे-फोक्सुण्डो गाउँपालिकामा तुलनात्मक रुपमा सिंचाइ एवं कृषि माथिको निर्भरता कम रहेको छ। गाउँपालिकाको पालिका पार्श्वचित्र २०७५ अनुसार वडा नम्बर १ देखि ९ सम्म जम्मा ८ वटा सिंचाइ आयोजनाहरु मार्फत कुलो र पाइपद्धारा सिंचाइ सुविधा उपलब्ध रहेको छ। यसरी गाउँपालिकाको प्रोफाइल २०७५ अनुसार पालिकाभित्रका ८ वटा सिंचाइ योजनाबाट ५३८ रोपनी जग्गामा सिंचाइको प्रवन्ध रहेको पाइन्छ। गाउँपालिका अन्तर्गत वडा नम्बर ६, ८ र ९ मा हालसम्म पनि सिंचाइ सुविधा तथा सिंचित जग्गाकोको पर्याप्तता रहको देखिदैन्। गाउँपालिकाले स्थानीय भूउपयोग योजना अनुसार निर्माण हुने कृषि पकेट क्षेत्रलाई मुख्य प्राथमिकतामा राखेर सिंचाइ सम्बन्धी नीति तथा कानुन बनाई कार्यान्वयन गर्न थप समय लिनुपर्ने अवस्था छ। त्यसैले भूउपयोग योजना निर्माण गरी कृषि क्षेत्र निर्धारण र सोही अनुसार सिंचाइका पूर्वाधार विकास वा सुरधारको कार्य अघि बढाउनु पर्ने आवश्यकता छ।

### ३.२.२ समस्या तथा चुनौति

सिंचाइ सुविधा पुगिसकेका अती भइरहेका खेतीयोग्य जमिनमा पनि मानव वस्ती र सामुदायिक संरचनाहरुको विकास हुनु, निर्माण सम्पन्न भएर सञ्चालनमा आएका सिंचाइ आयोजनाहरु पनि नियमित मर्मतसंभारको अभावमा जीर्ण हुँदै जानु, अपेक्षाकृत ठूला सिंचाइ आयोजनाहरु समयमै तोकिएको गुणस्तर र लागतमा सम्पन्न हुन नसक्नु, सिंचाइ प्रणालीको व्यवस्थापनमा प्रभावकारिता नदेखिनु, बैकल्पिक सिंचाइका सम्भावनाहरुकव यथेष्ठ उपयोग हुन नसक्नु तथा सिंचाइका लागि पानीको किफायती प्रयोग हुन नसक्नु जस्ता समस्याहरु रहेका छन्।

सिंचाइ हुन बाँकी र थप खेतीयोग्य जग्गामाको हकमा हिँउ संकलन पोखरी तथा मूलको पानी संकलन जस्ता बैकल्पिक उपायहरु मार्फत सिंचाइ सुविधा उपलब्ध गराई कृषि उत्पादनमा जोड दिनुपर्ने जरुरत छ। आवश्यकता अनुसारका सिंचाइ आयोजनाहरु समयमै सम्पन्न हुनेगरी काम गर्नु, जनसहभागिता जुटाई समयमै सम्पन्न आयोजनाहरुलाई दिऊव रुपमा सञ्चालन गर्नु, सिंचाइमा नयाँ प्रविधिको प्रयोग, सिंचाइ सुविधा पुगिसकेका कृषि भूमिलाई खण्डिकृत हुनबाट रोकी अन्य कार्यमा प्रइवग हुन नदिनु, ठूला सिंचाइ आयोजना सञ्चालन गर्नका लागि आवश्यक लगानी जुटाउनु, आयोजनाहरुमा हुनसक्ने जोखिमको आकलन गरी उपयुक्त व्यवस्थापन गर्नु जस्ता प्रमुख चुनौतिहरु हुन्। सिंचाइका सम्पूर्ण गतिविधिहरुमा तीनै तहको सरकारको विभिन्न तहमा हुने समन्वय, सहकार्य र साझेदारी जस्ता विषयहरुमा पनि समस्याको रुपमा रहेका छन्।

### ३.२.३ दिर्घकालीन सोच

दिगो र गुणस्तरीय सिंचाइ व्यवस्थापनबाट कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि।

### ३.२.४ उद्धेश्य

परम्परागत तथा आधुनिक सिंचाइ प्रविधिको उपयोग गरी अधिकतम् कृषियोग्य भूमिमा सिंचाइ सुविधा उपलब्ध गराउनु । गाउँपालिकामा हाल सञ्चालनमा रहेका सिंचाइ प्रणालीहरुको समुचित मर्मत तथा दिगो व्यवस्थापन गर्नु ।

### ३.२.५ रणनीति

१. सिंचाइ आयोजनाको विकास र व्यवस्थापनका लागि नीति, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन गर्ने ।
२. सिंचाइमा स्थानीय स्तरमा उपयुक्त हुने नयाँ प्रविधिको प्रयोग गर्ने ।
३. सिंचाइ प्रणालीको दिगो व्यवस्थापन एवम् मर्मत सम्भारका लागि जनसहभागिता र लागत साझेदारीको सुनिश्चिता गर्ने ।

### ३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

गाउँपालिकाको वार्षिक विकास योजना तथा कार्यक्रम वा आयोजनाको संक्षिप्त विवरणको आधारमा आगामी तीन आथिक वर्षको अपेक्षित नतिजा सूचक तथा मध्यमकालीन लक्ष्यलाई देहायअनुसार प्रस्तुत गरिएको छ ।

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| कुल खेतीयोग्य भूमि मध्ये वर्षैभरी सिंचाइ सुविधा उपलब्ध भूमि | प्रतिशत | ० | ० | १० | १५ | १५ |
| एकीकृत सिचाइ आयोजना वा भूउपयोग योजना निर्माण | संख्या | ० | ० | १ | १ | १ |
| स्थानीय भूउपयोग योजना अनुसार सिंचाइ सुविधाको उपलब्धता | प्रतिशत | ० | ० | १० | १५ | १५ |

### ३.२.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन खक्ष्यको आधारमा सिंचाइ उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छ ।

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ८५२ | ६८२ | १७० | ० | १४९ | ७०३ | ० | ० |
| २०८१/८२ | ९७३ | ७७८ | १९५ | ० | १६४ | ८०९ | ० | ० |
| २०८२/८३ | ९९५ | ७९६ | १९९ | ० | १९३ | ८०३ | ० | ० |

### ३.२.८ कार्यक्रम वा आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्धेश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ।

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सिंचाई संरचना निर्माण तथा मर्मत संभार कार्यक्रम | पकेट क्षेत्र लगायत साना सिचाई आयोजना मार्फत बर्षभरी सिचाई सुबिधा विकास र विस्तार गर्नु | सालबसाली | ८०० | कुल खेति योग्य जमिनको १० % क्षेत्रमा सिचाई सुबिधा बिस्तार हुनेछ। |
| | **जम्मा** | | | **८००** | |

| क्र. सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ. व. २०८०/८१ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | ख्योम्जव सिचाइ कुलो मर्मत | कुलो भत्केको | व्यवस्थित सिंचाइ कुलो निर्माण भएको। | उपभोक्ता समित गठन, तालिम सञ्चालन, सामग्री खरिद, ढुवानी , सामाजिक परीक्षण, सामग्री संकलन कुलो खन्ने, सार्वजनिक सुनुवाइ र आयोजना सूचना पार्टी स्थापना आदि। |
| २ | तिलिङ सिचाई कुलो मर्मत | पैरोले सिंचाइ सेवा अवरुद्ध भएको | सिंचाइ कुलोमा सामान्य क्षति भएको। | |
| ३ | सिचाई कुलो मर्मत आयोजना, ढुङधार | सामान्य कुलो भत्केको। | सिंचाइ कुलोमा सामान्य क्षति भएको। | |
| ४ | स्युङजोर गाउँ सिचाइ कुलो निर्माण | सुख्खा कुलो मार्फत सिंचाइ सुविधा पुगेको | सिंचाइ कुलोमा सामान्य क्षति भएको। | |

### ३.२.८ जोखिम पक्ष तथा अनुमान

मौसम परिवर्तनका कारण वर्षायाममा पहिरो वा हिँउ पहिरो र अत्यन्तै खडेरी हुने कारणले गर्दा सतह सिंचाइको पूर्वाधारबाट पानीको मात्र घट्न तथा क्षति हुनसक्ने सम्भावना रहन्छ। साथै प्लाष्टिक हिँउ पोखरी सिंचाइ प्रणालीको विकास एवम् व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ। गाउँपालिकाको बार्षिक बजेट कार्यक्रममा सिचाइलाई प्राथमिकताका साथ तर्जुमा गरिएको छ। ब्यवसायिक कृषकहरुबाट समेत आफनै पहलमा सिचाई सेवा विस्तार गरिनेछ।

## ३.४ पशु विकास

### ३.४.१ पृष्ठभूमि

पशुपालन व्यवसाय शे-फोक्सुण्डो गाउँपालिकाको प्रमुख आर्थिक गतिबिधि मध्येको एक हो। पशुपालन व्यवसाय अन्तर्गत यस क्षेत्रका किसानहरु विशेषगरी झोवा, गाई गोरु, बाख्रा, भेडा, खच्चड, याक र चौरी पालन पेशा अगाँल्दै आएका छन्। उच्च हिमाली क्षेत्रमा पशुपालन व्यवसायका लागि प्रसस्त चरणक्षेत्रहरु भएता पनि हिँउदको समयमा पुरै जमिन हिउँले ढाक्ने हुनाले

पशुचौपायाहरुको लागि निकै समस्या रहेको पाइन्छ । मूलतः शे-फोक्सुण्डो गाउँपालिकाको समग्र जीवनयापन चलाउन ढुवानीको लागि चौपायहरुको नै प्रयोग गरिन्छ । यसरी गाउँपालिकाको पशुपालनको एकिन विवरण प्राप्त नभएता पनि पशुपालन व्यवसयाबाट ग्रामीण अर्थतन्त्र सुधारका साथै रोजगारीको प्रचुर सम्भावना रहेको छ ।

### ३.४.२ समस्या तथा चूनौति

व्यवस्थित र व्यावसायिक रुपमा पशुपालन गर्ने कृषकलाई पशुसेवा सम्बन्धी प्राविधिक सेवा तथा परामर्श र सहयोगको कमी रहेको छ । पशु आहाराको लागि स्थानीय रुपमा खाना तथा घाँसको उत्पादनमा कमी रहेको छ । उन्नत नश्लका पशुपालनका लागि विमा अनुदान, सहुलियतपूर्ण पशु पालन व्यवसायको लागि ऋणको व्यवस्था नहुनु आदिले मासु, दुध र उनको उत्पादनमा पनि आत्मनिर्धर हुन सकेको छेन् । पशुपालन व्यावसायमा युवा उद्यमशीलताका लागि उत्प्रेरणा तथा आकर्षक कार्यक्रमको अभावमा केवल निर्वाहमुखी पशुपालनको अभ्यासको व्यापकता रहेको छ ।

निर्वाहमुखी न्यून उत्पादकत्व भएका पशुपालन निरन्तर हुनु, उच्च उत्पादकत्व भएका पशु पालन नहुनु, बढ्दो आयात मुखी संस्कृति, उन्नत घास बिउ र आधुनिक प्रविधिको अभाव, पशु बजार र सूचनाको अभाव आदि प्रमुख समस्या रहेका छन ।व्यावसायिक तथा जैविक पशु पालन क्षेत्रको विकास गर्नु, उन्नत घास, औषधि उपचार सेवा उपलब्ध गराउन तथा पशुपालनलाई आकर्षक र सम्मानित पेशाको रुपमा विकास गर्नु, स्थानीय उत्पादनको उपभोग प्रवृत्ति वढाउनु, पशु पकेट क्षेत्रमा यातायात पहुँच पुर्याउनु आदि प्रमुख चुनौति हुन ।

### ३.४.३ सोच

व्यावसायिक पशुपालन समृद्धि र सम्मान

### ३.४.४ उद्देश्य

- तुलनात्मक लाभका उवजहरु प्रवर्द्धन गरी पशुपालन व्यवसायलाई उत्पादनशील र प्रतिर्पर्धी बनाउनु ।
- किसान, कृषि सहकारी तथा ब्यवसायीहरुको क्षमता विकास गरी नाफामुलक ब्यवसायको रुपमा स्थापना गर्नु
- नगरपालिकाको नीति कार्यक्रम अनुसार पशुपालन पकेट पहिचान गरी पूर्वाधार विकास गर्नु ।
- पशुपालनसँग सम्बन्धित बजारीकरणलाई सुधार गरी रोजगारी र आयआर्जनको अवसर विस्तार गर्नु ।
- व्यावसायिक पशुपालनका लागि आश्यक लगानी सुनिश्चित गरी रोजगारी र आइआर्जनको अवसर सिर्जना गर्नु ।

### ३.४.५ रणनीति

१. गुणस्तरीय उत्पादन सामग्री, प्रविधि तथा विज्ञ प्राविधिकसेवाको उपलव्धता गर्ने ।

२. व्यावसायिक उत्पादनका लागि आवश्यक सहुलियत ऋणको उपलब्धता सुनिश्चित गर्ने ।

३. उत्पादनमा हुने जोखिमलाई न्यूनीकरण गर्ने ।

४. कृषकलाई सम्मान र व्यावसायलाई मर्यादित बनाउँदै लैजाने ।

५. तुलनात्मक लाभका उपजको गुणस्तरीय उत्पादन, प्रशोधन, बजार प्रवर्द्धन गरी प्रतिस्पर्धी बनाउने ।

६. पशुपालन व्यावसायमा आधारित उत्पादन वृद्धि गरी आयता प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने ।

७. पशुपालनको व्यावसायिक पकेट क्षेत्र पहिचान तथा निर्माण गर्ने ।

८. पशुपालन व्यावसाय सम्बन्धी आवश्यक प्राविधिक ज्ञान तथा सूचना हस्तान्तरणका कार्य गर्ने ।

९. स्थानीय प्रजातिका पशुपन्छीहरूको संरक्षण र सम्वर्द्धन गरी मासु एवम् दुध उत्पादन वृद्धि गर्ने ।

### ३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

वार्षिक योजना तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार गरिएको नतिजा तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार प्रस्तुत गरिएको छ ।

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| व्यावसायिक पशुपालनमा संलग्न कृषक | संख्या | ३५ | ३५ | १५० | २०० | २५० |
| व्यवसायिक फर्मको संख्या | संख्या | १२ | १२ | २५ | ३० | ४५ |
| बार्षिक दुधको उत्पादन | मे.टन | ० | | | | |
| बार्षिक मासु उत्पादन | मे.टन | ० | | | | |
| बार्षिक अण्डा उत्पादन (हजारमा) | संख्या | | | | | |

**स्रोत: बाँकी तथ्यांक प्राप्त हुन नसकेको**

### ३.४.६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन नतिजा खाकाको आधारमा पशुपालन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छ ।

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेट स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ११०७० | ७७४९ | ३३२१ | ० | ० | ११०७० | ० | ० |
| २०८१/८२ | १२६४३ | ८८५० | ३७९३ | ० | ० | १२६४३ | ० | ० |
| २०८२/८३ | १२९३४ | ९०५४ | ३८८० | ० | ० | १२९३४ | ० | ० |

### ३.४.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र सं | कार्यक्रम वा आयोजना | उद्धेश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | **पशुपंक्षी सम्बन्धी एकीकृत कार्यक्रम** | | | | |
| १ | इपीडेमियोलोजीकल प्रतिवेदन र महामारी वा आकस्मिक रोग नियन्त्रण कार्यक्रम | पशुपंक्षी सम्बन्धी महामारी नियन्त्रण गर्नु | सालवसाली | ५०० | पालिकाको सबै बस्तीहरुमा पशुपंक्षीहरुमा लाग्ने रोगहरुको रोकथाम भएको हुनेछ। |
| २ | पशुपंक्षी विकास प्रवर्द्धन एवं पशुसेवा कार्यक्रम | पशुपंक्षी विकास प्रवर्द्धन एवम् पशु रणनीति तथा अन्य कार्यक्रम | सालवसाली | ६०० | पशुपंक्षी उपचार तथा सहज र गुणस्तरीय सेवा उपलब्ध भएको हुनेछ। |
| ३ | चरण खर्क र बाटो निर्माण कार्यक्रम | पशु व्यवसाय विकासका लागि चरण खर्क र बाटोहरु निर्माण र सुधार गर्ने | सालवसाली | १००० | पशुहरुको सुरक्षित खर्क र चरणबाटोको निर्माण भएको हुनेछ। |
| | **जम्मा** | | | **२१००** | |

| क्र. सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ. व. २०८०/८१ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | पशु विकास कार्यक्रम | नियमित रुपमा भइरहेको। | प्रभावकारी पशुसेवा निरन्तर उपलव्ध भएको हुनेछ। | तालिम, गोष्ठी, समीक्षा, प्रतिवेदन र पशुहरुको लगत संकलन र अभिलेखीकरण। |
| २ | चेजुङ चरण खर्क बाटो मर्मत | सामान्य बाटो रहेको | सुरक्षित र सहज चरण बाटो निर्माण र मर्मत भएको हुनेछ। | चरण बाटो र खर्क निर्माण, संरक्षण |
| ३ | पशु औषधी उपचार तथा सामग्री र प्रविधि खरिद वितरण | नियमित भएको | पालिकामा लाग्न सक्ने सम्भाव्य पशुरोगहरुको पहिचान र रोकथाम भएको हुनेछ। | रोगहरुको पहिचान, औषधि र प्रविधि खरिद ढुवानी र वितरण, पशुचेकजाच गर्ने र पशु उपचार बारे अभिभायन सञ्चालन गर्ने। |

### ३.४.८ जोखिम पक्ष तथा अनुमान

सबै सरकारी तथा अन्य कार्यक्रमबीच समन्वय र सहकार्य प्रभावकारी भएमा पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ। प्रविधि, प्रार तथा पशुपालन उपचार जस्ता क्षेत्रलाई एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल नहुने जोखिक रहन्छ। नयाँ व्यावसायीहरुबाट पशुपालन व्यावसायमा लगानी परिचालन हुनेछ र वेरोजगार युवाहरुलाई कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन्। उचित स्याहार, आहार तथा गोठका लागि पर्याप्त लगानी तथा नियमित उपचारको उपयुक्त व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ।

## ३.५ उद्योग तथा व्यापार

### ३.५.१ पृष्ठभूमि

आर्थिक विकासको एक प्रमुख सम्वाहकको रुपमा रहेको उद्योग क्षेत्रको विकास र विस्तार र प्रवर्द्धन गर्न सकेमा यस गाउँपालिकाको आर्थिक समृद्धिका गतिविधिहरुमा तिव्रता आउन सक्ने सम्भावना रहन्छ । कर्णाली प्रदेशको डोल्पा जिल्लाको दुर्गम भूगोल रहेको यस शे-फोक्सुण्डो गाउँपालिकामा ठुला औद्योगिक तथा व्यापारिक क्षेत्र एवम् सडक पुर्वाधारको उचित व्यवस्था नभएपनि यस क्षेत्रमा लघु, साना, मझौला उद्योग व्यापार व्यवसाय सञ्चालन र प्रवर्द्धन हुन सकेमा गिलकाको साष्ठ जिल्ला कै गरिबी न्यूनीकरणमा महत्वपूर्ण योगदान पुग्न जानेछ । यस गाउँपालिका मा कृषि, जडिवुट्टी र वन लगायत स्थानीय कच्चा पदार्थमा आधारित उद्योग, व्यवसायको विकास गरी आय र रोजगारीका सम्भावनाहरू उजागर गर्न सकिन्छ । उद्योगको तथ्याङकीय स्थितिलाई विवेचना गर्दा हालसम्म एकिन र अद्यावधिक तथ्याङ प्राप्त गर्न सकिएको छेन् । केवल गाउँपलिकाको वडानम्बर ५ भिजेरमा समुदायमा आधारित चिज उद्योग मात्र संचालनमा रहेको पाइन्छ ।

### ३.५.२ समस्या तथा चूनौति

गाउँपालिकामा उद्योग र उद्यमशिलताको कमी, औद्योगिक पूर्वाधारको कमी, औद्योगिक ग्राम स्थापना नहुनु, जनशक्तिको कमी, व्यावसायिक दक्षताको अभाव, वाह्य बजारसँग पहुँचको अभाव, उद्योगको लागि आवश्यक विद्युतको अभाव, वित्तीय पहुँचको कमी दुर्लभ र महत्वपूर्ण जडिवुटीहरूको अव्यवस्थित सङ्कलन र प्रशोधन विना निकासी हुनु, यथोचित तथ्याङ्कको अभाव आदि प्रमुख समस्या रहेका छन ।

पूर्वाधार निर्माण गरी औद्योगिक वातावरण सृजना गर्नु, उद्यमशिलता विकास गर्नु, औद्योगिक जनशक्ति उत्पादन गर्नु, कृषि, पशु विकास र जडीवुटीको व्यावसायिक उत्पादन गर्नु, औद्योगिक ग्रामको निर्माण गर्नु, सडक, विद्युत आदि भौतिक पूर्वाधारको पहुँच वृद्धि गर्नु, वित्तीय पहुँच अभिवृद्धि गर्नु, बाह्य लगानी वातावरणको निर्माण गर्नु, प्रतिस्पर्धात्मक क्षमताको पहिचान र विकास गर्नु, युवा जनशक्तिलाई उद्यमशिलता तर्फ आकर्षित गराउनु, व्यापार व्यवसायको आकार सानो हुनु, आदि प्रमुख चुनौति हुन् । यातायात, सूचना तथा सञ्चार प्रविधिको विस्तार र सामग्रीहरुको आयाता र निर्यातमा ढुवानीको समस्याले गर्दा थप उत्पादनमा खर्चिलो हुने अवस्था छ ।

### ३.५.३ सोच

"वातावरणमैत्री उद्योगको प्रवर्द्धन, रोजगारमूलक स्थानीय व्यावसायको सम्वर्द्धन"

### ३.५.४ उद्देश्य

१. उद्योग, व्यापार र व्यवसाय विकास गरी आय र रोजगारी वृद्धि गर्नु ।

२. पालिकाको आर्थिक विकासमा उद्योग तथा ब्यापार क्षेत्रको योगदानमा बृद्धि गर्नु ।

३. पालिका भित्रका निजी क्षेत्र, समुदाय तथा सहकारीको सहकार्यमा उद्यमशीलता प्रवर्द्धन र पूँजी निर्माण गरी सूचना प्रविधि र युवामैत्री नमूना उद्योगहरू प्रवर्द्धन गर्नु ।

### ३.५.५ रणनीति

१. उद्योग सम्बन्धी नीति तथा कानुनको तर्जुमा गरी लगानीमैत्री वातावरण तयार गर्ने

२. तुलनात्मक लाभका उद्योग व्यावसायहरुको पहिचान गरी प्रवर्द्धन गर्ने ।

३. उद्योगलाई आवश्यक पर्ने पूर्वाधारको विकास गर्ने ।

४. उद्यमशीलताको प्रवर्द्धन गरी लघु तथा घरेलु उद्योगको विकास तथा विस्तार गर्ने,

५. व्यापार व्यवसायको विकास र विस्तार गर्ने ।

६. उद्योग व्यापारको नियमन तथा सहजीकरणका लागि गाउँपालिकाको कार्यविधि तथा संयन्त्र निर्माण गर्ने ।

७. निजी क्षेत्रलाई प्रोत्साहन गर्न सार्वजनिक निजी साझेदारी अवधारणालाई पवर्द्धन गर्ने ।

### ३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

गाउँपालिकाको वार्षिक विकास योजना र आयोजनाको संक्षिप्त विवरणमा उल्लेखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार प्रस्तुत गरिएको छ ।

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| उद्योग व्यवसाय क्षेत्रमा रोजगार व्यक्ति | जना | ७५ | ७५ | ११५ | ११५ | २०० |
| गाउँपालिकामा दर्ता भएका उद्योग व्यवसायहरु | संख्या | ० | ० | २५ | ४५ | ५० |
| व्यवसाय करबाट संकलित राजस्व | रु. हजारमा | ० | ० | २०० | २५० | ३०० |
| सञ्चालित औद्यौगिक तथा व्यापार मेला | पटक | ० | ० | १ | १ | १ |

### ३.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा उद्योग तथा व्यापार उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छ ।

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | २०४७ | ४०९ | १६३८ | ० | ० | २०४७ | ० | ० |
| २०८१/८२ | २३३८ | ४६८ | १८७० | ० | ० | २३३८ | ० | ० |

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८२/८३ | २३९२ | ४७८ | १९१३ | ० | ० | २३९२ | ० | ० |

### ३.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्धेश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ।

| क्र सं | कार्यक्रम वा आयोजना | उद्धेश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | उद्योग, व्यापार व्यावसाय प्रवर्द्धन कार्यक्रम | अनुकूल वातावरण सिर्जना गरी उद्योग तथा व्यावसायको सिर्जना र विकास गर्नु। | सालवसाली | ५०० | व्यवसाय करबाट संकलित राजस्व प्रतिशतले बृद्धि हुनेछ। |
| | **जम्मा** | | | **५००** | |

| क्र सं | उपक्षेत्र/कार्यक्रम/आयोजना | हालसम्मो प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आव २०८०/८१मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| | **उद्योग, व्यापार तथा व्यावसाय** | | | |
| १ | उद्योग, व्यापार व्यावसाय प्रवर्द्धन कार्यक्रम | लघु तथा घरेलु उद्योग सञ्चालनका लागि क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन भईरहेको। | लघू तथा घरेलु उद्योगमा २० प्रतिशतले बढी बृद्धि भई स्वरोजगार सिर्जना भएको हुनेछ। | युवाहरुको क्षमता विकास मार्फत लघु उफमशीलता कार्यक्रम सञ्चालन |

### ३.५.९ जोखिम पक्ष तथा अनुमान

गाउँपालिकाको पहलमा उद्योग ब्यापार प्रवद्र्धनका लागि पुर्वाधार, सीप तथा प्रविधिको विकास हुन सक्नेछ। उत्पादनमुखी उद्योगमा लगानी र बजार मूल्यमा कडा प्रतिस्पर्धाका कारण स्थानीय उद्योग तथा ब्यवसायीहरु पलायन हुन सक्ने जोखिम रहन्छ।

## ३.५ पर्यटन विकास

### ३.५.१ पृष्ठभुमि

यस शे-फोक्सुण्डो गाउँपालिकाका विभिन्न स्थानमा विभिन्न पर्यटकीयय स्थलहरु पर्याप्त मात्रामा रहेका छन। फोक्सुण्डो ताल, शे गुम्बा, निजाल, मुसी, साल्दाङ लगायतका स्थलहरुलाई प्रमुख गन्तव्यस्थलको रुपमा विकास गर्न सक्ने प्रयाप्त सम्भावनाहरु रहेका

पनि छन । प्रचार प्रसारको अभाव र पूर्वाधारको कमजोर अवस्थाले अपेक्षित रुपमा पर्यटन प्रवर्द्धन हुन सकेको छैन । चालु तीन वर्ष भित्र प्रमुख पर्यटन गन्तव्यहरुको पहिचान गरी पूर्वाधारहरु निर्माण गर्नु पर्ने आवश्यकता रहेको छ । पालिका भित्र विभिन्न धार्मिक, ऐतिहासिक र सांस्कृतिक सम्पदा, संस्कार, भाषा र जाति विशेष महत्व बोकेका दुर्लभ सम्पदाहरु रहेका छन् । अनुसन्धानात्मक र अवलोकनात्मक पर्यटक, सिनेमा क्षेत्रको छायाङ्कन लगायत जनजातिहरुको वेषभूषा, रहनसहन आदि आकर्षक स्थलहरुले पर्यटन व्यावसायलाई थप मजवुत बनाएको छ ।

### ३.५.२ चुनौति तथा समस्या

यथेष्ठ पर्यटन मार्गको पहिचान र पूर्वाधारको अभाव, नियमित हवाइसेवाको कमी, पर्यटकीय स्थलहरुको उचित संरक्षण, सुरक्षा र प्रचार प्रसारको कमी, सुविधा सम्पन्न होटल र होमस्टेको अभाव र आवश्यक पर्यटन गुरु योजना लगायत नीति नियमको कमीका साथै पर्यटकीय क्षेत्रको प्रवर्द्धन र विकासका लागि आवश्यक सूचना केन्द्र, बाटो, धारा र थप प्रदर्शक, बैङ्क, वित्तीय संस्था र उपयुक्त प्रविधि आको कमी मुख्य समस्याको रुपमा रहेका छन् ।

त्यसैगरी पर्यटकीय गन्तव्यको विविधिकरण गर्दैनयाँ पर्यटकीय स्थल र उपजहरुको पहिचान गर्ने, पर्यटकीय पूर्वाधारहरुको विकास गरी पर्यटन उद्योगलाई ग्रामीण अर्थतन्त्रको प्रमुख आधारको रुपमा विकास गर्ने, पहिचान भएका प्रसिद्ध पर्यटकीय स्थलसम्मको हसज पहुँचको प्रवन्ध मिलाउने, प्राचिन, पुरातात्वयिक सम्पदाहरुको बढ्दो अतिक्रमण रोक्ने, चोरी हुनबाट उचित संरक्षण र सुरक्षा गर्ने, पर्याप्त पर्यटकीय सूचनाको व्यवस्था मिलाउने, हवाइ र स्थल मार्गलाई व्वस्थित, भरपर्दो र गुणस्तरीय बनाउने, पर्यटन क्षत्रेमा दक्ष जनशक्तिको उपलब्धता सुनिश्चित गर्ने, पर्यटकीय पूर्वाधार विकासमा निजी क्षत्रेको लगानी आकर्षित गर्ने यस क्षेत्रका चुनौतिहरु हुन् ।

### ३.५.३. सोच

पर्यटन आर्थिक विकासको प्रमुख आधार, पर्यटन विकासको लागि सबल पुर्वाधार

वा कर्णाली प्रदेशको गन्तव्य डोल्पा र डोल्पाको गन्तव्य शे-फोक्सुण्डो गाउँपालिका

### ३.५.४. उद्देश्य

१. गाउँपालिकालाई सुरक्षित, आकर्षक र गुणस्तरीय पर्यटकीय केन्द्रको रुपमा विकास गर्नु

२. पर्यटकीय आय र रोजगारीमा वृद्धि गर्नु,

३. स्थानीय कला र साँस्कृतिक विशिष्टताको संरक्षण र सम्वर्द्धन गर्नु,

४. पालिकाको पर्यटकीय पूर्वाधारको विकास गरी पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्नु ।

### ३.५.५. रणनीति

१. पर्यटन गन्तव्यहरुको पहिचान गरि प्रमुख गन्तव्यहरुको पुर्वाधार विकासमा जोड दिने ।

२. प्रमुख गन्तव्यहरुको श्रब्य दृष्य सामाग्रीहरु विद्युतीय माध्यमद्वारा प्रचार प्रसार गर्ने ।

३. होमस्टेहरुलाई अनुदान कार्यक्रम प्रभावकारी बनाउने र व्यवस्थित रुपमा होमस्टे सञ्चालन गर्ने ।

४. पदमार्ग निर्माण, हाईकिङ्ग, दृष्यावलोकन जस्ता कार्यक्रम मार्फत पर्यटक आवागमन वृद्धि गरी रोजगारी श्रृजना गर्ने ।

५. गाउँपालिकामा मनाईने शे मेला, धनुषवाण मेला घोडादौड प्रतियोगिताका साथै स्थानीय मेला तथा जात्राहरुको प्रबर्धन गर्ने ।

६. साँस्कृतिक संग्रहालयको निर्माण गरी पुराना कला संस्कृतिको जगेर्ना र संरक्षण गर्ने ।

७. सरकारी, सहकारी र निजी वा सामुदायिक क्षत्रेको सहभागितामा प्रर्यटन उद्योगको विकास गर्नु

८. पर्यटन गुरु योजना लगायत अन्य पर्यटनमैत्री नीति र योजना तर्जुमा गर्नु ।

### ३.५.६. विषय क्षेत्रगत नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

गाउँपालिकाको वार्षिक विकास योजना र आयोजनाको संक्षिप्त विवरणमा उल्लेखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार प्रस्तुत गरिएको छ ।

**पर्यटन क्षेत्रसँग सम्बन्धित समग्र सूचक र लक्ष्य**

| सूचक | एकाइ | आ.व. ०७९/०८० को उपलब्धि | मध्यकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ |
| वार्षिक बाह्यय तथा आन्तरिक पर्यटन आवागमन संख्या | संख्या | ४५० | ५२० | ४५० | ५५० |
| गाउँपालिका भित्रको औषत बसाइ | दिन | १५ | १५ | २० | २० |
| पर्यटन गुरुयोजना तथा नीति तर्जुमा | संख्या | ० | ० | १ | १ |
| होमस्टे सञ्चालन | संख्या | १० | १४ | १४ | १५ |
| पर्यटन पदमार्ग निर्माण | संख्या | ५ | ७ | १० | १२ |
| कोसेलीघर स्थापना तथा सञ्चालन | संख्या | ० | ० | १ | १ |
| पर्यटन गन्तब्य स्थलमा पूर्वाधार निर्माण | संख्या | ५ | ५ | ५ | ५ |
| स्तरीय होटलको संख्या | संख्या | १२ | ३१ | ३२ | ३५ |
| व्यवस्थित र स्तरीय ऐतिहासिक, धार्मिक पर्यटकीय स्थल तथा सम्पदा | संख्या | १५ | १५ | १५ | १५ |

स्रोतः स्थानीय फिल्ड स्तरको अध्ययन र सूचना संकलन २०८० र अनुमानित

### ३.५.६. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा उद्योग तथा व्यापार उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छ ।

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ६१७५ | ३०८८ | ३०८८ | ० | ० | ४०९६ | २०८० | ० |
| २०८१/८२ | ७०५२ | ३५२६ | ३५२६ | ० | ० | ५०७५ | १९७७ | ० |
| २०८२/८३ | ७२१५ | ३६०७ | ३६०७ | ० | ० | ५०४० | २१७५ | ० |

### ३.५.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्धेश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ।

| **क्र सं** | **कार्यक्रम वा आयोजना** | **उद्धेश्य** | **अवधि (शुरु र समाप्ति)** | **कुल लागत (रु. हजारमा)** | **अपेक्षित नतिजा** |
|---|---|---|---|---|---|
| | **पर्यटन तथा संस्कृति** | | | | |
| १ | गाउँपालिकाको डकुमेन्ट्री निर्माण | पालिकाको मुख्य विशेषताहरुको समेटी डकुमेन्ट्री निर्माण गर्नु | सालवसाली | ५०० | पालिकाको समग्र विशेषता समावेश गरी डकुमेन्ट्री तयार गर्नु। |
| २ | फोक्सुण्डो महोत्सव | सफलतापूर्वक महोत्सव सम्पन्न गर्नु। | सालवसाली | १००० | सफलतापूर्वक १२ वर्षे महोत्सव सम्पन्न हुनेछ। |
| ३ | छाप्लो फु सेल्टर हाउस शौचालय निर्माण | आराम घर र शौचालय निर्माण गर्ने। | सालवसाली | ७०० | पक्की र व्यवस्थित आवास घर शौचालय निर्माण हुनेछ। |
| ४ | पर्यटन प्रवर्द्धन विकासका लागि सरोकारबालासँग अनुशिक्षण कार्यक्रम | समन्यात्मक तरिकाले कार्यक्रम सञ्चालन गर्नु। | सालवसाली | ५०० | एकीकृत र समन्वयात्मक तरिकाले पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन हुनेछ। |
| ५ | खुम्बुक गुम्बा १ कोठे भवन निर्माण | १ कोठे भवन निर्माण ।गुम्वा निर्माण | सालवसाली | ५०० | १ कोठे गुम्बा भवन निर्माण हुनेछ। |
| ६ | धोदेन गुम्बा निर्माण | गुम्वा निर्माण गर्नु। | सालवसाली | ८०० | धोदेन गुम्मा निर्माण भएको हुनेछ। |
| ७ | **जम्मा** | | | **४०००** | |

| **क्र सं** | **उपक्षेत्र/कार्यक्रम/ आयोजना** | **हालसम्मो प्रगति स्थिति** | **आगामी तीन वर्षको अपेक्षित उपलब्धि** | **आव २०८०/८१ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु** |
|---|---|---|---|---|
| | **पर्यटन तथा संस्कृति** | | | |

| | | | | |
|---|---|---|---|---|
| १ | गाउँपालिकाको डकुमेन्ट्री निर्माण | डकुमेन्ट्री निर्माण भएको तर सबै क्षेत्रलाई समेटी तयार नभएको। | समग्र पालिकाको विषयक्षेत्रलाई समेटेर पालिकाको डकुमेन्ट्री तयार गरी वितरण गरिनेछ। | अडियो र भिडियो सूचना संकलन, पालिकाको समग्र सामाजिक भौगोलिक र ऐतिहासिक र पुरातात्विक सम्पदाहरु समेटी भिडियो डकुमेन्ट्री तयार गरी विवरण |
| २ | फोक्सुण्डो महोत्सव | बजेट विनियोजन भएको तर महोत्सव सञ्चालन नभएको। | प्रभावकारी र सहभागितामूलक तरिकाले महोत्सव सम्पन्न भएको हुनेछ। | १२ वर्षे शेफोक्सुण्डो मेला सञ्चालनका लगि तयारी, पत्राचार लगायत अन्य सुरक्षा व्यवस्था। |
| ३ | छाप्लो फु सेल्टर हाउस शौचालय निर्माण | मर्मत सुधार गर्नुपर्ने अवस्था | पर्यटकहरुको लागि सहज र सुरक्षित आवास सेवा उपलव्ध भएको हुनेछ। | घरको लागि लागत अनुमान र नक्शा तयार, निर्माण सामग्री खरिद, संकलन र ढुवानी र निर्माण। |
| ४ | पर्यटन प्रवर्द्धन विकासका लागि सरोकारबालासँग अनुशिक्षण कार्यक्रम | पर्यटन प्रवर्द्धन सम्बन्धी तालिम र गोष्ठी र समन्वय भइरहेको। | पर्यटन प्रवर्द्धन सम्बन्धी गतिविधिहरु समन्वयात्मक र साझेदारीमा काम भएको हुनेछ। | सरोकारवालाहरुसँगको समन्वय र सहकार्यमा तालिम, गोष्ठी सञ्चालन |
| ५ | गुम्वाहरुको निर्माण र व्यवस्थापन | मर्मत सुधारको अभाव | गुम्वाहरुको उचित संरक्षण र सुधार भएको हुनेछ। | गुम्वाहरुको सूचीकरण, मर्मत सुधार र व्यवस्थापन गर्ने। |

**३.५.८ जोखिम पक्ष तथा अनुमान**

गाउँपालिका, निजी क्षेत्र तथा नागरिक समाजको साझेदारीमा धार्मिक पर्यटन पूर्वाधार विकास, पर्यटन प्रवर्द्धन तथा सेवा सुविधाको विकास र विस्तार हुन सक्नेछ। कोभिड १९ लगायतका महामारी र सम्पदाहरुको संरक्षण र सुरक्षामा उचित ध्यान नदिदा पर्यटन क्षेत्रले अपेक्षित नजिता हासिल नहुने जोखिम रहन सक्दछ।

## ६. भूमि व्यवस्था, बैङ्क तथा वित्त सहकारी

### ६.१. पृष्ठभूमि

यस शे-फोक्सुण्डो गाउँपालिकाको विशिष्ट प्रकारको भूउपयोगको अवस्था रहेको छ। यस पालिकामा कृषि योग्य भूमिको उपलब्धता ज्यादै न्यून रहेको पाइन्छ भने अधिकांश भूभाग नाङ्गो डाँडापाखा र चट्टानले ढाकेको छ। समग्र भूमिको उचित नक्शाङ्कन, व्यवस्थापन र वर्गीकरण गरी दिगो भूउपयोगको नीति नियम बनाउन आवश्यक छ। अव्यवस्थित र छरिएको बस्ती, भूक्षय तथा मरुभूमिकरण र सार्वजनिक जग्गा, मठमन्दिर लगायतका सामाजिक र धार्मिक महत्व बोकेका भूमिको उचित व्यवस्थापन गर्नु अपरिहार्य छ। त्यस्तै नेपालको संविधानमा नै सहकारीलाई अर्थतन्त्रका तीन खम्वा मध्ये एक मानिएको छ। सहकारी क्षेत्रले एकआपसमा छरिएर रहेको श्रम, सीप, प्रविधि र पूँजीलाई एकत्रित गरी उत्पादन र उत्पादकत्व वृद्धि मार्फत रोजगारी

सिर्जना गरी समग्र अवस्थामा योगदान गर्न सक्दछ । सहकारी क्षेत्रको प्रभावकारी परिचालन मार्फतसमाजमा रहेका कमजोर वर्गको सशक्तीकरण, वित्तीय पहुँचमा वृद्धि र उद्यमशीलताको विकासका साथै गरिबी निवारणमा पनि ठोस योगदान पुग्न जाने हुन्छ ।

सिमित मात्रामा रहेका सहकारी संस्थाहरुमा आधुनिक प्रविधिको प्रयोग भएको छैन । स्थानीय सरकारले अनगुमन, दर्ता, खारेजी, कारबाही लगायतको अधिकार प्राप्त गरेको भएपनि दक्ष जनशक्तिको अभावमा हालसम्म पर्याप्त मात्रामा अनुगमन हुन सकेको छैन । गाउँपालिका क्षेत्रभित्र कार्यक्षेत्र रहेका सहकारीहरुलाई रोजगारीमूलक, उत्पादनशील बनाउन तथा सहकारीलाई सुशासनयुक्त बनाई गरिवी निवारणमा यसको प्रभावकारी उपयोग गर्नुपर्ने आजको आवश्यकता रहेको छ ।
यस गाउँपालिकामा विद्यमान आर्थिक अवसरहरूलाई उपयोग गर्नका लागि सहकारी क्षेत्रले महत्वपूर्ण भूमिका हुन सक्दछ । यस पालिकामा ५ वटा सहकारी संस्थाहरू दर्ता भई क्रियाशील रहेका छन । ती मध्ये धेरै जसो बचत तथा ऋण सहकारी संस्थाहरू छन् । यसै गरी यस गाउँपालिकामा १ वाणिज्य बैंक प्रभु बैंक मात्र रहेका छन् । उक्त बैंक मार्फत सम्पूर्ण वित्तीय सेवा प्रवाह हुदै आएको छ ।

## ६.२ समस्या र चुनौति

सहकारी सम्बन्धी ज्ञानको कमी हुनु, सहकारी क्षेत्रको सार्वजनिक क्षेत्र र निजी क्षेत्रसँग सहकार्य नहुनु, सहकारी संस्था सञ्चालनका लागि आवश्यक पर्ने उद्यमशीलताको कमी हुनु, सहकारी क्षेत्र अन्तर्गत आयआर्जन तथा रोजगारीका अवसरहरू वारे सम्भाव्यता तथा अध्ययन विश्लेषण नहुनु, वित्तीय सेवाका निमित्त आवश्यक इन्टरनेट सुविधाको कमी, सञ्चालनमा रहेका वचत तथा ऋण लगायतका सहकारी संस्थाहरूको कारोवार क्षमता सीमित हुनु, आदि यस क्षेत्रका प्रमुख समस्याहरू हुन ।

सरहकारी संस्थाहरुले सहकारीको मूल्यमान्यता आदर्श र सिद्धान्त अनुरुप प्रभावकारी रुपमा संचालन हुन नसकेको देखिनु, सहकारी संस्था व्यावसायिक, उत्पादनमूलक र रोजगारीमूलक भन्दा बचत तथा ऋण परिचालनको कारोबारमा मात्र केन्द्रित हुनु सहकारीका मुख्य समस्याहरु हुन् । सहकारी संस्थाहरूलाई उत्पादनशील क्षेत्रमा लगानी प्रवर्द्धन गर्नु, बैंकिङ्ग तथा वित्तीय सेवा विस्तार गर्नु, सहकारीको प्रतिस्पर्धात्मक क्षमता बढाउनु, सहकारी शिक्षा प्रदान गर्नु र सहकारी क्षेत्रले सार्वजनिक क्षेत्र र निजी क्षेत्र सँग सहकार्य बढाउनु यस क्षेत्रका प्रमुख चुनौतिहरू हुन ।

भोगोलिक विकटता हुनु, खेतीयोग्य जमिनको कम उपलब्धता, अव्यवस्थित बस्ती र भूउपयोग गुरु योजना नहुनु, समथल जग्गाको तुलनामा भिरालो जमीन तथा नाङगा डाँडापाखा अधिक हुनु जस्ता भूमि सम्बन्धी समस्याहरु रहेका छन् । तसर्थ भूमि व्यवस्थापन सम्बन्धी अधिकार तीनै तहका सरकारको साझा अधिकारमा पर्नु, सबै राजनैतिक दलहरु वैज्ञानिक भूमि सुधार एवम् व्यवस्थापनमा प्रतिवद्ध रहनु आदि अवसरका रुपमा रहेका छन् ।

### ६.३. सोच

दिगो र वैज्ञानिक भूव्यवस्थापन र आर्थिक उन्नतिका लागि दिगो सहकारी विकास।

### ६.४. उद्देश्य

१. सहकारी क्षेत्रलाई सवल, प्रतिस्पर्धात्मक एवम् व्यवसायिक तुल्याई उत्पादनशील क्षेत्रमा लगानी परिचालन गर्नु।

२. वित्तीय तथा बैंकिङ्ग सेवाको पहुँच बढाउनु।

३. सङ्घीय सरकार र नेपाल राष्ट्र बैंकले प्रवर्द्धन गरेका सहुलियतपूर्ण कर्जा सुविधा र ब्याजदर अनुदानका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा सहयोग र सहजीकरण गर्नु।

४. स्थानीय पूँजीलाई एकीकृत गरी उत्पादनमूलक क्षेत्रमा लगानी गर्नमा सहकारी क्षेत्रको योगदान बढाउनु।

५. सहकारी संस्थाको क्षमता विकास र उत्पादनशील क्षेत्रमा परिचालन गर्नु।

६. जोखिम सम्वेदनशील भूउपयोगको गुरु योजना तयार गरी योजनावद्ध उपयोग गर्नु।

७. कृषि योग्य जमिनको दिगो भूव्यवस्थापन मार्फत उर्वराशक्ति वृद्धि गर्नु

### ६.५ रणनीति

१. सहकारी क्षेत्रलाई उत्पादनशील क्षेत्रमा क्रियाशिल तुल्याउने।

२. सहकारी तथा वित्तीय क्षेत्रमा सुशासन कायम गर्ने।

३. गाउँपालिकाको सबै बस्तीमा वित्तीय तथा बैंकिङ्ग सेवाको विस्तार गर्ने।

४. स्थानीय आर्थिक विकासको सहजकर्ताको रपमा सहकारी क्षेत्रको विकास र सुदृढीकरण गर्ने।

५. विषयगत वा बचत तथा ऋण सहकारी संस्थाहरुको व्यवस्थापकीय दक्षता अभिवृद्धि गर्ने।

६. सहकारीको पूँजी लगानीलाई व्यावसायिक कृषि, पर्यटन र उत्पादन तथा प्रशोधनको क्षेत्रमा परिचालन गर्न सहयोग गर्ने।

७. उपलव्ध भूमिको वैज्ञानिक वर्गीकरण तथा दिगो उपयोग गर्ने

### ६.५ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

गाउँपालिकाको वार्षिक विकास योजना र आयोजनाको संक्षिप्त विवरणमा उल्लेखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| सहकारीको नेतृत्वमा महिला सहभागिता | संख्या | ० | १५७ | २१० | ३५० | ४१० |
| वित्तीय सेवामा पहुँच वडाहरु | वटा | ३ | ३ | ५ | ८ | ९ |

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| सहकारीमा पहुँच भएका घरपरिवार (३० मिनेटको पैदल दूरीमा) | संख्या | ० | १५७ | २५० | ४५० | ५०० |
| सहकारी संस्था | वटा | २ | ५ | ७ | १० | १३ |
| सहकारी संस्थाको कुल सदस्यता | संख्या | ० | १५७ | २५० | ४५० | ५०० |
| प्रत्यक्ष रोजगारी | संख्या | ० | २५ | ३० | ४५ | ७५ |
| अप्रत्यक्ष रोजगारी | संख्या | ० | ५५ | ६० | ७५ | २५० |
| सहकारी संस्थाको शेयर पूँजी | रुपैया | ० | ६१६५००० | ७०५०००० | ७५०००० | ८००००० |
| सहकारी संस्थाको कुल बचत | रुपैया | ० | २२०५०० | २३५५०० | २५०००० | ३७५००० |
| सहकारीको कृषि क्षेत्रमा लगानी | रुपैया | ० | ० | ५४०००० | ७००००० | १५०००० |
| सहकारी संस्थाको ऋण लगानी | रुपैया | ० | ४५१००० | ५५०००० | ७४५००० | १२२०००० |
| सहकारी संस्थाको तालिम प्राप्त जनशक्ति | संख्या | ० | ० | ४५ | ५० | ७५ |
| सहकारी संस्थाको अनुगमन तथा नियमन | वटा | १ | १ | १ | १ | १ |

### ६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा उद्योग तथा व्यापार उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छ।

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ३३९३ | १०१८ | २३७५ | ० | ० | ३३९३ | ० | ० |
| २०८१/८२ | ३८७५ | ११६३ | २७१३ | ० | ० | ३८७५ | ० | ० |
| २०८२/८३ | ३९६४ | ११८९ | २७७५ | ० | ० | ३९६४ | ० | ० |

### ६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्धेश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ।

| क्र सं | कार्यक्रम वा आयोजना | उद्धेश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | बैंक तथा वित्तीय संस्था र सहकारी प्रवर्द्धन कार्यक्रम | सहकारी तथा वित्तीय संस्थाहरुको क्षमता अभिवृद्धिका साथै वित्तीष साक्षारता र नियमन। सहकारीहरुको दर्ता नविकरण र संस्थागत क्षमता विकास गर्नु। | सालवसाली | ७५० | सहकारी र वित्तीय संस्थाहरुको क्षमता अभिवृद्धि भएको र वित्तीय सेवामा सर्वसाधारणहरुको पहुँच वृद्धि भएको हुनेछ। |
| | **जम्मा** | | | | |

| क्र सं | उपक्षेत्र/कार्यक्रम/आयोजना | हालसम्मो प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आव २०८०८१मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| | **भूमि व्यवस्था, बैङ्क तथा वित्त सहकारी** | | | |
| १ | बैंक तथा वित्तीय संस्था र सहकारी प्रवर्द्धन कार्यक्रम | ५ वटा सहकारी दर्ता भई कार्यान्वयनमा रहेको। | सबै वडाहरुमा कम्तिमा एउटा सहकारी गठन भई मापद्धण्ड अनुसार नियमन भएको हुनेछ। साथै वित्तीय साक्षारता कक्षा संचालन भई वित्तीय पहुँच पुगेको हुनेछ। | सहकारी दर्ता/ नविकरण अभिमुखीकरण, अभिलेख व्यवस्थापन, बचत संरकलन र ऋण परिचालन, व्यवसायिक तालिम सञ्चालन।<br>वित्तीय साक्षारता कक्षा सञ्चालन। |

### ६.९ जोखिम पक्ष तथा अनुमान

पालिकावासीहरुमा वित्तीय सेवा विस्तार भएको हुनेछ। वित्तीय संस्थाहरु उत्पादनमूलक, व्यवसायमूलक कार्य तथा स्थानीय उत्पादनको बजारीकरण बढी क्रियाशील हुनेछन्। वित्तीय संस्थाहरुको खराब कर्जा बढ्न सक्ने जोखिम हुनेछ।

## ७ श्रम तथा रोजगारी र गरिबी निवारण

### ७.१ पृष्ठभूमि

प्रत्येक नागरिकलाई रोजगारीको प्रत्याभूति गर्न संविधानमा नै रोजगारीङ्को हकको व्यवस्था गरिएको छ। नेपालमा कुल जनसंख्याको करिब ३० प्रतिशत अर्धबेरोजगार र २.३ प्रतिशत पूर्ण बेरोजगार रहेको अवस्था छ। यस गाउँ पालिका क्षेत्रमा बेरोजगार जनसंख्या समेत धैरै रहेको छ। पालिकाभित्र पर्याप्त रोजगारीका अवसरहरु नभएकोले युवाहरु रोजगारीका लागि विदेशिनु परिहरको स्थिति छ। कृषि क्षेत्रमा अर्धबेरोजगारी अवस्था उच्च छ। गरिबी न्यूनीकरणको राष्ट्रिय लक्ष्य, पन्ध्रौं योजनाको उद्धेश्यहरु, विषयगत योजनाहरु तथा दिगो विकासको लक्ष्य नम्बर १ मा गरिबीको अन्त्य गर्ने उद्धेश्य अन्तर्गत सबै ठाउँबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने र लक्ष्य नम्बर ८ मा मर्यादित काम तथा आर्थिक वृद्धि गर्ने लक्ष्य अन्तर्गत भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण रउत्पादनमूलक रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने लक्ष्य रहेको छ।

संविधान प्रदत्त रोजगारीको मौलिक हकको कार्यान्वयन तथा दिगो विकासका लक्ष्य प्राप्त गर्न रोजगारीको हक सम्बन्धी ऐन २०७५ जारी भएको छ। रोजगारीको हक सम्बन्धी प्रत्येक ऐनले प्रत्येक नागरिकलाई रोजगारीको हक सुनिश्चित गरेको छ। यसैगरी क्षमता अनुसारको रोजगारी छनौट गर्ने, अवसर प्रदान गर्न तथा रोजगारीङ्को शर्त अवस्था तथा बेरोजगार सहायताका बारेमा समेत स्पष्ट रुपमा व्यवस्था गरेको छ। ऐनले खास वर्ग तथा समुदायको धर्म, लिङ्ग, वर्ण, जातजाति, भाषा र क्षेत्र आदिको आधारमा भेदभाव गर्न नपाइने व्यवस्था छ। प्रत्येक नागरिकको अधिकारलाई सुनिश्चित गरेको छ।

नेपालमा गरिबी निवारणलाई विगत केही दशकदेखि प्राथमिकतामा राखिँदै आएको छ। गाउँपालिकामा संचालित कार्यक्रमहरु पनि प्रत्यक्ष वा परोक्ष रुपमा गरिबी निवारणतर्फ केन्द्रित नै रहेका छन्। गरिबी निवारण विषय अन्तरसम्बन्धित विषय भएकोले पालिका

भित्रका सरकारी, सहकारी, सामुदायिक, निजी र गैर सरकारी क्षत्रे इवम् विकास साझेदारहरुको एकीकृत र समन्वयकारी भूमिका आवश्यक हुन्छ ।

नेपालमा योजनावद्ध विकासको शुरुवात भएको करिब छ दशक भएको छ । योजनावद्ध विकासको अभ्यासको क्रममा नवौं योजनादेखि गरिबी निवारणलाई एमकात्र मूल उद्धेश्यको रुपमा राखिएको छ । यस बीचमा गरिबी न्यूनीकरणको दिशामा उल्लेख्य प्रगति पनि भएको छ । यद्यपि गरिबीको अवस्था अझै पनि विशेष प्राथमिकतामा राखी सम्वोधन गर्नुपर्ने अवस्थाको रुपमा नै रहेको छ । विशेष गरी महिला, आदिवासी तथा दुर्गम ग्रामीण क्षेत्रमा बस्ने आमनागरिकहरुमा गरिबीको गहनता बढी रहेको छ । विशेष क्षेत्र, भूगोल र समुहमा बहुआयमिक गरिबी उच्च छ । गरिबी निवाररणका प्रयासहरुमा यिनको अर्थपूर्ण सहभागिता आजको टड्कारो आवश्यकता देखिन्छ । यसर्थ, गरिबी न्यूनीकरण प्रयासलाई निरन्तरता दिदै गरिब र धनीबीचको हसमानता घटाउनु र आर्थिक समृद्धि प्राप्त गर्नु आजको आश्यकता हो ।

### ७.२ समस्या तथा चुनौति

श्रम, सीप र उत्पादनबीच तादाम्यता कायम हुन नसक्नु, श्रमप्रतिको सम्मान नहुनु, कृषिमा काम गर्ने श्रमिकलमई समाजले हेर्ने नकारात्मक सोंच, हेपिएको कृषि व्यवसाय, उद्यमशीलताको विकास हुन नसक्नु, वैदेशिक रोजगारीको मोह बढेर जानु, वैदेशिक रोजगारीबाट प्राप्त सीप, ज्ञान, पूँजी र प्रविधिको उत्पादनमूलक क्षेत्रमा प्रयोग गर्न नसक्नु, श्रमशक्तिको माग र आपूर्तिबीचको अन्तर, बढ्दो बेरोजगारी, न्यून ज्याला दर, सीव तथा उद्यमशीलता विकासका सीमित प्रयासहरु, व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी स्पष्ट मापदण्ड नहुनु, शैक्षिक संस्थाबाट उपलब्ध जनशक्ति र बजारमा उपलब्ध रोजगारीबीच तालमेल नहुनु, निकृष्ट प्रकृतिका बालश्रम उन्मूलन हुन नसक्नु, वैदेशिक रोजगारीमा विभिन्न प्रकारका ठगी, समाजिक सम्वाद तथा सामुहिक सौदाबाजीमा राजनीतिक प्रभाव, रोजगार सूचना केन्द्रको सुदृढीकरण नहुनु आदि समस्याहरु हुन् ।

यस गाउँपालिका क्षेत्रका युवाहरुमा पनि अन्तरदेशीय तथा वाह्य क्षेत्रको रोजगारीमा आकर्षण क्रमशः बढ्दै गइरहेको छ । युवा जनशक्ति विदेश पलायन हुने र स्थानीय उद्योग व्यवसाय अन्यत्रका श्रमिकमा भर पर्नुपर्ने विडम्बनापूर्ण अवस्था यहाँ रहेको छ । वास्तविक गरिब घरधुरी पहिचान गरी गरिब लक्षित कार्यक्रम सञ्चालन गर्न नसक्नु, गरिबी निवारणसँग सम्बन्धित कार्यक्रमहरुबीच प्रभावकारी समन्वय हुनु नसक्नु, स्वरोजगार प्रवर्द्धन गर्ने जस्ता विषयहरु चुनौतिका रुपमा रहेका छन् । विकास निर्माण कार्यमा मागअनुसार दक्ष श्रमिक स्थानीय बजारमा उपलब्ध नहुँदा बाह्यय जिल्लाको कामदारमा भर पर्ने अवस्था रहेको छ । दक्ष जनशक्ति विकासका लागि रोजगारमूलक तालिम र नयाँ प्रविधिको अनुकूल हुने गरी क्षमता विकासका अवसरहरुमा कमी रहेको छ ।

### ७.३ सोच

**श्रम तथा रोजगार**

मानवोधित जीवनयापनका लागि मर्यादित र उत्पादनमूलक रोजगारीका अवसरहरुको सिर्जना

**गरिबी निवारण**

“गरिबमुक्त पालिका हाम्रो अठोट-रोजगारीमा बृद्धि र आर्थिक समृद्धि सामाजिक बनौट ”

### ७.४ उद्देश्य

१. युवा जनशक्तिलाई बजार माग अनुरूपका सीपमा आधारभूत तालिम र क्षमता विकास गर्नु।

२. सरोकारवालासँगको सहकार्यमा स्थानीय श्रम बजारमा आवश्यक सीप, दक्षताको सम्बन्धी अध्ययन तथा श्रम बजारको व्यवस्थापन गर्नु।

३. पालिका क्षेत्र भित्र मर्यादित रोजगारीका अवसरहरु सृजना गर्दै बेरोजगारी न्यूनीकरण गर्ने।

४. पालिका क्षेत्रभित्र बालश्रम लगायत सबै प्रकारका श्रम शोषण अन्थ्य गर्ने।

५. गरिबी निवारणसँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्ने

६. गरिब वर्ग लक्षित सीप विकास तथा रोजगारी सिर्जना गर्ने

### ७. ५ रणनीति

१. स्थानीय श्रम बजारलाई मर्यादित र दिगो बनाउन नीतिगत र संस्थागत सुधार गर्ने।

२. स्थानीय युवाहरूलाई श्रम बजारमा आकर्षित गर्न क्षमता विकास र जागरण अभियान सञ्चालन गर्ने।

३. स्थानीय क्षेत्रमा कार्यरत श्रमिकहरूको विस्तृत विवरण सहितको लगत तयार गरी नियमित अद्यावधिक गर्ने।

४. सबै प्रकारका बालश्रम उन्मूलन गर्ने।

५. लगानीमैत्री वातावरण सिर्जना गरी पालिका क्षेत्रभित्र पर्याप्त र मर्यादित रोजगारी एवम् स्वरोजगारीका अवसर सिर्जना गर्ने।

६. सीप तथा व्यावसायिक तालिको व्यवस्था गर्ने।

७. श्रमिकहरुको हक अधिकारको संरक्षण तथा असल श्रम सम्बन्ध स्थापना गर्ने।

८. महिलाको रोजगारीलाई सुरक्षित र व्यवस्थित बनाउने।

९. महिलाको रोजगारीलाई सुरक्षित र व्यवस्थित बनाउने

१०. उत्पादमूलक रोजगारी तथा अवसरहरुको विकास गर्ने

११. क्षमता विकास, उत्पादकत्व वृद्धि, न्यायोचित वितरण र समतामूलक विकासमा जोड दिने

**१२.** पहिचान भएका गरिब लक्षित गरिबी निवारण योजना, कार्यक्रम तथा परियोजना तर्जुमा एवम् कार्यान्वयन गर्ने

### ७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

गाउँपालिकाको वार्षिक विकास योजना र आयोजनाको संक्षिप्त विवरणमा उल्लेखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | ०७८/७९ सम्मको उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजना | संख्या | १२ | २५ | २० | २० | २५ |
| स्थानीय पूर्वाधार सहयोग कार्यक्रम | दिन | ० | ३९९० | ४५० | ५०० | ६५० |
| युवा जनशक्तिको सीप अभिवृद्धि | जना | ० | ० | १०० | १५० | १५० |
| गरिब घर परिवार पहिचान | संख्या | ० | ५०० | ५५० | ५०० | ५०० |
| कार्यक्रमबाट सिर्जित रोजगारी | कार्य दिन | ० | ४५९८ | ५५७५ | ६५०० | ६५०० |

### ७.६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा उद्योग तथा व्यापार उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छ।

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | २०४७ | ४०९ | १६३८ | ० | ० | २०४७ | ० | ० |
| २०८१/८२ | २३३८ | ४६८ | १८७० | ० | ० | २३३८ | ० | ० |
| २०८२/८३ | २३९२ | ४७८ | १९१३ | ० | ० | २३९२ | ० | ० |

### ७.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्धेश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ।

| **क्र सं** | **कार्यक्रम वा आयोजना** | **उद्धेश्य** | **अवधि (शुरु र समाप्ति)** | **कुल लागत (रु. हजारमा)** | **अपेक्षित नतिजा** |
|---|---|---|---|---|---|
| | **श्रम तथा रोजगारी** | | | | |
| १ | प्रधानमन्त्री रोगजार कार्यक्रम | बेरोजगारलाई मौसमी रोजगार प्रदान गर्नु | सालवसाली | ६८६१ | जम्मा २२० जनाले न्यून आय भएका विपन्न व्यक्तिहरुलाई १०० दिनको रोजगार प्राप्त गरेका हुनेछन्। |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | मुख्यमन्त्री रोगजार कार्यक्रम | रोजगार सिर्जना गरी युवाहरुको आय आर्जनमा सुधार गर्नु | सालवसाली | १०२२ | जम्मा २२० जनाले न्यून आय भएका विपन्न व्यक्तिहरुलाई १०० दिनको रोजगार प्राप्त गरेका हुनेछन्। |
| ३ | स्थानीय पूर्वाधार सहयोग कार्यक्रम | स्थानीय स्तरमा रोजगार सिर्जना गरी आयमा वृद्धि गर्नु | सालवसाली | १५१०० | ३९९८ दिन रोजगारी प्राप्त गर्ने छन्। |
| ४ | रोगजार सेवा केन्द्रको रणनीतिक योजना एवम् अन्य सालवसाली कार्यक्रम | रोगजार सेवा केन्देरको रणनीतिक योजना एवम् अन्य सालवसाली कार्यक्रम सञ्चालन गर्नु | सालवसाली | ५०० | रोजगार सेवा केन्द्रको रणनीतिक योजना एम् अन्य कार्यक्रम संचालन हुनेछन्। |
| ५ | गरिबी निवारण सम्बन्धी सालवसाली कार्यक्रम | गरिबी न्यूनीकरणमा टेवा पुर्याउनु | सालवसाली | ३२०० | गरिबी निवारणको राष्ट्रिय लक्ष्यमा सहयोग पुग्नेछ। |
| | जम्मा | | | **२६६८३** | |

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ. व. २०८०/८१ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | रोजगारी तथा गरिबी निवारण सम्बन्धी कार्यक्रम | बेरोजारहरुको नियमित तथ्यांक संकलन एवम् न्यूनतम १०० दिनको रोजगारी प्रदान र बेरोजार युवाहरुलाई रोझगारी प्रदान | बेरोजगार युवाहरुले रोजगार प्राप्त गरी युवाहरुको विदेशमा जाने संख्यामा कमी आउने। | बेरोजगारहरुको एकिन तथ्यांक संकलन र बेरोजगार घरधुरी पहिचान, जलवायु उत्थानशील, वातावरणमैत्री र रोजगार सिर्जना गर्ने आयोजनाहरुको छनौट र सञ्चालन |

### ७.८ जोखिम पक्ष तथा अनुमान

यस गाउँपालिका ले रोजगारी सम्बन्धी व्यवहारिक नीति तथा कार्यक्रम तर्जुमा गरेको हुनेछ। अनौपचारिक क्षेत्रको रोजगारको स्वरुप परिवर्तन हुदै जाने भएकोले तयार भएका दक्ष श्रमले बजार नपाउने जोखिम रहन सक्नेछ। गरिबी निवारण सम्बन्धी व्यवहारिक नीति तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयन हुनेछ। नगरपालिका मा गरिबी निवारण सम्वन्धी अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना तर्जुमा हुनेछ। गरिबी निवारण नीति तथा कार्यक्रममा निरन्तरता नभएमा यसबाट अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहेको छ।

गरिबी निवारण अन्तरसम्बन्धित विषयक्षेत्र भएकोले सबै सरोकारवालाहरु बीच प्रभावकारी समन्वय हुनेछ। वास्तविक गरिबलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्न नसकेमा र गरिबी निवारणसँग सम्बन्धित कार्यक्रमहरुबीच प्रभावकारी समन्वय हुन नसकेमा लक्ष्य प्राप्ति हुन नसक्ने जोखिम रहन्छ। गरिबी निवारण सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयन हुनेछ। गाउँपालिकामा

गरिबी निवारण सम्बन्धी अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना तर्जुमा हुनेछ । गरिबी निवारण नीति तथा योजना तर्जुमा गरी कार्यक्रममा निरन्तरता नभएमा यसबाट अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहेको छ ।

**परिच्छेद-चार**

**सामाजिक क्षेत्र**

## ४. सामाजिक विकास

यस परिच्छेदमा स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई, महिला, बालबालिका र सामाजिक समावेशीकरण, युवा तथा खेलकुद जस्ता उपक्षेत्रहरु समेटिएका छन् । प्रत्येक खण्डमा पृष्ठभूमि, सम
स्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

### ४ १. शिक्षा, कला, भाषा तथा संस्कृति

### ४.१.१ पृष्ठभुमि

नेपालको संविधानले आधारभूत शिक्षा अनिवार्य र माध्यमकि तहसम्मको शिक्षा निःशुल्क पाउने हकको प्रत्याभूत गरको छ । शिक्षा विना दिगो विकास, शान्ति र समृद्धि सम्भव हुँदैन् । यस शे-फोक्सुण्डो गाउँपालिकामा जम्मा १२ वटा विद्यालयहरु रहेका छन् जसमा प्रारम्भिक बाल विकास केन्द्र ७, कक्षा १-३ सञ्चालित विद्यालय १२, कक्षा १-५ सञ्चालित ७, कक्षा १-८ सञ्चालित ४ र कक्षा १० सम्म अध्ययन हुने एउटा मात्र विद्यालय रहेको छ । शिक्षा नै मानव संशाधन विकासको आधार स्तम्भ हो । संविधानले शिक्षा सम्बन्धी हकको व्यवस्था गरी आधारभूत शिक्षालाई निशुल्क र अनिवार्य तथा माध्यमिक शिक्षालाई निशुल्क हुने व्यवस्था गरी स्थानीय तहको एकल अधिकार क्षेत्रमा समावेश गरेको छ । सामुदायिक विद्यालयहरुको गणुस्तर सुधार गरी शिक्षा क्षेत्रबाट उत्पादित जनशक्ति राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा प्रतिस्पर्धी बनाउनु आजको आवश्यकता हो । व्यावसायिक शिक्षामा जोड दिई शैक्षिक बेरोजगार उत्पादन हुने वर्तमान समस्यालाई सामाधान गर्नुपर्ने देखिन्छ । गाउँपालिकामा हाल रहेका विद्यालयहरुमा पर्याप्त भौतिक पुर्वाधार भए पनि शिक्षकहरुको संख्यामा कमी, विद्यार्थीहरुको सामुदायिक विद्यालय छोड्ने दरमा बृद्धि लगायतका समस्या रहेको देखिन्छ ।

यस गाउँपालिका अन्य पालिकाभन्दा भाषा, धर्म, कला र सांस्कृतिक समपदाको हिसाबले निकै धनी रहेको छ । विभिन्न ऐतिहासिक गुम्बा, संस्कृति र परम्पराहरुले विशिष्ट पहिचान बनाएका छन् । मौलिक भाषा, धर्म सांस्कृतिक र ऐतिहासिक, पुरातात्विक मुर्त अमुर्त सम्पदाहरुले सामाजिक सद्भाव, सहिष्णुता र पर्यापर्यटनको प्रचुरता कायम गरेको हुनाले यिनीहरुको उचित विकास र संरक्षण गर्नुपर्ने आवश्यता रहेको छ ।

गाउँपालिकामा बर्षैभरि लाग्ने पर्व र मेला यहाँका विशिष्ट पहिचान हुन । गाउँपालिकाको विभिन्न वडा तथा गाउँहरुमा बर्षै भरी कुनै न कुनै मेला पर्व लागि रहेको हुन्छ । परम्परागत रुपमा यहाको समुदायले मान्ने गरेका गुम्बा पुजाहरु पर्वहरु, बाह्र वर्षमा मनाउने बाह्र

बर्षे शे मेला लगायत बर्षै भरि मेला र पर्वहरु मनाउने यहाँको प्रचलन रहेको छ । मेलापर्वबाट यहाँको मौलिक संस्कृति नयाँ पुस्ताहरुमा हस्तान्तरण भैरहेको छ भने अर्कोतिर यसबाट पर्यटन प्रबर्धनमा निकै ठुलो टेवा पुग्ने देखिन्छ । गाउँमा रहेका परम्परागत घरायसी सामग्री, परम्परागत कृषि औजारहरु लगायत दैनिक प्रयोगमा आउने सामाग्रीहरुको संरक्षण गरी यहाँको पर्वहरुको संरक्षण गर्नु पर्ने देखिन्छ । जसको लागि गाउँपालिकाले सांस्कृतिक संग्रहालय निर्माण गर्ने क्रममा रहेको छ भने डोल्पो भोटे जातिको संस्कृतिलाई जगेर्ना गर्न र प्रचार प्रसार गर्न आवश्यक लगानी थप्नुपर्ने देखिन्छ ।

### ४.१.२ समस्या तथा चनुौति

विद्यालयका भौतिक पूर्वाधार कमजोर हुनु, अपाङ्ग मैत्री पूर्वाधार नहुनु, गुणस्तरीय शिक्षामा पहुँचमा कमी, प्राविधिक विद्यालय नहुनु, लक्षित समुहका बालबालिकाको विशेष शिक्षामा पहुँचको कमी, विद्यालयमा शैक्षिक सामग्रीको कमी, वाल विकास केन्द्र व्यबस्थीत नहुनु, शिक्षकहरूमा पेशागत दक्षतामा कमी हुनु, गणित, विज्ञान तथा अंग्रेजी शिक्षकको कमी, शिक्षक तालिमको कमी, शिक्षकहरूको स्थायीत्व फेरवदल भई रहने नहुनु), मातृ भाषामा शिक्षा नहुनु, छात्रा एवं अपाङ्गता मैत्री शौचालय न्यून हुनु यस क्षेत्रका प्रमुख समस्याको रुपमा रहेका छन ।

समावेशी र गुणस्तरिय शिक्षाको पहुँचको सुनिश्चितता, कक्षा छाड्ने र दोहोर्‍याउने दर घटाउनु, प्राविधिक शिक्षा र विशेष शिक्षाको पहुँच बढाउनु, शैक्षिक पूर्वाधारको विकास, शिक्षण र सिकाई दरमा सुधार गर्नु, विषयगत शिक्षकलाई पुर्नताजगी तालिम प्रदान गर्नु, गुणस्तरीय र प्रतिस्पर्धात्मक शिक्षाको उपलब्धता बढाउनु, दरबन्दी अनुशासार शिक्षक पदपूर्ति गर्नु, स्थानीय स्तरमा नै गुणस्तरीय शिक्षाको अवसर बढाउनु, आदि यस क्षेत्रका प्रमुख समस्या हुन् । मापद्धण्ड अनुसारको विद्यालयको खेलमैदान, विज्ञान प्रयोगशाला, विषयगत शिक्षकहरुको व्यवस्था नहुनु पनि प्रमुख समस्याहरुको रुपमा रही आएको छ । . स्थानीय पाठ्यक्रम निर्माण गरी स्थानीय प्रविधिमैत्री शिक्षा प्रदान गर्न । शिक्षक, विद्यार्थी र अभिभावकको त्रिपक्षिय सम्बन्ध स्थापित गरी समग्र शैक्षिक वातावरण तयार गरी शैक्षिक गणुस्तर वृद्धि गर्नु, विद्यालयको विकासमा समुदायको चासो, सजकताको विकास गर्नु जस्ता थप समस्याहरु रहेको पाइन्छ । शैक्षिक सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, विद्यालयमा भौतिक पूर्वाधार सहितको उत्कृष्ट सिकाइ वातावरणको विकास गर्नु, शिक्षण सिकाइ विधि र पद्धतिलाई व्यवहारिक, बालमैत्री एवम् प्रविधिमा आधारित बनाउनु, विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालय भर्ना गरी टिकाउ दरमा वृद्धि गर्नु, कक्षा छाड्ने दर शून्यमा झारी अपेक्षित उपलब्धि दर हाँसिल गर्नु, प्राविधिक तथा व्यावसायिक तालिमको विकासको लागि भौतिक पूर्वाधार र प्राविधिक जनशक्तिको उपलब्धता र स्रोतको व्यवस्थापन, शिक्षक ज्ञान र सीप कक्षाकोठामा पुर्याई सिकाइ उपलब्धि दरमा वृद्धि गर्नु प्रमुख चुनौतिको रुपमा रहेका छन् ।
त्यस्तै विद्यमान ऐतिशासिक सांस्कैतिक सम्पदाहरुको अभिलेखीकरण हुन नसक्नु, सांस्कृतिक सम्पदाहरुको व्यवस्थापन सम्बन्धी नीति तथा कानुनको अभाव र भाषा, कला, धर्म संस्कृतिको संरक्षण, सम्वर्द्धन र प्रचारप्रसारको विषय प्रमुख प्राथमिकतामा नपर्नु,

युवाहरु विदेश पलायन हुनु वा गाउँ नफर्किनु, युवा जनसङ्ख्या सम्बन्धी तथ्याङकीय आधार नहुनु, युवा उद्यमशिलता विकास रोजगारका अवसर सीमित हुनु, विभेद, विभेद कुरिति र अन्धविश्वासजन्य चिन्तन तथा अभ्यास समाजमा विद्यमान रहनु आदि युवा विकासका प्रमुख समस्या हुन् ।

### ४.१.३ सोच

गुणस्तरीय र प्रविधिमा आधारित शिक्षाको विकास, समृद्ध शे-फोक्सुण्डो गाउँपालिकाको आधार ।

भाषा, कला र संस्कृति- ऐतिहासिक धार्मिक र सांस्कृतिक सम्पदा, विविधतामा एकता हामी सबैको प्रतिवघता

### ४.१.४ उद्देश्य

१. प्रारम्भिक बाल कक्षामा भर्ना गर्ने सबै बालबालिकाहरुलाई प्रारम्भिक बाल कक्षामा भर्ना गर्ने वातावरण तयार गरी बाल शिक्षाको अनुभवसहित आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गरी बाल विकास वा विद्यालय भयरहित र अपाङमैत्री बनाउनु ।

२. विद्यालय तहमा अध्ययन गर्ने उमेर समुहका सबै बालबालिकाहरुको विद्यालयमा सहज पहुँच र उनीहरुलाई प्रदान गरिने शिक्षामा गुणस्तर कायम गर्नु ।

३. शिक्षाको विकास र सुशासनको संस्थागत क्षमता अभिवृद्धि गर्नु ।

४. गुणस्तरीय शिक्षामा समतामूलक पहुँच स्थापित गर्नु ।

५. विद्यालयको क्षमता मापन गरी सेवाक्षेत्र सुनिश्चित गर्नु

६. अनौपचारिक शिक्षाको प्रवर्द्धन गरी पूर्ण साक्षर पालिका घोषणा गर्नु ।

७. शिक्षाको लागि आवश्यक भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्नु ।

८. प्राविधिक शिक्षालाई सर्वसुलभ वनाई मध्यम तहको प्राविधिक जनशक्ति उत्पादन गर्नु ।

९. कक्षागत ज्ञान र सीपलाई उद्यमशिलता तथा र श्रम बजारसँग जोडी रोजगारी सिर्जना गर्नु ।

१०. सांस्कृतिक सम्पदा, भाषा, साहित्य कला र संस्कृतिको उचित संरक्षण गर्दै सामाजिक सांस्कृतिक एकता अभिवृद्धि गर्नु

११. युवालाई आत्मनिर्भर, स्वावलम्बी र चरित्रवान बनाउनु

१२. युवालाई उद्यमशीलता, रोजगार र स्वरोजगार बनाउनु

१३. शासकीय प्रक्रिया एवम् सामाजिक, सास्कृतिक र आर्थिक रुपान्तरणमा युवाको सार्थक सहभागिता अभिवृद्धि गर्नु

### ४.१.५ रणनीति

१. आधारभूत सुविधा सहितको शैक्षिक पूर्वाधारको विकास गर्ने ।

२. शिक्षामा समतामूलक पहुँच स्थापित गर्ने ।

३. शिक्षण सिकाई दर बढाउने।

४. प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास र विस्तार गर्ने।

५. अनौपचारिक शिक्षा तथा जीवनोपयोगी शिक्षाको विस्तार गर्ने।

६. पूर्ण साक्षर गाउँपालिका घोषणाका लागि अनौपचारिक शिक्षाको प्रवर्द्धन गर्ने।

७. विद्यालय शिक्षामा समावेशी र समतामूलक पहुँच विस्तारका कार्यक्रम कार्यान्वयन गर्ने।

८. बाल विकास र सामुदायिक विद्यालय प्रतिको अभिभावकको आर्कषण वृद्धि गर्न भयरहित र प्रभावकारी शिक्षण सिकाइ वातावरणका लागि बालमैत्री र अपाङमैत्री पूर्वाधार व्यवस्था र आधुनिक शिक्षण पद्धति कार्यान्वयन गर्ने।

९. सामाजिक सांस्कृतिक र धार्मिक धरोहरहरुको संरक्षण र प्रवर्द्धन गर्ने।

१०. भाषा कला साहित्य आदि क्षेत्रसँग सम्बद्ध संस्थाहरुबीच समन्वय र सहकार्य गर्ने

११. धार्मिक र पुरातात्विक सम्पदाहरुको संरक्षण सम्वर्द्धन र प्रचारप्रसार गर्ने

### ४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

गाउँपालिकाको वार्षिक विकास योजना र आयोजनाको संक्षिप्त विवरणमा उल्लेखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | ०७८/७९ सम्मको उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| पूर्व प्राथमिक तहको खुद भर्ना दर | प्रतिशत | ६३.४७ | ६५ | ७० | ७५ | ८५ |
| प्राथमिक तह खुद भर्ना (कक्षा १-५) | प्रतिशत | ९७ | ९८ | १०० | १०० | १०० |
| आधारभूत तह (कक्षा ६-८) | प्रतिशत | ९८ | ९८ | ९९ | १०० | १०० |
| माध्यमिक तहमा खुद भर्नादर (९ देखि १०) | प्रतिशत | ७३ | ७५ | ८० | ८५ | ९० |
| महिला साक्षरता दर | प्रतिशत | ४० | ४० | ५५ | ७५ | ९० |
| पुरुष साक्षरता दर | प्रतिशत | ५० | ५० | ६५ | ७५ | ९० |
| जम्मा साक्षरता दर | प्रतिशत | ४५ | ४५ | ५५ | ७५ | ९० |
| विद्युतमा पहुँच भएका विद्यालयहरू | प्रतिशत | ७ | ७ | ८ | १० | १२ |
| इन्टरनेटमा पहुँच विद्यालयहरू | वटा | १ | १ | ३ | ५ | ५ |
| अपांगमैत्री विद्यालयहरू | प्रतिशत | ० | ० | १ | २ | ३ |
| प्राविधिक धार भएका विद्यालयको संख्या | संख्या | ० | ० | ० | १ | १ |

### ४.१.७ विषय उपक्षत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा उद्योग तथा व्यापार उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छ।

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १०७६०० | ९१४६० | १६१४० | ० | ० | १०६७६८ | ८३२ | ० |
| २०८१/८२ | १२२८८९ | १०४४५६ | १८४३३ | ० | ० | १२२०९८ | ७९१ | ० |
| २०८२/८३ | १२५७१७ | १०६८५९ | १८८५८ | ० | ० | १२४८४७ | ८७० | ० |

**४.१.८ कार्यक्रम वा आयोजनाको संक्षिप्त विवरण**

कार्यक्रम तथा आयोजनाको उद्धेश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ।

| क्र सं | कार्यक्रम वा आयोजना | उद्धेश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | **शिक्षा, कला, भाषा तथा साहित्य** | | | | |
| १ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | भौतिक पूर्वाधार र प्रविधिको विकास मार्फत गुणस्तरीय शिक्षा प्राप्त गर्नु। | सालबसाली | ८२५० | थप कक्षा कोठा र प्रविधिका सागग्रीह्रुको निर्माण भई गुणस्तरी सेवा प्रवाहमा सहजता भएको हुनेछ। |
| २ | प्रारम्भिक बालविकास तहदेखि माध्यमिक तहसम्मको सम्पूर्ण शैक्षिक कार्यक्रम | आधारभुत र माध्यमिक तहको शिक्षामा विद्यार्थीहरुको सिकाइ सक्षमता हासिल गर्नु। | सालबसाली | ९७०० | आधारभूत र माध्यमिक तहसम्मको शैक्षिक पहुँच र गुणस्तरमा सुधार एवम् वृद्धि भएको हुनेछ। |
| | | **जम्मा** | | **१७९५०** | |

| क्र. सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ. व. २०८०/८१ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | विद्यालयका भौतिक संरचना र ICT मैत्री विद्यालयहरु निर्माण भएको। | प्रविधिमा आधारित गुणस्तरी शिक्षा उपलब्ध भएको हुनेछ। | विद्यालयका कक्षाकोठा शौचालय गतित र विज्ञान प्रयोगशाला निर्माण । डिजिटल विद्यालयका लागि कम्प्युर ल्यापटप प्रोजेक्टर र डिजिटल बोर्ड स्थापना। |
| २ | प्रारम्भिक बालविकास तहदेखि माध्यमिक तहसम्मको सम्पूर्ण शैक्षिक कार्यक्रम | पालिकाले शिक्षा ऐन र नियमावली तयार गरी आवधिक शिक्षा योजना तयार गरी लागु गरेको। | गुणस्तरीय र प्रतिस्पर्धी शिक्षा प्राप्त हुनेछ। | शिक्षक तालिम छात्रवृत्ति वितरण पाठ्यपुस्तक वितरण, दिगवा खाजा कार्यक्रम, परीक्षा सञ्चालन, अनुगमन सुपरीवेक्षण लगायत संस्थागत क्षमता विकास |

#### ४.१.९ अनुमान तथा जोखिम

पालिकाबाट शिक्षा ऐन तथा नियमावली जारी एवम् समयानुकूल परिमार्जन भएको हुनेछ । शैक्षिक क्षेत्रमा पर्याप्त पूर्वाधार विकास, आवश्यक जनशक्ति व्यवस्था, क्षमता विकासका अवसरमा बृद्धि र नवीनतम प्रविधिको उपयोग भएको हुनेछ । शैक्षिक क्षेत्रमा लगानीको मात्रा प्रयाप्त बढाउनु पर्ने भएकोले राजनीतिक प्रतिवद्धता तथा यथेष्ट बजेट अभाव हुन सक्ने जोखिम देखिन्छ ।

## ४.२ स्वास्थ्य र पोषण

### ४.२.१ पृष्ठभूमि

नेपालको संविधानकोको भाग ३ धारा ३५ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मित सेवाबाट बञ्चि गरिने छैन, प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने र नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँच हुनेछ भन्ने मौलिक हकको व्यवस्था गरेको छ । त्यस्तै संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकारको सूचीमा आधारभूत स्वास्थ्य र सरसफाइको व्यवस्था गरिएको छ । आधारभूत शिक्षा र स्वास्थ्य स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने गरी संविधानमा प्रत्याभूत गरिएको छ । यस शे-फोक्सुण्डो गाउँपालिकामा स्वास्थ्य शाखा सहित वडा नं ३ ८ र ५ मा स्वास्थ्य चौकीहरुका अलावा प्रत्येक वडामा आधारभुत स्वास्थ्य केन्द्रहरुको व्यवस्था रहेको छ । नेपाल सरकारको स्थानिय तहमा एक एक वटा अस्पताल निर्माण गर्ने घोषित नीति रहेको छ । सोहि नीति अनुरुप ५ शैया अस्पतालका लागि जग्गा प्राप्ती लगायतको प्रक्रिया अघि बढि सकेको छ । बाल मृत्यूदर, मातृ मृत्युदर घटाई बेला बेलामा हुने महामारीहरुको नियन्त्रण गर्नु आजको आवश्यकता हो ।

यस पालिकामा स्वास्थ्य क्षेत्रमा गरिएको लगानी र व्यवस्थापनबाट न्यूनतम् स्वास्थ्य सेवा सुविधाहरु उपलब्ध भएता पनि विशाल भौगोलिक विकट्ताले गर्दा बहुसंख्यक जनता अझै पनि आधारभूत स्वास्थ्य सेवाको पहुँचबाट टाठा रहेका छन् । गाउँपालिकाको केही स्वास्थ्य संस्थाहरुमा विभिन्न व्यक्ति गैरसरकारी संघसंस्थाहरुको सेवा विस्तार तथा सुदृढीकरणका लागि सहयोग प्रदान भइरहेको छ । हाल संस्थागत रुपमा महिला सशक्तीकरण केन्द्र डोल्पाको सहजीकरण र वन हर्ट वर्ल्डवाइडको वित्तीय सहयोगमा यस गाउँपालिकामा मातृ तथा नवजात शिशु स्वास्थ्य सेवा सुदृढीकरण परियोजना सञ्चालन भइरहेको छ । तसर्थ, २०८० साल असार ५ गते पालिकालाई पूर्ण खोपयुक्त र दिगो व्यवस्थापन सम्बन्धी घोषणा कार्य पनि सम्पन्न भएको छ ।

### ४.२.२ चुनौति तथा अवसर

सबै स्वास्थ्य संस्थामा प्रसुति केन्द्र (birthing center) को अभावले प्रसुति सेवामा कठिनाई, सरुवा रोगको प्रकोप बढ्दै जानु, खोप कार्यक्रम प्रभावकारी नहुनु, अस्पतालको अभावले रोग निदानमा समस्या, पाठेघरजन्य समस्या, सरकारी स्वास्थ्य संस्थामा आवश्यकता अनुसारको उपकरण र विशेषज्ञ चिकित्सकको अभाव, निःशुल्क तथा अत्यावश्यक औषधिको पर्याप्त मात्रामा सर्वयाम उपलब्ध नहुनु । सबै स्वास्थ्य संस्थामा Cold Chain Maintain गर्ने सुविधा नहुनु, अपाङ्गता भएका व्यक्ति तथा महिलाहरूको

स्वास्थ्य चौकीको पहुँचमा कमी, कुपोषण, श्वास प्रश्वास जन्य स्वास्थ्य समस्या रहनु, स्वास्थ्य र पोषण सम्बन्धी चेतनाको कमी आदि यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन ।

स्वास्थ्य संस्थाहरु आश्यकता अनुसार सबै स्थानमा नहुनु वा सहज पहुँच नहुनु, सेवा प्रवाहको नियमित अनुगमन हुनु नसक्नु, स्वास्थ्य विमा कार्यक्रम लागु हालसम्म नहुनु, स्वास्थ्य सेवालाई सबैको पहुँच भित्र ल्याउनु, सबै सुत्केरी सेवालाई संस्थागत दायरामा ल्याउनु, निःशुल्क, स्वास्थ्य संस्थामा आधारभूत तथा अत्यावश्यक औषधि सर्वयाम उपलब्ध गराउनु, स्वास्थ्य संस्थाहरूमा आधारभूत सुविधायुक्त औजार, दक्ष जनशक्ति र पूर्वाधार, जडिवुटीमा आधारित तथा स्थानीय उपचार प्रणालीलाई स्वास्थ्य संस्थाको दायरामा ल्याई व्यवस्थित, गुणस्तरीय बनाउनु, खाद्य सेचतना तथा खाद्य व्यवहार सुधारलाई स्वास्थ्य प्रणालीको अङ्गको रुपमा विकास गर्नु, प्रवर्धनात्मक तथा निरोधात्मक र उपचारात्मक स्वास्थ्य सेवा बारे जनचेतना अभिवृद्धि गर्नु यस क्षेत्रका प्रमुख चुनौति हुन ।

**४.२.३ सोच**

“सक्षम र गुणस्तरी स्वास्थ्य सेवा, सुखी र समृद्धिमा टेवा”

**४.२.४ उद्देश्य**

१. गुणस्तरीय स्वास्थ्य सेवा तथा पोषणलाई सबैको पहुँचमा पुर्याउनु,

२. सबै वडाहरूबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवा र तोकिएका संस्थाहरूबाट आकस्मिक स्वास्थ्य सेवा प्रवाहको व्यवस्था गर्नु ।

३. सम्भावित स्वास्थ्य विपद्को पहिचान गरी पूर्वतयारी, न्यूनीकरण र व्यवस्थापनका लागि संयन्त्र र पूर्वाधार तयार गर्नु ।

४. उपाध्यक्षसँग पोषण स्वास्थ्य सेवा को व्यवस्था गर्नु ।

५. सरकारी समुदायिक र संघसंस्था मार्फत सञ्चालिन कार्यक्रमको एकीकृत र समन्वयात्मक सेवा उपलब्ध गराउने ।

**४.२.५ रणनीति**

१. गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामासबैको समतामूलक पहुँच सुनिश्चित गर्ने ।

२. रिफरल स्वास्थ्य सेवाको पहुँचलाई सहज बनाउने ।

३. वैकल्पिक स्वास्थ्य सेवाको प्रवर्द्धन गर्ने ।

४. स्वास्थ्य तथा पोषण चेतना अभिवृद्धि गर्ने ।

५. बहुक्षेत्रीय पोषण योजनाको समन्वय र साझेदारी मार्फत प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

६. स्थानीय घरेलु आम्ची उपचार पद्धतिलाई व्यवस्थित र भरपर्दो बनाउने ।

७. स्वास्थ्य सेवा प्रणालीलाई व्यवस्थित बनाउनका लागि आवश्यक मापद्धण्ड नीति कार्यविधि र विभिन्न कोषहरु स्थापना गर्ने

८. विपद् व्यवस्थापनका लागि आकस्मिक स्वास्थ्य योजना र कोषको प्रबन्ध गर्ने।

९. सबै उमेर समुहका नागरिकहरुको स्वास्थ्य आवश्यकताहरुलाई सम्बोधन गरी मातृशिशु बालबालिका र किशोकिशोरीहरुको सर्वाङ्गिण विकासलाई सुधार तथा विस्तार गर्ने।

१०. विपन्न सबै नागरिकहरुलाई स्वास्थ्य विमा योजनमा समावेश गर्ने।

### ४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

गाउँपालिकाको विगतमा आवधिक योजना नभएकोले वार्षिक नीति तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार जनस्वास्थ् तथा पोषण उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार प्रस्तुत गरिएको छ।

| सूचक | एकाइ | ०७८/७९ सम्मको उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| प्रति एकलाख जीवित जन्ममा मातृ मृत्युदर | जना | | | | | |
| दक्ष प्रसूतिकर्मीको सहयोगमा गराइएको बच्चा जन्मको अनुपात | प्रतिशत | ० | ० | १० | १५ | २० |
| पाँचवर्ष मुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्म) | जना | ० | ० | ० | ० | ० |
| नवजात शिशुको मृत्युदर (प्रतिहजार जीवित जन्म) | जना | ० | ० | ० | ० | ० |
| नयाँ एचआईभी संक्रमितहरूको संख्या (प्रतिलाख) | जना | ० | ० | ० | ० | ० |
| क्षयरोग लाग्ने दर (प्रतिलाखमा) | जना | | | | | |
| वार्षिक रुपमा आत्महत्याबाट हुने मृत्यु | जना | ० | ० | ० | ० | ० |
| उच्च रक्तचापको औषधि सेवन गर्ने १५ वर्ष माथिको जनसंख्या | प्रतिशत | ० | ० | ० | ० | ० |
| घरवाट स्वास्थ्य संस्थामा पुग्न ३० मिनेट वा सोभन्दा कम समय लाग्ने बस्ती | संख्या | १७ | १७ | १७ | १७ | १५ |
| स्वास्थ्य बिमामा सहभागी घरपरिवार | प्रतिशत | ० | ० | १५० | ३५० | ४५० |
| राष्ट्रिय कार्यक्रमहरूमा समावेश गरीएका सबै खोप प्राप्तगर्ने लक्षित जनसंख्याको अनुपात | प्रतिशत | ५० | १०० | १०० | १०० | १०० |
| कुल बजेटमा स्वास्थ्य क्षेत्रको बजेट | प्रतिशत | | | | | |

### ४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा उद्योग तथा व्यापार उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छ।

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ११८४८ | २३७० | ९४७८ | ० | ० | ११८४८ | ० | ० |
| २०८१/८२ | १३५३१ | २७०६ | १०८२५ | ० | ० | १३५३१ | ० | ० |
| २०८२/८३ | १३८४३ | २७६९ | ११०७४ | ० | ० | १३८४३ | ० | ० |

### ४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ :

| क्र सं | कार्यक्रम वा आयोजना | उद्धेश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | **पोषण र स्वास्थ्य** | | | | |
| १ | बहुक्षेत्रीय पोषण कार्यक्रम | पोषण सम्बन्धी तालिम सञ्चालन गर्नु पालिका स्तरीय र वडा स्तरीय खाद्य तथा पोषण समिति गठन र परिचालन गर्नु पोषणका विभिन्न गितिविहरु सञ्चालन गर्नु | सालवसाली | १५५० | पोषण सम्बन्धी कार्यक्रमहरु संचालन गरी पोषणको अवस्थामा सुधार भएको हुनेछ |
| २ | परिवार कल्याण कार्यक्रम | पोषण कल्याण सम्बन्धी कार्यक्रम संचालन गर्नु। | सालवसाली | १३५० | परिवार कल्याण सम्बन्धी कार्यक्रममा महिलाको पहुँचमा वृद्धि भएको हुनेछन। |
| ३ | महामारी रोग नियन्त्रण एवम् उपचारात्मक सेवा कार्यक्रम | महामारी रोग नियन्त्रण र उपचारात्मक गतिविधिहरु संचालन गर्नु। | सालवसाली | २५०० | महामारी रोग नियन्त्रण र उपचारात्मक गतिविधिहरु संचालन गरी महामारी रोगहरुको नियन्त्रण भएको हुनेछ। |
| ४ | स्वास्थ्य संस्थाका सम्पूर्ण कर्मचारी लगायतको कार्यक्रम | दक्ष र प्रतिवद्ध स्वास्थ्यकर्मीहरुबाट गुणस्तरीय र नियमित सेवा प्रदान गर्नु। | सालवसाली | ३५०० | गाउँपालिकाबासीहरुले सहज र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध भएको हुनेछ। |
| | | | **जम्मा** | ८९०० | |

| क्र. सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ. व. २०८०/८१ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | बहुक्षेत्रीय पोषण कार्यक्रम | पोषण प्रोफाइल तयार भएको, पोषणमैत्री वडा छनौट भई विभिन्न क्षेत्रगत गतिविधिहरु संचालन भईरहेको ।<br>खाद्य तथा पोषण सुरक्षा समितिहरु गठन भएको । | पोषणमैत्री बस्ती र वडाहरु घोषणा भएको हुनेछ । | संस्थात क्षमता विकासका कार्यक्रमहरु संचालन ।<br>शिक्षा स्वास्थ्य महिला विकास र खानेपानी सरसफाइका गतिविधिहरु संचालन गर्ने । |
| २ | परिवार कल्याण कार्यक्रम | नियमित खोप, किशोर किशोरी प्रजनन् स्वास्थ्य र परिवार कल्याणका गतिविधिहरु भइरहेको । | किशोर किशोरीमैत्री परिवार समाज निर्माण हुनुका साथै गुणस्तरीय परिवार कल्याण सेवा प्रदान हुनेछ । | किशोर किशोरीहरुलाई जीवन सुरक्षा, जीवनपयोगी सीपहरु सम्बन्धी तालिम प्रदान । |
| ३ | महामारी रोग नियन्त्रण एवम् उपचारात्मक सेवा कार्यक्रम | विभिन्न रोगहरुको रोकथामका लागि अभियान संचालन । | समुदायमा महामारी रोग नियन्त्रणका लागि प्रवर्द्धनात्मक निरोधात्मक गतिविधिहरु संचालन हुनेछन् । | सचेतनामूलक कार्यक्रमहरु संचालनका साथै महामारी रोगहरुको नियन्त्रणका लागि औषधि खरिद वितरण |
| ४ | स्वास्थ्य संस्थाका सम्पूर्ण कर्मचारी लगायतको कार्यक्रम | तालिम अध्ययन भ्रमण लगायत विभिन्न स्वास्थ्य सम्बन्धी नीति र कार्यविधिहरु तयार भएको ।<br>३ वटा स्वास्थ्य चौकी, गाउँघर क्लिनिक ११, खोप क्लिनिक संख्या ९ र महिला स्वास्थ्य स्वयम्सेविका संख्या २७ जना | दक्ष स्वासथ्यकर्मीहरुबाट सेवा प्रवाअ भएको हुनेछ । | तालिम, गोष्ठी, वार्षिक योजना तर्जुमा, प्रगति समीक्षा, प्रगति प्रतिवेदन, स्वास्थ्य सामग्री उपकरणहरु खरिद, वितरण, घुम्ती स्वास्थ्य शिविर संचालन ।निःशुल्क औषधिहरु विरतण । |

### ४.२.९ जोखिम पक्ष तथा अनुमान

स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन पुर्वाधार तथा भौतिक संरचना सवलीकरण भएको हुनेछ । दक्ष मानवीय श्रोत परिचालन भई सेवा विस्तार भएको हुनेछ । स्वास्थ्य पूर्वाधार, प्रयोगशाला, औषधि र खोप व्यवस्थापन जस्ता प्राविधिक पक्षमा सरोकारवालाबीच सहकार्य र साझेदारी हुन नसकेमा महामारीले जनस्वास्थ्य तथा गाउँपालिका बासीको सामाजिक तथा आर्थिक स्थिति क्षय गर्नसक्ने जोखिम रहन सक्दछ ।

### ४.३ खानेपानी तथा सरसफाइ

### ४.३.१ पृष्ठभूमि

खानेपानी तथा सरसफाइ सेवाले मानव जीवनमा बहुआयमिक प्रभाव पार्दछ । नेपालको संविधानले खानेपानी तथा सरसफाइ सेवालाई मौलिक हकको रुपमा समेत व्यवस्था गरेको छ । दिगो विकासको लक्ष्य नम्बर ६ ले सबैका लागि स्वच्छ पानी तथा सरसफाइको उपलब्धता र दिगो व्यवस्थापन सुनिश्चित गर्ने लक्ष्य तय गरेको छ । कर्णाली प्रदेशमा खानेपानीको आधारभूत सेवा ८६ प्रतिशतलाई प्राप्त भएको अभिलेख कर्णालीको प्रथम पञ्चवर्षीय योजनाले बोलेको छ । यस शैफोक्सुण्डो गाउँपालिका लगायत डोल्पा जिल्ला खुला दिसाम्कत घोषणा भईसकेको परिप्रेक्ष्यमा दिगो, भरपर्दो, पहुँचयोग्य र सर्वसुलभ व्यवस्था हुन सकेको छैन् । खानेपानी तथा सरसफाइ पानीको पर्याप्त स्रोत भए पनि गाउँपालिकामा कतिपय बस्तीहरुमा सर्वसुलभ खानेपानी सेवा पुग्न सकेको छैन । स्वच्छ खानोपानी घर घरमा पुर्याई खानेपानीको कारण लाग्ने रोगव्याधी निर्मुल पार्नुपर्ने आवश्यकता रहेको छ । एक घर एक धाराको अवधारणालाई कार्यान्वियन गर्न संघीय तथा प्रदेश सरकारको सहयोगमा आयोजना सञ्चालन भइरहेका पनि छन् । पानीको मुहानको सुरक्षा तथा स्वच्छ खानेपानीको सुनिश्चितता आजको आवश्यकता हो । घना वस्ती भएका गाउँहरुमा खानेपानी र ढल निकासको प्रवन्ध गरी सफा र स्वच्छ गाउँपालिका निर्माण गर्नुपर्ने देखिन्छ । हाल गाउँपालिकाको केही बस्तीहरुमा एकघर एकधारा अभियान सञ्चालन भइरहेको छ ।

### ४.३.२ चुनौति तथा अवसर

खानेपानी तथा सरसफाईको क्षेत्रमा महत्वपूर्ण उपलब्धी हासिल भएता पनि स्वच्छ खानेपानीमा सबैको सहज पहुँच तथा सरसफाईको क्षेत्रमा व्यवहारजन्य कमजोरीहरू सुधार हुनु आवश्यक देखिन्छ । प्राकृतिक एवम् मानवजन्य कारणले पानीका श्रोत तथा मुहानहरूमा ह्रास आई खानेपानीको उपलब्धतामा कमी आउनु, जनचेतनाको कमी हुनु, खानेपानी वितरण मापदण्ड अनुसार नहुनु, स्वच्छ खानेपानीको व्यवस्था नहुँदा पानी जन्य रोगहरू वढ्नु, व्यक्तिगत तथा सामुदायिक सरसफाइको अभ्यास कमजोर हुनु तथा स्वच्छ खानेपानीको माग बढ्दै जानु, खानेपानी तथा सरसफाई सम्बन्धी लक्ष्य हासिल गर्न पर्याप्त बजेट र कार्यक्रम तर्जुमा गर्न नसक्नु खानेपानी सरसफाई क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन् ।

'एक घर एक धारा र एक चर्पी" नीतिको प्रभावकारी कार्यान्वियन गर्नु, स्वच्छ पानीको वितरण गर्नु, खानेपानीका मुहानको संरक्षण गर्नु, खानेपानी प्रणालीको दीगो व्यवस्थापन गर्नु, खानेपानी तथा सरसफाइका संरचनाहरुको दगो व्वस्थापन, संरक्षण र मर्मतसंभार आदि कार्य निकै कमजोर रहेको । त्यस्तै खानेपानीको स्रोत बस्तीहरुबाट निकै टाढा हुनु, यातायातको अभावले गर्दा निर्माण र ढुवानी लगात अत्यधिक बढ्दै जानु र निर्माण सम्बन्धी दक्ष जनशक्ति स्थानीय स्तरमा उपलब्ध नहुनु, पालतो एवं छरिएको बस्ती हुनु र सरसफाइको अभ्यास वढाउनु आदि प्रमुख चुनौति हुन ।

### ४.३.३ सोच

“स्वच्छ, सुरक्षित, सर्वसुलभ र दिगो खानेपानी तथा सरसफाइ सुविधा”

### ४.३.४ उद्देश्य

१. आधारभूत खानेपानी तथा सरसफाइ सेवा सबै नागरिकलाई पुर्याउनु ।

२. बस्तीहरुलाई सफा सुग्घर बनाई पिलकालाई पूर्ण सरसफा तर्फ अग्रसर गर्नु ।

जलवायु परिवर्तन, अनुकुलन तथा विपद् व्यवस्थापनमैत्री खानेपानी तथा सरसफाइ सेवा सुनिश्चित गर्नु ।

### ४.३.५ रणनीति

१. घर एक धाराको अवधारणा अनुसार स्वच्छ खानेपानी उपलब्ध गराउने ।
२. सबै घरमा चर्पीको व्यवस्था गर्नुका साथै सरसफाइको अभ्यास वढाउने ।
३. सवै वडाहरूमा खानेपानीको स्रोत तथा मुलहरूको पहिचान गरी संरक्षण र व्यवस्थापन गर्ने ।
४. नगरपालिकाको ढल निकास प्रणाली र ढल प्रशोधन केन्द्र निर्माणका लागि अन्य सरोकारवाला निकायहरूसँग समन्वयमा काम गर्ने ।
५. खानेपानीका स्रोतहरुको उचित संरक्षण र सम्बर्द्धन गर्नु ।
६. सुमदायिक सहभागितामा खानेपानी तथा सरसफाइका अभियानहरु सञ्चालन गर्ने ।

### ४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| आधारभूत खानेपानी सुविधा उपलब्ध घरपरिवार | प्रतिशत | ७३ | ८० | ८५ | ९० | ९५ |
| पक्की शौचालय भएका परिवार | प्रतिशत | १७ | २५ | ४५ | ६५ | ७५ |
| गुणस्तर परिक्षण गरिएको खानेपानी प्रयोग गर्ने परिवार | प्रतिशत | ० | १५ | २५ | ५५ | ७५ |
| सार्वजनिक शौचालय | संख्या | ० | ० | १ | २ | ३ |
| गाउँपालिकाबाट नियमित फोहर संकलन हुने घरपरिवार | प्रतिशत | ० | ० | ० | ० | ० |

### ४.३.६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन लक्ष्यको आधारमा उद्योग तथा व्यापार उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छ।

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | २०२९० | १०१४५ | १०१४५ | ० | ३७२ | १९०८६ | ८३२ | ० |
| २०८१/८२ | २३१७३ | ११५८७ | ११५८७ | ० | ४१० | २१९७२ | ७९१ | ० |
| २०८२/८३ | २३७०६ | ११८५३ | ११८५३ | ० | ४८२ | २२३५४ | ८७० | ० |

### ४.३.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायानुसार प्रस्तुत गरिएको छ :

| क्र सं | कार्यक्रम वा आयोजना | उद्धेश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | **खानेपानी तथा सरसफाइ** | | | | |
| १ | कि गाउँ खानेपानी मर्मत | कि गाउँ खानेपानी आयोजना निर्माण गर्नु। | आ.व. ०७९/८० | १९०० | कि गाउँको १० घरधुरीलाई खानेपानी सुविधा सहज उपलव्ध भएको हुनेछ। |
| २ | एक घर एक शौचालय निर्माण | वडा नम्बर २ का सबै घरधुरीमा पक्की चर्पी निर्माण गर्नु। | आ.व. ०७९/८० | १०००० | वडा नम्बर २ का सबै घरधुरीहरुमा पक्की शौचालय निर्माण गरी सरसफाइ र स्वच्छताको अवस्थामा सुधार हुनेछ। |
| ३ | सरसफाइ र स्वच्छता कार्यक्रम | सरसफाइ र स्वच्छता सम्बन्धी कार्यक्रम सञ्चालन गर्नु। | आ.व. ०७९/८० | ६८० | खानेपानी र सरसफाइ स्वच्छता सम्बन्धी योजना तयार भएको हुनेछ। |
| ४ | किराथाङ खानेपानी निर्माण | खानेपानी आयोजना निर्माण गर्नु। | आ.व. ०७९/८० | २९०० | १७ घरधुरीलाई खानेपानी सुविधा सहज उपलव्ध भएको हुनेछ। |
| ५ | फोटाल खानेपानी निर्माण | खानेपानी आयोजना निर्माण गर्नु। | आ.व. ०७९/८० | १८५० | १४ घरधुरीलाई खानेपानी सुविधा सहज उपलव्ध भएको हुनेछ। |
| ६ | साम्लिङ खानेपानी निर्माण | खानेपानी आयोजना निर्माण गर्नु। | आ.व. ०७९/८० | २५५० | ७० घरधुरीलाई खानेपानी सुविधा सहज उपलव्ध भएको हुनेछ। |
| | **जम्मा** | | | **१९८८०** | |

| क्र. सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ. व. २०८०/८१ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | १ घर १ धारा खानेपानी निर्माण | खानेपानी र सरसफाइ योजना तयार भएको । मर्मत संभार कोष स्थापना भएको । | सबै घरधुरीमा स्वच्छ र सुरक्षित खानेपानी सुविधा पुगेको हुनेछ । | लागत अनुमान तयार, सामग्रीहरुको खरिद, संकलन, ढुवानी, धारा, ट्याश्रकी निर्माण, पाइपलाइन खन्ने र पाइप पुर्ने । |
| २ | शौचालय निर्माण | | सबै घरधुरीमा पक्की शौचालय निर्माण भई प्रयोग भएको हुनेछ । | शौचालयहरु निर्माण र प्रयोग बारे सचेतीकरण |
| ३ | सरसफाइ र स्वच्छता कार्यक्रम | | पूर्ण सरसफाइ रणनीतिक योजना निर्माण भई पूर्ण सरसफाइयुक्त बस्ती र वडा घोषणा हुनेछन् । | पूर्ण सरसफाइ रणनीतिक योजना निर्माण, पालिका र वडा स्तरको WASH समिति गठन परिचालनका साथै सामुदायिक सचेतीकरण, तालिम |

### ४.३.७ जोखिम पक्ष तथा अनुमान

मध्यमकालीन खर्च संरचनामा प्रस्ताव गरे अनुसार बजेट सुनिश्चितता भई आयोजना संचालन तथा मर्मतसंभार र स्तरोन्नति भएमा खानेपानीको सेवा प्रवाहमा विस्तार तथा गुणस्तरमा सुधार आउने देखिन्छ । सुख्खा खडेरी जस्ता जलवायु परिवर्तबाट खानेपानीको स्रोत सुक्न सक्ने तथा फोहारमैलाको उचित व्यवस्थापन, प्रदूषण नियन्त्रण आदि बहुक्षेत्रगत विषय भएकोले खानेपानी तथा ससरफाई सम्बन्धी अपेक्षित उपलब्धि हासिल गर्न जोखिम पर्न सक्ने हुन्छ । यसका अलावा स्थानीय तहको क्षमता अभिवृद्धि र लागत साझेदारी, निर्मित आयोजनाहरुको नियमित सञ्चालन, मर्मतसंभार र गुणस्तर परीक्षण जस्ता जोखिमहरुको विद्यमानता रहन सक्छन् ।

## ५. लैंगिक समानता तथा सामाजिक समावेशीकरण (महिला, बालबालिका, सामाजिक संरक्षण, ज्येष्ठ नागरिक)

### ५.१ पृष्ठभूमि

नेपालको संविधानको प्रस्तावनामा नै नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसाथ गरी विविधता बीचको एकता, सामाजिक, सांस्कृतिक ऐक्यवद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवम् प्रवर्द्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माणको संकल्प गरेको छ । उक्त संविधानको मौलिक हकमा पनि बालबालिकाको हक, महिलाको हक, दलितको हक, ज्येष्ठ नागरिकको हक, सामाजिक न्याय र सुरक्षाको हकको प्रत्याभूत गरेको छ । दिगो विकासको लक्ष्य ५ मा लैङ्गिक समानताको लक्ष्य अन्तर्गत लैङ्गिक समानता हासिल गर्ने र सबै महिला तथा किशोरीहरुलाई सशक्त बनाउने लक्ष्य रहेको छ । महिला सहभागिता र लैङ्गिक सशक्तिकरणका विभिन्न गतिविधिहरु सञ्चालन हुँदै आएको भएता पनि अझै लैङ्गिक समानता कायम हुन सकेको छैन् ।

समाजमा रहेका लैंगिक असमानता र राज्यका विभिन्न अवसरबाट वञ्चित वर्गको उत्थानको निमित्त सामाजिक समावेशीकरण तथा लैंगिक समानताको विषय महत्वपूर्ण हुन्छ। राज्यका विभिन्न अवसरहरुमा आरक्षणको व्यवस्था गरिएको भएपनि आरक्षणबाट मात्र सबैले अवसरमा सहभागी हुन पाएको अनुभूति गर्न सकेको अवस्था छैन भन्ने गुनासो सुन्ने गरिन्छ। महिला हिंसा, बालबिवाह लगायतका समस्या हालसम्म पनि समाजमा विद्यमान रहेको पाईन्छ। दलित, जनजाति, आदिवासी, अपाङ्गता भएका व्यक्तिहरु, एकल महिला, गरिवीको रेखामनि रहेको वर्गसमेतलाई स्थानीय सरकारबाट विभिन्न कार्यक्रम मार्फत सशक्तिकरण गर्नुपर्ने आवश्यकता रहेको छ।

सामाजिक सुरक्षा नागरिकको अधिकार हो। यो गरिबी न्यूनीकरण र मानव सुरक्षाको महत्वपूर्ण साधन हो। मुलुकको समावेशी विकास गर्न र दिगो विकाका प्रमुख नतिजाहरुको प्राप्तिमा सहयोग पुर्याउन सामाजिक सुरक्षाले महत्वपूर्ण योगदान गर्दछ। आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका विपन्न एकल महिला फरकक्षमता भएका आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपउन्मुख जातिका नागरिक, दलित, बालबालिका आदिलाई लक्षित गरी स्वास्थ्य सेवा, दिवा खाजा, छात्रवृत्ति, तालिम र रोजगारी लगायतका सामाजिक सुरक्षाका कार्यक्रमहरु कार्यान्वयनमा रहेका छन्। आर्थिक, सामाजिक, शैक्षिक तथा सांष्कृतिक सशक्तीकरण गर्दै गाउँपालिका विकासमा सबै नागरिकको समान सहभागिता गराउन उनीह्ररुलाई थप प्रोत्साहन गर्नुपर्ने देखिन्छ।

सामाजिक सुरक्षाले विशेष आश्यकतामा रहेका, विशेष सहयोग र सम्मानको आवश्यकता गर्ने नागरिकहरुको अधिकारको सम्मान गर्दछ। दिगो विकासका लक्ष्यहरु अन्तर्गत लक्ष्य नम्बर ३ मा आरोग्यता तथा कल्याण, लक्ष्य नम्बर ४ मा गुणस्तरीय शिक्षा, लक्ष्य नम्बर ५ मा लैङ्गिक समानता, लक्ष्य नम्बर ८ मा मर्यादित काम तथा आथिक वृद्धि, लक्ष्य नम्बर १० मा बसमानता न्यूनीकरण, लक्ष्य नम्बर १६ मा शान्ति, न्याय र सक्षम निकायहरुसँग सम्बन्धित लक्ष्यहरु सामाजिक सुरक्षासँग सम्बन्धित छन्। संविधानले नै नागरिकको पहिचानको अधिकारलाई सुनिश्चित गरिएको भएतापनि विशेष गरी जन्मदर्ताको समस्या अझै रहेको छ। तोकिएको समयमा पञ्जीकरणको काम नगरी जहिले आवश्यक पर्दछ त्यही समयमा मात्र पञ्जीकरणका लागि आउने अवस्था अभ्यासमा छ। खासगरी बहुआयमिक गरिबी र जोखिमहरु कम गर्न, रोजगारी मार्फत जनजीविकालाई सुनिश्चित गर्न, सेवा सुविधाहरुमा पहुँच बढाउन, मानव अधिकार र संविधानप्रदत्त मौलिक हकलाई प्रचलनमा ल्याउन, समन्यायिक आथिक वृद्धि हासिल गर्न र सामाजिक आर्थिक सन्तुलित विकास गर्न र सामाजिक सुरक्षा प्रणालीको योजनावद्ध कार्यक्रमहरु संचालन गर्न जरुरी छ।

### ५.२ चुनौति तथा समस्याहरु

शिक्षा, स्वास्थ्य लगायत सेवामा महिलाको पहुँचमा कमी, महिला नेतृत्व विकासको कमी, महिलाको भूमिका औपचारिक आर्थिक कृयाकलापमा भन्दा घरायसी काममा बढी केन्द्रित हुनु, महिला लक्षित कार्यक्रमको कमी, महिला, अपाङ्गता तथा बालमैत्री पूर्वाधारको कमी, अशक्त तथा जेष्ठ नागरिकलाई असमान व्यवहार गर्ने प्रवृत्ति बढ्दो आदि यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन् ।

महिला तथा वञ्चितिमा परेका वर्ग समुदायको क्षमता विकास गरी उत्पादनशील क्षेत्रमा परिचालन गर्नु, गाउँपालिका भित्रका समिति, उपसमिति, उपभोक्ता समितिहरू, सामुदायिक संस्था तथा लाभग्राही मुखी संस्थाहरूमा यस वर्ग र समूदायको प्रतिनिधित्व, अर्थपूर्ण सहभागिता र निर्णयमा पहुँच स्थापित गर्नु, बालमैत्री स्थानीय शासन स्थापना गर्नु, अपाङ्ग र जेष्ठ नागरिकमैत्री पूर्वाधारको विकास गर्नु, आर्थिक तथा सामाजिक जिवनमा लैङ्गिक समानता कायम गर्नु, पारिवारिक र सामाजिक मूल्य मान्यता तथा लैङ्गिक भूमिकामा परिवर्तन ल्याउनु, ग्रामीण महिलाको जीवनस्तरमा सुधार ल्याउनु, महिला माथि हुने सबै किसिमका हिंसा, विभेद र शोषणको अन्त्य गर्नु आदि प्रमुख चुनौति रहेका छन् ।

महिला बालबालिका र लक्षित वर्गमैत्री नीति नीयम र संरचनाको कमी रहेको छ । एकल महिला, फरक क्षमता भएका व्यक्ति, दलित, ज्येष्ठ नागरिक तथा महिलाप्रतिको सोच र व्यवहार अझै पनि समाजमा सकारात्मक बन्न सकिरहेको छैन् । विकास प्रक्रियामा लक्षित वर्गको अधिकारको अन्तर्राष्ट्रिय प्रतिवद्धता तथा संवैधानिक प्रावधान अनुसार प्रभावकारी कार्यान्वयन यस क्षेत्रका मुख्य चुनौतिको रुपमा रहेको छ । अझ विशेष गरी समाजमा रहेको सामाजिक, सांस्कृतिक र धार्मिक परम्परा एवं प्रचलनले महिलाहरुको विकास वृद्धिमा अवरोध खडा गरेको पाइन्छ जुन समावेशी समाजको लागि ठूलो चुनौति रहेको छ ।

महिला, बालबालिका र लक्षित वर्गमैत्री पूर्वाधार नीति, नियम र संरचनाको कमी रहेको छ । एकल महिला, अपाङ्गता भएका व्यक्ति, दलित, ज्येष्ठ नागरिक तथा महिला प्रतिको सोच र व्यवहार अझ पनि सकारात्मक बन्न सकिरहेको छैन् । बाल सम्वेदनशील समाजिक सुरक्षाको कार्यान्वयन हुन सकेको छैन् । बाल पोषण भत्ता पर्याप्त छैन । बैङ्कको सुविधा सबै वडामा सहज पहुँच नहुँदा प्रभावकारी सेवा प्रवाहमा समस्या देखिएको छ । घुम्ति सेवा नियमित र योजनाबद्ध रुपमा कार्यान्वयन हुन सकेको छैन् । सामाजिक सुरक्षा सम्बन्धी सचेतना नहुँदा नविकरण समयमा नहुने पनि समस्या छ । स्वास्थ्य विमामा अझै परिवारहरु जोडिन सकेका छैनन् । सामाजिक सुरक्षालाई स्थानीय आथिक सामाजिक विकासका अन्य क्षेत्रका नीति र कार्यक्रमसँग आवद्ध गर्दै लैजानु, गरिबी बञ्चितीकरण एवम् जोखिममा रहेका जनसमुदायलाई पहिचान गरी उनीहरुको जीवनमा सकारातम्क परिवर्तन ल्याउनु र वित्तीय रुपले धान्न सकिने सामाजिक सुरक्षा प्रणालीको विकास गर्नु प्रमुख चुनौतिहरु हुन् ।

**५.३ सोच**

“लैङ्गिक समानता र सामाजिक समावेशीकरणको प्रत्याभूति सहितको सभ्य समाजको निर्माण”

आधारभूत सामाजिक संरक्षणका सेवा सुविधाहरुमा सबै नागरिकहरुको पहुँचबाट समतामूलक समाज निर्माण

**५.४ उद्देश्य**

१. गाउँपालिकालाई महिला, बालबालिका, विपन्न, दलित, जनजाति, सिमान्तकृत बर्ग, ज्येष्ठ नागरिक एवम् अपांगतामैत्री प्रावधानहरू सुनिश्चित गर्दै सबै प्रकारका भौतिक पूर्वाधार संरचनाहरू तथा नीतिगत संरचनाहरूमा समावेशी नीति तयार गरी लागू गर्नु।

२. महिला, बालबालिका, विपन्न, दलित, जनजाति, सिमान्तकृत बर्ग, ज्येष्ठ नागरिक एवम् अपांगता भएका व्यक्तिहरूको आर्थिक सामाजिक अधिकार सुनिश्चित गर्दै सम्मानित र सहज जीवनयापनको आधार तयार गर्ने।

३. समाजमा भएका सबै प्रकारका हिंसा, कुप्रथा र दुर्व्यवहार न्यूनीकरणका लागि आश्यक कार्यविधि निर्माण गरी कार्यान्वयन मार्फत लैङ्गिकतामा आधारित विभेद, हिंसा तथा कुप्रथाहरुको अन्त्य गर्नु।

४. सामाजिक संरक्षणका कार्यक्रमहरुलाई दोहोरो नपर्ने गरी समाजका विपन्न र जोखिममा रहेका जनसमुदायको पहुँच सुनिश्चित गर्नु

**५.५ रणनीति**

१. महिलाहरूलाई सामाजिका आर्थिक विकासमा मूल प्रवाहीकरण गर्ने,

२. वञ्चितीकरण र भेदभावमा परेका वर्ग र समूदायको सशक्तीकरण गरी विकास प्रक्रियामा सहभागिता वढाउने,

३. बालबालिका, किशोर किशोरीको श्रृजनशिलताको विकास गर्ने,

४. अपाङ्गता भएका व्यक्तिको संरक्षण, क्षमता विकास गरी अवसरमा पहुँच वढाउने,

**५.** जेष्ठ नागरिकको संरक्षण गर्दै सम्मानपूर्ण जीवनको अनुभूति दिलाउने,

**६.** बालबालिका तथा किशोरकिशोरी र महिला विरुद्ध हुन सबै प्रकारका हिंसाको अन्थ्य गरी उनीहरुको जीवनलाई सुरक्षित र सम्मानित बनाउने।

**७.** सूचना प्रविधिमा आधारित प्रभावकारी संयन्त्र स्थापना गरी समाजमा रहेका रुढिबादी तथा कुप्रथाका विरुद्ध सामाजिक न्याय, पैरवी तथा वकालतका लागि विधिन्न कार्यक्रमहरु सबैको सहकार्यमा सञ्चालन गर्ने।

८. सामाजिक सुरक्षा प्रणालीलाई चुस्त, सहज र दक्ष बनाउने

९. सङ्घ र स्थानीय तहसँगको सहकार्य, समन्वय र साझेदारीमा सामाजिक सुरक्षाका कार्यक्रमहरु विस्तार गर्ने

१०. सामाजिक सुरक्षा प्रणाली अन्तर्गत रहेका कार्यक्रमहरुको पूर्ण रुपमा कार्यान्वयनमा ल्याउने

**११.** सामाजिक सुरक्षाका क्षेत्रमा छरितो नियमनकारी संरुचनाको विकास गर्ने।

### ५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| वार्षिक रूपमा घरेलु हिंसा अन्तर्गत दर्ता भएका प्रहरी मुद्दा | संख्या | ० | ० | ० | ५ | ७ |
| गाउँपालिका भित्र रहेका सडक ालबालिका | संख्या | ० | ० | ० | ० | ० |
| बाल यौनहिंसामा परेका बालिका | संख्या | ० | ० | ० | ० | ० |
| गाउँपालिका भित्र रहेका बालगृह | संख्या | ० | ० | ० | ० | ० |
| यौनहिंसामा परेका १५ वर्ष र माथिका महिला र किशोरी | प्रतिशत | ० | ० | १ | २ | २ |
| बेचविखनमा परेका महिला, किशोरी तथा बालिकाहरू | संख्या | ० | ० | ० | ० | ० |
| गाउँसभामा महिला सहभागिता | प्रतिशत | ३४ | ३४ | ३४ | ३४ | ३४ |
| गाउँकार्यपालिकामा महिला सहभागिता | प्रतिशत | २४ | २४ | २४ | २४ | २४ |
| व्यवस्थापकीय पदहरूमा महिलाको अनुपात | अनुपात | १५ | २० | २० | २५ | |
| गाउँपालिका  स्तरीय संघ/महासंघमा महिलाको सहभागिता | प्रतिशत | ० | ५ | ५ | ५ | ७ |
| जमिन माथिको सम्पत्तिमा महिलाको स्वामित्व भएको घरपरिवार | प्रतिशत | | | | | |
| गाउँपालिकाले गठन गरेका संरचनाहरु (महिला, बाल, अपांगता जेष्ठ नागरिक) | संख्या | ० | १ | ५ | ५ | ७ |
| बेचबिखनमा परेका महिला किशोरी र बालिका संख्या | संख्या | ० | ० | ० | ० | ० |
| सामाजिक सुरक्षामा आवद्ध जनसंख्या | संख्या | ९६० | ९९७ | १०१० | १००० | १०२५ |
| ५ वर्ष मुनिका बालबालिकाको जन्मदर्ता | संख्या | ० | | | | |
| बालबालिकाको जन्मदर्ता | संख्या | ० | १९९ | २०० | २२० | २०० |

### ५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | २७९७ | २३७७ | ४२० | ० | ० | १५४९ | १२४८ | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०८१/८२ | ३१९४ | २७१५ | ४७९ | ० | ० | २००८ | ११८६ | ० |
| २०८२/८३ | ३२६८ | २७७८ | ४९० | ० | ० | १९६३ | १३०५ | ० |

**५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाया अनुसार प्रस्तुत गरिएको छ :

| क्र सं | कार्यक्रम वा आयोजना | उद्धेश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | **महिला बालबालिका सामाजिक संरक्षण र समावेशीकरण** | | | | |
| २ | सामाजिक सुरक्षा कार्यक्रम | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्नु | सालवसाली | ३३६७१ | ज्येष्ठ नागरिक, दलित, एकल महिला, विधवा, पूर्ण तथा आशिंक अपाङगता भएका व्यक्ति, दलित बालबालिका गरी ९९७ जना लाभान्वित हुनेछन् । |
| ३ | सामिक संरक्षण तथा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रम | सामाजिक संरक्षण तथा लैङ्गिक समानता तथा समाजिक समावेशीकरण कार्यक्रम गर्नु । | सालवसाली | ० | फरक क्षमता भएका व्यक्तिहरुको परिचयपत्र दिई सामाजिक सुरक्षा कार्यक्रममा समावेश भएका हुनेछन् । |
| ४ | बालबालिका र किशोरकिशोरी तथा बालमैत्री स्थानीय शासन कार्यक्रम | बाल बचाऊ बाल संरक्षण बाल विकास र सहभागितामा अभिवृद्धि गर्नु । | सालवसाली | ० | वार्षिक ३०८ जना बालबालिका प्रत्यक्ष लाभान्वित भएको हुनेछन् । |
| ५ | लैङ्गिक हिंसा पिडितहरुका लागि दिर्घकालीन पुर्नस्थापना केन्द्रको व्यवस्था | हिंसामा परेको महिला र पुरुषलाई पुर्नस्थापना केन्द्रमा व्यवस्थापन गरेर विभिन्न सीप सिकाई आत्मनिर्भर बनाउनु । | सालवसाली | ० | विभिन्न हिंसाबाट पिडित महिलाहरुलाई सीप सिकाइ आत्मनिर्भर भएङ्का हुनेछन् । |
| ६ | लक्षित महिला तर्फ महिला, आमा समूह,समिति गठन तथा पुनर्गठन र वचत परिचालन | महिलाहरुको संगठित रुपमा संस्थागत क्षमता विकास गर्नु | सालवसाली | ४० | आर्थिक र संस्थागत रुपमा महिलाहरु सक्रिय र सशक्त भएको हुनेछन् । |
| ७ | महिलाहरुलाई हाते होजियारि | महिला उद्यमशीलता | सालवसाली | ४३० | महिलाहरुको उद्यमशीलता विकास गरी |

| | | | | | |
|---|---|---|---|---|---|
| | बुनाइ सम्बन्धी तालिम ४५ दिने | तालिम संचालन गर्नु। | | | स्वरोजगारका अवसर प्रदान गर्नु। |
| ८ | पञ्जीकरण कार्यक्रम | सामाजिक सुरक्षा कार्यक्रको लागि भरपर्दो तथ्याङ्क उपलब्ध गराउनु र दक्ष जनशक्ति परिचालन गर्नु। | सालवसाली | १२०२ | सालवसाली रुपमा पञ्जीकरणका गतिविधिहरु प्रभावकारी रुपमा सञ्चालन भएको हुनेछन्। |
| ९ | दलित लक्षित कार्यक्रम | सामाजिक विभेद र असमानतालाई निर्मूल गर्न विभिन्न सामाजिक सचेतीकरण तालिम र सीप विकास गर्नु। | सालवसाली | २०० | सामाजिक विभेद र असमानता हटाउनु। |
| | **जम्मा** | | | **३५५४३** | |

| क्र. सं. | उपक्षेत्र/कार्यक्रम/ आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ. व. २०८०/८१ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | पञ्जीकरण र सामाजिक सुरक्षा कार्यक्रम | २ जना कर्मचारी उपलब्धता, सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका जारी | लक्षित समुहहरुले समयमै सामाजिक सुरक्षा भत्ता बैंक मार्फत प्राप्त गरेको हुनेछन्। | तथ्यांक संकलन र विवरण दर्ता, त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण |
| २ | महिला र दलित लक्षित कार्यक्रम | महिला एवम् लक्षित समुह र समिति गठन | लक्षित समुदाहरुको सामाजिक र आर्थिक अवस्थामा सुधार भएको हुनेछ। | सामाजिक र आर्थिक रुपमा संगठित र सशक्त बनाउनका लागि तालिम सञ्चालन, समुह वा सहकारी गठन, अनुदान र सेवासुविधा प्रदान। |

### ५.८ जोखिम पक्ष तथा अनुमान

यस गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण हालका दिनमा सकारात्मक प्रयास भएता पनि लक्षित वर्गको अवस्थामा अपेक्षितकृत सुधार हुन सकेको छेन्। महिला बालबालिका तथा लक्षित बर्गका लागि प्राथमिकताका साथ बजेट विनियोजन गरी व्यवहारिक कार्यक्रम लागु हुन नसक्ने जोखिम हुन सक्छ। लक्षित वर्गमैत्री पृवाधार संरचना, नीति र नियमको कमी रहेको र भएका व्यवस्था पनि प्रभावकारी तरिकाले कार्यान्वयन हुन सकिरहेको छैन्। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यक्रम दीर्घकालीन रुपमा हरेक क्षेत्रसँग अन्तरसम्बन्धित रही कार्यान्वयन गर्नुपर्ने भएकोले सम्बन्धित निकाय तथा संरचनाको क्षमता विकास तथा प्रतिवद्धता नभएमा अपेक्षित नतिजा प्राप्त गर्न कठिन हुने जोखिम रहन सक्दछ।

## ६. युवा तथा खेलकुद

### ६.१ पृष्ठभूमी

राष्ट्रिय विकासमा युवा सहभागिता अभवृद्धि गर्दै राजनैतिक, सामाजिक, सांस्कृतिक र आथिक अधिकारको पूर्ण उपयोग गर्ने वातावरण तयार गरी युवाको सर्वाङ्गीण विकास, सशक्तीकरण र युवा उद्यमशीलताका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्ने संवैधानिक व्यवस्था रहेको छ। संयुक्त राष्ट्र सङ्घीय सुरक्षा परिषद्को प्रस्ताव नम्बर २२५०, दिगो विकास लक्ष्य र युथ भिजन २०२५ ले युवाको विकास र सहभागितामा जोड दिएको छ। यसका लागि एकीकृत कार्यढाँचा निर्माण गरी कार्यान्वयनमा ल्याउन आवश्यक छ। नेपालको कूल जनसंख्याको ४०.३५ प्रतिशत युवा (१६ देखि ४० वर्ष), (स्रोतः पन्ध्रौं पञ्चवर्षीय योजना) अनुसार रहेको जनसाङ्ख्यिक लाभको अवसरलाई पूँजीकृत गरी मुलुकको आर्थिक समृद्धिमा योगदान सुनिश्चित गर्नु जरुरी छ। त्यस्तै नागरिकको बहुआयमिक र सर्वाङणीण विकासका साथै व्यक्तिको शारीरिक, तन्दुरुस्ती, सामाजिक र संवेगात्मक पक्षको सन्तुलित विकासमा खेलकुदको महत्वपूर्ण भूमिका रहन्छ। खेलकुदले सामाजिक एकता सुदृढ गर्ने र अन्तर्राष्ट्रिय क्षेत्रमा पहिचान स्थापित गर्ने प्रमुख माध्यमको रुपमा रही आएको छ। विश्वव्यापी मूल्य मान्यता र प्रविधिको संयोजनबाट नागरिकलाई रोजगारको अवसर सिर्जना गर्न, खेल पर्यटनको माध्यमबाट दिगो विकासका शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता तथा आर्थिक वृद्धि लगायतका लक्ष्यहरु हासिल गर्न स्थानीय तहदेखि नै खेलकुदको संस्थागत विकास एवम् पूर्वाधार निर्माण गरी सबैका लागि र सधैका लागि खेलकुद अभियानलाई सार्थकता दिन आवश्यक छ।

### ६.२ चुनौति तथा सम्स्या

युवा लक्षित नीति, योजना तथा कार्यक्रमहरुको सर्वथा अभाव हुनु, खेलकुद क्षेत्रको विकासका लागि आवश्यक पूर्वाधारको अभाव, खेल प्रशिक्षक र प्रशिक्षणको अभाव, खेलाडीको प्रतिस्पर्धी क्षमतामा कमी, युवा बेरोजगार, बैदेशिक रोजगारीमा आकर्षण तर सीप र सूचनाको कमीका बढ्दो जोखिम युवा तथा खेलकुद क्षेत्रका विकासका प्रमुख समस्यहरु हुन्। स्तरीय खेलकुद प्रशिक्षण तथा खेलकुदलाई आकर्षक र व्यवसायिकतामा कमी छ। खेलाडीको भविश्यको अनिश्चिताका कारण खेल क्षेत्रमा आशातित आकर्षण बढाउन सकिएको छैन्। केबल खेलकुदलाई समय बिताउने माध्यमका रुपमा मात्र लिने गरिएको छ। खेललाई व्यावसायिक बनाउन नसकिरहेको अवस्था छ।

### ६.३. सोच

युवा-युवाको सर्वाङ्गीण विकास, समाज निर्माणको आधार

खेलकुद- समग्र खेल क्षेत्रको विकास मार्फत स्वस्थ, प्रतिस्पर्धी र अनुशासित नागरिक तयार

### ६.४. उद्देश्य

१. खेलकुद पूर्वाधारको विकास, विस्तार गरी व्यावसायिक खेलाडीह्रु तयार गरी खेलकुद क्षेत्रलाई उद्योगको रुपमा विकास गर्नु

२. खेलकुद क्षेत्रलाई प्रतिस्पर्धी र व्यावसा संस्कृतिकको उचित संरक्षण गर्दै सामाजिक सांस्कृतिक एकता अभिवृद्धि गर्नु

**६.५ रणनिति**

१. सबै क्षेत्रसँगको समन्वय र सहकार्यमा खेलकुद पूर्वाधारको निर्माण, संरक्षण र स्तरोन्नति गर्ने

२. खेलकुद पूर्वाधराको विकास र व्यवस्थापनमा निजी क्षेत्रलाई प्रोत्साहित गर्ने

३. प्रतिभावान खेलाडीको पहिचान, क्षमता विकास तथा प्रोत्साहनको व्यवस्था गर्ने

४. समाजका प्रत्येक तह र क्षेत्रमा खेलकुदको महत्व स्थापित गर्दै सबै उमेर समुहका नागरिक सहभागी हुने अवसर सिर्जना गर्ने।

५. सामाजिक र आर्थिक विकासका लागि खेलकुद गतिविधिहरुलाई प्राथमिकता दिने

६. युवा उद्यमशीलता र वित्तीय स्रोतमा युवाको पहुँच विस्तार गर्ने

७. नीति निर्माणदेखि कार्यान्वयनसम्म युवाको समावेशी र सार्थक सहभागिता सुनिश्चित गर्ने

८. युवालाई स्वयैसेवी भावनाको विकास गर्ने

९. स्काउटको संरचनालाई विकास र विस्तार गर्ने

१०. गाउँपालिका र अन्तरपालिका स्तरीय खेलकुद आयोजना गर्ने

११. प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका अवसर विस्तार गर्ने।

१२. युवाद्धारा सञ्चालित उद्यम व्यवसाय तथा उद्योगको प्रवर्द्धन गर्ने।

१३. विकास निर्माणमा युवाको सक्रिय सहभागिता गराउने

**६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाइ | ०७८/७९ सम्मको उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| रोजगारीमा नरहेका १५ देखि २४ उमेर समूहका युवाको अनुपात | प्रतिशत | ६० | ७५ | ७५ | ७५ | ७५ |
| प्राविधिक तथा व्यावसायिक तालिम प्राप्त युवा तथा वयस्क (वार्षिक) | संख्या | ० | ४५ | ७५ | ५० | ५० |
| सक्रिय युवा परिषद तथा युवा संजाल | संख्या | ० | ० | १ | १ | १ |
| कभर्ड हल र स्तरीय खेलकुद मैदान | संख्या | ० | ० | १ | २ | १ |
| खेल प्रशिक्षणमा सहभागी युवा | संख्या | ० | ० | ० | ५ | ३ |
| आयोजना हुने खेलकुद प्रतियोगिता बार्षिक | पटक | १ | ० | १ | १ | १ |

### ६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १४३६ | १२२१ | २१५ | ० | ० | १०२० | ४१६ | ० |
| २०८१/८२ | १४३६ | १२२१ | २१५ | ० | ० | १०४१ | ३९५ | ० |
| २०८२/८३ | १६४० | १३९४ | २४६ | ० | ० | १२०५ | ४३५ | ० |

### ६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र सं | कार्यक्रम वा आयोजना | उद्धेश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | **युवा तथा खेलकुद** | | | | |
| १ | खेलकुद पूर्वाधार निर्माण र राष्ट्रपति रनिङगसिल्ड प्रतियोगिता कार्यक्रम | खेलकुद पूर्वाधार निर्माण र राष्ट्रपति रनिङगसिल्ड प्रतियोगिता कार्यक्रम सञ्चालन गर्नु | सालवसाली | १०० | युवाहरुमा खेलकुद प्रतिभाको विकास हुनेछ। |
| २ | अन्य युवा तथा खेलकुद कार्यक्रम | अन्य युवा तथा खेलकुख कार्यक्रम गर्नु। | सालवसाली | | युवाहरुमा खेलकुद प्रतिभाको विकास हुनेछ। |
| ३ | शे फोक्सुण्डो शैक्षिक तथा खेलकुद विकास कार्यक्रम | खेल क्षेत्रको विकास र विस्तार गर्नु। | सालवसाली | ९०० | अनुशासित नागरिक तयारका लागि खेलकुद क्षेत्रको विकास भएको हुनेछ। |
| ४ | युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना | स्थानीय स्तरमा युवाहरुलाई रोजगारको अवसर दिनु। | सालवसाली | ६३० | युवा रोजगारीको अवसर सिर्जना भएको हुनेछ। |
| | **जम्मा** | | | **१६३०** | |

| क्र. सं. | उपक्षेत्र/कार्यक्रम/ आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ. व. २०८०/८१ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | खेलकुद विकास तथा प्रवर्द्धन कार्यक्रम | हरेक विद्यालयमा पालैपालो खेलकुद प्रतियोगिताहरु आयोजना हुने गरेको। | सबै वडाहरुमा खेल पूर्वाधारको विकार र खेलकुद प्रतियोगिता संचालन भएको हुनेछ। साथै व्यवसायिक खेलाडी निर्माण भएको हुनेछ। | विद्यालयमा खेलकुद प्रतियोगिता, खेलकुद पूर्वाधार र खेल सामग्रीहरु वितरण। |
| २ | युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना | युवा रोगजारहरुको अवस्था पहिचान र तथ्यांक सैकलन भएको। | युवा रोजगारको अवसर उपलब्ध भएको हुनेछ। | बेरोजगार युवाहरुको तथ्यांक अद्यावधिक र रोजगारीका क्षेत्रहरुको पहिचान र परिचालन। |

### ६.९ जोखिम पक्ष तथा अनुमान

युवाहरुसँग नविनतम् विचार भए पनि त्यसलाई उद्यमशीलता र व्यावसायमा रुपान्तरण गर्न आवश्यक पूँजी नहुनुले पनि समस्या ल्याएको छ । विदेशबाट फर्केका युवाहरुको ज्ञान सीप तथा अनुभवको उचित प्रयोग गरी उत्पादनमूलक कार्यमा लगाउनु, गाउँपालिका क्षेत्रमा भएका पर्यटन लगायत तुलनात्मक लाभका क्षत्रेमा युवाहरुलाई आकर्षित गरी यस्ता व्यावसाय सञ्चालनमा परिचालन गउने कार्य निकै चुनौतिपूर्ण छ।

युवाहरुलाई प्राविधिक शिक्षा बारे जानकारी, खेलकुद तथा बौद्धिक कृयाकलाप सम्बन्धी कार्यक्रम मार्फत उनीहरुको श्रृजनशिलता तथा उद्यमशिलता प्रति आकर्षण बढेको हुनेछ । तर बजेटको यथोचित व्यवस्था, यससँग सम्बन्धित जनशक्ति व्यवस्थापन र युवाहरुलाई प्रोत्साहन नभएमा अपेक्षित उपलब्धि हासिल हुन नसक्ने जोखिम रहन सक्छ। गाउँपालिका भित्र रहेका ऐतिहासिक, धार्मिक र सांस्कृतिक सम्पदाहरुको उचित संरक्षण, सुधार र व्यवस्थापन कार्य पनि निकै चुनौतिपूर्ण रहेको छ। वर्षेनी बहुमूल्य मूर्तिहरुको चोरी कार्यले निकै चुनौति थपेको छ।

# परिच्छेद-पाँच

# पूर्वाधार विकास क्षेत्र

यस क्षेत्र अन्तर्गत आवास, भवन तथा शहरी विकास, सडक, पुल तथा यातायात, विद्युत तथा वैकल्पिक उर्जा, सूचना, सञ्चार तथा विद्युतीय सुशासन लगायतका उप–क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चुनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ।

## ५.१. आवास, भवन तथा शहरी विकास

### ५.१.१ पृष्ठभूमि

नेपालको संविधानले आवासको हकलाई मौलिक हकको रुपमा अङ्गिकार गरी सबै नागरिकलाई सुरक्षित, उपयुक्त र वातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्ने तथा आवास विहिन नागरिकलाई आवास सुविधा उपलब्ध गराउने व्यवस्था गरेको छ। संविधानले अव्यवस्थित बसोबासलाई व्यवस्थित र योजनाबद्ध बस्ती विकास गर्ने नीतिगत व्यवस्था समेत गरेको छ। सरकारले नीतिगत तथा कानुनी व्यवस्थाबाट सामाजिक सुरक्षासँग आवद्ध गरी नागरिकको सुरक्षित आसको हकको प्रत्याभूति गरेको छ। त्यस्तै विकट तथा विपद्को उच्च जोखिमयुक्त स्थानमा छरिएर बसेको परावरलाई नजिकको सुरक्षित स्थानमा आर्थिक रुपले सबल हुनेगरी एकीकृत बस्तीमा स्थान्तरण गर्नुपर्ने अवस्था रहेको छ।

वासको हक अन्तर्गत विक्रम सम्वत २०८० सम्मा करिब २० लाख आस एकाइ निर्माण गर्नुपर्ने आवश्यकता रहेकोमा करिब ४ लाख आवास एकाइ विपन्न लोपउन्मुख तथा सिमान्तकृत वर्गको लागि आवश्यक रहेको छ। आवास मानव जीवनको आधारभूत आवश्यकता हो। स्थानीय सरकार सञ्चालन ऐनले संघीय तथा प्रदेश कानूनको अधीनमा रही सुरक्षित बस्ती विकास र भवन निर्माण सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वियन, अनुगमन, नियमन र मूल्यांकन गर्ने तथा सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह र अन्य सार्वजनिक भवन तथा संरचनाको निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापनको जिम्मा स्थानीय सरकारलाई दिएको छ।

यस गाउँपालिकाले बस्ती विकास मापदण्ड मार्फत् यहाँको मुख्य व्यापारिक केन्द्रका साथै अन्य भू–उपयोग व्यवस्थित गर्ने प्रयास गरेको हाल सम्म पाइदैन। नेपाल सरकारले नयाँ मापदण्ड जारी गरेपछि पालिकाले पनि भवन तथा पुर्वाधारको मापदण्ड अनुसारको नक्सापास तयार गरी सोही अनुसार स्विकृति दिने  व्यवस्था छैन्।

गाउँपालिका क्षेत्रभित्र रहेका सरकारी भवनहरु मध्ये हाल बनेका स्वास्थ्य चौकी, वडा कार्यालय भवन तथा केही सामुदायिक विद्यालयका भवनहरु भुकम्प प्रतिरोधी रहेका छन । गाउँपालिकाको प्रशासकीय भवन निर्माणाधिन रहेको छ । निजी आवासका भवनहरुलाई भुकम्प प्रतिरोधी बनाई सुरक्षित बस्ती विकास गर्नुपर्ने आवश्यकता रहेको छ । भवन निर्माण मापदण्ड तर्जुमा गरी कार्यन्वयनमा लैजानपुर्ने देखिन्छ । छरिएर रहेको वस्तीलाई एकिकृत बस्तीको रुपमा विकास गरी सम्पुर्ण सुविधाहरुलाई बस्तीमा केन्द्रित गर्न सके कम खर्चमा सबै सेवासुविधा पुर्याउन सकिने परिस्थिती श्रृजना हुने थियो । नक्सा पास गरी घर निर्माणको कार्य थालनी यसै आर्थिक वर्ष देखि शुरुवात गर्नुपर्ने देखिन्छ । यस गाउँपालिको सार्वजिक र निजी घरहरु विशेषगरी माटा र ढुङ्गाको बनेका छन् । जङ्गलको अभावले गर्दा पूर्वाधारका संरचनाहरु निर्माण गर्दा निकै खर्चिलो हुन जान्छ ।

### ५.१.२ समस्या तथा चूनौति

एकीकृत तथा योजनाबद्ध बस्ती विकसामा पर्याप्त सहजीकरण हुन नसक्नु, कमजोर माटाको आवास संरचना हुनु, आवास संरचना निर्माण कार्य निकै खर्चिलो हुनु, सामुहिक आवास कार्यक्रममा जनमानसको आकर्षण नबढनु समस्याहरु रहेका छन् । गाउँपालिका तथा वडा कार्यालयहरूको आफ्नो भवन नभएको, भवन आचार संहिता लागु नभएको, असुरक्षित तथा जोखिमयुक्त स्थानमा बस्तीहरु भएको, व्यवस्थित वस्ती विकास नभएको, नयाँ वस्ती निर्माण गर्दा मौलिकपना लोप हुँदै गएको आदि प्रमुख समस्या हुन ।

जोखिम युक्त क्षेत्रको बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्नु, भूकम्पबाट क्षति ग्रस्त सम्रचनाको पूनस्थापन सम्पन्न गर्नु, वाल र महिला मैत्री भौतिक सामाजिक सम्रचनाहरू निर्माण गर्नु, भवन आचार संहिता लागु गर्नु, नयां भवन निर्माणमा मौलिकपना कायम राख्नु आदि प्रमुख चुनौतिका रुपमा रहेका छन ।

### ५.१.३ सोच

“सुरक्षित भवन तथा विपद् उत्थानशील र व्यवस्थित बस्ती तथा आवास विकास”

### ५.१.३ उद्देश्य

१. सबैका लागि उपयुक्त, सुरक्षित तथा एकीकृत, वातावरणमैत्री, सुलभ र उत्थानशील बस्ती तथा आवासको विकास गर्नु
२. सङ्घ, प्रदेश र स्थानीय तहसँगको समन्वय र सहकार्यमा एकीकृत बस्ती विकास गर्ने
३. सडक, ढल, पार्क, मनोरञ्जल स्थल जस्ता आधारभूत शहरी पूर्वाधारहरुको ब्यवस्थापन गर्नु ।

### ५.१.४ रणनीति

१. न्यूनतम पूर्वाधार सहितको एकीकृत वस्ती विकास गर्ने,
२. सुरक्षित आवास तथा भवनहरू निर्माण गर्ने,
३. भू–उपयोग नीति तथा योजनाको कार्यान्वयन गर्नु ।

४. व्यवसायिक तथा आवासीय भौतिक संरचना र पूर्वाधार निर्माणमा विपद् जोखिम प्रतिरोधात्मक उपाय अवलम्बन प्रोत्साहन गर्नु

५. भवन, आवास तथा बस्ती विकास मापदण्डलाई कार्यान्वयन तहमा पुर्याई व्यवस्थित बस्ती विकासको सहज वातावरण तयार गर्नु।

६. सङ्घीय, प्रादेशिक र स्थानीय तहको क्षेत्रगत भूमिका स्पष्ट पार्दै संस्थागत क्षमता अभिवृद्धि गर्ने

७. भौगोलिक रुवमा विकट, विकासको लागि बाधक, अपायक र विपद्को उच्च जोखिमयुक्त स्थानमा रहेका बस्तीहरुलाई निरुत्साहित गर्ने।

८. वातावरणीय दृष्टिले सन्तुलित, वित्तीय दृष्टिले सम्भाव्य र प्राविधिक दृष्टिले उपयुङ्क्त तथा सुरक्षित र व्यवस्थित एकीकृत बस्तीहरुको विकास गर्ने।

९. कमजोर आर्थिक अवस्थामा रहेका दलित, जनजाति तथा समुदाय एवम् विपद्को उच्च जोखिममा रहेका नागरिकका लागि सुरक्षित, किफायती र वातावरणमैत्री आवासको व्यवस्था गर्ने।

१०. जमिनको प्रभावकारी उपयोग हुने गरी आवासको लागि आवश्यक जग्गा लगायत योजनाबद्ध भौतिक पावधार सेवाको एकीकृत रुपमा विकास गर्ने।

### ५.१.५ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| मापदण्ड र भूकम्प प्रतिरोधी प्रबिधि अनुसार बनेका आवासीय भवन | प्रतिशत | ० | ० | ५ | १० |
| सुरक्षित सार्वजनिक यातायातको उपलब्धता | प्रतिशत | ० | ० | ० | ० |
| मापदण्ड अनुसार निर्माण भएका कार्यालय, विद्यालय तथा स्वास्थ्य भवन | प्रतिशत | ४ | ५ | ७ | १५ |
| लैङ्गिकमैत्री तथा अपांगमैत्री सार्वजनिक भवनहरु | प्रतिशत | ० | ० | ० | ० |
| वडा कार्यालय भवन निर्माण | संख्या | २ | ३ | ५ | ९ |
| गाउँपालिकाको प्रशासनिक भवन निर्माण | संख्या | १ | १ | ० | ० |
| कम्तिमा ५ शैयाको अस्पताल निर्माण | संख्या | ० | ० | १ | ० |
| सामुदायिक भवन निर्माण | संख्या | ३ | ५ | ५ | ५ |
| बहुउद्देश्यीय सभाहल निर्माण | संख्या | ० | ० | १ | ० |
| जनता आवास कार्यक्रम अन्तर्गत विपन्न परिवारलाई घर निर्माण | संख्या | ० | १५० | २०० | २५० |

| सूचक | एकाइ | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| नक्सा पास गरी घर निर्माणको थालनी | संख्या | ० | ० | ० | ० |
| भवन निर्माण मापदण्ड लागु | संख्या | ० | ० | ० | ० |

### ५.१.५ विषय क्षेत्रगतखर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १००९० | ५०५ | ९५८६ | ० | ९३१ | ७०८० | २०८० | ० |
| २०८१/८२ | ११५२४ | ५७६ | १०९४८ | ० | १०२५ | ८५२२ | १९७७ | ० |
| २०८२/८३ | ११७८९ | ५८९ | १११९९ | ० | १२०५ | ८४०९ | २१७५ | ० |

### ५.१.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र सं | कार्यक्रम वा आयोजना | उद्धेश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | नागरिक सुरक्षित आवास कार्यक्रम | जोखिममा रहेका समुदायहरुलाई सुरक्षित स्थानमा स्थान्तरण गर्नु | सालवसाली | ० | सुरक्षित बस्ती विस्तार भई सहज जीवनयापनका लागि सुरक्षित आवासको व्यवस्था भएको हुनेछ। |
| २ | बस्ती विकास आवास भवन तथा शहरी विकास | सुरक्षित बस्ती आवासका लागि पूर्वाधार निर्माण गर्ने | सालवसाली | ५०००० | सुरक्षित र सुविधा सम्पन्न बस्ती निर्माणका लागि पूर्वाधार निर्माण भएको हुनेछ। |
| ३ | आवास, भवन तथा शहरी विकास र अन्य कार्यक्रम | भवन आवास बस्ती तथा शहरी विकासलाई व्यवस्थित बनाउनु | सालवसाली | २५००० | आवास भवन तथा शहरी विकास सम्बन्धी सेवा सुचारु हुनेछ। |
| ४ | गाउँपालिका ४ कोठे भवन निर्माण | एकीकृत रुपमा व्यवस्थित सेवा उपलब्ध गर्नु। | आव ०७९/८० | २००० | विश्वसनीय र भरपर्दो तरिकाले व्यवस्थित सेवा प्राप्त गर्नेछन्। |
| ५ | गाउँपालिका प्रशासकीय भवन गाउँपालिका योगदान क्रमागत साझेदारी | सहज र सुरक्षित तरिकाले सेवा प्रवाह गर्नु। | आव ०७८/७९-०८१/८२ | १०००० | विश्वसनीय र भरपर्दो तरिकाले व्यवस्थित सेवा प्राप्त गर्नेछन्। |
| | जम्मा | | | ८७००० | |

| क्र. सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ. व. २०८०/८१ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | आवास, भवन तथा शहरी विकास र अन्य कार्यक्रम | जोखिम र छरिएका बस्तीहरुको पहिचान गरिएको। | सुरक्षित र एकीकृत बस्ती विकास गरी एकीकृत सेवा सुविधाहरु उपलव्ध हुनेछन्। | बस्ती पहिचान, जग्गा छनौट, लागत अनुमान तयार, निर्माणको लागि ठेक्का प्रकिया शुरु र भवन निर्माण र हस्तान्तरण |
| २ | गाउँपालिका प्रशासकीय भवन गाउँपालिका योगदान क्रमागत साझेदारी | १५ प्रतिशत भवन निर्माणको काम सम्पन्न भएको छ। | सुविधा सम्पन्न प्रशासनिक भवन निर्माण भई गुणस्तरीय सेवा उपलव्ध हुनेछ। | सामग्रीहरुको संकलन, पर्खाल निर्माण काठहरु संकलन, अनुगमन |
| २ | वडा कार्यालयहरुको भवन निर्माण। | २ वटा वडा कार्यालयहरुको आफ्नै भवन भएको। | ९ वटा वडा कार्यालयहरुको आफ्नै भवन निर्माण भएको हुनेछ। | जग्गा प्राप्ति, लागत अनुमान र नक्शा तयार, सेवा खरिदका लागि सूचना प्रकाशन र भवन निर्माण, हस्तान्तरण |

### ५.१.७ जोखिम पक्ष तथा अनुमान

नगरपालिका मा आवाशीय तथा ब्यवसायिक भवनको मापदण्ड तयार भै यसको कार्यान्वयनबाट भूउपयोग, आवास, वस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्डको परिपालनामा अभिवृद्धि हुनेछ। शहरीकरणका कारण फोहोरमैलाको विसर्जन अव्यवस्थित हुने र वातावरणीय प्रदुषण वृद्धि हुने जोखिम हुन सक्छ। जनचेतनाको स्तर न्यून रहेको र विगत देखिनै प्रभावकारी कार्यान्वयनमा आउन नसकेको कारण बस्ती विकास तथा भवन निर्माण समबन्धी मापदण्डको कार्यान्वयन चुनौतिपूर्ण देखिन्छ।

### ६.२ सडक तथा पुल

मुलुक तथा गाउँको सामाजिक-आर्थिक विकासलाई गति प्रदान गर्न, सर्वसाधारणको निर्वाध पहुँचका अतिरिक्त व्यापार, वयावसाय तथा सेवालाई सहजीकरण गर्न यातायात क्षत्रेको महम् भूमिका रहन्छ। यातायातको व्यवस्थित सञ्जाल र प्रणालीको विकासबाट मात्र सामाजिक आर्थिक एकीकरण र प्रादेशिक सन्तुलन कायम राख्न सम्भव छ। आर्थिक उन्नति वृद्धिको सम्वाहकको रुपमा रहेको यातायात क्षेत्रले भौतिक तथा सामाजिक पूर्वाधार जस्तै जलविद्युत, उद्योग, सञ्चार, पर्यटन, कृषि, स्वास्थ्य, शिक्षा एवम् शहरी तथा ग्रामीण विकास आदिमा उल्लेखनीय योगदान दिँदै आएको छ। आर्थिक वृद्धिसँग बहुआयमिक रुपमा अन्तरसम्बन्धित रहेको यस क्षत्रेको विकासमा लागनी सुनिश्चित गर्नुपर्ने आश्यकता रहेको छ। यस्तो अवस्थामा समग्र यातायात प्रणालीको प्रभावकारी विकासका लागि यस क्षेत्रमा हुने लगानी, लगानीको प्राथमिकता, सुरक्षित यातायात सेवा, न्यूनतम ढुवानी खर्च तथा दिगो संरचना निर्माण तथा योजनाबद्ध मर्मत संचार हुनु जरुरी छ। यसका लागि आयोजनाको सही पहिचान, छनौट, कार्यान्वयन, अनुगमन तथा मूल्याङकन हुनेगरी कार्यक्रमहरु सञ्चालन गर्न आश्यक छ। सडक सञ्जाल विस्तार दगायत अन्य यातायात समेको अल्पकालीन र दिर्घकालीन सोचका साथ सहज, सुरक्षित तथा गुणस्तरीय यातायात सेवा प्रदान गर्ने कार्यका लागि एकीकृत यातायात प्रणालीको अध्ययन तथा विकास हुनु अपरिहार्य छ।

यातायात क्षेत्रलाई उच्च प्राथमिकतामा राख्ने र सामाजिक आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेल्ने रणनीतिक महत्व भएका राष्ट्रिय र अन्तरदेशीय व्यापारिक नाका जोड्ने सडक मार्ग निर्माण, सञ्चालन तथा व्यवस्थापन लगायतका कार्यलाई विशेष जोड दिन आवश्यक रहेको छ । साथै यातायात पूर्वाधार विकास तथा व्यवस्थापनका कार्यमा वातावरणमैत्री प्रविधि र बैकल्पिक इन्धनको प्रयोगलाई प्रोत्साहन गर्दै यस क्षेत्रको विकास गर्नु आवश्यक छ । गाउँपालिका समृद्धिको पहिलो प्राथमिकता यातायात पूर्वाधार हो । त्यसमा पनि विशेष गरी सडक प्रमुख रहेको छ । गाउँपालिकाका सम्पूर्ण वडा र बस्तीहरु, अन्य अन्तरपालिका जोड्ने माध्यम भनेको नै सडक हो । हालसम्म यस पालिकामा नेपाल सरकारले प्रमुख प्राथमिकतामा राखेको त्रिदेशीय व्यापारिक मार्ग रुपडिया जाजरकोट दुनै धो तिन्जे मोरिम मार्गको निर्माण कार्य भइरहेको छ ।

गाउँपालिकाको केन्द्रबाट सबै वडासम्म जोड्ने सडक तथा जिल्ला सदरमुकामदेखि गाउँपालिका जोड्ने सडकलाइ प्राथमिकता दिदै अन्य शाखा सडकहरुको ट्र्याक खोल्ने कार्यको थालनी भइसकेको छ । साथै फोक्सुण्डो ताल सुलिगाड झरना शे गुम्बा लगायतका पर्यटकीय क्षेत्रसम्म पुग्न पर्यटकीय पदमार्ग निर्माण कृषि उत्पादनको बजारीकरणका लागि ग्रामीण कृषि सडक निर्माणको कार्य समेत भइरहेको छ। । छरिएर रहेको वस्तीमा सबै टोलहरुमा मोटरबाटो पुर्‍याउने कार्य तत्काल सम्भव नभए पनि गाउँपालिकाको केन्द्रदेखि वडा कार्यालय जोड्ने मोटरबाटो स्तरोन्नति गर्नुपर्ने देखिएको छ ।

### ६.२.१ समस्या तथा चुनौति

कठिन भू-बनोटका कारण सडक पूर्वाधार र विभिन्न प्रकारका पुलहरुको लागत बढी हुन जानु, आवश्यकता अनुसारको दक्ष श्रमिक तथा अन्य विषयगत प्राविधिक जनशक्तिहरु उपलब्ध नहुनु, नियमित मर्मतसंभारको कमीका कारण निर्माण भएका सडकहरु टिकाउ हुनु नसक्नु, निर्माण व्यावसायीहरुको दक्षता तथा क्षमतामा समयसापेक्षित सुधार हुनु नसक्नु, सडक गुरु योजना विना नै सडक विस्तारको कार्य हुनु, गुणस्तरीय निर्माण सामग्रीहरुको सुनिश्चिता नहुनु, तीनै तहका सरकारको स्पष्ट जिम्मेवारी किटान नहुनु, बजेटको विनियोजन र सञ्चालन कुशलताको अभाव हुनु, संस्थागत, व्यवस्थापकीय तथा प्राविधिक संशाधन क्षमतामा अपेक्षाकृत वृद्धि नहुनु, सडकप्रति सर्वसाधारणको अपनत्व अपेक्षाकृत नहुनु, आयोजना व्यवस्थापनमा सुशासन कायम राख्नुपर्ने उपायहरुको अवलम्बन नहुनु, ठेक्का व्यवस्थापनमा पर्याप्त कमजोरी रहनु र अनुगमन र मूल्याङ्कनलाई नतिजासँग आवद्ध गर्न नसक्नु लगायतका समस्याहरु विद्यमान छन् ।

कच्ची र मौसमी सडक मात्र रहनु, महत्वपूर्ण पर्यटकीय तथा धार्मिक, साँस्कृतिक स्थलहरूसम्म सडकको पहुँच नहुनु, प्रारम्भिक अध्ययन डिजाइन विना नै सडक खोल्ने प्रवृत्ति बढ्दो, धेरै सडकको शुरूवात भए तापनि अत्यन्तै न्यून कार्य प्रगति हुनु, न्यूनतम

मापदण्ड अनुसारको पदयात्रा मार्ग नहुनु, सडक सञ्जालबाट प्रभावित पर्यटकीय पदयात्रा मार्गको वैकल्पिक व्यवस्था नहुनु, आवश्यक्ता अनुसार झोलुङ्गे पुल नहुनु, सडक सञ्जालको अभावमा ग्रामीण भेगमा आर्थिक कृयाकलाप न्यून हुनु आदि प्रमुख समस्या रहेका छन।

सीमित लगानीका कारण सडक र पुल सम्बन्धी पूर्वाधार निर्माण कार्यमा अपनाइने प्रविधि, लागत र गुणस्तरमा सन्तुलन कायम गर्नु, चुनौतिपूर्ण भौगर्भिक-भौगोलिक अवस्था रहनु, सानातिना आयोजना कार्यान्वयन गर्नुपर्ने दवावका कारण प्राथमिकता प्राप्त योजना तथा रणनीतिक महत्वका आयोजनाहरुमा लगानी केन्द्रित गर्नु, आयोजना बैङ्कको अवधारणालाई कार्यान्वयनमा ल्याउनु, सार्वजनिक निजी साझेदारी मार्फत लगानी आर्कषित गर्नु, तीन तहका सरकारहरुले निर्माण गर्ने सडक पृवाधारहरु परिपूरक हुनेगरी निर्माण गर्नु, संस्थागत क्षमता अभिवृद्धि गर्नु, सन्तुलित, सुरक्षित, दिगो, वातावरणमैत्री र गुणस्तरीय यातायात पूर्वाधार निर्माण गर्नु, प्राकृतिक प्रकोप एवम् जलवायु परिवर्तनको अनुकूलतालाई समेत ध्यानमा राखी यातायातका संरचनाहरु निर्माण गर्नु, अन्तर निकाय भौतिक पूर्वाधारको योजना तर्जुम, कार्यान्वयन तथा सञ्चालन सम्बन्धमा आवश्यक समन्वय कायम गर्नु, आयोजनाको पूर्व तयारीङ्का चरण पुरागरी कार्यान्वयनमा लैजानु, निजीक्षेत्रको व्यावसायिक क्षङ्गतामा वृद्धि गर्नु र निजीक्षेत्रको लगानी आकर्षित गर्नु प्रमुख चुनौतिका रुपमा रहेका छन्।

निर्माणाधीन सडकहरू सम्पन्न गर्नु, वडा केन्द्रहरू, महत्वपूर्ण टोल बस्तीहरू र पर्यटकीय केन्द्रसम्म सडक पुर्याउनु, वैकल्पिक पदमार्गहरू निर्माण गर्नु, सडक पुल निर्मा गर्नु, भूकम्पबाट क्षति ग्रस्त सम्रचनाहरू पुनर्निर्माण गर्नु, पदमार्गहरू स्तरोन्नति गरी मापदण्ड अनुसार वनाउनु, निर्मित सडकहरूको स्तरोन्नति गर्नु, अध्ययन नगरी जथाभावी सडक खोल्ने प्रवृत्ति रोक्नु आदि यस क्षेत्रका प्रमुख चुनौति हुन।

### ६.२.३ सोच

“दिगो, भरपर्दो, सुरक्षित र वातावरणमैत्री यातायात पूर्वाधार, समृद्धि र सुखको आधार”

### ६.२.४ उद्देश्य

कुल यातायात खर्च न्यूनतम हुनेगरी यातायात सञ्जालको सन्तुलित विकास तथा विस्तार गर्नु

यातायात पूर्वाधारहरुको उचित संरक्षण, मर्मत-सम्भार र सुरक्षा कायमगरी सहज र भरपर्दो तरिकाले आवागमन सुनिश्चित गर्नु

दिगो, सुरक्षित र वातावरणमैत्री यातायात पूर्वाधार निर्माण गर्नु

### ६.२.५ रणनीति

१. दिगो, सुरक्षित यातायात सञ्जाल विस्तारका लागि तीन तहको सरकारसँग सहकार्य गर्ने

२. भरपर्दो र सर्वसुलभ यातायात सेवाको लागि निजी क्षेत्र र छिमेकी पालिकाहरुसँग सहकार्य गर्ने

३. गुरु योजना तयार गरी प्राथमिकताका आधारमा यातायात पूर्वाधार विकास कार्यक्रम सञ्चालन गर्ने

४. सबै मौसममा सञ्चालन हुन सक्ने गरी सडक पूर्वाधारको विकास तथा विस्तार गर्ने

५. संस्थागत क्षमताको विकासलाई उच्च प्राथमिकता दिई आधुनिक प्रविधिको अधिकतम उपयोग गर्ने

६. प्राकृतिक प्रकोप तथा जलवायु प्रतिकूलताका कारण हुनसक्ने सम्भाव्य असर वा हानी नोक्सानीलाई न्यूनीकरण गर्ने

७. मौजुदा सडकहरूको स्तरोन्नति र नियमित मर्मत सम्भार गरी सर्वयाम सुचारु गर्ने।

८. वैकल्पिक पर्यटन पद मार्ग निर्माण र सञ्चालित पद मार्गहरूको मापदण्ड अनुसार स्तरोन्नति र मर्मत सम्भार गर्ने।

### ६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| १२ महिना सञ्चालन हुने सडकको २ किमि वरपर बसोबास गर्ने जनसंख्याको अनुपात | प्रतिशत | | | | | |
| सडक घनत्व (किमि, वर्ग किमि) | कि.मि. | ० | ० | ० | ० | ० |
| कंक्रिट सडक | कि.मि. | ० | ० | ० | ० | ० |
| कालोपत्रे सडक | कि.मि. | ० | ० | ० | ० | ० |
| ग्राभेल सडक | कि.मि. | ० | ० | ० | ० | ० |
| कच्ची सडक | कि.मि. | ५ | ११ | ३५ | ७५ | ११५ |

### ६.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ६९४९० | १०४२४ | ५९०६७ | ० | ७४५ | ६८७४५ | ० | ० |
| २०८१/८२ | ७९३६४ | ११९०५ | ६७४५९ | ० | ८२० | ७८५४४ | ० | ० |
| २०८२/८३ | ८११९० | १२१७९ | ६९०१२ | ० | ९६४ | ८०२२६ | ० | ० |

### ६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र सं | कार्यक्रम वा आयोजना | उद्धेश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | झोलुङ्गे पुल निर्माण आयोजना | झोलुङ्गे पुल निर्माण गर्नु। | सालवसाली | ७७०० | गाउँपालिकाबासीलाई झोलुङ्गे पुल निर्माण पश्चात आवतजावत गर्न सहज हुनेछ। |
| २ | सडक तथा पुल निर्माण र मर्मतसंभार र अन्य सालवसाली कार्यक्रम | सेवा तथा सुविधामा पहुँच बढाउनु | सालवसाली | २५००० | सडक र पुलहरुको निर्माण, स्तरोन्नति र भई सहज आवगमन भएको हुनेछ। |

| ३ | **जम्मा** | | | **३२७००** | |
|---|---|---|---|---|---|

| क्र. सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ. व. २०८०/८१ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | झोलुङ्गे पुल निर्माण आयोजना | ३ वटा झोलुङ्गे पुल निर्माण भएको। | सबै काठेपुलहरु क्रमशः विस्तापन गरी झोलुङ्गे पुलहरु निर्माण भएको हुनेछ। | जोलुङ्गे पुलको डिपिआर तयार, सम्झौता, सामान खरिद ढुवानी निर्माण |
| २ | सडक तथा पुल निर्माण र मर्मतसंभार र अन्य सालवसाली कार्यक्रम | वडा नम्बर १ को कोमास र वडा नम्बर ३, ४ र २ का बस्तीहरुमा कच्ची डक बाटो निर्माण भएको। | गाउँपालिकाबाट सबै वडा कार्याहरुसम्म जाने सडक बाटो र अन्य स्तरोन्नति भएको हुनेछ। | सडकको डिपिआर तयार, निर्माण सेवा खरिद र मर्मत सुधार कार्य गर्ने। |

### ६.२.९ जोखिम पक्ष तथा अनुमान

तीन तहको सरकारबीच नीति, कार्यक्रमको अन्तरसम्बन्ध, सामाञ्जस्यता, समन्वय र सहकार्यमा आयोजना कार्यक्रम छनौट र कार्यान्वयन हुन सक्नेछ। गाउँपालिकाको आवश्यकतालाई मध्यनजर गरी विस्तृत आयोजना प्रस्ताव तयार गरेर प्राथमिकताको आधारमामा बहुबर्षीय रुपमा कार्यान्वयनका लागि बजेट विनियोजन भई कार्यान्वयन हुनेछन्। तथापि सडक पुर्वाधार विशिष्ट आयोजना हुने भएकोले दक्ष प्राविधिकबाट विस्तृत संभाव्यता तथा वातावरणीय अध्ययन हुन नसकेमा तथा आयोजना प्रभावकारी व्यवस्थापन गर्न नसकिने जोखिम रहन्छ। सम्भाव्यता तथा वातावरणीय अध्ययन भएका आयोजना तथा कार्यक्रमलाई प्राथमिकता, उपभोक्ता तथा सरोकारवालाको सहभागितामा आयोजना व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ। त्यसैगरी भइरहेका सडकहरु विस्तृत परियोजना प्रतिवेदन नबनाई यातायात संरचना निर्माण गरिएका कच्ची सडक भएकाले नियमित यातायात सेवा सञ्चालनमा चुनौति छ। भौगोलिक विकट्ता, छरिएर रहेका बस्तीहरु आदि कारणले गर्दा यातायात निर्माण कार्य निकै खर्चिलो र कम गुणस्तरका हुने जोखिम पनि रहन्छ।

## ७. जलस्रोत, विद्युत तथा बैकल्पिक उर्जा

जलविद्युत आर्थिक वृद्धि र आर्थिक रुपान्तरणको एक महत्वपूर्ण साधन हो। नेपालको सन्खर्भमा विद्युत विकासको यात्रा सम्वत् १९६८ देखि रु भएको पाइन्छ। यस गाउँपालकामा जलविद्युतको क्षेत्रमा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन् मूलतः भौगोलिक कठिनाई, प्याप्त पानीका स्रोतहरुको अभाव र खर्चिलो सामग्री ढुवानी र निर्माण लागत जस्ता कठिनाइहरु रहेका छन्। हाल यस गाउँपालिकाको वडा नम्बर ९ मा मात्र जलविद्युत मार्फत बत्ती बाल्न र खाना पकाँउने इन्धनको रुपमा सेवा उपलव्ध छ भने वडा नम्बर ८ को रिम्मो गाउँमा कल्याणकारी संस्था ब्रिटिस गोर्खा (कादुरी) समाजको लगानी, प्राविधिक सहयोग र लाभान्वित समुदायको श्रमदान मार्फत हाल फोक्सुण्डो तालबाट बगेको पानीबाट विद्युतीय उर्जा निर्माण गर्ने काम भइरहेको छ। गाउँपालिकाको

अन्य वडा तथा बस्तीहरुमा बत्ती बाल्ने र अन्य विद्युतीय सामग्री खपतका लागि सौर्य उर्जाको प्रयोग भइरहेको छ। सो हन्तर्गत केही बस्तीमा बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको अनुदान र केही बस्तीमा स्व-लगानीमा उर्जाको अभाव पूर्ति भइरहेको छ भने गाउँपालिकाको वडा नम्बर १ को कोमास मुसीगाउँ, वडा नम्बर २ को कराङगाउँ,  वडा नम्बर ३ को साल्दाङगाउँ, वडा नम्बर ५ को भिजेर गाउँ वडा नम्बर ६ को फोत गाउँमा आगामी आर्थिक वर्ष २०८/०८१ बाट बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको ९० प्रतिशत र गाउँपालिकाको १० प्रतिशत लागत साझेदारीमा उर्जाको उपयोग गर्ने कार्य अगाडि बढेको छ। यसका साथै विश्व वन्यजन्तु कोषको लागत साझेदारीमा पनि अन्य  वडा तथा बस्तीमा सौर्यउर्जा सुविधा पुगेको छ।

गाउँपालिकाले आगामी ४ वर्षभित्र गाउँपालिकालाई अन्धकारमुक्त पालिका घोषण, गाउँपालिकालाई समृद्ध, समुन्नत बनाउन १ मेगावाटसम्मको फोक्सुण्डो साना जलविद्युत आयोजनाको सम्भाव्यता अध्ययनका लागि सम्बन्धित नियकामा पहल गर्ने र पालिका उज्यालो अभियान मार्फत "हुनेछैन कुनैघरु खाली सौर्य उर्जाबाट बिजुली" भन्ने विगत गाउँसभाको नारालाई समेत अङ्गिकार गर्ने नीति अवलम्बन गरेको छ।

### ७.१ चुनौति र समस्याहरु

राष्ट्रिय प्रसारण लाइन हालसम्म पनि बिस्तार नभएको र तत्काल हुने सम्भावना पपनि नदेखिएको, जल विद्युतमा अपेक्षित रूपमा वाह्य लगानी आकर्षित हुन नसक्नु, इन्धनको श्रोतको रुपमा दाउरा गुइठाको प्रयोगले गर्दा वनमा अत्याधिक चाप र मानव स्वास्थ्यमा नकारात्मक असर पर्ने, आदि प्रमुख समस्या हुन। त्यस्तै जलविद्युत आयोजनाहरुको सम्भाव्यता अध्ययन हुन नसक्नु, लगानीका लाषि स्रोतसाधनको अभाव रहनु, निजी क्षेत्र ग्रामीण दुर्गम भेगसम्म पुग्न नसक्नु, बैकल्पिक उर्जा घरायसी आवश्यकता परिपूर्तिमा मात्र सीमित रहनु आदि समस्याहरु हुन्।

राष्ट्रिय प्रसारण लाइनमा आवद्ध गर्नु, इन्धनका रुपमा विद्युतको प्रयोग बढाउनु, विद्युत क्षेत्रमा लगानी बढाउनु, विद्युत तथा बैकल्पिक उर्जा उत्पादन, उपयोग र व्यवस्थापनका लागि तीन तहका सरकारको आपसी सहयोग, समन्वय र सहकार्य गर्नु चुनौतिको रुपमा रहेका छन्।

### ७.२ सोच

"भरपर्दो, स्वस्थ र दिगो उर्जाको उपलब्धता-जलविद्युत र सौर्य उर्जाको व्यापकता"

### ७.३ उद्देश्य

१. जलविद्युत र सौर्य उर्जाको उत्पादन, दिगो व्यवस्थापन मार्फत स्वच्छ उर्जाको उवलब्धता सुनिश्चित गर्नु

२. सबै घर धुरीमा भरपर्दो विद्युत सुविधा पुर्याई आय र रोजगारीमा आवद्ध गर्ने।

३. विद्युत तथा वैकल्पिक उर्जा वितरण प्रणाली सुदृढीकरण गर्दै विद्युत् खपत बढाउने र खनिज इन्धनमाथिको निर्भरता कम गर्नु।

### ७.४ रणनीति

१. जलविद्युतमा आन्तरिक एवम् बाह्यय क्षेत्रको लगानी आकर्षण गरी विद्युत उत्पादनमा वृद्धि गर्ने

२. बैकल्पिक वानविकरणीय उर्जाको विकास र विस्तार गरी उर्जा आपूर्ति प्रणालीको महत्वपूर्ण अंशको रुपमा विकास र

३. बहुउपयोगमा वृद्धि गर्ने

४. स्थानीयवासीमा बैकल्पिक उर्जाको विकास र प्रयोगको लागि क्षमता अभिवृद्धि गर्ने

५. विद्युत उत्पादन क्षमता र उपयोग वढाउने।

६. विद्युत उपयोग सम्बन्धी नियमित जनचेतना अभिवृद्धि गर्ने।

७. विद्युत खपत तथा ब्यवस्थापन तथा सुहलियत सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयन गर्ने।

८. हरित र स्वच्छ ऊर्जा (विद्युत्) खपत बढाउने र खनिज इन्धन माथिको निर्भरता कम गर्ने।

### ७.५ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| विद्युतमा पहुँच भएका वडा संख्या | संख्या | १ | १ | २ | २ | २ |
| खाना पकाउन ऊर्जाको प्राथमिक स्रोतका रूपमा दाउरा प्रयोग गर्ने परिवार | प्रतिशत | ६६ | ६६ | ६५ | ६० | ६० |
| खाना पकाउन र पानी तताउन एलपी ग्यास प्रयोग गर्ने घरपरिवार | प्रतिशत | १.०५ | २ | ३ | ५ | ५ |
| खाना पकाउन र पानी तताउन गोबर प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ३३ | ३३ | २५ | २० | २५ |
| खाना पकाउन र पानी तताउन विद्युत प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ० | ० | ० | ० | ० |
| विद्युत्बाट चल्ने सवारीसाधन | प्रतिशत | ० | ० | ० | ० | ० |

### ७.६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ७००० | ३५० | ६६५० | ० | ७४५ | ६२५५ | ० | ० |
| २०८१/८२ | ७९९५ | ४०० | ७५९५ | ० | ८२० | ७१७५ | ० | ० |
| २०८२/८३ | ८१७९ | ४०९ | ७७७० | ० | ९६४ | ७२१५ | ० | ० |

**७.७ कार्यक्रम /आयोजनाको संक्षिप्त विवरण**

| क्र सं | कार्यक्रम वा आयोजना | उद्धेश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | ग्रामीण नविकरणीय उर्जा कार्यक्रम | कार्वन उत्सर्जन न्यूनीकरण गर्नु। | सालवसाली | ५२०० | नविकरणीय सौर्य प्रणालीबाट विद्युतीकरण सेवा प्राप्त भएकव हुनेछ। |
| २ | जलस्रोत तथा विद्युत कार्यक्रम वा कागमारा खोला लघु जलविद्युत मर्मत | काग्मारा ग्रामीण विद्युतलाई मर्मत गर्नु। | आव २०७९/८० | ५०० | जलविद्युतबाट उत्पादित बत्तीको प्रयोगबाट उर्जा उपभोगको व्यवस्था हुनेछ। |
| | **जम्मा** | | | **५७००** | |

| क्र. सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ. व. २०८०/८१ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | ग्रामीण नविकरणीय उर्जा कार्यक्रम | हालसम्म नाम्दो गाउँ र कराङ गाउको केही बस्तीमा सौर्य प्रणाली जडान भएको। | पिलकाको सबै वडाका बस्तीहरुमा सौर्य प्रणालीबाट विद्युत सेवा उपलब्ध हुनेछ। | लागत साझेदारी, सेवा खरिद, सौर्य प्लान्ट स्थापना र विद्युत वितरण |
| २ | जलस्रोत तथा विद्युत कार्यक्रम वा कागमारा खोला लघु जलविद्युत मर्मत | वडा नम्बर ९ मा २५ कि, वा. को विद्युत सेवा पुगेको | नियमित मर्मत संभार भई भरपर्दो विद्युत सेवा प्राप्त हुनेछ। | सर्वे, लागत अनुमान तयार र मर्मत संभार कार्य सञ्चालन र सेवा प्रवाह। |

**७.८ जोखिम पक्ष तथा अनूमान**

सङ्घीय शासन प्रणालीमा तीन तहका सरकारका नीति, कार्यक्रम बीच सामञ्जस्यता, समन्वय र सहकार्यमा आयोजनाको छनौट र कार्यान्वयन सम्बन्धी जोखिम रहनसक्छ। सम्भाव्यता तथा वातावरणीय अध्ययन कार्य सम्पन्न गरी आयोजनाको कार्यान्वयन गर्न लगानीको अभाव हुने र छरिएका बस्तीका कारणले गर्दा आयोजना खर्चिलो र कम गुणस्तर हुन जाने जोखिम रहन्छ।

विद्युत तथा वैकल्पिक उर्जाको प्रयोगबाट उद्यम, व्यावसाय सहज वृद्धि गर्न सकिने। विद्युत तथा वैकल्पिक उर्जाको संरचनाबाट सावधानी अपनाउन नसकेमा दुर्घटनाको जोखिम रहन सक्छ।

## ८. सूचना तथा सञ्चार प्रविधि पूर्वाधार

नेपालको संविधानले सूचनाको हकलाई मौलिक हकको रुपमा अङ्गिकार गरेको छ। सूचना तथा सञ्चारको चमत्कारिक विकास भएको सन्दर्भमा गाउँपालकाबासीको सञ्चारमा न्यून पहुँच विस्तार भएको अवस्था छ भने अझै सूचना र सञ्चार सम्बन्धी पर्याप्त पूर्वाधारको अभाव रहेको छ पालिकामा। गाउँपालिलकाको १३ गाउँसभाले आगामी २ वर्षभित्र सबै वडाहरुमा सूचना प्रविधिको पहुँच विस्तार गरी विद्युतीय खुला सरकारको अवधारणालाई जोड दिन नीति लिएको छ।

डिजिटल गाउँपालिका निर्माणका लागि आवश्यक पूर्वधार सहिततको कम्प्युटर प्रणालीमा आधारित अनलाइन र अफलाइन सेवा दिने प्रतिवद्धता पनि गाउँसभाले व्यक्त गरेको छ । अतः विकासका सम्वाहक एवम् उत्प्रेरकको रुपमा रहेको सूचना तथा सञ्चार प्रविधिको क्षेत्रलाई मर्यादित, व्यावसायिक, सक्षम र सबल बनाउने दायित्व र जिम्मेवारीका साथ अगाडि बढ्नुपर्ने खाँचो छ । दिगो विकासका लक्ष्यले सबैले धान्नसक्नेगरी इन्टरनेटको पहुँचमा उल्लेख्य वृद्धि गर्ने उल्लेख गरेको छ । समग्र गाउँवासीलाई सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित विश्वव्यापी विकास एवम् उपलब्धि अनुरुप सेवा पुर्याउँदै आर्थिक विकासका समग्र पक्षमा सूचना तथा सञ्चार प्रविधिको अधिकतम उपयोग बढाउन सञ्चार र सूचना प्रविधि सम्बन्धी ज्ञान, सीप र क्षमताको विकास गरी सुशासन कायम गर्नु र सूचना प्रविधिलाई अर्थतन्त्रको महत्वपूर्ण हिस्साको रुपमा विकास गर्नु आजको आवश्यता हो ।

यस गाउँपालिकाको वडा नम्बर ८ को रिम्मो गाउँमा नेपाल टेलिकमको मोवाइल सेवा र इन्टरनेट सेवा प्रदायक निजी संस्था वर्ल्ड लिङक सेवा मार्फत सीमित गतिको इन्टरनेट सेवा उपलब्ध छ । हाल वडा नम्बर ९, बडा नम्बर १ को कोमास गाउँ, वडा नम्बर २, ३, ४ र ५ मा नेपाल टेलिकमको २ जी सेवा उपलब्ध छ भने अझै वडा नम्बर ६ र ७ मा कुनैपनि सञ्चार सेवा पुग्न सकेको छैन् । पहुँच पुग्न बाँकी वडाहरुमा समेत नेपाल टेलिकमका टावर विस्तारका लागि समन्वय पहल भइरहेको छ । छ । भौगोलिक विकटताले ल्याण्डलाईन विस्तार हुन सकेको छैन । भिस्याट ईन्टरनेट सेवाको पहुच गाउँपालिका केन्द्रमा भए तापनि यसको गुणस्तर र दिगोपनामा समस्या रहेको छ भने अन्य निजी सेवा प्रदायकको पहुँच विस्तार हुन सकेको छैन । छरिएर रहेको बस्तीको कारण ईन्टरनेट सेवालाई तत्काल विस्तार गरी निःशुल्क ईन्टरनेट सेवा उपलब्ध गराउन सक्ने अवस्था नभए पनि आफ्नै स्रोत साधनबाट ईन्टरनेट जडान गर्न आवश्यक देखिन्छ । सूचना तथा सञ्चार सेवाको प्रयोग गरी गाउँपालिकाले दिने सेवामा सहजता ल्याउने कार्य अगाडि बढाउनपुर्ने अनिवार्य र अपरिहार्य छ ।

### ८.१ चुनौति तथा समस्या

सूचना तथा सञ्चार प्रविधिमा न्यून पहुँच हुनु, दक्ष जनशक्तिको अभाव, कतिपय सूचनाहरु तथ्यगत रुपमा सम्प्रेषण नहुनु, आम नागरिकलाई सूचना प्रविधिको महत्वबोध गराउन नसकिनु, आवश्यकता अनुसार सूचना तथा तथ्याङक अद्यावधिक नहुनु, दूरसञ्चार सेवाको पर्याप्त मात्रामा सेवा विस्तार नहुनु, आमसञ्चार माध्यम पूर्ण रुपमा जिम्मेवार, जवाफदेही हुनु नसक्नु, सूचना प्रविधिको विकास र साइबर सुरक्षाको लागि पर्याप्त संरचनागत व्यवस्थाको कमी हुनु आदि मुख्य समस्याहरु रहेका छन् भने सबै नागरिकहरुको पहुँच सुनिश्चित गर्न पर्याप्त लगानी गर्नुपर्ने, हाल सञ्चालित सेवालाई विश्वसनीय र भरपर्दो बनाउनुपर्ने, सेवा प्रदायक निजी सेवा प्रदायक संस्थाहरुलाई लगानी तथा सेवा वस्तराको लागि समन्वय र सहकार्य गर्नुपर्ने र सूचना तथा सञ्चार क्षेत्रलाई मर्यादित र विश्वसनीय बनाउने कार्य चुनौतिको रुपमा देखापरेका छन् ।

### ८.२ सोच

विश्वसनीय र सुलभ सूचना तथा सञ्चार प्रविधिको विस्तार, सुशासन र समृद्धिको आधार

### ८.३ उद्देश्य

सूचना तथा सञ्चार प्रविधिलाई सर्वसुलभ, भरपर्दो र गुणस्तरीय बनाउनु

गाउँपालिकाको सेवा प्रवाहलाई सूचना तथा सञ्चार र प्रविधिमैत्री बनाई विद्युतीय सरकारको अभ्यास गराउनु

### ८.४ रणनीति

१. गाउँपालिकाको सबै वडा र बस्तीमा सूचना प्रविधिको भरपर्दो पहुँच सुनिश्चित गर्ने

२. गाउँपालिकाको शासन सञ्चालन, सेवा प्रवाह र विकास कार्यमा सूचना तथा सञ्चार प्रविधिको उच्चतम प्रयोग गर्ने

३. सूचना तथा सञ्चार पूर्वाधारको विकास र विस्तार गर्ने

### ८.५ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| इन्टरनेट सेवा उपलब्ध | बस्ती | ० | २ | ५ | ९ | ९ |
| गाउँपालिकामा सञ्चालित सफ्टवेयर र सुचना व्यवस्थापन प्रणाली | संख्या | १ | १ | १ | १ | १ |
| इन्टरनेट सुविधा उपलब्ध वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालय | संख्या | ३ | ३ | ५ | ९ | ९ |

### ८.६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १०८१८ | ३२५ | १०४९३ | ० | १६९४६ | -३६०७३ | २९९४५ | ० |
| २०८१/८२ | १२३५५ | ३७१ | ११९८४ | ० | १६४८४ | -३२५९९ | २८४७० | ० |
| २०८२/८३ | १२६३९ | ३७९ | १२२६० | ० | २८५७६ | -४७२५३ | ३१३१७ | ० |

### ८.७ कार्यक्रम /आयोजनाको संक्षिप्त विवरण

| क्र सं | कार्यक्रम वा आयोजना | उद्धेश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | डिजटल प्रोफाइल निर्माण तथा सूचना सञ्चार प्रविधिमैत्री | विद्युतीय सुशासन प्रवर्द्धन गर्नु | सालवसाली | ५०० | गाउँपालिका कार्यालय विषयगत शाखा र ९ वटा वडा कार्यालयहरुमा विद्युतीय |

| | | | | | |
|---|---|---|---|---|---|
| | स्थानीय शासन प्रवर्द्धन कार्यक्रम | | | | सशासनको अभ्यास सुचारु हुनेछ। |
| २ | गाउँपालिका सुचना प्रविधि शाखाको व्यवस्थापन तथा वाईफाई जडान | सूचना प्रविधिमा आधारित सेवा प्रदान गर्नु। | सालवसाली | १००० | विद्युतीय सरकार एवम् शासनको विकास भएको हुनेछ। |
| ३ | कु गाउँ टेलिफोन टावर ढुवानी | वडा नम्बर ६ मा सञ्चार सुविधा उपलव्ध गर्नु | सालवसाली | २००० | गुणस्तरीय मोवाइल सञ्चार सेवा उपलव्ध हुनेछ। |
| **जम्मा** | | | | **३५००** | |

| क्र. सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ. व. २०८०/८१ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | प्रविधिमा आधारित सेवा प्रवाहका लागि सूचना तथा सञ्चार कार्यक्रम | ७ वटा वडाहरुमा मोवाइलबाट सञ्चार सेवा उपलव्ध भएको | सबै वडा र बस्तीहरुमा सूचना र सञ्चार सेवा उपलव्ध हुनेछ। | डिजिटल प्रोफाइल निर्माण, गाउँपालिका, वडाहरुमा सूचना र सञ्चार प्रविधिको जडान गरी सेवा विस्तार |
| **६** | ICT मैत्री विद्यालय कार्यक्रम | २ वडा विद्यालयहरुमा इन्टरनेट सेवा उपलव्ध भएको | सबै विद्यालयहरुमा सूचना तथा सञ्चारमैत्री संरचना निर्माण भएको हुनेछ। | कम्प्युटर ल्यापटप, डिजिटल बोर्ड र इन्टरनेट सेवा विस्तार र व्यवस्थापन। |

**८.८ जोखिम पक्ष तथा पूर्वानूमान**

सूचना तथा सञ्चार प्रविधिका सेवाहरु ग्रामीण बस्तीहरुमा विस्तार गर्नु प्रमुख चुनौति रहेको छ। नेपाल टेलिकमले पाँचौं पुस्ताको इन्टरनेट प्रविधि उपलब्ध गराइसकेको अवस्थामा यस गाउँपालिकामा केबल दोस्रो पुस्ताको सेवा त्यो पनि निश्चित बस्तीहरुमा मात्र रहेको छ। अतः सुचना प्रविधिको उपयोगबाट सेवा प्रवाहमा थप प्रभावकारिता ल्याउन सकिनेछ। प्रविधि खर्चिलो र दक्ष मानवीय श्रोतको आवश्यक पर्ने भएको तथा साइवर सुरक्षाको दृष्टिकोणले सुचना तथा दस्तावेजहरु असुरक्षित हुने तथा अनधिकृत प्रसारण तथा सम्प्रेषण हुने जोखिम रहन सक्छ।

## परिच्छेद-छ
## वन, वातारण तथा विपद् व्यवस्थापन

यस परिच्छेद अन्तर्गत वन तथा भूसंरक्षण, वातावरण तथा फोहोरमैला व्यवस्थापन र विपद् जोखिम व्यवस्थापन लगायतका उप–क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ।

### ६. वन, हरियाली, भूसंरक्षण तथा जैविक विविधता

### ६.१.१ पृष्ठभूमि

वातावरण व्यवस्थापन मानव स्वास्थ्य र सुखसँग प्रत्यक्ष रुपमा जोडिएको विषय हो । संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउँने मौलिक हकको व्यवस्था गरी यसको व्यवस्थापनलाई राज्यले उच्च प्राथमिकतामा राखेको छ । वातावरण संरक्षण कार्य सङ्घ, प्रदेश र स्थानीय तहको सरकारको कार्य जिम्मेवारी भित्र पर्दछ।

नेपालको कूल भूभागको ४४.७४ प्रतिशत औगटेको वन क्षेत्र महत्वपूर्ण प्राकृतिक समपदा हो। (स्रोतः १५ औं आवधिक योजना) वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता र जलाधार व्यवस्थापनलाई समट्ने यो क्षेत्र प्रत्यक्ष रुपमा पर्यापर्टन, जलविद्युत, कृषि, पशुपालन, स्वच्छ पर्यावरण र वन तथा जडिबुटीमा आधारित उद्योगसँग गाँसिएको छ। यस क्षेत्रबाट प्राप्त हुने काठ, दाउरा, जडिबुटी र प्रकृतिमा आधारित पर्यटनको विस्तार समृद्धिका आधार हुने भने स्वच्छ पर्यावरण, हरियाली, जैविक विविधता, प्राकृतिक रमणीयता, समुन्नत जलाधार, प्राकृतिक स्रोत व्यवस्थापनमा महिला, आदिवासी तथाच स्थानीय समुदायको सहभागिता एवम् पहुँच र लाभको निष्पक्ष र न्यौचित वितरण सुखी नेपालीका महत्वपूर्ण सूचक हुन्। नेपालमा उपलब्ध वनस्पतिक स्रोत तथा जडिबुटीको अध्ययन, अनुसन्धान, अभिलेखीकरण तथा दर्ता र गुण पहिचान गर्दै मुलुकभित्र नै मूल्य अभिवृद्धि गरी तुलनात्मक लाभ लिन सकिने प्रचुर सम्भावना रहेको छ। नेपाल जैविक विवधताको दृष्टिले सम्पन्न मुलुक हो। नेपालमा ११८ प्रकारका पारिस्थितिकीय प्रणाली, ७५ प्रकारका वनस्पति वर्ग, ३५ प्रकारका वन र ११८६१ प्राणी प्रजाति र ११९७१ वनस्पति प्रजाति पहिचान भएका छन्। त्यस्तै यस शे-फोक्सुण्डो गाउँपालिकामा पनि नेपालको सबैभन्दा ठूलो राष्ट्रिय निकुञ्ज शे-फोक्सुण्डो पर्नेभएकोले यस गाउँपालिका भित्र बहुमूल्य वन्यजन्तु, वनस्पति र जनावरहरु पाइन्छन्।

मानव जीवनको वन तथा वातारणसँग अन्योन्याश्रित सम्वन्ध छ। नेपालको संविधानले स्वच्छ वातावरणको हक प्रदान गर्दै विकास र वातावरण बीच सन्तुलन गर्ने गरी कानून वनाउने कुरा उल्लेख गरेको छ । स्थानीय सरकार सञ्चालन ऐनले वन, जङ्गल,

वातावरण, पर्यावरण, जलाधार र जैविक विविधता जस्ता विषयको स्थानीय नीति, कानून, योजना, मापदण्ड बनाई कार्यान्वयन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ।

यस शेफोक्सुण्डो गाउँपालिकामा जैविक विविधताले भरिएको हो । यहाँ विभिन्न प्रकारका जनावर, चराचुरुङ्गी पुतली तथा जीवजन्तुहरू सहित विविध प्रजातिका बोटबिरुवाहरू जस्तैः पाँच औंले, यार्सागुम्वा, जटामसी, चिराइतो, सुगन्धवाल, वन लसुन जस्ता वहुमूल्य जडिबुटीहरु समेत पाइन्छ।

यस शे-फोक्सुण्डो गाउँपालिका शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र अन्तर्गत पर्ने एवम् अधिकांश भूभाग हिमाली टुण्ड्रा हावापानी क्षेत्रमा पर्ने भएकोले यहाँ वनजंगलले ढाकेको क्षेत्र कम मात्रामा रहेको छ ।गाउँपालिकाको वडा नं. ८ र ९ मा वनक्षेत्र रहेको छ भने बाँकी वडाहरुमा निकै कम मात्रामा बुट्यान खालका वनक्षेत्र रहेको छ । काठको रुपमा प्रयोग गर्न सकिने सल्लोको उपलब्धता केही न्यून स्थानमा रहेको पाईन्छ । जंगलमा जडीबुटी चरन क्षेत्र समेत भएकोले गाउँपालिकाको जंगललाई बहुक्षेत्रमा प्रयोग गर्न सकिने सम्भावना रहेको छ । जडिबुटी प्रशोधन उद्योग सञ्चालन गर्न सकिने अवस्था रहेको छ । राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्ने यस क्षेत्रमा सामुदायिक वन नभएपनि मध्यवर्ती क्षेत्र व्यवस्थापन मार्फत स्थानीय जनताको जीविकोपार्जन भइरेहको छ। प्रसस्त मात्रामा बहुमुल्य जडिबुटीजन्य वनपैदावारको उपलब्धता रहेको यस क्षेत्रमा राष्ट्रिय निकुञ्जसँगको समन्वयमा जडिबुटी संकलन तथा प्रशोधन उद्योग सञ्चालनबाट गाउँपालिकाले आम्दानी गर्न सक्ने देखिन्छ।

### ६.१.२ चुनौति तथा समस्याहरु

यस गाउँपालिका बासिन्दामा वन हरियाली संरक्षण बारेमा जनचेतनाको कमी, उचित व्यवस्थापनको अभाव, इन्धन आपूर्ति तथा विकास गतिविधि सञ्चालन आदि कारणले वन क्षेत्र विनाश वढ्दै जानु, जलाधार व्यवस्थापन कमजोर हुनु, फोहोर मैलाको उचित व्यवस्थापन नहुँदा वातावरणीय ह्रास वढ्दै जानु, जडिबुटी प्रशोधनको व्यवस्था नहुनु, वातावरण संरक्षण वारे जनचेतना नहुनु, जलवायु परिवर्तनको असर बढ्दै जानु आदि यस क्षेत्रका प्रमुख समस्या हुन। विभिन्न निकायहरु समन्वय, सहकार्य र सहभागिताको अभाव र जनशक्ति कमीको कारण पनि समस्याको रफमा देखा परेको छ।

विकास र वातावरण बीच सन्तुलन कायम गर्नु, खाली एवं बाँझो जमिनमा वृक्षरोपण गर्नु, वनमा बढ्दो इन्धन निर्भरता घटाउनु, प्राविधिक अध्ययन विना जथाभावी सडक निर्माण रोक्नु, जलाधार, जैविक विविधता र पानीका मुहानहरूको संरक्षण गर्नु, वन र वातावरण संरक्षणलाई आर्थिक कृयाकलापसँग आवद्ध गर्नु, वनजन्य पैदावार तथा जडिबुटीहरूको उत्पादन र बजार निकासीको तथ्याङ्क नहुनु, वन जडिबुटीहरूको अनुसन्धान गरी व्यावसायिक उत्पादन गर्नु, वन तथा वातावरण वारे जनचेतना वढाउनु तथा

यस सम्बन्धी काम गर्ने संघ सस्थाहरू वीच समन्वय र सहकार्य गर्नु आदि यस क्षेत्रका चुनौति हुन । यसका अलावा वन, वन्यजन्तुको चोरी सिकारी, वन्यजन्तुहरुले बालीनाली नष्ट गर्ने, घरपालुवा चौपायाहरुलाई मारिदिने जस्ता मुख्य चुनौतिहरु समेत यस क्षेत्रमा रहेका छन्।

### ६.१.३ सोच

" वन क्षेत्रको दिगो व्यावस्थापन र उद्यमशीलताबाट समृद्धि र सुखमा योगदान"

### ६.१.४ उद्देश्य

१. वन, जैविक विविधता तथा जलाधार सम्पदाको उत्पादकत्व, उत्पादन र वातावरणीय सेवामा अभिवृद्धि गर्नु
२. वन, जैविक विविधता रर जलाधारको संरक्षण, पुनर्स्थापना र दिगो उपयोग गर्नु
३. वन, जैविक विविधता तथा जलाधार सम्पदाबाट प्राप्त लाभको न्यायोचित वितरण गर्नु
४. वन, जैविक विविधता तथा जलाधार क्षेत्रमा अध्ययन, अनुसन्धानलाई प्रवर्द्धन गरी वनमा आधारितउद्यम विकासमा उपयोग गर्नु
५. तथा वातावरणको संरक्षण संवर्द्धन न एवम् प्राकृतिक श्रोतको दीगो उपयोग गर्नु।
६. गाउँपालिका क्षेत्रमा हरियाली प्रवर्द्धन गरी वातावरणीय स्वच्छता कायम गर्नु।
७. भूक्षय र नदी कटानबाट हुने क्षतिलाई रोक्ने।

### ६.१.५ रणनीति

१. दिगो र बैज्ञानिक वन व्यवस्थापन प्रणालीलाई प्रोत्साहन गर्ने
२. वन, जैविक विविधता तथा जलाधार क्षेत्रको संरक्षण एवम् विकास गर्ने,
३. वातावरण संरक्षण गर्ने।
४. वन जङ्गल, जडिबुटी तथा वातावरण विकास एवं संरक्षणलाई आय र रोजगारीसँग आवद्ध गर्ने।
५. उत्थानशील भूसंरक्षण र नदी नियन्त्रणका अभ्यासहरुलाई प्राथमिकता दिने
६. वन क्षेत्रको पूर्ण क्षमताको उपयोग गरी सहभागितामूलक व्यवस्थापन र प्रकृतिमा आधारित पर्यटनको विकासबाट वस्तु र सेवाको विस्तार र विविधिकरण गर्ने
७. वन, वन्यजन्तु, वनस्पति तथा जैविक विविधताको भूपरिधिस्तर र एकीकृत रुपमा संरक्षण र व्यावस्थापन गर्ने।
८. वन, जैविध विविधता तथा जलाधार व्यवस्थापनमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गरी यस क्षेत्रबाट प्राप्त लाभको न्यायोचित वितरण गर्ने
९. वन क्षैत्रको दिगो व्यवस्थापनका लागि सङ्घ, प्रदेश र स्थानीय सरकारबीच समन्वय गरी आश्यक कानुन निर्माण र कार्यान्वयन गर्ने

१०. अनुसन्धान निकाय, विश्वविद्यालय र गैरसरकारी संस्थाबीच समन्वय तथा सहकार्य गरी शोध अध्ययन, अनुसन्धान, जनचेतना र क्षमता अभिवृद्धी गर्ने

११. नदि प्राणलीमा आधारित एकीकृत जलाधार व्यवस्थापन गर्ने

१२. भौतिक पूर्वाधार संरचना विकासका लागि वन क्षेत्रको उपयोग गर्दा एकीकृत प्रणालीको अवलम्बन गर्ने र यसको संरक्षण र विकासमा ध्यान दिने

### ६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| पार्क तथा उद्यान | संख्या | ० | ० | ० | १ | १ |
| संरक्षित तालतलैया पोखरी | संख्या | ३ | ३ | ५ | ५ | ५ |
| बृक्षरोपण गरिएको संख्या | संख्या | ० | ० | ० | ० | ० |
| निजी तथा ब्यवसायिक वागवानी | घरधुरी | ० | ० | ० | ० | ० |

### ६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १२०० | १२० | १०८० | ० | ० | -४८ | १२४८ | ० |
| २०८१/८२ | १३७१ | १३७ | १२३३ | ० | ० | १८४ | ११८६ | ० |
| २०८२/८३ | १४०२ | १४० | १२६२ | ० | ० | ९७ | १३०५ | ० |

### ६.१.८ कार्यक्रम /आयोजनाको संक्षिप्त विवरण

| क्र सं | कार्यक्रम वा आयोजना | उद्धेश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | **वन हरियाली तथा जैविक विविधता** | | | | |
| १ | वन हरियाली तथा जैविक विविधता संरक्षण तथा प्रवर्द्धन कार्यक्रम | वृक्षारोपण हरियाली क्षेत्र विस्तार र जैविक विविधता तथा वनको संरक्षण गर्नु। | सालवसाली | ६०० | मध्यवर्ती वन उपभोक्ता समितिहरु मार्फत वन तथा वातावरणको दिगो व्यवस्थासन गरी जीविकोपार्जन सुधार भएको हुनेछ। |
| | **जम्मा** | | | ६०० | |

| क्र. सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ. व. २०८०/८१ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | वन हरियाली तथा जैविक विविधता संरक्षण तथा प्रवर्द्धन कार्यक्रम | ३ वटा मध्यवर्ती वन व्यवस्थापन उपभोक्ता समिति र हिउँ चितुवा सैरक्षण समिति गठन र परिचालनमा रहेको। | जैविक विविधताको संरक्षणका साथै वन हरियाली क्षेत्रको विस्तार र संरक्षण भएको हुनेछ। | जैविक विविधता संरक्षणका लागि समुदायहरुलाई तालिम गोष्ठी र सचेतनामूलक कार्यक्रम, वृक्षारोपण र हरियाली प्रवर्द्धन |

### ६.१.९ जोखिम पक्ष तथा पूर्वानुमान

सङ्घीय संरचना अनुसारको नीतिगत, कानुनी र संरचनागत व्यवस्था, समुदाय तथा सरोकारवालाको सहभागिता, यस क्षेत्रमा स्रोत साधनको लगानीमा प्राथमिकता प्राप्त भएमा उपलब्धि हासिल हुने अनुमान गरिएको छ। तर नीति, कानुन र कार्यक्रमहरु स्पष्ट पारी कार्यान्वयनमा ल्याउनु, बाढी, भूस्खलनबाट पारिस्थितिकीय सेवामा भएको विनाश, वनक्षैत्रबाट टाढा रहेका घरधुरीहरुको वनबाट प्राप्त हुने वस्तु तथा सेवाहरुमा पहुँच पुर्याउनु, वन अतिक्रमण नियन्त्रण तथा डढेलो नियन्त्रण गर्नु र यसका लागि स्थानीय तहको क्षमता र जिम्मेवारी वृद्धि गर्नु तथा गाउँपालिकाको भौतिक एवम् आर्थिक सामाजिक विकास र वन संरक्षण कार्यबीच उत्पन्न हुने द्धन्द्ध व्यवस्थापन गर्नु यस क्षत्रेका चुनौतिहरु हुन्। सार्वजनिक स्थलमा गरिएका वृक्षरोपण तथा हरियाली क्षेत्रको प्रभावकारी संरक्षण र प्रवर्द्धन हुन नसके अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ।

## ७. वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ७.१ पृष्ठभूमि

यस शेफोक्सुण्डो गाउँपालिकावासीले हालसम्म घरबाट निस्कने फोहोरमैला आफनै तरिकाले विर्सजन गर्ने गरेका छन्। बजार वा होटल र पर्यटकीय क्षेत्र तथा बाहिरका बस्तीमा स्थानीयस्तर मै फोहोरमैला व्यवस्थापनको अभ्यास रहेकोछ। बस्ती वरपरका क्षेत्रमा निस्कने प्लास्टिकजन्य फोहरमैला स्वयम् ब्यवसाय सञ्चालकबाट ब्यवस्थापन गरिएको छ । गाउँपालिकाले फोहरमैला ब्यवस्थापन सम्बन्धी कार्यविधि तर्जुमा गरी यसको नियमन कार्यलाई प्राथमिकता दिनुपर्नेछ। यसका साथै फोक्सुण्डो राष्ट्रिय निकुन्ज मार्फत विभिन्न वातावरण वनजङल र जैविक विविधताहरुको समुदायहरुसँगको साझेदारी र समन्वयमा संरक्षण गतिविधिहरु भइरहेका छन्।

### ७.२ समस्या तथा चुनौति

नगरपालिकाका लागि ठूलो समस्या भनेको फोहोर उत्पादन हुने घरपरिवारको संख्या बढ्दै जानु र ल्यान्डफिल्ड साइटको दिगो ब्यवस्थापन गर्न नसक्नु हो। यस्तो अवस्थामा दैनिक विसर्जन हुने फोहोरमैलाको स्थानीय समुदायको सकृय सहभागितामा सकेसम्म स्रोतमै कम गर्ने, पुन उपयोगमा ल्याउने सकिने फोहरमैला उपयोगमा ल्याउने र त्यसो गर्दा पनि बाँकी रहने फोहरमैला मात्र

ल्याण्डफिल साइटमा लैजाने नीतिको अवलम्बन गरी दिगो व्यवस्थापन गर्न आवश्यक छ । जनचेतनाको कमी, ल्याण्डफिल साइटका लागि उपयुक्त जग्गा र पूर्वाधार विकास र दिगो सञ्चालनका लागि स्रोतको कमी आदि यस क्षेत्रका मुख्य चुनौतिका रूपमा रहेका छन् । स्रोतमै वर्गीकरण, प्रशोधन र पुनःप्रयोगलाई प्रोत्साहन गरी वैज्ञानिक फोहोर व्यवस्थापनलाई बढावा दिएर ल्यान्डफिल्ड साइटको प्रयोग न्यूनीकरण गर्दै लैजाने अवसर भए पनि यो अवसरको उपयोग गर्ने कार्य सहज देखिदैन ।

**७.३ सोच**

फोहोरको वैज्ञानिक ब्यवस्थापन, रास्कोटको अभियान"

**७.४ लक्ष्य र उद्देश्य**

१. फोहरमैला ब्यवस्थापन सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयन गर्नु ।

२. फोहोरको वर्गीकरण, प्रशोधन र पुनः प्रयोगलाई प्रोत्साहन गरी वैज्ञानिक फोहोरमैला व्यवस्थापन गरी अर्थतन्त्रलाई प्रवर्द्धन गर्नु

**७.५ रणनीति**

१. फोहरमैला ब्यवस्थापन सम्बन्धी कार्यविधि तयार गर्ने र कार्यान्वयन गर्ने ।

२. आधुनिक प्रविधिको प्रयोग गरी फोहोरमैला प्रशोधन सम्बन्धी प्रक्रियाबारे आम नागरिकलाई सहभागि गराउने ।

३. फोहोरमैला प्रशोधन र पुनःप्रयोगजन्य सामग्री उत्पादनमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने ।

४ . हरित उत्थानशील तथा समावेशी विकास -Green Resilient and Inclusive Development_को अवधारणालाई शुरु गराउन पहल गरिनेछ ।

**७.६ सोच**

फोहोरको वैज्ञानिक ब्यवस्थापन, शेफोक्सुण्डो गाउँपालिकाको अभियान"

**७.७ लक्ष्य र उद्देश्य**

- फोहरमैला ब्यवस्थापन सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयन गर्नु ।
- फोहोरको वर्गीकरण, प्रशोधन र पुनः प्रयोगलाई प्रोत्साहन गरी वैज्ञानिक फोहोरमैला व्यवस्थापन गरी अर्थतन्त्रलाई प्रवर्द्धन गर्नु

**७.८ रणनीति**

१. फोहरमैला ब्यवस्थापन सम्बन्धी कार्यविधि तयार गर्ने र कार्यान्वयन गर्ने ।

२. आधुनिक प्रविधिको प्रयोग गरी फोहोरमैला प्रशोधन सम्बन्धी प्रक्रियाबारे आम नागरिकलाई सहभागि गराउने ।

३. फोहोरमैला प्रशोधन र पुनःप्रयोगजन्य सामग्री उत्पादनमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने ।

### ७.९ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| डम्पींग साइट | संख्या | ० | ३ | ५ | ५ | ७ |
| फोहोर संकलन साधन | संख्या | ० | ० | ० | ० | ० |
| आधुनिक सरसफाइ सुविधा प्रयोग गर्ने परिवार | प्रतिशत | १५ | २५ | ३५ | ४५ | ५० |
| शौचालय प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ५८ | ५८ | ६५ | ७५ | ९० |
| स्रोतमानै फोहर वर्गीकरण, व्यवस्थापन गर्ने परिवार | प्रतिशत | ० | ० | ५ | ५ | ५ |
| ल्याण्डफिल साइटको क्षेत्रफल | रोपनी | ० | ० | ० | ० | ० |

### ७.१० विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १५४७ | ७७४ | ७७४ | ० | ३७२ | ११७५ | ० | ० |
| २०८१/८२ | १७६७ | ८८३ | ८८३ | ० | ४१० | १३५७ | ० | ० |
| २०८२/८३ | १८०७ | ९०४ | ९०४ | ० | ४८२ | १३२६ | ० | ० |

### ७.११ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र सं | कार्यक्रम वा आयोजना | उद्धेश्य | अवधि (शुरु समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | डम्पिङ साइड निर्माण तथा सञ्चालन | घरबाट निस्केको फोहोर व्यवस्थापनका लागि डम्पिङसाइड सञ्चालन गर्ने | सालवसाली | २५०० | पालिकामा फोहोरको उचित व्यवस्थापन भएको हुनेछ। |
| २ | ढल निकास तथा फोहोरमैला व्यवस्थापन तथा अन्य सालवसाली कार्यक्रम | फोहोरमैला शुन्यमा ल्याएर सफा स्व्च्छ र सुन्दर पालिका बनाउनु | सालवसाली | ५०० | दैनिक फोहोरमैलाको संकलन तथा व्यवस्थापन गरी स्वच्छ सफा पालिका हुनेछ। |
| | **जम्मा** | | | **३०००** | |

| क्र. सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ. व. २०८०/८१ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | डम्पिङ साइड तथा | फोक्सुण्डो तालमा ३ वटा | गाउँपालिकाका बस्ती र | डम्पिङ साइट निर्माण, फोहोरमैला |

| | | | | |
|---|---|---|---|---|
| | फोहोमैला व्यवस्थापन कार्यक्रम | फोहोरमैला व्यवस्थापनका लागि खाल्डोहरु निर्माण भएको। | बजार क्षेत्रहरुमा फोहोरमैलाको उचित संरक्षण भएको हुनेछ। | व्यवस्थापन सम्बन्धी समुदायमा आधारित गतिविधिहरु र टोल सुधार समिति गठन र परिचालन |

### ७.१२ जोखिम पक्ष तथा पूर्वानूमान

फोहोरमैला ब्यवस्थापन सम्बन्धी नीतिगत ब्यवस्था भई दक्ष मानव संशाधन परिचालन गरी फोहरमैला ब्यवस्थापन हुन सक्नेछ। फोहरमैला जस्तो दैनिक जीवनमा विगत देखि चल्दै आएको आनीवानी तथा मानवीय ब्यवहार परिवर्तनमा आउने जटिलताका कारण समयमा सरल ढंगले कार्यान्वयन भई हाल्न कठिन हुने जोखिम रहन सक्छ।

## ८. विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन

नेपालको संविधानले प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न, पूर्वसूचना, तयारी, उद्धार राहत एवम् पुनर्स्थापना गर्ने नीति अवलम्बन गर्दै विपद् व्यस्थापन सम्बन्धी कार्यलाई स्थानीय तहको एकल अधिकार तथा सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारका रुपमा राखेको छ। त्यसैगरी प्राकृतिक तथा गैर प्राकृतिक विपद् पूर्वतयारी, उद्धार, राहत पुनर्लाभ कार्य सङ्घ र प्रदेशको साझा अधिकारको सूचीमा सुचीकृत छ। यस जिम्मेवारीलाई योजनाबद्ध र व्यवस्थित तरिकाले कार्यान्वयन गर्न विगतका विपद्का घटनाहरुबाट पाठ सिक्दै सेण्डाई कार्याढाँचा २०१५-२०३०, जलवायु परिवर्तन अनुकूलन सम्बन्धी पेरिस सम्झौता, अदिस अबाबा कार्ययोजना तथा व्यवस्थापनलाई सङ्घीय शासकीय प्रणाली अनुरुप राज्यका नीति, रणनीति र कार्ययोजना सङ्घ, प्रदेश र स्थानीय तहको कार्यक्षेत्रभित्र समाहित गरको छ।

नेपाल भूकम्पीय जोखिमको दृष्टिले एघारौं तथा बाढी पहिरोको दृष्टकोणबाट तीसौं अति जोखिमयुक्त मुलुकको रुपमा रहेको छ। प्राकृतिक र गैरप्राकृतिक विपद्का घटनाहरुका कारण नेपालको भौतिक, आर्थिक, सामाजिक विकास र प्रगतिमा समेत प्रतिकूल प्रभाव परिरहेको छ। विश्वव्यापि रुपमा भईरहेको जलवायु परिवर्तनबाट नेपाल र गाउँपालिका समेत अछुतो रहेको छैन। जलवायु परिवर्तनबाट गाउँपालिकाका परम्परागत खेतिपातीमा नकारात्मक असर देखिएको पाईन्छ। जलवायु परिवर्तन विश्वव्यापी समस्या रहेकोले यसलाई न्यूनीकरण र अनुकुलन कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ।

यस गाउँपालिका अन्य पालिकाको तुलनामा कम वातावरण विनास र प्रदुषण कम भएको भएपनि जलवायु परिवर्तनका असरहरु महसुस हुन थालेका छन्। विकास निर्माणको गतिसँगै वातावरणीय ह्रास र जलवायु परिवर्तनका समस्याहरु गहिरिदै र जटिल बन्दै जाने निश्चित छ। यस पृष्ठभूमिका वातावरण संरक्षण। जलवायु परिवर्तनका असरहरुको न्यूनीकरण गर्दै प्राकृतिक स्रोत साधनको दिगो व्यवस्थापन गर्नेतर्फ योजना बनाउनुपर्ने देखिन्छ।

यस शे-फोक्सुण्डो गाउँपालकाले संवैधानिक व्यवस्था तथा प्रचलित कानून बमोजिम विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कार्यहरु गर्दै आएको छ । पालिका उच्च प्राकृतिक जोखिमयुक्त भूगोलमा रहेको कारण नेपालले वर्षेनी ठुलो धनजनको क्षति व्यहोरी रहनु परेको तितो यथार्थ हाम्रा सामुछ । यस पालिकामा पनी वर्षेनी हिउँ पहिरो, हावा हुरी आदिबाट ठुलो धनजनको क्षति हुने गरेको छ । संविधानले विपद् व्यवस्थापनलाई तिनै तहका सरकारको अधिकार सूचीमा राखेको छ । स्थानीय सरकार सञ्चालन ऐनले विपद् व्यवस्थापनको नीति, कानून, मापदण्ड, योजना वनाई कार्यान्वयन अनुगमन र नियमन गर्ने लगायत विपद् व्यवस्थापनका विविध अधिकार दिई स्थानीय तहलाई जिम्मेवार बनाएको छ । यस गाउँपालिकामा विशेष गरी हिउँपैरो, पहिरो, नदी कटान, हावा हुरी, कडा चट्टान र कठिन पैदल मार्गका कारण लडेर मर्ट्त्यु हुने र बाढी आदि प्रमुख प्रकोपहरूले धन जनको क्षति पुर्याउने गरेको छ ।

### ८.१.२ समस्या तथा चुनौति

बाढी पहिरो तथा पूनस्थापना कार्यमा ढिलाई हुनु, स्थानीय भवन संहिता तर्जुमा नहुनु, प्राविधिक अध्ययन विना जथाभावी विकास संरुचना निर्माणले विपद् जोखिम र विपद्का घटना वढ्दै जानु, जनचेतनाको कमी हुनु, प्राकृतिक र गैह्र प्राकृतिक प्रकोपमा वृद्धि हुँदै जानु, अन्तर निकाय समन्वय नहुनु आदि प्रमुख समस्या हुन् ।

र्निर्माण कार्य सम्पन्न गर्नु, मापदण्ड अनुसार सुरक्षित पूर्वाधार निर्माण गर्नु, भूकम्प प्रतिरोधी भौतिक संरचनाहरूको निर्माण गर्नु, भवन संहिता लागु गर्नु, झाडा पखाला लगायत स्वास्थ्यजन्य महामारी रोक्नु, बाढी पहिरोजन्य प्रकोप व्यवस्थापन गर्नु, विपद् व्यवस्थापनमा संलग्न बिभिन्न संघसस्था बीच समन्वय गर्नु, जोखिमयुक्त बसोबास क्षेत्र पहिचान गरी सुरक्षित स्थानमा बस्ती स्थानान्तरण गर्नु, प्रकोप वारे जनचेतना विकास गर्नु आदि यस क्षेत्रका प्रमुख चुनौति हुन ।

वातावरण र जलवायु परिवर्तनका समस्याहरु बढ्दै जानु, पूर्वाधार विकास र वातावरणबीच सन्तुलन कायम हुन नसक्नु, हरितगृह ग्याँसको उत्सर्जन बढ्दै जानु, फोहोरमैला, धुँवा र धुलोका कणहरु आदिले वातावरण प्रदुषित हुँदै जानु, वातावरण विनाश र जलवायु परिवर्तनका बहुआयमिक असर बारे जनचेतनामा कमी हुनु जस्ता समस्याहरु रहेका छन् । विकास निर्माणमा विपद् व्यवस्थपनको न्यून मूलप्रवाहीकरण हुनु, सबै विषयगत क्षेत्रमा विपद् जोखिमको पहिचान तथा नक्शाङ्कन हुन नसक्नु, प्राकृतिक स्रोतको अत्यधिक एवम् अव्यवस्थित दोहन हुनु, सबै विषयगत क्षेत्रमा विपद् व्यवस्थापन जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि स्पष्ट कार्ययोजना र पर्याप्त लगानीको कमी, विपद् न्यूनीकरण तथा व्यवस्थापनको सूचकमा आधारित सूचना व्यवस्थापन प्रणालीको अभाव हुनु र आपतकालीन अवस्थाका लागि दक्ष र यथेष्ट मानव स्रोत, उपकरण, बन्दोबस्ती तथा राहत सामग्रीको कमी हुनु प्रमुख समस्याहरु रहेका छन् ।

विकास आयोजनाको छनोट प्रक्रियादेखि नै आयोजना व्यवस्थापनका प्रत्येक चरणमा विपद् जोखिम मूल्याश्र्कनलाई समाविष्ट गराउनु, जोखिममा आधारित योजना तथा निर्णय प्रक्रिया अवलम्बन गराउनु, जोखिम न्यूनीकरणका लागि पर्याप्त लगानी जुटाउनु, अव्यवस्थित एवम् छरिएर रहेका बस्तीलाई विपद्को दृष्टिकोणबाट उत्थानशील बनाई नागरिकलाई सुरक्षित बसोबासको व्यवस्था मिलाउनु, सरोकारवालाहरु बीचको आपसी समन्वय र सहकार्य सुदृढ गर्नु, तीन तहको सरकारमा विपद् व्यवस्थापन सम्बन्धी कोषको निर्माण एवम् व्यवस्थापन गर्नु र एकीकृत विपद् व्यवस्थापन सूचना प्रणालीको विकास र सञ्चालनका साथै कार्यान्वयन क्षमता अभिवृद्धि गर्दै उत्थानशील समाज निर्माण गर्नु मुख्य चुनौतिका रुपमा रहेका छन् ।

**८.१.३ सोच**

"विपद् उत्थानशील र जलवायु अनुकुलित गाउँपालिका निर्माण"

**८.१.४ उद्देश्य**

**विपद् जोखिम व्यवस्थापन**

१. प्रकोपको जोखिम तथा यसका असरहरुलाई न्यूनीकरण गर्न विपद् व्यवस्थापनलाई गाउँपालिका विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने ।

२. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि बृहत सहभागिता सुनिश्चित गरी सचेतना अभिवृद्धि गर्दै विपद् पश्चातको पुनर्लाभ, पुनःस्थापना, पुननिर्माण कार्यलाई सबल र उतथानशील बनाउनु

**जलवायु परिवर्तन अनुकुलन**

१. दिगो विकासका लक्ष्य हासिल गर्न वातावरण संरक्षण गर्नु

२. जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्न वन सम्पदाको आकार बढाउनु

३. कृषि क्षेत्रमा अनुकुलित विधिहरु अपनाउँदै कृषि क्षत्रेको उत्पादकत्व बृद्धि गर्नु

४. जोखिम न्यूनीकरणका लागि विपद्का सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्व चेतावनी प्रणाली अवलम्वन गर्नु ।

५. गाउँपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गरी लागु गर्नु ।

**८.१.५ रणनीति**

**विपद् जोखिम व्यवस्थापन**

१. विपद् उत्थानमैत्री शासन पद्धति सुदृढ बनाउन आवश्यक नीतिगत, संस्थागत र कार्यपद्धतिमा सुधार गर्ने

२. सबै प्रकारका फोहोमैला, प्रदुषण र वातावरणीय ह्रासलाई रोकथाम र प्रभावकारी व्यवस्थापन गर्ने

३. तीन तहको सरकारका विषयगत विकास प्रक्रियाहरुमा जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गर्ने र विपद् जोखिम न्यूनीकरण एवम् उतथानशीलता अभिवृद्धि गर्न सार्वजनिक, निजी तथा समुदायमा आधारित लगानी, साझेदारी र सहकार्य अभिवृद्धि गर्ने

४. विपद् जोखिमको पूर्वानुमान, अनुगमन, पूर्वतयारी र प्रभावकारी प्रतिकार्य गर्न आवश्यक पूर्वाधार, जनशक्ति, क्षमता र प्रविधिको विकास र सुदृढिकरण गर्ने

५. स्थानीय विपद् तथा जलवायु परिवर्तन अनुकूलन योजना तयार गरी विपद् व्यवस्थापनको सवलीकरण गर्ने र विपदबाट हुने क्षति घटाउने।

**जलवायु परिवर्तन अनुकुलन**

१. वातावरणमैत्री र जलवायु परिवर्तनसँग अनुकुलन हुने गरी विकास कार्यक्रमहरु सञ्चालन गर्ने

२. जलवायु परिवर्तन व्यवस्थापनका लागि स्थानीय तह, प्रदेश र सङ्घसँगको सहकार्यमा आवश्यक नीति र संस्थागत विकास गर्ने

### ८.१.६ समस्या तथा चूनौति

जलवायु परिवर्तनमा नेपालको भूमिका नगन्य भएपनि जलवायु परिवर्तनको अत्यधिक प्रभावित र जोखिमपूर्ण राष्ट्रको सूचीमा नेपाल पर्ने हुनाले विशेष गरी उच्च हिमालीक्षेत्र बढी प्रभावित हुनु, वातावरण संरक्षण, जलवायु परिवर्तनका विषय बहुपक्षीय विषय भएको तर अन्तरक्षेत्रगत निकायहरुबीच समन्वयमा कमी र बुझाइमाएकरुपता नहुनु, जलवायु परिवर्तनको संभावित असर र प्रभाव, जलवायुजन्य प्रकोपबाट हुने क्षति समबन्धमा अध्ययन, अनुसन्धान र आधारभूत तथ्याङ्कको कमी, जलवायु परिवर्तनको विषय समग्र विकास प्रक्रियामा मूलप्रावाहीकरण हुन नसक्नु, समस्या सम्बोधनको लागि समग्र संस्थागत क्षमता, आवश्यक वित्त, प्रविधि, ज्ञानको कमी रहनु प्रमुख समस्या हुन्।

पुनर्निर्माण तथा पूनस्थापना कार्यमा ढिलाई हुनु, स्थानीय भवन संहिता तर्जुमा नहुनु, प्राविधिक अध्ययन विना जथाभावी विकास सम्रचना निर्माणले विपद् जोखिम र विपद्का घटना वढ्दै जानु, जनचेतनाको कमी हुनु, प्राकृतिक र गैह्र प्राकृतिक प्रकोपमा वृद्धि हुँदै जानु, अन्तर निकाय समन्वय नहुनु आदि प्रमुख समस्या हुन्।

पुनर्निर्माण कार्य सम्पन्न गर्नु, मापदण्ड अनुसार सुरक्षित पूर्वाधार निर्माण गर्नु, भूकम्प प्रतिरोधी भौतिक सम्रचनाहरूको निर्माण गर्नु, भवन संहिता लागु गर्नु, झाडा पखाला लगायत स्वास्थ्यजन्य माहामारी रोक्नु, वाढी पहिरोजन्य प्रकोप व्यवस्थापन गर्नु, विपद् व्यवस्थापनमा संलग्न बिभिन्न संघसस्था वीच समन्वय गर्नु, जोखिम युक्त वसोवास क्षेत्र पहिचान गरी सुरक्षित स्थानमा बस्ती स्थानान्तरण गर्नु, प्रकोप वारे जनचेतना विकास गर्नु आदि यस क्षेत्रका प्रमुख चुनौती हुन।

### ७.१.७ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| विपद्बाट भएको मानवीय क्षति (विगत ३ वर्षको) घाइते समेत | संख्या | ० | ० | ० | ० | ० |
| तालिम प्राप्त स्थानीय खोज, उद्दार र प्राथमिक उपचार कार्यकर्ता | संख्या | ० | ० | ५ | १५ | १५ |
| विपद्बाट वार्षिक क्षती (जग्गा, बाली नाली, संरचना, पशु र अन्य सम्पत्ती) | रु. करोड | ० | ० | ० | ० | ० |
| सुरक्षित खुल्ला स्थान र आपत्कालीन सामुहिक आश्रयस्थल | संख्या | ० | ० | ५ | ७ | १० |
| विपद् व्यवस्थापन कोष रकम | रु. हजार | ० | २००० | २५०० | ३००० | ३५०० |
| कोभिड १९ विरुद्धको दुई मात्रा खोप प्राप्त गर्ने जनसंख्या | संख्या | ६७३ | ० | ० | ० | ० |

### ७.१.८ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | २७४० | १०९६ | १६४४ | ० | ७४५ | -८४ | २०८० | ० |
| २०८१/८२ | ३९१७ | १५६७ | २३५० | ० | ८२० | ११२० | १९७७ | ० |
| २०८२/८३ | ४००७ | १६०३ | २४०४ | ० | ९६४ | ८६८ | २१७५ | ० |

### ७.१.९ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र सं | कार्यक्रम वा आयोजना | उद्धेश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सुरक्षित खानेपानीका लागि मुहान संरक्षण आयोजना | जोखिम न्यूनीकरण र उत्थानशीलता अभिवृद्धि गर्नु। | सालवसाली | ७०० | जलवायु अनुकूलनमा टेवा पुगेको हुनेछ। |
| २ | विपद् व्यवस्थापन कोष स्थापना, आपत्कालीन उद्धारकर्ता निर्माण कार्यक्रम | आपत्कालीन उद्धारकर्ता राहत र पुर्नस्थापना गर्नुका साथै विपद् कोष स्थापना गर्नु। | सालवसाली | २००० | विपद् न्यूनीकरणमा पहल भएको हुनेछ। |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलन कार्यक्रम | विपद् जोखिम न्यूनीकरण र उत्थानशीलता अभिवृद्धि गर्नु | सालवसाली | १५१०० | विपद् बाट हुने क्षतिमा वार्षिक प्रतिशतले कमी हुनेछ। |
| **जम्मा** | | | | **१७८००** | |

| क्र. सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ. व. २०८०/८१ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलन कार्यक्रम | विपद् व्यवस्थापन, जलवायु अनुमूलन एवम् LAPA सम्बन्धी कार्यविधिहरु तयार भई स्वीकृत भएको | पालिकाको सबै भौतिक संरचना लगायत अन्य कार्यक्रमहरु वातावरणमैत्री र जलवायु उत्थानशील तरिकाले सञ्चालन हुनेछन् । | भौतिक पूर्वाधार आयोजनाहरुमा वातावरण र सामाजिक परीक्षण गर्ने, आयोजनाको निश्चित रकम वातावरण संरक्षणमा लगानी गर्ने। |

### ७.१.१० जोखिम पक्ष तथा अनुमान

सङ्घीय संरचना अनुसारको नीतिगत, कानुनी र संरुचनागत व्यवस्था, कर्मचारीको उपलब्धता, समुदाय तथा सरोकारवालाको सहभागिता, उपकरण र स्रोत साधन समयमा नै उपलब्धता भएमा अपेक्षित नतिजा हासिल हुने अनुमान गरिएको छ। गाउँपालिकाले विपद पुर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने र आवश्यक मानवीय श्रोत परिचालन गरी विपद न्यूनीकरणको लक्ष्य हासिल गर्न सक्ने अनुमान गरिएको छ। मानवीय कारणले हुने विपद् बढ्दो अवस्थामा रहेकोले यसको प्रतिकार्य तथा पुनर्लाभमा श्रोत तथा समयको लगानी बढाउनु पर्ने हुन्छ। बाढी र हिउँ पहिरो लगायत प्रकोपबाट जुनसुकै बेला जस्तोसुकै विपद् पर्न सक्ने जोखिम रहन्छ। जलवायु परिवर्तनको असरको व्यवस्थापन, बढदो जनसंख्या, वनजङ्गल जस्ता प्राकृतिक स्रोतको अत्यधिक दोहन नियन्त्रण, खोला नदीहरुबाट ढुङ्गा, गिट्टी, बालुवाको अत्यधिक र अनियन्त्रित दोहन आदि यस क्षेत्रका जोखिमहरु हुन्।

**परिच्छेद-आठ**

## संस्थागत विकास तथा सुशासन क्षेत्र

यस क्षेत्र अन्तर्गत नीति, कानून, न्याय तथा सुशासन, संगठन, मानव संशाधन तथा क्षमता विकास, स्रोत सुदृढीकरण तथा परिचालन, तथ्याङ्क तथा योजना व्यवस्थापन जस्ता उपक्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ।

### ८.१ नीति, कानुन, न्याय तथा सुशासन

#### ८.१.१ पृष्ठभूमि

संविधानले दिएको अधिकार प्रयोग गरी यस गाउँपालिकाले दैनिक प्रशासनिक सेवा प्रवाहमा आवश्यक पर्ने आर्थिक तथा विनियोजन ऐन, सहकारी ऐन र कृषि ऐन जस्ता ऐनहरु तथा आवश्यक नीति तथा कार्यविधिहरु तर्जुमा गरी प्रमाणिकरण, स्थानीय राजपत्रमा प्रकाशन र कार्यान्वयन गर्दै आएको छ । सार्वजनिक प्रशासनलाई भ्रष्टाचारमुक्त र जनउत्तरदायी र सहभागितामूलक बनाउनु गाउँपालिकाको उच्च प्राथमिकतामा रहेको छ। गाउँपालिकाबाट प्रवाह हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने आफ्नो जिम्मेवारीप्रति गाउँपालिका पूर्ण बफादार छ। नागरिकका सामाजिब तथा आर्थिक आकैक्षा पुरा गर्न र शासन सञ्चालनका लागि विद्यमान पद्धत्ति र औंजारलाई समयसापेक्ष बनाउने प्रयास पालिकाले गर्दै आएको छ । संविधान प्रदत्त जिम्मेवारी अन्तर्गतको न्यायिक समिति मार्फत गाउँपालिकाले रितपूर्वक परेका उजुरी उपर प्रक्रियागत रुपमा न्याय निरफणको काम गर्दै आएको छ । साथै स्थानीय मेलमिलापकर्ता मार्फत पनि कतिपय मुद्धा तथा विवादहरु समाधान र फर्छयोट गरिदै पनि आएको छ।

स्थानीय सेवालाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जन उत्तरदायी र सहभागितामूलक बनाउंदै गाउँपालिकाबाट प्राप्त हुने सेवा सुविधामा नागरिकको समान र सहज पहुँच स्थापित गर्न सुशासन जरूरी हुन्छ। संविधानले स्थानीय सेवाको व्यवस्थापन र नागरिकको दैनिक आवश्यकताका सेवा प्रवाह, विकास निर्माणका कार्य जिम्मेवारी स्थानीय तहको अधिकार क्षेत्रमा समावेश गरेको छ । गाउँपालिकाले आफ्नो कार्य व्यवस्थापन गर्न कानुन, नीति, निर्देशिका र कार्यविधिहरु निर्माण गरेको छ । यसै गरी गाउँपालिकाको शाखाहरु र ९ वटा वडा कार्यालय सहितको संगठनात्मक संरचना स्वीकृत भई आवश्यक दरवन्दी कायम भएको छ । गाउँपालिकाले गाउँपालिका कार्यालय र ९ वटा वडा कार्यालय मार्फत सेवा सञ्चालन गरी आएको छ। गाउँ कार्यपालिकामा जम्मा ६ जना महिला, दलित तथा अल्पसंख्यकहरुबाट मनोनित प्रतिनिधिहरू र गाउँ पालिकामा ४१ निर्वाचित प्रतिनिधि रहनुका साथै जम्मा ४७ जनाको गाउँ सभा रहेको छ। त्यस्तै विभिन्न विषययगत समितिहरू समेत गरी १२ वटा गठन भई परिचालित छन्।

गाउँपालिकामा स्थानीय सञ्चित कोष स्थापना भई सुत्र (SuTRA) मा आधारमा वित्तीय कारोवार सञ्चालन भइरहेको छ । व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा, वस्तुगत विवरण संकलन आदि कार्य विद्युतीय प्रकृयाबाट “एप्स” हरू प्रयोग गरी सम्पादन गर्नुपर्ने जरुरत छ । पालिकामा आर्थिक कारोवारका निमित्त वाणिज्य वैंकको स्थापना भएको छ । गाउँपालिकाले सेवाग्राहीको गुनासो सुनुवाइ गर्न उजुरी पेटिका, गुनासो सुन्ने अधिकारी तथा सूचना अधिकृत लगाएतका संस्थागत प्रबन्धहरु समेत गरेको छ ।

### ८.१.२ समस्या तथा चुनौति

सुशासन र विकासको सुनिश्चिता गरी जनतामा सुख, शान्ति र समृद्धिको आकांक्षा पुरा गर्ने विषय अपेक्षाकृत सजिलो भने छैन् । सुशासन विना विकास सम्भव छैन् । विकास विना समृद्धि ल्याउन सकिदैन् र दिगो विकासका लक्ष्य समयमा नै हासिल गर्ने कार्य थप चुनौतिपूर्ण बनदै जान्छ । प्राकृतिक स्रोत र साधनहरुको उचित प्रयोग, शिक्षा, स्वास्थ्य, रोजगारीका अवसरहरु सृजना, भौतिक पूर्वाधारहरुको विकास, शान्ति, सुरक्षा र विकासको आधार नै नीतिगत स्पष्टता, कानुनी सहजता र सुशासन नै हो । तर योजनावद्ध तथा नतिजामूलक विकास, संस्थागत सुदृढीकरण र सुशासन कायम गर्न उपयुक्त, सरल र सहज प्रणाली स्थापना लगायत समस्या तथा चुनौति विद्यमान रहेका छन् ।

गाउँपालिका र वडाको आफ्नै भवन नहुनु, दरवन्दी अनुसार पदपूर्ति नहुनु, कर्मचारीहरूमा स्थायित्वको कमी, वैयक्तिक, संगठनात्मक र सस्थागत क्षमता कमजोर हुनु, कमजोर इन्टरनेट सुविधा, समितिहरू क्रियाशील नहुनु, साविकका गाविसहरूको तथ्यांक अभिलेख प्राप्त नहुनु, नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सार्वजनिक एवं सामाजिक परीक्षण नियमित नहुनु, स्थानीय राजपत्र प्रकाशन नहुनु, राजस्व क्षमता कमजोर हुनु, आदि प्रमुख समस्या हुन ।

आवश्यकतानुसार कर्मचारीको व्यवस्थित गर्नु, विभिन्न वडा कार्यालयहरूसँग विद्युतीय सञ्जाल कायम गर्नु, आन्तरिक राजस्व बढाउनु, सेवा र विकास कार्यक्रमको गुणस्तर कायम गर्नु, सूचना तथा अभिलेखहरूलाई विद्युतीय प्रणालीमा आवद्ध गर्नु, योजना अनुशासनको पालना र गुणस्तरीय कार्यसम्पादन गर्नु आदि प्रमुख चुनौति रहेका छन् ।

### ८.१.३ सोच

“मितव्ययी, पारदर्शी, प्रभावकारी र जनमुखी सेवा, परिणाममुखी सेवा जनताको पेवा”

### ८.१.४ उद्देश्य

१. न्याय प्रशासनलाई छिटो छरितो सर्वसुलभ मितव्ययी निष्पक्ष प्रभावकारी पहुँचयोग्य र जनउत्तरदायी बनाउनु

२. स्थानीय सेवा सुविधामा नागरिकको समतामूलक पहुँच सुनिश्चित गर्दै सुशासन कायम गर्नु ।

३. सेवा प्रवाह तथा विकास नीति र कार्य सञ्चालन प्रणाली एवम् प्रक्रिया सरल, पारदर्शी र न्यायोचित बनाउनु ।

### ८.१.५ रणनीति

१. प्रविधिमा आधारित, पारदर्शी, सहभागितामूलक शासनको पद्धत्ति अवलम्बन गर्ने

२. न्यायमा नागरिकको सहज पहुँचका लागि सरलीकृत र स्तरीय न्यायिक सम्पादन गर्ने

३. विकास कार्य र सेवा प्रवाहलाई प्रभावकारी बनाउने,

४. राष्ट्रसेवकहरुलाई कामप्रति परिणाममुखी र उत्तरदायी बनाउने

५. विधि र प्रक्रियाको अवलम्वन गर्दै असल शासन कायम गर्ने,

६. प्रभावकारी वित्तीय व्यवस्थापन गर्ने।

७. न्यायमा नागरिकको पहुँचका लागि चुस्त र स्तरीय न्यायिक सम्पादन गर्ने।

### ८.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| नीति, कानून, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | ० | १५ | २५ | ३० | ४५ |
| स्वीकृत नीति, कानून र कार्यविधि | संख्या | २४ | ३६ | ५० | ६७ | ७२ |
| १. नीति | संख्या | १ | ३ | ५ | १० | १० |
| २. ऐन | संख्या | ११ | ११ | १५ | २० | २० |
| ३. नियम तथा विनियम | संख्या | ० | ७ | १० | १५ | १७ |
| ४. निर्देशिका, कार्यविधि र मापदण्ड | संख्या | ० | २ | ५ | ७ | १० |
| क्रियाशिल नीतिगत समिति र संयन्त्र | संख्या | १२ | १३ | १५ | १५ | १५ |

### ८.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ८०० | ७६० | ४० | ० | ८०० | ० | ० | ० |
| २०८१/८२ | ९१४ | ८६८ | ४६ | ० | ९१४ | ० | ० | ० |
| २०८२/८३ | ९३५ | ८८८ | ४७ | ० | ९३५ | ० | ० | ० |

### ८.१.८ कार्यक्रम /आयोजनाको संक्षिप्त विवरण

| क्र सं | कार्यक्रम वा आयोजना | उद्धेश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | नीति कानुन सुशासन तथा न्याय प्रवर्द्धन कार्यक्रम | प्रशासन, सेवा प्रवाह तथा विकास नीति र कार्य सञ्चालन प्रणाली प्रकियालाई सहज, सरल र पारदर्शी बनाउने | सालवसाली | १००० | नीति, कानुन तथा कार्यविधि परिपालनामा ६० प्रतिशतले वृद्धि भएको हुनेछ। |
| **जम्मा** | | | | **१०००** | |

| क्र. सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ. व. २०८०/८१ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | नीति कानुन सुशासन तथा न्याय प्रवर्द्धन कार्यक्रम | ५० वटाभन्दा बढी कानुन, कार्यविधि र निर्देशिकाहरु बनेर कार्यान्वयनमा रहेको । | शासन र सेवा प्रवाह चुस्त, सहज र पारदर्शी तरिकाले सञ्चाल भएको हुनेछ। | ऐन कानुन र कार्यविधिहरुको बारेमा अभिमुखीकरण, परिमार्जन र संशोधन एवम् पुनरावलोकन गर्ने । राजपत्रमा प्रकाशन र प्रशारण |

### ८.१.९ जोखिम पक्ष तथा पूर्वानूमान

संविधान, सङ्घीय, प्रदेश र स्थानीय नीति र कानुन बमोजिम शासन सञ्चालन, सेवा प्रवाह र विकास कार्य सम्पादन हुन सकेमा अपेक्षित नतिजा हासिल हुनेछ। जनचासो र जनगुनासो समयमै सम्वोधन गर्नु, राजस्व अपचलन हुनबाट रोक्नु, जनउत्तरदायी शासन प्रणालीको विकास गर्नु, योजना तर्जुमा देखि अनुगमन र मूल्याङ्कनसम्म जनताको अर्थपूर्ण सहभागिता वृद्धि गरी शासन प्रणालीमा नागरिकको विश्वास जित्नु, कर्मचारीहरुलाई जनताप्रति जिम्मेवार बनाउनु, गाउँपालिकाबाट प्रदान गरिने सेवाहरुप्रति सन्तुष्टि बढाउनु जस्ता विषयहरु सुशासन क्षत्रेका चुनौतिहरु हुन्।

न्यायिक समिति तथा मेलमिलाप केन्द्रको माध्यमबाट साना विवादहरु सजिलै छोटो समयमा कम खर्चिलो तरिकाबाट समाधान भएको हुनेछ। विवादको वैकल्पिक समाधानको उपायलाई नागरिकले रोजेर सेवा छरितो रुपमा प्राप्त गर्नेछन्। न्यायिक समितिको कार्यबोझ र विवादको जटिलताको कारण समयमा मेलमिलाप वा निरुपणबाट विवाद समाधान नहुने जोखिम रहन सक्छ।

## ९. संगठन, मानव संशाधन र क्षमता विकास

हालको संवैधानिक व्यवस्था अनुसार यस गाउँपालिकाको नेतृत्व जनताबाट प्रत्यक्ष निर्वाचित जनप्रतिनिधिबाट भइरहेको छ । स्थानीय सरकारको समग्र विकास निर्माण तथा सेवा प्रवाहको नेतृत्व निर्वाचित जनप्रतिनिधिहरुले गर्दछन् र सम्पूर्ण

जनप्रतिनिधिहरुको नेतृत्व गाउँपालिका अध्यक्षले गर्ने संवैधानिक व्यवस्था रहेको छ । संविधान अनुसार व्यवस्था भएका कार्यपालिका, गाउँसभा उपप्रमुखको संयोजकत्वमा एक न्यायिक समिति लगायत अन्य विषयगत समितिहरु क्रियाशील छन् । त्यसैगरी प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा प्रशासन संयन्त्र रहेको छ । गाउँपालिकाको कार्यबोझको आधारमा संगठन संरचना बनाई सोही अनुसार कर्मचारीको समायोजन तथा व्यवस्थापन गरी उनीहरुको कार्यजिम्मेवारी तोक्ने र तोकिएको कार्यजिम्मेवारी अनुसार कार्यसम्पादन मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गरिँदै आएको छ । साथै गाउँपालिकामा कार्यरत कर्मचारीको कार्यदक्षता अभिवृद्धिका लागि तालिम, अभिमुखीकरण तथा अवलोकन भ्रमणहरु समेत समयसमयमा हुने गरेको छ । कर्मचारी समायोजन र पदपूर्ति पछि हाल यस गाउँपालिकामा ३३ भन्दा बढी र वडा कार्यालयहरु ७ जना गरी जम्मा ४० भन्दा बढी कमर्चारीहरु कार्यरत रहेका छन् । यसैगरी पालिकामा रहेको ३ वटा स्वास्थ्य चौकीहरुमा विभिन्न पदका १७ दरबन्दीमा १६ जनाको पूर्ती र २ जना करार गरी जम्मा १८ जना स्वास्थ्यकर्मीहरु कार्यरत रहेका छन् ।

गाउँपालिकाको भौतिक पूर्वाधारको चर्चा गर्नुपर्दा नगरपालिकाको हालसम्म व्यवस्थित प्रशासकीय भवनको अभावमा भर्खर भवन निर्माणको कार्यले तिव्रता पाएको छ । साविकको साल्दाङ् गाउँ विकास समितिको भवनमा र अन्य पालिकाले बनाएको साना भवनहरुबाट पालिकाको प्रशासकीय सेवाहरु प्रदान भइरहेको छ । ९ वटा वडा कार्यालयहरु मध्ये वडा नम्बर ५ भिजेरमा साविकको भिजेर गाउँ विकास समितिको भवनलाई वडा कार्यालयको रुपमा परिणत गरी सेवा उपलब्ध भइरहेको र यसका साथै वडा नम्वर १ को निजालमा पनि आफ्नै वडा कार्यालय रहर्को छ । अन्य बाँकी ७ वडा वडाहरुले भाडाको भवनमा सञ्चालित छन् । त्यसै गरी कार्यालयको नियमित कार्य सञ्चालनका लागि आवश्यक सङ्ख्यामा कम्प्युटर, प्रिन्टर लगायत सप्टवेयरको व्यवस्था मिलाइएको छ । भौतिक पूर्वाधार निर्माण कार्यका लागि २ वटा डोजरको पनि व्यवस्था रहेको छ । गाउँपालिकाको प्रशासनिक काम काजका लागि सुविधासम्पन्न प्रशासनिक भवन निर्माणाधित अवस्थामा रहेको छ ।

स्थानीय तह स्थापना भएको धेरै समय नभएको कारण गाउँपालिकामा कानून, नीति, तर्जुमा कै चरणमा रहेको अवस्था छ । यद्यपि हालसम्म विभिन्न ऐन, नियमावली तथा निर्देशिका र कार्यविधीहरु तर्जुमा भई कार्यान्वियनमा रहेको अवस्था छ । कर्मचारीहरुको पदपुर्ति भइसकेको अवस्था रहेको छ । सबै वडा कार्यालयहरुमा ईन्टरनेटको व्यवस्था गरिएको छ भने सामाजिक सुरक्षा भत्ता र व्यक्तिगत घटना दर्ता सम्वन्धी कार्य अनलाईन मार्फत गर्ने कार्यको शुरुवात भएको छ । गाउँपालिकाले ओगटेको क्षेत्रफल निकै विशाल भएको, पालिकाका बस्तीहरु निकै छरिएको पालिकाको केन्द्रबाट निकै टाढा रहेकोले सालवसाली एकीकृत घुम्ति सेवालाई समेत पालिकाले उच्च प्राथमिकतामा राखी सेवा प्रवाह गर्दै आइरहेको छ ।

### ९.१ समस्या तथा चुनौति

सङ्घीयताको मर्म अनुरुप र नागरिकको आकांक्षा अनुसार सेवा प्रदान हुन नसक्नु, गाउँपालिकाको हालसम्म पनि संगठन संरचना र क्षमता विकास योजना तयार नहुनु, गाउपलिकाको संस्थागत क्षमता अभिवृद्धिका क्रियाकलाप नियमित रुपमा नहुनु, कर्मचारीहरु सुशासन तथा सेवा प्रवाहका नयाँ पद्धतत तथा अवधारणाहरुका बारेमा कम जानकार हुनु, आवश्यकता अनुसारको स्रोत साधन, प्रविधि तथा पूर्वाधारहरुको उपलब्धता नहुनु, गाउँपालिकाको आफ्नै सुविधा सम्पन्न कार्यालय भवन, वडा कार्यालय भवन नहुनु, वडामा दरबन्दी अनुसार कर्मचारीको व्यवस्था नहुनु समस्याहरु रहेका छन् ।

स्थानीय सरकारको संवैधानिक कार्य जिम्मेवारी बमोजिमको संस्थागत क्षङ्गताको कमी हुनु, सार्वजनिक सेवा प्रवाहको क्षेत्रमा प्रचलित विकास एवम् प्रविधिको समुचित उपयोग गर्न नसक्नु, पारदर्शिता र जवाफदेहिताको प्रणालीमा पूर्ण रुपमा विकास भई नसक्नु, प्रदेश र स्थानीय तहबीच अपेक्षित समन्वय नहुनु जस्ता सुशासन प्रवर्द्धनका क्षेत्रमा रहेका प्रमुख चुनौतिहरु हुन् । कर्मचारी जनप्रतिनिधिहरुको क्षमता विकासका गतिविधिहरु र नियमित र प्रणालीवद्ध नतिजामा आधारित सअभागितामूलक अनुगमन र मूल्याङ्कन, मासिक र चौमासिक कार्ययोजना तयार गरी सो अनुसार खर्च र चौमासिक प्रगति समीक्षा नहुनु जस्ता आदि समस्याहरु रहेका छन् । कठिन भूगोल, मौसमी बसाइसराई, अत्यधिक चिसोका कारण १२ महिना विकास निर्माणका गतिविधिहरु सञ्चालन हुन नसक्नु र अत्यन्तै पातलो र छरिएको बस्ती हुनु आदि जस्ता चुनौतिहरु यस गाउँपालिकामा रहेका छन् । सूचना र सञ्चार प्रविधि सम्बन्धी आवश्यक पूर्वाधारको अभावले गर्दा प्रविधिमा आधारित सेवा प्रदान गर्न नसक्नु अर्को चुनौतिको विषय हो ।

### ९.२ सोच

छरितो संगठन, जनउत्तरदायी, सदाचारयुक्त, दक्ष र प्रविधिमैत्रीमा आधारित सेवा प्रवाह

### ९.३ उद्देश्य

गाउँपालिकाको संस्थागत क्षमता विकास र कर्मचारीको व्यावसायिक दक्षता अभिवृद्धि गर्नु

### ९.४ रणनीति

१. स्थानीय सेवा प्रवाहलाई सरल, सहज, सूचना प्रविधिमा आधारित र सेवाग्राहीमैत्री बनाउने
२. गाउँपालिका र वडा कार्यालयहरुको संगठन तथा क्षमता विकास सुदृढीकरण गर्ने
३. कार्यविधि निर्माण गरी सेवा प्रवाह तथा कार्यसम्पादनलाई व्यवस्थित गर्ने
४. कर्मचारी र जनप्रतिनिधीहरुलाई आधुनिक प्रविधीमा अद्यावधीक गराउने/तालिम प्रदान गर्ने ।
५. सेवा प्रवाहलाई परिणाममुखी र अनुमानयोग्य बनाउन उचित दण्ड र पुरस्कारको व्यवस्था गर्ने

### ९.५ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| गाउँपालिकामा कार्यरत मानव संशाधन | संख्या | २६ | ३० | ३३ | ३५ | ३५ |
| गाउँपालिकामा कार्यरत प्राविधिक जनशक्ति | संख्या | १४ | १४ | १५ | १५ | १५ |
| गाउँपालिका तहमा जवाफदेही, सहभागितामूलक र प्रतिनिधिमूलक निर्णयको अभ्यास | प्रतिशत | ० | २५ | ३५ | ४५ | ५५ |
| मासिक रूपमा वडाको आम्दानी र खर्च सार्वजनिक गर्ने वडाहरू | संख्या | ० | ० | ५ | ७ | ९ |
| संस्थागत स्वमूल्यांकनको प्राप्तांक प्रतिशत | प्रतिशत | ८७ | ९० | ९० | ९० | ९५ |
| स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङकन | प्रतिशत | ७६ | ८० | ८५ | ९० | ९० |

### ९.६ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ४३९११ | ३५१२९ | ८७८२ | ० | ४३९११ | ० | ० | ० |
| २०८१/८२ | ५०१५० | ४०१२० | १००३० | ० | ५०१५० | ० | ० | ० |
| २०८२/८३ | ५१३०४ | ४१०४४ | १०२६१ | ० | ५१३०४ | ० | ० | ० |

### ९.७ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र सं | कार्यक्रम वा आयोजना | उद्धेश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | संगठन, मानव संशाधन, क्षमता विकास र सेवा प्रवाह सुदृढीकरण | स्थानीय सेवा संगठन, मानव संशाधन र कार्य सम्पादनमा सुधार गर्नु | सालवसाली | १५०० | कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु भई सेवा प्रवाहको स्तरमा सुधार हुनेछ। |
| | **जम्मा** | | | **१५००** | |

| क्र. सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | हालसम्मको प्रगति स्थिति | आगामी तीन वर्षको अपेक्षित उपलब्धि | आ. व. २०८०/८१ मा कार्यान्वयन हुने प्रमुख क्रियाकलापहरु |
|---|---|---|---|---|
| १ | संगठन, मानव संशाधन, क्षमता विकास र सेवा प्रवाह सुदृढीकरण | ९ वटा वडाहरु, ३ वटा स्वास्थ्य चौकी र १३ वटा विद्यालयहरु मार्फत र १० भन्दा बढी पालिकाको शाखाहरु मार्फत सेवा प्रवाह भइरहेको । | सक्षम जनशक्ति, प्रतिवद्ध र टतस्थ प्रशासन मार्फत सहज र शिघ्र सेवा प्रवाह हुनेछ । | पिलकाको स्थानीय स्वमूल्यांकन मार्फत सुधार गर्नुपर्ने क्षेत्र पहिचान गरी सोको आधारमा सुधार गर्ने । संगठन संरचना पुनरावलोकन गरी क्षमता विकास योजना तयार गर्ने । |

### ९.८ जोखिम पक्ष तथा पूर्वानूमान

गाउँपालिकाले प्रदेश, संघ तथा सरोकारवालाहरुको सहकार्यमा स्थानीय नीति र कानून तर्जुमा, दक्ष मानव संशाधनको सीप र दक्षतामा अभिबृद्धि गरी अपेक्षित नतिजा हासिल हुनेछ। स्थानीय सरकारमा वृत्ति तथा क्षमता विकास र उत्प्रेरणाको कमिका कारण कर्मचारीको कार्यसम्पादनबाट अपेक्षित नतिजा आउन नसक्ने पनि जोखिम रहन सक्छ। यद्यपि सबै वडा कार्यालयहरुमा दरबन्दी अनुसारको कर्मचारी पदपूर्ति गर्नु, गाउँपालिकाको कार्यालय तथा सबै वडा कार्यालयहरुमा आवश्यक भौतिक पूर्वाधारहरुको व्यवस्था गर्नु, बनेका ऐन कानुनहरुको कार्यान्वयन र थप आवश्यक ऐन कानुनहरुको समयमै व्यवस्था गरी राजपत्रमा प्रकाशन गर्नु आदि यस क्षेत्रका प्रमुख चुनौति हुन्। यस क्षेत्रका थप चुनौति मध्ये सूचना तथा सञ्चार प्रविधिको गुणस्तरीय उपलब्धता पनि अर्को चुनौति रहेको छ।

## १० राजस्व तथा स्रोत परिचालन

### १०.१ पृष्ठभूमि

सार्वजनिक आय अद्यावधिक लेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाई नियमित र एकरुपता बनाई प्रभावकारी बनाउँदै लैजानकको लागि सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको विकासमा जोड दिँदै एकल खाता कोष प्रणाली र राजस्व व्यवस्थापन प्रणालीको विकास भएको छ । स्थानीय स्तरमा सङ्कलित करबाट र सङ्घ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान तथा वित्तीय हस्तान्तरबाट विकास निर्माण र प्रशासन सञ्चालन हुँदै आएको छ । गाउँपालिकाले आफ्नो राजस्व तथा स्रोत परिचालनको सम्भाव्यता अध्ययन गरेर राजस्व सुधार कार्ययोजना तर्जुमा तथा राजस्व परामर्श समितिको अध्ययन र सिफारिसका आधारमा कर तथा गैरकरको दर निर्धारण गरी आन्तरिक आय संकलन गरिएको छ । गाउँपालिकालाई आर्थिक रुपमा सम्पन्न बनाउन उत्पादनमुखी र स्वरोजगार वृद्धीलाई सहयोग पुर्याउन आन्तरिक राजस्व परिचालन र बाह्यय स्रोत अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गर्ने योजना बनाएको छ । गाउँपालिकाको संगठन ढाँचामा राजस्व शाखा व्यवस्था गरी कर संरकलन हुँदै आएको छ ।

गाउँपालिकाको राजस्व अधिकार र यसको महत्वका सम्बन्धमा समुदाय तहमा व्यापक रुपमा जानकारी गराउन आवश्यक छ। उक्त नीति नागरिकप्रति उत्तरदायी र पारदर्शी हुन आवश्यक हुन्छ।

संविधानमा प्रतिवद्धता गरिएका प्रावधानहरुलाई कार्यान्वयन गर्न, पालिकावासीको विकास तथा समृद्धिका लागि गाउँपालिकाको परनिर्भरता घटाउन, आन्तरिक स्रोत प्रभावकारी परिचालन गर्न आवश्यक भएकोले राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ। यसरी राजस्व परामर्श समितिको अध्ययन र सिफारिसका आधारमा कर तथा गैरकरको दर निर्धारण गरी आन्तरिक आय संकलन गर्ने गरिएको छ। गाउँपालिकाको वित्तीय स्रोत बढ्दै गएको र संस्थागत सवलीकरण र क्षमता विकासमा नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारहरूको सहयोग पनि क्रमशः बढ्दै गएको छ। विगत ३ बर्षमा आन्तरिक आयको मात्रामा उतार चढाव देखिन्छ। तर राजश्वको दर र दायरा तथा प्राकृतिक श्रोतको नियन्त्रणका आधारमा आगामी तीन बर्षका लागि क्रमशः ४९ लाख, ५० हजार मात्र आन्तरिक राजश्व प्रक्षेपण गरिएको छ।

**१०.२ समस्या तथा चूनौति**

नगरपालिका को राजस्व संकलनको सम्भावना प्रचुर रहे तापनि आवश्यक सूचना प्रविधिमैत्री राजस्व संकलन व्यवस्था, कार्यविधि तथा मापदण्ड, कर्मचारीको अभाव जस्ता कारणले गर्दा सम्भावनाको अधिकतम राजस्व संकलन लक्ष्य प्राप्त गर्न समस्या देखिएको छ। राजस्व प्रशासन सुधारका लागि आवश्यक कार्यविधिहरु जस्तैः कर असुली, करदाता र कर्मचारीहरुको प्रोत्साहन, दण्डजरिवाना आदि सम्बन्धी नियमावली र कार्यविधिहरु आवश्यक मात्रमा निर्माण र अद्यावधिक हुन नसक्नु, राजस्व शाखामा कर्मचारी नहुनु वा पर्याप्त नहुनु, सबै करदाताहरुलाई करको दायरामा ल्याउन नसक्नु, राजस्व शाखा तथा वडा स्थित कर्मचारीह्ररुमा कर प्रशासन तथा प्राविधिक ज्ञानको कमी, कर प्रशासन करदातामैत्री हुन नसक्नु, करको दरभन्दा दायरा बढाउन नसक्नु, करबाट प्राप्त आयको परचालन कसरी भएको छ भन्ने बारेमा करदातालाई जानकारी हुन बातावरण बन्न नसक्नु जस्ता समस्याहरु राजस्व परिचालनका क्षेत्रेमा रहेका छन्। करदाता र कर प्रशासनमा व्यावसायिकता, पारदर्शिता र सदाचारिता कायम गर्नु जस्ता चुनौति रहेका छन्। यसका साथै राजश्व लक्ष्य प्राप्त गर्न गर्नुपर्ने अभियान तथा प्रचारात्मक कार्यहरु निरन्तरता दिनुपर्ने समस्या पनि रहेको छ।

**१०.३ सोच**

"हाम्रो गाउँपालिका, हाम्रो लागि कर, समृद्ध पालिका बनाउने हाम्रो रहर"

**१०.४ उद्देश्य**

१. गाउँपालिकाको कूल बजेटमा आन्तरिक आयको वृद्धि गर्नु
२. आन्तरिक तथा बाह्य स्रोत परिचालनमा वृद्धि गर्नु र राजस्व प्रणाली सुदृढ बनाउनु,
३. व्यावसाय तथा करदातामैत्री एवम् स्वच्छ, पारदर्शी, प्रगतिशील कर प्रणालीको विकास तथा स्वैच्छिक कर सहभागिताबाट अधिकतम राजस्व संकलन गर्नु

### १०.५ रणनीति

१. सबै किसिमका आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याई राजस्वको आधार फराकिलो बनाउने।

२. राजस्व प्रशासनको विस्तार तथा आधुनिकीकरण गरी कुशल, व्यावसायिक र स्वच्छ बनाउने

३. आर्थिक विस्तारमा सहयोग पुग्नेगरी कर प्रणालीलाई थप लगानी व्यावसायमैत्री बनाउने

४. कर सूचना र दरमा सासामयिक सुधार गरी कर प्रणालीलाई थप सरल र समन्यिक बनाउने

५. राजस्वको दायरा, दर र प्रशासनलाई सूचना प्रविधिमा आधारित र व्यवस्थित गरी आन्तरिक आय तथा वाह्य स्रोत परिचालनमा जोड दिने

